आफ्नै कथा

सानो उमेरमा कविताबाट साहित्यको खेतीमा लागे पनि मेरो मन लगातार आख्यान विधामै तानिइरह्यो । कविता लेख्न सजिलो लाग्थ्यो, तर पढ्न असाध्यै गाह्रो हुन्थ्यो । त्यो पुरानो खराब बानी अहिलेसम्म पनि जस्ताको तस्तै छ । सय पृष्टको एउटा उपन्यास अथवा नियात्रा अथवा कथासङग्रह पढन मलाई केही घण्टा समय मात्र लाग्छ । तर सय पृष्टको कविता सङग्रह पढी सिध्याउन मलाई कम्तिमा पनि एक महिना लाग्छ । कविता त आक्कल झुक्कल आजभोलि पनि लेख्छु म, पढ्नु पर्‍यो भने हाडै गल्छ मेरो ।

किनभने कविता असाध्यै गाह्रो विधा लाग्छ मलाई ।

तर आख्यानका विधाहरु मलाई रुचीकर लाग्थे सानैदेखि । श्री स्वस्थानीको ब्रतकथा मैले सबैभन्दा सानो उमेरमा पढेको आख्यान हो । त्यतिबेला त मैले त्यसलाई एउटा गम्भिर धर्मग्रन्थ भनेरै पढेको थिएँ । हातमा फूलको थुँगो समातेर त्यसको पुजा पनि गरेको थिएँ । पछि ज्ञानमा चेतनाको उज्यालो पसेपछि मैले त्यो एउटा श्रष्टाको सुन्दर परिकल्पना हो भन्ने लाग्यो । बेजोडको कल्पना शक्ति भएको साहित्यकार हो श्री स्वस्थानीको कथा लेख्ने व्यक्ति भनेर म अहिले पनि उसको सम्मान गर्न चाहन्छु ।

बंकिमचन्द्रको दुर्गेशनन्दिनी मैले पढेको पहिलो उपन्यास हो । बाङ्ला भाषामा होइन, नेपाली भाषामा । ले.क. शिवप्रताप थापाद्वारा अनुवाद गरिएको त्यो पुस्तक मैले बेलुका पढेको थिएँ र रातभर मैले झैझगडाको सपना देखेको थिएँ । सपनाले तर्साएको थिएन मलाई । बरु त्यसलाई मैले आनन्दमा रुपान्तरित गरेको थिएँ । मज्जा लागेको थियो मलाई बिहानको सूर्यदर्शन गर्दा ।

हाई स्कूलसम्म आइपुग्दा म उपन्यासको राम्रो पाठक भैसकेको थिएँ । हेनरी राइडर हेगर्डको शी पढ्दा म असाध्यै डराएको थिएँ । त्यो पनि मैले नेपालीमै पढेको उपन्यास थियो । पुष्कर समसेरले अनुवाद गरेको उपन्यास थियो त्यो । हाइ स्कूलको किशोरवयमा मैले भारतका प्रेमचन्द, शरतचन्द्र चटर्जी, रवीन्द्रनाथ ठाकुर जस्ता उपन्यासकारलाई पढिसकेको थिएँ । पढ्न त मैले त्यतिबेला गुलसन नन्दा, कुशवाहकान्त पनि पढेको थिएँ । तर बङ्गाली साहित्यकारले नै मेरो मनस्थितिमा बढी प्रभाव छोडेका थिए ।

कलेज पढ्न काठमाण्डौ आएपछि मेरो क्षितिज फराकिलो भयो । तर पनि मैले उपन्यास, कथा, संस्मरण र नियात्रा विधाका पुस्तकहरु नै पढें । कविता लेख्थें कहिलेकाहीं । कविता लेखेर पुरस्कृत पनि हुन्थें । तर कविता पढ्न मलाई पटक्कै जाँगर लाग्दैनथ्यो ।

अध्ययनको यो खेदाइले नै मलाई आख्यान लेखक बनाएको हो ।

हाइस्कूलमा पढ्दा नै मैले एउटा सानो साठी सत्तरी पृष्टको फुच्चे उपन्यास लेखेको थिएँ । अहिले त्यसको चर्चा गर्नुको खासै अर्थ छैन । किनभने लेखेको चार वर्षपछि म स्वयम्ले त्यसलाई च्यातचुत पारेर फ्याँकिदिएको थिएँ । कलेजमा आइसकेपछि मैले कथाहरु लेखें । धेरै कथाहरु लेखें । सम्पादकहरुले "लौ न एउटा कथा चाहियो" भनेर माग्ने अवस्थाकै कथाहरु लेखें ।

०३३ सालको वैशाखदेखि मेरो जिन्दगीको बाटो परक्कै बटारियो । म अज्ञातबासी भएँ । जनताको घर दैलोमा घुम्दै हिँड्दा मैले कल्पनै नगरेको नेपाल भेटें । मेरो अगाडी एउटा नयाँ जिन्दगीको दैलो उघ्रिएको थियो । भोक, गरीबी, शोषण, उत्पीडन, अनाचारको त्यो पीडादायी दृष्य मेरो जीवनले देखेको एउटा पाटो थियो । राजनीतिक दमन त मैले शहरमै हुँदा पनि बेहोरेको थिएँ - तर आफ्नो राजनीतिक स्वार्थपूर्तिका लागि मान्छेहरु आफ्नै सन्तानको जीवन लिन सक्छन् भन्ने मैले कहिल्यै कल्पना गर्न सकेको थिइन । पाठकलाई पत्यार लाग्ला कि नलाग्ला - मैले त्यस्तो बाबुको अनुहार पनि देखें ।

इमान मारिएको, बेइमान उठाइएको, अनाचार सप्रिएको, आचार दुब्लिएको त्यो कालखण्डमा मैले कुनै एउटा गाउँको जीवन मात्र बेहोरेको थिइन । बाह्र वर्षको त्यो वनबासमा मैले भिन्न भिन्न

भाषा, भाका, बोली, संस्कृतिमा आफूलाई मिसाएँ । हप्ता दिनपछि भेट्ने ठाउँ र समय तय गरेर मध्यरातमा छुट्टिएर हिँडेको साथी गोली लागेर मऱ्यो रे भन्ने समाचारले छाती कति पोल्छ भन्ने मनोपीडा शब्द बनेर कागजमा उत्रिनै सक्दैनन् । मैले त्यो पीडा पनि बेहोरेँ । अकालमा इमानदार नागरिक मर्नुको व्यथालाई मैले आफैँ भित्र अनुभूत गरेँ ।

बाह्रवर्षे वनबासको गुनासो पोखेको होइन यहाँ मैले । त्यतिबेलाका त्रासदीपूर्ण दिन र रातहरुलाई मैले नओइलाउने फूल, देउमाईको किनार, मुक्ति जस्ता पुराना उपन्यासहरुमा समेट्ने कोशिस गरेको छु । जनताको संघर्ष गीतलाई मैले मुक्ति, खुइते कडेरिया, पार्टीकी आमा र बुङ्लाका साँझमा गाउन खोजेको छु । त्यसैले त्यो वाह्र वर्ष मेरो साहित्यिक जीवनमा सदाबहार वसन्त ऋतु बनेर रमाइरहने छ भन्ने मेरो ठहर सुनाउन खोजेको मात्र हुँ । जीवनलाई त्यसरी बेहोर्न नपाएको भए यो प्रदीप नेपाल नामको आख्यानकार जन्मनै पो सक्दैनथ्यो कि !

झण्डै एक दशक थकाइ मारेपछि मेरो उपन्यासकारको पुनर्जन्म भयो ०५७ सालमा । बीचको दश वर्ष पनि साहित्यबाट विरत् रहिन । तीन दर्जन जति कथा तथा केही यात्रा संस्मरणहरु त्यस बीचमा लेखेको थिएँ मैले । तीन ओटा नियात्रा संग्रह पनि निकालेकै थिएँ । तर उपन्यासका लागि चाहिने समय र साधनाको अभावमा म कठ्याङ्ग्रिएको थिएँ माघको काठमाण्डौ बनेर ।

०५७ सालमा मैले एकैपटक तीन ओटा उपन्यासमा हात हालेँ । बीचको अन्तराल पुर्न पनि सकिएला भन्ने लागेर । ती तीनै उपन्यासले पृथक परिचय बोकेका थिए । एक्काइसौँ शताब्दीकी सुम्निमालाई धेरै पाठकले एक महिलाको आत्मकथा नै ठानेका पाएँ मैले । माया र घृणाको भुँवरीमा रुमल्लिएको आकासगङ्गाको तीरैतीर अहिले थिग्रिएर बसिरहेको छ । राजनीतिमा नभिजेको नन्दितालाई महिला पाठकहरुले बढी मन पराइदिनु भएको छ ।

एक वर्षको अघि पछि भएर पाठकका हातमा परेका ती पछिल्ला तीन उपन्यासप्रति पाठकको माया, स्नेह र मप्रतिको प्रेरणाभावका कारण जन्मिएको हो यो स्वप्निल शहर ।

स्वप्निल शहर राजनीतिको दस्तावेज होइन । त्यो साहित्य र राजनीतिमा विभाजित प्रदीप नेपालको कथा पनि होइन । त्यो इतिहासको कुनै कालखण्डको स्पष्टीकरण पनि होइन । मैले यसो लेख्नुको खास कारण छ । भाइ नकूल सिलवालको सौजन्यका कारण बगरको ७५ औँ अङ्कको विशेष आकर्षणका रुपमा प्रकाशित हुन पाएको स्वप्निल शहर समीक्षकका हातमा परिसकेपछि उठेका केही जिज्ञासाको प्रष्टीकरण दिन खोजेको मात्र हुँ मैले आफ्नो आरम्भिक अनुरोधमा । एउटा प्रचण्डभित्र दर्जनौँ प्रचण्डहरु वेष्ठित छन् यहाँ अनि त्यति नै अनन्तहरु छिरेका छन् एउटा अनन्तको चरित्रमा । अहिले राजनीतिको चर्चावृत्तमा रहेका प्रचण्ड अथवा अनन्तहरु कतै उपस्थित छैनन् उपन्यासमा । उपन्यास एउटा नदी हो निरन्तर बगिरहने । कतैँ छाँगोबाट खस्ला त्यो आफ्नो थालनीको विन्दुतिर । कतै ठूलै रहमा मडारिएला त्यो निकास खोजेर । तर त्यो रोकिँदैन । जीवन हो एउटा उपन्यास । तल माथि, उकालो ओरालो सबै बेहोर्छ त्यसले आफ्नो सिङ्गो जिन्दगीमा ।

स्वप्निल शहर राजनीतिको वृत्तमा घुमिरहने उपन्यास हो । त्यो अहिले पनि घुमिरहेको छ राजनीतिको जिन्दगीसँग जोडिएर । त्यो भोलि पनि घुमिरहने छ इतिहास बनेर । लेखक हो समयको साक्षी । समयलाई जस्ताको तस्तै उभ्याउनु, समयप्रति कुनै अन्याय नगर्नु नै लेखकको इमान हो । म त्यो इमानमा कति शुद्ध भएर निस्किएँ स्वप्निल शहरमा, यसको छानवीन हुने नै छ पाठकहरुको दृष्टिमा ।

समय अगाडि बढिरहन्छ लगातार । हामी पनि चौतारीमा बसेर घर्किरहेको समयलाई विदा गर्न सक्दैनौँ । समयसँगैको यात्रा र सपनाको प्राप्ती हो ।

धन्यवाद दिने औपचारिकता मात्र पुरा गरेको होइन मैले, यो मेरो दायित्व पनि हो ।

पहिलो धन्यवाद नकूल भाइलाई । उहाँले "एउटा उपन्यास चाहियो दाइ" भनेर समय समयमा नघच्घच्याउनु भएको भए अझै एकाध वर्ष स्वप्निल शहर पुस्तकका रुपमा जन्मिन भ्याउँदैनथ्यो ।

दोश्रो धन्यवाद उपन्यासलाई सजाएर सुन्दर बनाउने … …. … लाई । देख्ने बित्तिकै लोभलाग्दो आवरणले सिङ्गो उपन्यासमा सुन्दरताको पस्मिना ओढाइदिएर कितावमा कलाकारको हक स्थापित गर्नुभएको छ ।

तेश्रो धन्यवाद आफ्नै सुम्निमालाई, जसको अनुपस्थितिमा शायदै यो उपन्यास लेखिन्थ्यो । सुम्निमा, अर्थात् श्रीमती झुमा देवान !

प्रदीप नेपाल
डल्लू, काठमाण्डौ
pradipnpl@yahoo.com

स्वप्निल शहर

(उपन्यास)

प्रदीप नेपाल

प्रस्थान

पानी परेकोले होला, तुवांलोको कत्ला बस्न पाएको थिएन । अनन्तले आफ्नो टाउको माथिको घडीमा नियालेर हेऱ्यो - दिउसोको एक बज्नै आँटेको थियो ।

बैशाखको चर्को घामले धर्तीलाई पट्ट फुटाउन खोजे जस्तो थियो । कलेज अगाडीको सडकमा पातला गाडीहरु यताउता गुडिरहेका देखिन्थे । एक्का दुक्का देखिने बाघटाउके ट्याक्सीहरु प्रति अनन्तको मनमा मोह बसेको थियो । पहिले पहिले त्यस्ता ट्याक्सीहरु बजारमा छ्याप्छ्याप्ती थिए रे । तर अनन्तले देख्दा ती एक्का दुक्का मात्र बाँकि थिए । थोरै भएरै होला - अनन्तलाई त्यही ट्याक्सी हेर्न मन लाग्थ्यो । काठमाण्डौका साथीहरु बाघ टाउके ट्याक्सी भन्दा सडकमा भरखर भरखर गुड्न थालेका टोयोटा कोरोला भन्ने ट्याक्सीहरुमा चढ्दा बेगलै "शान" आउछ भन्थे । तर अनन्तले ट्याक्सी चढ्दा कहिल्यै 'शान' फेला पार्न सकेन । उस्तै होचा, कुचुक्क परेका । झण्डै झण्डै सासै थुनिएला जस्ता । बस भन्दा अप्ठेरा । "कस्तो यातनालाई 'शान' भन्दा हुन् काठमाण्डौका मानिसहरु ?" अनन्तले मनमनै सोध्यो ।

टङ्ग ... टङ्ग ... टङ्ग ... ।

घण्टाघरको आवाजले अनन्तको विचार श्रृंखलालाई भताभुङ्ग पारिदियो । हुनत घण्टाघरको धुन संगित जस्तै लाग्छ अनन्तलाई । रातको सन्नाटामा घण्टाघरको घडीको आवाज सुन्दा अनन्त मुसुक्क हास्ने गर्थ्यो । तर अहिले घण्टाघरको घण्टीले उसको सुर - ताल सबै भत्काइ दियो । अनन्तको मन फनक्क फन्कियो ।

बाहिरको घाम झनै चर्किएर गए जस्तो लाग्यो अनन्तलाई । सडकमा पातला मानिसहरु अल्छिलाग्दो पाराले ओहोर दोहोर गरिरहेका थिए । पद्मकन्या कलेजको लुगा लाएका चार जना केटीहरु हाँस्दै उत्तर तिर लागे । पद्मकन्या कलेजका केटीहरु देख्दा अनन्तलाई सधैं रमाइलो लाग्छ । किन ? थाहा छैन । तर बिहान कलेज आउदा हुल बाँधेर बागबजार तिर गैरहेका उस्तै लुगा लाएका केटीहरुको अनुहार हेरौं हेरौं जस्तो लाग्छ अनन्तलाई । उसो त उसलाई रत्नराज्यलक्ष्मी कलेजका केटीहरु पनि नरमाइला लाग्ने होइनन् । सेतो सारीको बुट्टे पारीले भुईं बढार्दै घरतिर फर्किरहेका रत्नराज्यका पाका विद्यार्थीहरुलाई देख्ने बित्तिकै अनन्तको मन आदरले निहुरिन्थ्यो । तर पद्मकन्याका केटीहरुलाई देख्दा उसको मनले आदर पहिल्याउदैन । हुनत आफ्नो कलेजको पर्खालमा बसेर ती केटीहरुलाई जिस्क्याउने केटाहरु पनि उसलाई मन पर्दैनन् । तर पनि पद्मकन्याको लुगा देख्ने बित्तिकै अनन्तको आँखा मात्रै होइन, मन पनि सडक तिर तानिइहाल्थ्यो ।

"धेरै पढ्नु र डाक्टर हुनु" काठमाण्डौ हिंड्ने बेलामा निधारमा रातो टिका लाइदिएपछि आमाले दिएको आशिर्वाद तरङ्ग जसरी अनन्तको मनमा नाच्यो । चिताइनसक्नु टाढाको नेपाल खाल्टोमा छोरो पढाउन आमालाई पटक्कै मन थिएन । तर छोरो नपढी डाक्टर हुन सक्दैन भन्ने पनि आमालाई थाहा थियो । त्यसैले आँखाका डिलहरुमा पानीका डोबहरु खन्दै आमाले आफ्नो मायालु हातले छोराको टाउको मुसार्नु भयो, "राम्ररी पढ्नु । नबरालिनु । कुसङ्गतमा नलाग्नु ... ।"

आमाको हिक्का छुट्यो ।

अनन्तको मन नरमाइलो भयो । जन्मेदेखि यता एकदिन आमाको काख नछोडेको उसको मन चरक्क चिरिएर दुइ टुक्रा भयो । 'जाउँ कि नजाउँ' भनेर उभित्रको एउटा मनले अर्को मनलाई सोध्यो । "होइन, जानै पर्छ," उसले आफ्नो मनलाई सम्झायो, "सानैदेखि पालेको सपना पुरा गर्न काठमाण्डौ जानै पर्छ ।"

आमाले डाक्टर बन्ने आशिर्वाद दिएको बेला लहर जसरी तरङ्गिएको अनन्तको मन दिनभरि शान्त हुन सकेन । पातलो जङ्गलको पुछारमा उभिएको रातोमाटोले पोतेको सानो घरले पर्खालको डिलमा उभिएर अनन्तलाई बिदाइका हातहरु हल्लायो । घर छेउको खोल्सीमा उभिएका बाँसका रुखहरुले अलिकति टाउको निहुराएर "लौ जाउ है त," भनेर अनन्तलाई नमस्ते गरे । बिहान बेलुकै खेल्ने खोल्सीको पानीले उसलाई शितल मनले "जानु र सन्चो सुविस्तैसँग फर्किनु" भनेर आशिर्वचन दियो । अनन्तको मन हुंडलियो । छातिमा केही अड्किए जस्तो भयो । पाइला पाइलामा उसले पछिल्तिर फर्किएर आफ्नो घरलाई चियाउने कोशिस गऱ्यो । परैबाट छर्लङ्ग चिनिने रातो सारी लाउनु भएकी

आमा पाइला पाइला गर्दै पर हुंदै गएको आफ्नो छोरोलाई हेरिरहनु भएको थियो । बर डाँडा नजिक आएपछि अनन्तले नेटो काट्यो । उसको घर बनको आडमा छोपियो ।

घर देखिन छोडेपछि अनन्तको मन पनि हुंडल्लिन छोड्यो । नयाँ बाटो र नयाँ दृष्यावलीहरुले उसलाई एकैचोटी माया र शान्त्वना दिन थाले । पैयाँपानीको पाखोमा टाँसिए जसरी लहरै बसेका सेता घरहरुलाई विदाइका हातहरु हल्लाउदै उसले आफ्ना खुट्टाहरु छिटो छिटो चाल्न थाल्यो । उसका आँखाहरु फनक्क फर्किएर पछिल्तिर आफ्नै घर हेर्न नगएका पनि होइनन् । तर एउटा सानो डाँडोले त्यतिबेला उसको घर मात्र होइन, सिङ्गै गाउँलाई नै ओझेलमा पारिसकेको थियो ।

पहारपानीको तेर्सो सकिएपछि उसले अन्तिम पटक आफ्नो गाउँको पाखोलाई हेऱ्यो । माथि काफ्लेको बरको रुख पोथ्रो जत्रै देखिन्थ्यो । उ जन्मेको गाउँ ! त्यो त क्षितिजको आडमा लुकिसकेको थियो । फेरि एकपल्ट अनन्तको मन हुंडल्लिएर आयो । 'आ होस् पढाइ सढाइ । घर फर्कौं कि क्या हो' भन्दै उसको मन बराल्लियो ।

डांडो छोडेर पहारपानीको ओरालो झर्न उसका खुट्टाहरुले धेरै बेरसम्म मानेनन् ।

"नानी, हिंड, आज सुनबालुवा पुग्नै पर्छ," उसलाई बिराटनगरसम्म पुर्‍याउन हिंडेको वीरबहादुरले अनन्तलाई झसङ्ग पार्‍यो । वीरबहादुरलाई गाउँमा सबैले वीरे कान्छा भन्थे र उ गाउँभरिको भरोसाको मान्छे थियो । २७२८ वर्षको दह्रिलो ज्यानको वीरे कान्छाले अनन्तलाई विराटनगर पुऱ्याएर दिदीको जिम्मा लाइदिन सक्छ भन्ने सबैको विश्वास थियो ।

वीरेको बोलीले अनन्तलाई झसङ्ग पाऱ्यो । आफ्नो गाउँ, गाउँले सँगाती अनि काकाकाकीलाई छोडेर उ पहारपानीको ओरालोतिर झऱ्यो ।

कस्तो गह्रौं भएको मन !

ओरालोको टुप्पोमा सतिबयरका झाङहरु मात्र थिए । आधा बाटोसम्म माटो पनि रातो थियो । सतिबयरका झाङहरु र रातो माटो एकैचोटी हराए । शुरुमा बेलका रुखहरु देखिए । त्यसपछि आइपुग्यो बाक्लो जङ्गल ।

जङ्गल बीचको चौतारी देखेपछि अनन्तको मन खुशी मानेर घुमी घुमी नाच्यो । रुखो पाखोको ओरालोमा अमिलो मन लिएर घिसारिंदै गरेका उसका खुट्टाहरुले तल चौतारीमा बसेका दुइ जना मानिसलाई लक्ष बनाएका थिए । तिनीहरु उँधै जाने होलान् भनेर त अनन्तले सोचेको थिएन, तर एकछिन तिनीहरुसँग गफ गरेर मन हलुङ्गो पार्न पाए हुन्थ्यो भन्ने लोभले उसको मनलाई लोभ्याएको थियो ।

"अर्जुन, तिमी !" अनन्तले चौतारीमा बसेको आफू जस्तै दौंतरीलाई सोध्यो, "कता हिंडेको ?"

"विराटनगर," अर्जुनले पनि साथी भेटिएकोमा खुशी हुंदै सोध्यो, "अनि तिमी नि ?"

"म पनि विराटनगर," साथीसँग जोडिन पुगेको मनले काठमाण्डौ भन्नै सकेन । त्यहीबेला अर्जुनले सँगै बसेको अधवैंशेलाई सम्बोधन गर्दै भन्यो, "काका, यिनी मेरा साथी हुन् । अनन्त रिजाल । हामी सँगै पढ्थ्यौं । यिनी पनि पढ्न हिँड्या हुन् ।"

अर्जुनले त्यसपछि अनन्त तिर फर्किएर भन्यो, "अनन्त, उहाँ मेरो काका ।"

शिष्टाचारका औंलाहरु जोडेर अनन्तले काकालाई नमस्कार गर्‍यो । घरबाट एकजना भरिया लिएर विराटनगरसम्म हिंडेको अनन्तले दुई घण्टा बित्दा नबित्दै तीन जना साथी भेट्टाएको थियो । बाटोमा अघि अघि काका, बीचमा दुइ जना उस्तै उमेरका केटाहरु र पछि पछि दुइ जना कुम्लो बोकेका भरियाको त्यो हुल बिगतलाई बिर्सिएर भविष्यको पानीमा हेलिंदै हेलिंदै हिँड्न थाल्यो । चौतारीबाट ओरालो लागेपछि अनन्तलाई बाटो कटेको पत्तै भएन । एस. एल. सी. पास भएका साथीहरुप्रति शुभकामनाका टिप्पणी अनि फेल हुने साथीहरुप्रति दुःखको चुक्चुकाहटको भाका बोलाउँदै उनीहरु अखुवा फेदि झरे । काका र भरियाहरु पिखुवा खोलाका लागि रैथाने जस्ता भैसकेका थिए । तिनले पढ्न हिँडेका केटाहरुलाई पिखुवा खोलाका जँघारको कथा सुनाए । केटाहरुले खुट्टामा लाएका जुत्ता, मोजा र भर सिलाएको पेण्ट फुकाले ।

"कान्छा, अब कट्टु र कमेज मात्रै लाउनु पर्छ । जँघारैपिच्छे पेण्ट र जुत्ता लाउन, खोल्न झण्झट हुन्छ । आज सुनबालुवा पुग्नै पर्छ," वीरबहादुरको भनाइलाई काका र काकाको भरियाले टाउको हल्लाएर सकारे । अर्जुनले पनि त्यो भनाइ सुन्यो । दुबैले काकाको देखासिकी गरेर पेण्टलाई तह पारेर काँधमा हाले ।

पिखुवा खोलो तरेर उनीहरु तेर्सो लागे । दिदी बैनी डांडाको डिलमा उभिएर अन्तिम पटक उनीहरुले भोजपुर बजारलाई हेरे । त्यतिबेला पनि त्यो पंखेटा उचालेर उड्नै लागेको बाज जस्तै देखिंदै थियो । एकाध पटक धराननितरबाट आएका भरियाहरुले सुसेली हालेर आफ्नो थकाइलाई बिर्साउन खोजे । अनन्त र उसका साथीहरु दोमन हुँदै ओरालो लागे । अनन्तको बिगत अब नफर्कियुन्जेलका लागि ओझेलमा पऱ्यो ।

कावा दोभानमा आइपुग्दा चार पनि बजेको थिएन । खोलाको किनारै किनारको बाटो र चैत महिनाको धापिलो गर्मी खपिनसक्नु थियो । तर पनि अर्जुनका काकाले सुनबालुवा पुग्ने अठोट गरे । उनले भरिया र केटाहरुलाई सुनाउदै भने, “अब एक एक कप चिया खाने केटा हो । त्यसपछि अलिक छिटो पाइला चाल्नु पर्छ । आज, रात सांझ गरेर सुनबालुवा पुगनै पर्छ । भोलि बेलैमा धरान पुग्न सकिन्छ । गाडी पाउन सके राती घरै पुगिन्छ ... ।”

काकाको भाषणले अनन्तको मन समात्न सकेन । छेउमा पिखुवा खोलो सुसाइरहेको थियो र बाटोको आडमा आठ दश ओटा याक्साहरु पसलको अनुहार लाएर बसेका थिए । कता हो सुनबालुवा ? अनन्तको मनले थाहै नपाई सोध्यो, “के त्यहाँको बालुवामा सुन पाइन्छ ?”

अनन्तको मनलाई कसैले जवाफ फर्काएन ।

चिया खाएर अघि लागेपछि वीरेले पनि अलिक छिटा पाइला चाल्न अनुरोध गर्‍यो । कुम्लो बोकेका भरियाहरु त ठम ठम हिंड्छन् भने हामी फुक्ला मान्छेलाई के ? भन्ने निष्कर्ष निकाले जसरी केटाहरु पनि ठम ठम हिंड्न थाले । पिखुवा खोलाका बाक्ला जँघारहरु तर्दा अनन्तका गोडा त बेस्सरी नै थाकेका थिए । तर सुनबालुवाको सुन हेर्ने लोभले उसको मनलाई थाक्नै दिएन ।

पिखुवा दोभानमा आइपुग्दा अनन्त छक्क पर्‍यो । त्यति ठूलो नदी त उसले कहिल्यै देखेकै थिएन । भूगोल पढ्दा, अझ त्यो भन्दा अगाडी सामाजिक शिक्षा पढ्दा उसले नदीहरुको नाम पढेको थियो । नदी ठूलो हुन्छ भन्ने पनि उसलाई थाहा थियो । तर त्यसको पानी निलो हुन्छ र त्यो बग्दै नबगे जसरी शान्त सुसाइरहन्छ भन्ने चाहिं उसलाई थाहा थिएन । हो, समुद्र पोखरी जस्तै शान्त हुन्छ होला भन्ने उसले अनुमान गरेको थियो । तर नदी पनि त्यस्तै शान्त हुन्छ भन्ने चाहिं उसले अनुमान सम्म गरेको थिएन ।

अनन्तको मनले भन्यो - बालुवाको ढिस्कोमा उभिएर पानीलाई नियालेर हेरिरहुं । तर उसका साथहिरुले उसको मनको भाखा बुझ्न सकेनन् । उनीहरु महिन बालुवामा आफ्ना गोडाहरु घिसार्दै दाहिने तिर मोडिए र पिखुवा खोलालाई बिदाइ गर्नु परेकोमा अल्छी माने जसरी दक्षिणतिर लागे । अनन्त पनि उनीहरुकै सारमा सार मिलाउदै दक्षिणतिर लाग्यो । उसका पाइलाहरुले साथीहरुलाई पछ्याइरहेका थिए । तर उसका आँखाहरु भने अझै पनि अरुण नदीको पानीसँगै बगिरहेका थिए ।

बलौटे बाटोमा एकाध घण्टा तन्किएपछि काकाले उनीहरुलाई नदीको किनार तिर लैजादै भने, “घिर्लिङ्ग देख्या छौ केटा हो ? देख्या छैनौ । कोक्रो जस्तै हो । माथि मोटो तारमा झुण्डिएको हुन्छ । तल कोक्रो जस्तै हुन्छ । चलमल नगरी बस्नु । चलमलायो भने कोक्रो पल्टिन्छ र खोलामा खसिन्छ । बुझ्यौ ? ... ”

काकाको कथनले अनन्तको सातो खायो । कोक्रो पिर्लिक्क पल्टियो र आफू पानीको रहमा झरियो भने के होला ? किन राखेको होला नदी माथि कोक्रो ? उसले नदी तार्ने डुङ्गाहरुको बारेमा पढेको थियो । स्टीमर र जहाजको बारेमा पनि पढेको थियो । तर उसले घिर्लिङ्गको बारेमा पढेको थिएन । उसले फड्के तरेको थियो । डराइ डराइ भए पनि फलामको बार भएको झोलुङ्गे पुल तरेको थियो । तर उसले घिर्लिङ्ग तरेको थिएन । त्यसैले दश मिनेटको छोटो बाटोमा उसको मनमा दश दर्जन जति प्रश्न र जिज्ञासाहरु एकै पल्ट उठे र उत्तर पाउन नसकेर सेलाए ।

घिर्लिङ्गको छेउमा पाँच सात जना मानिसहरु बसिरहेका थिए । नभन्दै घिर्लिङ्ग, काकाले भने जस्तैको कोक्रो रहेछ । तर काठको कोक्रो । आफूभन्दा डेढ वर्ष सानी बहिनी परिवारकी कान्छी छोरी भएकी हुनाले अनन्तले काखमा भाइबहिनी खेलाउन पाएको थिएन । त्यसैले कोक्रो हल्लाउने अभ्यास पनि उसले गरेको थिएन । अरुले “लै लै नानी लै लै - लै लै बाबा लै लै,” भन्दै लल्लरी गाउँदै ससाना भाइ बहिनीलाई कोक्रोमा हल्लाएको देख्दा अनन्तको मन ठूलै होउन्जेलसम्म पनि रोमाञ्चित हुने गर्थ्यो । त्यसितबेला हुर्किएको शरीर लिएर काठको कोक्रोमा घुस्न पाउने कुराको सम्झनाले पनि अनन्तलाई फुरुङ्ग बनायो ।

“डोरी नछुने है, डोरी नछुने,” बलियो ज्यान भएका मानिसहरु कोक्रोको डिलमा उभिएर सम्झाउदै थिए । अनन्तले कोक्रोमा पस्दा पस्दै नियालेर हेर्‍यो । घिर्लिङ्गमा काकाले भनेको सबै कुरो थियो । तर त्यसमा काकाले भने भन्दा एउटा कुरा बढी थियो । कोक्रोको बीचमा तानिएको एउटा डोरीको बारेमा काकाले केही बताउनु भएको थिएन ।

“आँखा चिम्म गर कान्छा,” वीरेले अनन्तलाई सम्झाउँदै भन्यो, “माथिको फेसो खोलेपछि घिर्लिङ्ग खुरुरुरु चिप्लेर जान्छ । रिँगटा लाग्छ । आँखा चिम्म गर्‍यो भने रिँगटा लाग्दैन ।”

अनन्तको मन झन डरायो । उसले आँखा चिम्म गर्‍यो । एकै छिनमा अनन्तलाई हावामा उडिरहेको पो छु कि जस्तो लाग्यो । उसले आफ्नो आँखा चिम्ल्याउन अरु बढी जोड गर्‍यो । कता कता मध्यरातमा ताराहरु चम्किए जस्तो भयो । अनन्त झनै डरायो ।

“होस्टे ... ” थोरै मान्छे कराए ।

"हैंसे ... " धेरैको स्वर सुनियो ।

झसङ्ग भएर अनन्तले आँखा खोज्यो । कोक्रोमा बसिरहेका मानिसहरु नै चर्को स्वर निकालेर कराइरहेका थिए र कोक्रो ढिक्की कुटेको चालमा पाइला पाइला गर्दै अघि बढिरहेको थियो । अनन्तले ओरिपरि नियाल्ने कोशिस गर्‍यो । उसको देब्रेतिर खोला अलि अलि बटारिन खोज्दै बगिरहेको थियो । आफू शुन्यमा पो छु कि जस्तो लाग्यो अनन्तलाई । उसले एउटा हातले वीरेको पाखुरामा समात्यो ।

दिन, नदी किनारमा बास बस्नै आंटेको बेलामा कोक्राका यात्रीहरु अरुण नदीको पूर्वी किनारमा उत्रिए । साँझ पर्दै आएको देखेपछि अनन्तको मन आत्तियो । त्यसभन्दा अघि अनन्तले कहिल्यै पनि नजानेको ठाउँमा रात बिताउनु परेको थिएन । उसका सबैजसो साँझहरु आमाको काखमा अथवा आमाको आसपासमा बितेका थिए । घर बाहिर जादै नगएको होइन - तर त्यो बाहिर उसको मावली घरको आँगन बाहेक कतै थिएन । आमालाई एकछिन पनि छोड्न नमान्ने अनन्त मावली भनेपछि आमालाई पनि बिर्सन बेर लाउदैनथ्यो । तर त्यो साँझमा अनन्तसँग न आमा हुनुहुन्थ्यो न त मामा नै ।

अनन्तको मन अमिलो भयो ।

रात खस्नै आँटेको बेलामा अनन्तको हुल सुनबालुवा बजारमा निस्कियो । बजारमा बाक्लो चहल पहल थियो । मानिसहरु बीच बाटोमा हिँडिरहेका थिए । छेउछाउका पसलहरुमा भरिला भरिला ढाकरहरु ठडिएका थिए । सुनबालुवामा न सुन थियो नत बालुवा नै । खेतको बीचमा बसेका पन्ध्र बीस ओटा याक्साहरुको नाम रहेछ सुनबालुवा !

"आज कहाँ बास बस्ने होला ?" अनन्तको मनले आफैंलाई सोध्यो । त्यही बेला अर्जुनका काकाले भने, "यस्सो उभ्भ है केटा हो, बस्ने ठाउँ हेरिहालुं ।"

अनन्तहरुले बस्ने मौका पनि पाएनन् । कता बसौं बसौं भनेर सोचिरहेको बेला काकाले आफ्नो भरिया र वीरेलाई बोलाए । उनीहरु बाटोको देब्रेतिरको पसलमा चढे । पसलको डिलमा पाइलो हाल्ने बित्तिकै अनन्तलाई आफू अरु बढी थाके जस्तो लाग्यो ।

पसलमा एउटा गुन्द्री थियो । वीरेले त्यही गुन्द्री माथि दरी ओछ्याइदियो । अनन्त र अर्जुन थचक्क बसे । वीरेले आफ्नो कुम्लोलाई भित्ताको आडमा राखिदियो । अनन्त त्यही कुम्लोमा अडेस लागेर बस्यो ।

"नानी, कान्छा ?" वीरेले कुम समातेर झक्झक्याउदा अनन्त झसङ्ग भयो । छेउमा बसेको अर्जुन पनि आँखा ठूला ठूला पारेर ओरिपरि नियाल्दै थियो । कुम्लोको आडमा बसेको अर्जुनले त्यतिबेला मात्रै एक निद्रा सुतिसकेको थाहा पायो ।

"हात धोउ कान्छा, भात खानु पर्छ," वीरेले अनन्तको हात समात्दै भन्यो । अनन्तले ओरिपरि हेर्‍यो । टुकी र लालटिनको उज्यालोमा सुनबालुवा बजार छमछम गर्दै नाचिरहे जस्तो देखिन्थ्यो । मधुरो तालमा बगेको हावाको लहरमा टुकीको ज्वाला यता उता छुनमुनाइरहेको थियो । बजारमा अझै पनि मानिसहरु ओहोर दोहोर गरिरहेका थिए । अनन्तहरु बास बसेको पसलको ठिक्क अगाडी तीन चार जना मानिसहरु बुङबुङती धुवाँ उडाउदै बिँडी तानिरहेका थिए । उनीहरु आफ्नो गन्थनमा रमाइरहेका थिए ।

अनन्त वीरेको आड लिएर, बसेको ठाउँबाट जुरुक्क उठ्यो । त्यसैबेला चार जना भरियाहरुले आफ्नो गह्रौं भारी अनन्त बसेको पसलकै अगाडी बिसाए ।

"अब भात खाएर तिमीहरु सुत । भोलि बिहान उज्यालो नखस्दै हामी बाटो लाग्नु पर्छ । जति चांडो हिँड्यो उति सजिलै बिराटनगर पुग्न सकिन्छ । हिँड्न ढिलो भयो भने चतरा अथवा धरान तिर बास बस्नु पर्ने हुन्छ," केटाहरुलाई थालमा भात पस्किदिएपछि काकाले लामो भाषण सुनाए । अनन्त र अर्जुनले आ-आफ्ना थाल छेउतिर तानेको देखेपछि उनले बीरबहादुरलाई अह्राए, "बीरु भाइ, मेरो झोलामा अण्डी छ । रामरी ओछ्यान लाइदेउ । केटाहरु खाने बित्तिकै पल्टिन्छन् ।

निद्राबाट ब्युझिंएर अनन्तले भात खाने गरेको थिएन । तर पनि त्यो साँझको भात उसलाई सहज र स्वादिलो लाग्यो । भात खाएपछि छेवैको लोटा टिपेर उ चुठ्न निस्कियो ।

"कान्छा, तिमी भित्तातिर सुत । अर्जुन भाइ बीचमा सुत्छन्," चुठेर फर्किएको अनन्तलाई वीरेले मायालु पाराले सम्झायो । वीरे यत्ति मायालु छ भन्ने अनन्तलाई कहिल्यै थाहा थिएन ।

सल्लाघारी सुसाए जसरी खोलो सुसाइरहेको थियो । मानिसहरुो कल्याङ कुलुङ पूर्णिमाको रातको शान्तिसँग निदाउदै गैरहेको थियो । तर अनन्तको आँखा निदाउन अल्छि मानिरहेका थिए । कुम्लोको आडमा एकछिन अडेस लागेर उसले बास बसेको पसलतिर हेर्‍यो । एकजना अधवैंशे मानिस समाचारको प्रतिक्षामा चौतारी कुरे जसरी मझेरीमा

बसिरहेको थियो । काका बेलुकाको खानपिन सकेर बिंडीको सर्को तानिरहेका थिए । बीरबहादुर र अर्जुनको भरिया, उनीहरुले खाएको भाँडाकुँडा माभ्न्न बाहिर कतै गएका थिए ।

अनन्तको आँखामा ओभ्फेल पस्दै गयो । उ बीरबहादुरले भनेको ठाउँमा घुप्लुक्क पल्टियो ।

बिहानीपखको चिसो बतासले अनन्तको गाला मुसार्‍यो । बेलुका घुप्लुक्क पल्टिएपछि हलचल नगरी उसले रात बिताएको महसुस गर्‍यो । अरुणको गर्जन हिजो भन्दा केही बढी चर्किएको थियो । ठूलो डांडामा बसेर स्वाँ स्वाँ गर्दै धुवां ओकलिरहेको दन्तेकथाको राक्षस जसरी त्यो सुसाइरहेको थियो । अनन्तले आफ्नो जिउ हल्लायो ।

"कान्छा, उठ नानी, उज्यालो खस्नै आँट्यो । अब हिंड्नु पर्छ," उसैको चलमलाई पर्खेर बसेको बीरबहादुरले भन्यो । अनन्तको शरीरले उठ्न मानिरहेको थिएन । तर पनि उठेर हिंड्नै पर्छ भनेर उसको मनले उसलाई हल्लाउन थालिसकेको थियो । बीरबहादुरको स्वर सुनेर उसको छेउमा सुतेको अर्जुन जुरुक्क उठ्यो । उ पनि अर्जुनसँगै उठ्यो । काका पहिले नै उठिसकेका रहेछन् । दुवैजना भरियाहरु भारीतारी मिलाउन थाले ।

बास बसेका भरियाहरु पनि ब्युभ्किन थालिसकेका थिए । कतै ख्याक्ख्याक्, कतै अँ अँ उँ उँ श्रृङ्खला बनेर अरुणको स्वाँ स्वाँलाई छोप्न खोज्दै थिए । कोही भारी बाँध्दै थिए, कोही ढाकरको खकन मिलाउने कोशिस गर्दै थिए । भ्फोला बोकेका फुङ्गा यात्रुहरु ख्याक्ख्याक् खुक्खुक् गर्दै बाटोमा निस्कन थालेका थिए । अनन्त अभ्फै अलमलिदै थियो । बीरबहादुरले आफ्नो दह्रिलो काँधमा कुम्लो भिर्‍यो । सबैभन्दा अगाडी काका बाटोमा निस्किए । अनन्त र अर्जुन सँगसँगै काकाको पछि लागे । सबैभन्दा पछाडि बीरबहादुर र उसको भरिया साथी बाटोमा ओर्लिए ।

वातावरणको चिस्यानले अनन्तलाई टपक्क समात्यो । जिउ तताउन उ पनि अरुहरुको सारमा छिटोछिटो हिंड्न थाल्यो । पाइलाहरुमा फुर्ति टाँसियो । उनीहरु एउटा ठाडो खोलाको बगरमा निस्किए ।

धर्तीमा अभ्फै छ्याङ्ग उज्यालो खसिसकेको थिएन । तर बाटो ठम्याउन सकिन्थ्यो । आकाशमा ताराहरु बिलाउदै थिए - तर खोलाको चेपमा बसेको सुनबालुवा बजारबाट पूर्वको रक्तिम आभा देखिने समय भैसकेको थिएन । मानिसहरु हिंड्न थालिसकेकोले पछिल्तिर हिंड्ने बटुवालाई पाइला नाप्न अप्ठेरो पर्दैनथ्यो । कुलामा जस्तो पानी भएको बगर तरेर अनन्तहरु, एउटा साँघुरो बाटो हुँदै डिलमा उत्रिए ।

मास्तिर जङ्गल छ जस्तो लाग्यो अनन्तलाई । तलतिर पनि पोथ्राहरु थिए । तर पोथ्राहरु भन्दा तलको स्वाँ स्वाँ गरिरहेको नदीले बाटो मुनिका पोथ्राहरुलाई खोकिलामा लुकाएको छ कि जस्तो लाग्थ्यो । बाटो साँघुरो थियो । तर त्यो अप्ठ्यारो थिएन । तल अरुण सुसाइरहेको साँघुरो बाटोमा तर, रमाइलो मान्दै यता उता हेर्दै पाइला चाल्ने फुर्सद कसैलाई थिएन ।

सुस्त सुस्त पाइला चाल्दै उज्यालो, भुईंतिर भ्फर्दै थियो । त्यसैले किरणहरुले पृथ्वी नाप्न धेरै समय बाँकि छ जस्तो लाग्थ्यो । तेर्सो बाटो जति लगातार हिंडे पनि थकाइ त लागेको थिएन - तर उज्यालोको आडमा धर्ती नियाल्ने मन चुपचाप बस्न पनि मानिरहेको थिएन । अनन्तलाई लाग्यो - बाटो जति चाँ-चाँडो पछिल्तिर सर्दैछ उज्यालाले त्यति चाँडो पाइला चाल्न सकिरहेको छैन ।

गुठीखेतमा धरानतिरबाट गएका पाँच छ जना मानिसहरुको हुलसँग उनीहरुको भेट भयो । अब दोहोरीलत्ता मानिसहरु फेला पर्ने भएछन् भन्ने अनन्तलाई लाग्यो । उँधोबाट गएका मानिसहरुले छेउ लागेर उनीहरुलाई बाटो दिए । अनन्तले कसैको अनहार नियाल्न भ्याएन । नजिकैको गोठबाट दुइ जना मानिसहरु फुत्त निस्किएर बाहिर आए । हेर्दा हेर्दै गुठीखेतको साँघुरो फाँट सकियो । अनन्तहरु फेरि जङ्गलभित्र छिरे ।

बिहानीपखको यात्रा छरितो र छिटो थियो । आफू सँगसँगै तलतिरको नदी पनि हतार नगरी चिप्लिरहेको थियो । खोर्सानीटारमा पुगेपछि अलिक चाँडै भए पनि काकाले भात खाएर मात्रै बाटो लाग्ने कुरा गरे । बिराटनगर पुग्न हतारिएको अनन्तको मनले, 'आ, के भात खाइरहने ?' भनेर गुनासो गर्न खोज्यो । तर बीरबहादुरले आफ्नो कुम्लो, छेउको फलैंचामा राखेपछि अनन्त पनि कुम्लोको आडमा ट्यास्स बस्यो ।

खोर्सानीटारमा भात खाएर अगाडी बढ्दा घाम तात्न थालिसकेको थियो । तर टन्न खान पाएको शरीरमा फेरि स्फूर्ति थपिएको थियो । पारी भित्तातिर घरी घरी नियालेर हेर्दै, आफ्नो जिल्लातिरको गफ गर्दै उनीहरुले पाइला तन्काइरहे । सिम्लेमा त्यतिबेला बस्ती बसिसकेको थिएन । त्यसैले त्यहाँ एकछिन पनि अलमल नगरी उनीहरु उकालो लागे । उकालो अप्ठ्यारो थिएन - तर बाटोको धपेडीले थकाएको बेला जोकोहीका पाइलालाई पनि सुस्त बनाउने बल

त्यसमा थियो । अनन्तहरुको हिंडाइ बिस्तारै पातलियो । काका धेरै अगाडी पुगे भने भरियाहरु अलि तलै छोडिए । आफू र केटाहरुको बीचको दूरी बढ्न थालेको देखेपछि काकाका पाइला रोकिए । उनले खोलापारीको पाखातिर नियालेर हेरेपछि भने, "केटा हो, यो उकालो धेरै छैन । उकालो सकिएपछि हामी त्रिवेणी झर्नेछौं । त्यहाँ विष्णुमाया मझिनी छन् । त्यहाँ चियासिया खाउँला ।"

काकाले केटाहरुलाई कुराकानीमा अलमल्याउदै अगाडी बढाए । उनको मुख र पाइला सँगसँगै चल्न थाले, "तिनै विष्णुमाया मझिनीको मिहिनेतले उताको अक्करमा बाटो बनेको छ । बाटो अप्ठ्यारो छ । तर त्यो तेर्सो छ । कहालीलाग्दो अक्कर थोरै छ । दुइ घण्टासम्म हामीले त्यो बाटोमा हिंड्नु पर्छ । तल सप्तकोशी बटारिएको भए पनि सजिलै हिंड्न सकिन्छ । डराउनु हुंदैन । नडराएपछि केही पनि हुंदैन । तिमीहरु त एउटा एउटा झोला बोकेका रित्ता फुक्ला केटाहरु छौ । त्यो अक्करमा घोडा चढ्ने मानिसहरु घोडाबाट नओर्लिइ हिंड्छन् । टिनको पाता बोकेका भरियाहरु ठम ठम हिंड्छन् ... ... ।"

कुरा सुन्दा सुन्दै अनन्तको मन आत्तियो । फलामको झोलुङ्गे पुल र पहराको बाटो भन्ने बित्तिकै उसको मन थरथर काम्थ्यो । उसले पहरामा त हिंड्नु परेको थिएन - तर पहरो भन्यो कि उसको सातो जान्थ्यो । झोलुङ्गे पुल पनि उसले एउटा मात्रै तर्नु परेको थियो । एकपल्ट रातमाटेको बाटो मावली जाँदा उसले पिखुवा खोलाको पुलमा पाइलो हालेको थियो । पहिलो पाइलो हाल्ने बित्तिकै झोलुङ्गे पुल लचक लचक हल्लिन थाल्यो । उसको शरिर भननन भन्भनायो । उ बीच पुलमा थचक्क बस्यो । उसको पछिल्तिर उभिनु भएकी आमा, 'मेरो बाबु ... ' भनेर कराउनु भयो । दुइ ओटा हातले उसलाई च्याप्प समाते । आमाले हुर्किसकेको ठूलो छोरोलाई जुरुक्कै बोक्नु भयो । आमाको पिठ्युँमा उ लपक्क टाँसियो । 'आँखा चिम्ली नानी,' आमाले उसका हातलाई च्याप्प समातेर भन्नुभयो, "केही हुंदैन, म छु नि । नडरा है ! छोरो मान्छे भएर नि डराउनु हुन्छ ?" आमाले बोल्दा नबोल्दै उसले आँखा चिम्लिसकेको थियो । पुल हल्लिइरहेको छ जस्तो उसलाई लागेको थियो । तर त्यो कसरी हल्लिइरहेको छ भनेर उसले ठम्याउन सकेन । पुल काट्न कतिबेर लाग्यो भन्ने पनि उसले थाहा पाएन । आमाले थपकक भुईंमा ओरालेपछि मात्रै आफूले पुल काटिसकेको कुरो उसले थाहा पायो ।

तर्कनामा रुमल्लिदा रुमल्लिँदै अनन्तले बाटो काटेको पत्तै पाएन । उनीहरु डाँडाबाट ओरालो झर्न थालिसकेका थिए । उनीहरुको अगाडी झण्डै झण्डै भिरालो परेको एउटा फराकिलो फाँट तेर्सिएको थियो । झण्डै झण्डै बजार भन्न सुहाउने बस्ती उत्तर दक्षिण तेर्सिएर सुतेको थियो । बारीका कान्लाहरुले उनीहलाई छोड्दै थिए ।

"बस्तै गर," काकाले उनीहरुलाई एउटा पसल अगाडीको फलैंचामा राख्तै भने, "उ त्यहाँ बसेकी बुढीमान्छे नै मैले अघि भनेकी मझिनी हुन् । म यसो बुझेर आउंछु । यहाँबाट कहिलेकाहीं चतरा जाने डुङ्गा पाइन्छ । कतै तिमेरको भाग्यले साथ दिइहाल्छ कि !"

अनन्तको मन फुरुङ्ग भयो । 'हे भगवान, डुङ्गा भेटिइहालोस्,' उसले मनमनै भन्यो । उसको मनमनै भगवानलाई सम्झिएर जम्लाहात गर्‍यो । काका बस्तै नबसी बाहिर निस्किए । अनन्तले बुढिँदै गएकी विष्णुमाया मझिनीलाई नियालेर हेर्‍यो । उनको अनुहारमा झुर्रीहरु बाक्लिएका थिए र उनको सानो शरीर बसेकै ठाउँमा हराउन खोजेको थियो ।

वीरबहादुरले दुई प्याला चिया ल्याएर केटाहरुलाई खान दियो । उसैले आफू र आफ्नो भरिया साथीलाई फेरि दुइ प्याला चिया ल्याएर दियो । अनन्तलाई लाग्यो - अर्जुनको भरिया भन्दा हाम्रै वीरबहादुर फुर्तिलो छ ।

केटाहरुले चियाको गिलास भुईंमा राखेको लगत्तै हँसिलो अनुहार लाएर काका फर्किए । "लौ केटा हो, तिमेरु भाग्यमानी रहेछौ । अब एकछिनमा डुङ्गा चतरा जादैंछ । एकजनाको तीन रुपियाँ लाग्ने रहेछ । हामी त्यसैमा जान्छौं । चतराबाट धरानसम्म गाडी नपाए पनि हामी भरे बेलुकी विराटनगर पुग्नेछौं । अब एकछिनमा हामी हिँड्छौं ... ।"

अनन्तले काकाको अरु कुरा सुन्नै भ्याएन । उसको मन खुशीले बुरुक् बुरुक् उफ्रिन थाल्यो । दुइ घण्टा लामो अक्करको बाटो हिंड्नु परेन । ज्यान बच्यो । आजै गाडी पनि चढ्न पाइने भयो । अनन्तले किताबको गाडी त धेरै देखेको थियो - तर गुडिरहेको गाडी एकपल्ट मात्र देखेको थियो । पह्लारै 'आमा' सिनेमा हेर्दा उसले घुमाउरो बाटोमा फनक् फनक् घुम्दै हिंडेको घर जस्तो गाडी देखेको थियो । त्यस्तै गाडीमा चढ्न पाउने सम्झनाले उसको मन रोमाञ्चित भयो ।

अनन्त खालि अक्करको बाटो टरेको कारणले मात्र खुशी भएको थिएन । उ गाडी चढ्न पाउने आन्नदले मात्र रमाएको पनि थिएन । भरे बेलुका उ आमा जस्ती दिदीको काखमा हुनेछ - उसको मन सबैभन्दा बढी यसैकारणले खुशीको तरङ्गमा बग्न थालेको थियो । दिदीको सम्झनाले अनन्तको मनलाई सधैं रसिलो पार्थ्यो । आमालाई बरु कहिलेकाहीं उ बिर्सन सक्थ्यो । तर उसको मानसमा दिदीको सम्झना ढुंगामा कुंदिएको अक्षर जसरी खोपिएको थियो ।

दिदी शब्दलाई अनन्तले आमासँगै सुनेको र चिनेको थिया । आमा र दिदी शब्दका बीचमा कुनै भिन्नता हुन्छ भनेर कसैले सोध्यो भने एकछिन घोरिएर अनन्तले जवाफ दिन सिकेको थियो - ममताका हिसाबले दुबै उस्तै हुन् ।

"कान्छा, उठ, जाऔं," बीरबहादुरले अड्किई अड्किई तीन ओटा शब्दहरुको उच्चारण गर्‍यो । अनन्त आफ्ना स्मृतिका तरङ्गहरुबाट ओर्लिएर त्रिवेणीको फाँटमा आइपुग्यो । उसले आफ्नो सानो पुण्टे झोलालाई काँधमा हाल्यो । त्यतिबेलासम्म अर्जुन पनि तयार भैसकेको थियो । उनीहरु बाटो छोडेर दाहिने तिर लागे ।

त्रिवेणीको फाँट देखिए भन्दा बढी फराकिलो लाग्यो - अनन्तलाई । चर्को घामले धर्तीलाई आरन जस्तो बनाएको थियो । अघिसम्म अरुणको चिसो पानीसँग मिसिएर बग्ने गरेको हावाले बाटोमा हिंडिरहेको अनन्तलाई गर्मी लाग्न दिएनछ । तर चिया खाएर एकछिन आराम गरेपछिको त्रिवेणी भने उसका लागि अस्पष्ट भएर आयो । मध्य दिनको ढल्न आँटेको तातो घाम, भएभरको रिस पोखेर स्वाँ स्वाँ गरिरहेको थियो । पृथ्वी, घामको आक्रोस छातिमा थपेर रापको पिडामा छटपटाइरहेको थियो । माथिको घाम र तलको रापले पिल्सिएको अनन्त र उसका साथीहरु चरा जसरी उडेर सप्तकोशीको पानीमा हेलिन छिटोछिटो पाइला चालिरहेका थिए ।

तमोरको सँगम भन्दा अलिक माथि एउटा ठूलो ढुङ्गाको छेउमा आठ दश जना मानिसहरु ठिङ्ग उभिएका थिए । अनन्तले दाहिने तिर टाउको घुमाएर हेर्‍यो - पहाड छिचोल्दै आएको दुधकोशी, थकाइले शान्त भएको अरुणसँग मिसिइसकेको थियो । 'सप्तकोशीको सीमा कहाँदेखि शुरु हुन्छ ?' अनन्तले आफैंलाई सोध्यो । अहँ, त्यसको उत्तर उसले कतै पाउन सकेन । उसका आँखाहरु तमोर पारी गए । 'शायद सप्तकोशीको मुहान त्यही होला ।'

माझीहरुले सबै मानिसलाई डुङ्गामा बसाले । "सबै जना राम्ररी बस्नुस् । यता उता धेरै नचल्नुस् । कोही पनि नउठ्नु होला ..." अनन्तलाई लाग्यो - पार्वती गुरु बाँसको सिर्कनो लिएर केटाकेटीलाई सम्झाइरहनु भएको छ ।

डुङ्गामा बस्दा बस्दै अनन्तले पार्वती गुरुको अनुहार सम्झियो । श्वेतकेशी गुरुको भद्र अनुहार कक्षा कोठा भित्र पस्नासाथ कठोर हुने गर्थ्यो । नौ र दश कक्षाका विद्यार्थीहरु, अरु शिक्षकहरुसँग विद्यार्थी हुनुका कारणले डराउथे । तर तिनीहरु पार्वती गुरुसँग भने साँच्चिकै डराउथे । नौ र दशमा पढाउने शिक्षकहरुले विद्यार्थीलाई गाली गर्थे, हकार्थे र सम्झाउथे । तर कसैले पनि पिट्दनथे । पार्वती गुरु यसैमा अरु भन्दा भिन्न हुनहुन्थ्यो । उहाँलाई यो नियम लाग्दैनथ्यो । ह्रस्व दीर्घ बिगार्‍यो भने, सस्वर उच्चारण गर्न सकेन भने विद्यार्थीले पार्वती गुरुको गाली खान्थ्यो र चर्कै गाली खान्थ्यो । गृहकार्य नगरेको विद्यार्थीले गुरुको हातको बाँसको सिर्कनो नै खान्थ्यो । दश कक्षामा पुग्दा अनन्तलाई पार्वती गुरु र बाँसको सिर्कनो पर्यायवाची हुन् कि जस्तै लाग्न थालेको थियो ।

"ठेल ..." अनन्त फेरि आफ्नो तन्द्राबाट बिउँझियो । डुङ्गा पानीमा हेलिइसकेको थियो डुङ्गाको डिलमा उभिएका चार जना माझीहरु आफ्नो ठाउँ मिलाउदै थिए । अनन्तलाई लाग्यो - अब डुङ्गा पानीको बीचमा पुग्नेछ पानीसँगै हेलिंदै दक्षिणतिर लाग्नेछ ।

तर डुङ्गा बीचतिर लागेन । अलि अलि ढलपल ढलपल गर्दै त्यो छेउ छेउबाटै दक्षिण तिर लाग्यो । सय गज जति अगाडी बढेपछि डुङ्गा सिधै पश्चिम किनार तिर हेलियो । 'उंधो जाने डुङ्गा किन खोला पारी लागेको होला ?' अनन्त छक्क परयो । थोरै थोरै पानीमा बग्दै डुङ्गा पश्चिम किनारमा पुग्यो । पानीको बीचमा डुङ्गा हल्लिंदा अलिअलि मन आत्तिए पनि अनन्तलाई घिर्लिङ्गमा जति डर लागेन । उसले रमाइलो मनले पानी ओरिपरिको भित्तालाई नियाल्यो । माझीहरुले आफ्ना बलिया पाखुरीले बहाना खियाइरहेका थिए । ।

"तमोरको भल्को कट्यो ... " काकाले केटाहरुको मुखमा हेर्दै भने । कस्तो भल्को कट्यो - अनन्तले बुझ्न सकेन । उसले आफ्नो अनुहारलाई काकाको छेउमा पुर्‍यायो र देब्रेतिर आँखा डुलायो । दुइटा पहराको चेपबाट छिरेर आएको तमोर नदी नजानिदो पाराले पछिल्तिर धकेलिंदै थियो ।

तीन चार जना मानिसहरु बसेको ठाउँबाट उभिए । एकपल्ट फेरि डुङ्गा ढलपलायो । सप्तकोशीको पूर्वी किनारको पाखो माथिसम्मै देखिंदै थियो । तर पश्चिम किनारमा डुङ्गाले छोएको भाग मात्र आँखाको किनारमा टाँसिन आउथ्यो । डुङ्गामा उभिएका मानिसहरुले टाउको घुमाएर यता उता हेरेको देखेपछि अनन्तले पनि बसी बसी आफ्नो टाउको घुमायो ।

देब्रेतिरको पाखो ठाडो भिरालो थियो । तर त्यो बाक्लै जङ्गल भित्र लुकेको थियो । ठाडो भिरको सिरानमा भारी बोकेका केही मानिसहरु यताउता गरिरहेको जस्तो देखिन्थ्यो । अनन्त छक्क पर्‍यो । को हुन् ती मानिसहरु .... ।

"लौ हेर केटा हो, बराहक्षेत्रको अक्कर ..." काकाले त्यही देब्रेतिरको भिर देखाउदै भने, "उ माथि ढाकर बोक्या मान्छे देख्तै छौ नि, हो त्यही हो बाटो । यहाँबाट हेर्दा कस्तो छाँगो देखिन्छ, लौ भन त ... ।"

डुङ्गा बेस्सरी हल्लियो । अनन्तको मन पनि डुङ्गा सँगसँगै हल्लियो । किन ? पहराको बीचमा मानिसहरु हिंडेको देखेर हो कि ! कि डुङ्गा साह्रै नराम्ररी हल्लिएर हो ? अनन्तलाई केही थाहा भएन ।

"ओ दाइ हो ... बस्नुस त । नउभिनुस त । बराहक्षेत्र आउन लाग्यो ..." माझीहरुले कराएपछि दृष्यावलोकन गर्न उभिएका मानिसहरु अघिकै ठाएँमा सटाक सुटुक बसे । फेरि एकपल्ट डुङ्गा नराम्ररी हल्लियो । धेरै अघिदेखि डुङ्गा हल्लिइरहेको हुनाले त्यसपटक भने अनन्तको मन डराएन ।

"लौ उ पर हेर ..." काकाले बिस्तारै बगिरहेको डुङ्गाबाट फेरि देब्रेतिर इशारा गर्दै भने, "उ त्यो कोका नदी हो । त्यहाँ नुहायो भने सबै पाप पखालिन्छ भन्ने भनाइ छ । यसपल्ट त डुङ्गाबाट आउनु पऱ्यो । पछि पछि ओहोरदोहोर गर्दा यसो खोलामा नुहाएर बराहक्षेत्रको दर्शन गर्न नभुल्नु ।"

"यो बराहक्षेत्र हो । उ त्यो गजुर भएको सेतो मन्दिर बराह भगवानको हो । मन्दिर भित्र बराह भगवानको मुर्ति छ । त्यहाँ भगवान बराहको ढुङ्गो पनि छ । पापीले जति बल गरे पनि त्यो ढुङ्गो उचाल्न सक्दैन । धर्मात्माहरुले कान्छी औंला जोडेर "जय भगवान बाराह" भनेर उचाल्दा ढुङ्गो जुरुक्कै उचालिन्छ ... " काकाको ब्याख्यान सुनेपछि अनन्तलाई दिक्क लाग्यो । अक्करको बाटो एक्कैछिनको त रहेछ । त्यताबाट आउन पाएको भए कोकामा यसो हातमुख धुन पाइन्थ्यो अनि बराह भगवानको दर्शन गर्न पनि पाइन्थ्यो ...।

डुङ्गा दुइपल्ट बुरुक् बुरुक् उचालियो । कता पानी मुनि खडाक् खुडुक् गरेको आवाज आयो । हातले डुङ्गा च्याप्प समातेर तन्द्रामा मस्त भएको अनन्तको मन पनि खड्याक् खुडुक् भयो । के भो के भो भनेर अत्तिाल्लिएको मनले कसैलाई सोध्न खोज्दाखोज्दै सप्तकोशीको शान्त पानीमा डुङ्गा हेलिन थालिहाल्यो ।

"यै यौटा ठाउँमा डर लाग्छ," अनन्तको छेउमा बसेको मानिसले भन्यो । "हुन पनि सुक्खा हिउंदमा त ढुंगो पानी माथि नै देखिन्छ ।

अनन्तलाई लाग्यो - सप्तकोशीको सबैभन्दा अप्ठ्यारो ठाउँ पार भयो ।

चतरा घाटमा डुङ्गाबाट ओर्लिंदा घाम मध्य आकाशमै चर्किरहेको थियो । नदी किनारको हावा चिसो भए पनि देब्रे तिरको तातोपनले गालालाई पोल्न थालिसकेको थियो । बालुवाको बगरमा धसारिएको डुङ्गाबाट एक एक गर्दै मानिसहरु उत्रन थालेपछि काकाले अनन्त र अर्जुनलाई हातैमा समातेर उठाए । दुइटै केटाहरु बालुवामा उभिएपछि काका र भरियाहरु आआफ्ना झोला र कुम्लो टिपेर बाहिर आए ।

"अब यसो ट्रकस्रक पाइन्छ कि हेर्नुपर्छ । पाइए जाति भो, चाँडै पुगिन्छ । नपाइए नि क्यै छैन । आज विराटनगर पुगिहालिन्छ ..." काकाले बालुवामा पाइला चाल्दै भने ।

बाटो थिएन । तर पर जङ्गलको मुखमा झुप्राहरुको लामो बजार बगर जसरी पल्टिरहेको थियो । बालुवा, गेग्राने बगर र ठाउँ ठाउँमा थुपारेका ढुंगाहरुको बीचबाट मान्छेहरुको बथान बजारतिर लाग्यो । डुङ्गामा केही माझीहरु मात्र बाँकि थिए । डुङ्गाबाट ओर्लिएकाहरु सबै बजारलाई नै लक्ष बनाएर हिंडिरहेका थिए ।

"त्यो दुइ लाइन चतरा बजार हो," काकाले आफ्नो औँलालाई तनक्क तन्काएर भने, "हामी, उ त्यो जङ्गल छेउमा जान्छौं । त्यहाँ ट्रक पाइन्छ कि खोज्नु पर्छ । पाइएन भने हिंड्नु पर्छ । क्यै छैन, दुइ ढाइ घण्टामा धरान पुगिहालिन्छ ।"

अनन्तको मन खिस्रिक्क भयो । गाउँघरमा उसले चतरा बजारको नाम धेरै सुनेको थियो । बजारमा बिक्री हुने साबुन, चिनी, नून, मसला, लत्ता कपडाको कुरा चल्दा ठूला मानिसहरु चतरा बजारकै कुरा गर्थे । धरान विराटनगर आवत जावत गर्ने मानिसहरु पनि चतरा बजारको चर्चा निकाल्थे । घरबाट हिंडेको भोलिपल्ट चतरा बजारमा बास पर्छ भने उसले धेरै पटक सुनेको थियो । हिजो पनि हिंड्ने बेलामा वीरबहादुरलाई सम्झाउदै अनन्तका बाले भन्नुभएको थियो, "नानीलाई साह्रै धपेडीमा नकुदाउनु । आज सुनबालुवा पुग्छौ । भोलि उज्यालो छँदै चतरा पुग्छौ । त्यहीं बास बस्नु । पर्सी रामरी उज्यालो खसेपछि मात्रै चतराबाट हिंड्नु । मधेसको ठाउँ केही ठेगान हुंदैन । यसो धरान जानेहरुको हन्जाको पछि लाग्नु । धरानमा खानपीन गराएर एकछिन सुस्ताए पछि मात्रै विराटनगर लाग्नु ...।"

अनन्तलाई त्यतिबेला पनि चतरा भनेको किताबहरुमा पढ्ने गरेको झिलीमिली बजार हो भन्ने लागेको थियो । त्यस्तो सपनाको सुन्दर बजार एक्कासी झुप्राहरुमा रुपान्तरित भएको देख्ता अनन्तको मन नराम्ररी भाँचियो ।

काकाले फेरि केटाहरुलाई एउटा पसलमा थन्क्याए । "काका नभएको भए न डुङ्गा चढेर आउन पाइने रहेछ नत ट्रकमा चढेर नै धरान जान पाइने रहेछ ..." अनन्तको मनले भन्यो । ट्रक चढ्न पाउने रोमाञ्चले अनन्तलाई बिस्तारै च्याप्दै लग्यो । 'ट्रक भनेको पनि एक खालको बसै त होला ...' अनन्तको मनले एकपल्ट फेरि आमा सिनेमा सम्झियो ।

"लौ केटा हो, अब हिंड्नु पर्छ," अनन्तलाई छक्क पार्दै काकाले भने, "अहिले उता जाने ट्रक स्रक केही पाइएन । अब फटाफट बाटो लाग्नु पर्छ । चिन्ता गर्नु पर्दैन । बेलैमा धरान पुगिन्छ । त्यसपछि पिचमा सुलुलुलु चिप्लिने गाडीमा चढेर साँझमा विराटनगर पुगिहालिन्छ ...।"

“पिच भन्या के होला ?” अनन्तको मनले सोध्यो । तर त्यसको उत्तर दिने त्यहाँ कोही थिएन । उसले आफ्नो पुण्टे झोला काँधमा हाल्यो । पहिले जसरी नै सबैभन्दा अगाडी काका लागे । बीचमा दुइजना दौंतरीहरु उभिए । सबैभन्दा पछाडि कुम्लो बोकेका दौंतरीहरु हाँस्तै पाइला चाल्न थाले ।

बजारको मुख छोड्ने बित्तिकै उनीहरु जङ्गल भित्र पसे । अग्ला अग्ला रुखहरुको बाक्लो जङ्गलको बीचबाट हिंड्दा अनन्तको मनले डर मान्न थाल्यो । तर त्यो डर झ्याम्मिन नपाउदै जङ्गल सकियो । अनन्तको अगाडी सानो तर चतरा भन्दा अलिक राम्रो बजार तनक्क तन्किएर बसेको थियो । बजारका सबै घरहरु काठका थिए र धेरैजसो घरहरुमा टिनको छानो छालिएको थियो ।

“यो बयरवन बजार हो । हाम्रो तिरका साहुहरुले यहाँबाट पनि मालताल लैजान्छन्,” काकाले केटाहरुलाई हेर्दै भने, “पछि पछि यता ओहोर दोहोर गर्दा तिमीहरुले बास बस्नु पर्‍यो भने चतराको साटो यहीं बस्ने गर्नु । आमचोकका विष्टहरुले पसल राख्या छन् । सुत्न, खान सुविधा हुन्छ ।”

बजारको उत्तरबाट छेकारो मारेर अनन्तहरु फेरि अर्को जङ्गल भित्र पसे । जङ्गल बाक्लो त थिएन - तर रुखहरु भने चिताइ नसक्ने हिसाबले अग्ला थिए । त्यति अग्ला रुखहरु अनन्तले देख्नै पाएको थिएन ।

अनन्तलाई अघिकै जसरी वन सकिएला भन्ने लागेको थियो । तर वन सकिएन । फेरि अनन्तको मन डराउन थाल्यो । उसले डराएकै आँखाले काकालाई हेर्‍यो । तर काकाको फराकिलो ज्यान निश्चिन्त थियो । काकाको फराकिलो पिठ्युं पछाडि अनन्तले आफ्नो सानो डरलाई लुकाउने कोशिस गर्‍यो ।

चैतको खडेरी भित्र पनि हरियालीले छाएको वस्तीको झलक दखेपछि अनन्तको मन रमायो । धानका बिरुवा जस्ता हरिया बुटाहरुले खेत ढाकेको थियो । फाँट पनि फराकिलो थियो । तर वस्ती, फाँट जति फराकिलो थिएन ।

अनन्तलाई, घाम पछिल्तिर सर्दै गएको ख्यालै भएन । जङ्गल, वस्ती, खोलाको बगर, फरि जङ्गल, फेरि वस्ती अनि फेरि जङ्गल हुंदै उनीहरुको यात्रा निरन्तर जारी रह्यो । एउटा फराकिलो खोलाको बगर तरेपछि अनन्तले मान्छेहरुको बाक्लो चहलपहल भेट्यो । वस्ती पनि लामो थियो । अगाडीको फाँटमा जङ्गल थिएन - तर आँखाको ठीक अघिल्तिर पर भित्तोमा बाक्लो जङ्गल भएको एउटा डाँडो थियो ।

“लौ केटा हो, अब धरान पनि टेकियो । उ त्यो पर देखिएको विजयपुर हो । दन्तकाली मन्दिर, बुढा सुब्बाको थान भन्ने त तिमेर पढ्या हौला नि, हो त्यही मन्दिर भएको विजयपुर डांडो हो त्यो । त्यसको फेदैमा धरान बजार बस्या छ । पहिले हामी चतरा लाइन जान्छौं, त्यहाँबाट हामी धरान बजारमा पुग्छौं । त्यहीं विराटनगर जाने बस पाइन्छ ...।”

धरान बजार देख्न पाउने हर्षले फुरुङ्गिएको अनन्तको मनले काकाको अरु कुरा सुन्दै सुनेन ।

छाता चोक भन्ने ठाउँमा अनन्तले अनौठो दृष्य देख्यो । चोकको दक्षिणतिर एउटा सानो गाडी थियो । त्यो बस जस्तो ठूलो थिएन । सानो, कुचुक्क परेको कस्तो कस्तो भाँडो थियो । त्यसको अघि पछि लागेका चारओटा चक्काहरुलाई हेर्दा त्यो गाडी नै हो भन्ने थाहा हुन्थ्यो - तर त्यो साह्रै सानो थियो । अनन्तले हेर्दा हेर्दै तीन जना मानिसहरु त्यसभित्र चढे । त्यो भांडो एकपल्ट हल्लियो र घिचिक्क गरेर ओरालो तिर गुड्यो ।

“त्यसलाई कार भन्छन् केटा हो,” ठिङ्ग उभिएर कार हेरिरहेका केटाहरुका उत्सुक आँखालाई नियालेर हेर्दै काकाले भने, “त्यो कार हो, हामी त्यस्तै गुड्ने ठूलो गाडीमा चढेर विराटनगर जान्छौं ।”

अगाडी जोतिएको मुख भएको पहेंलो रंगको किताबमा नक्सा देखिए जस्तै एउटा गाडी आएपछि काकाले सबैलाई पालैपालो त्यस भित्र हुले । भित्र बस्ने ठाउँ खालि थियो । काकाले नै अघि सरेर सबैलाई बस्ने ठाउँमा राखे । अनन्तको थाकेको शरीरले ढुक्कको आराम पाए जस्तो भयो ।

झण्डै आधा घण्टा जति गाडी त्यत्तिकै पर्खेर बसिरह्यो । मान्छेहरु आइरहे र कतै बस्ने ठाउँ बाँकि रहेन । तर मान्छे आउन छोडेनन् । पछि पछि आउने मानिसहरु खाँदिदै उभिन थाले । झ्यालको डिलमा बसेको अनन्तका उत्सुक आँखाहरु बाटामा ओहोर दोहोर गर्ने मानिसलाई नियाली रहेका थिए । उसलाई झसङ्ग पारेर गाडी भ्याट्भ्याट् गरेर थर्कियो । त्यसपछि त्यो बिस्तारै गुड्न थाल्यो ।

घाम जङ्गल पारी कतै बास बस्ने तरखर गर्दै थियो । गाडी एकै छिन मात्र बजारमा गुड्यो । एकछिन पछि त्यो गुडेको पनि थाहा हुन छोड्यो । त्यो ठेगान नभएको भाँडो जसरी चिप्लिन पो थाल्यो । अनन्त डरायो । उसले आफ्नो छाति अगाडीको डण्डी समायो । बेस्सरी समायो । गाडी एउटा बाक्लो जङ्गल भित्र पस्यो ।

“लौ केटा हो, तिमेरले हरियो वन नेपालको धन भनेर पढ्ने चारकोशे जङ्गल भनेको यही हो । अब हामी चारकोसे जङ्गलै जङ्गल हिंड्छौ । त्यसपछि इटहरी बजार आउछ । इटहरि पछि दुहुबी बजार आउछ । दुहुबी पछि कन्चनबारी आउछ । कन्चनबारीको तल बरगाछीमा हामी ओर्लिन्छौं ...।”

“हामी पनि बरगाछीमै ओर्लने हो,” बीरबहादुरले कुरो टुंग्याउदा नटुंग्याउदै काका खिसिक्क हाँसे ।

चारकोसे झाडी अनन्तले किताबमा पढे जस्तै थियो । उसको मन बेस्सरी रमायो । उसले रमाइलो गरेर हेर्ने गरेका डांडाहरु जङ्गलको पछिल्तिर कतै लुकेका थिए र तिनै डांडातिर कतै घामले बास बस्ने सुरसार कसेको थियो ।

इटहरी बजार पुग्दा धर्तीमा गोधुली छिर्न खोज्दै थियो । पश्चिमतिरको आकाश रक्तिम थियो र रङ्गिन चित्र भएको किताबमा जसरी त्यसको रङ्ग आकाशमा क्रमिकरुपले पातलिंदै फैलिएको थियो । इटहरि मुन्तिरका सुखा खेतहरु लस्त भएर थाकेर पल्टिएका थिए । हेर्दा हेर्दै धर्तीमा साँझ ओर्लियो । दुहबी बजारलाई अनन्तले राम्ररी नियाल्नै पाएन ।

बाटाका बीच बीचमा एकछिनका लागि गाडी रोकिन्थ्यो । पहिले धेरै मानिसहरु ओर्लन्थे र थोरै मानिसहरु ढोका भित्र छिर्ने गर्थे । तर दुहबी बजारमा भने थोरै मानिसहरु गाडीबाट ओर्लिए र धेरै मानिसहरु गाडीमा चढे । साँझको शुन्यतालाई चिर्दै घटघट घटघट गर्दै गाडी अगाडी घचेटियो । बीचमा के कस्तो ठाउँ आयो अनन्तले ख्याल गरेन । उसै पनि बाटाको ओरपर कुनै बस्ती थिएन । आवादी पनि खासै थिएन । भुईं पनि अंध्यारोको खोकिलामा लुक्न पुगिसकेको थियो ।

“बरगाछीमा रोक्ने है भाइ,” अघिदेखि गाडी भित्र ताहुरमाहुर गरिरहेको एउटा केटालाई कोट्याउदै काकाले अह्राए । केटाले सुनेको जस्तो अनुहार पनि देखाएन । तर पनि काकाले सबैलाई अह्राउदै भने, “वीरे भाइ, नानी हो, लौ झोला सम्हाल । अब ओर्लिनु पर्छ ।”

एउटा ससानो वस्तीको अघिल्तिर गाडी रोकियो । काकाको पछि पछि तीनै जना भुईंमा ओर्लिए । जमिन नराम्ररी तातेको छ कि जस्तो लाग्यो अनन्तलाई ...।

“जाने ठाउँ थाहा छ वीरे भाइ ? कि आज हाम्रै तिर जाऔं,” काकाले वीरबहादुरलाई सोधे ।

“थाहा छ हजुर, पाँच सात चोटी आइसक्या छु । उ ह्वीँ पर त हो,” वीरबहादुरले पश्चिमतिरको अंध्यारोलाई देखाउदै भन्यो ।

“अलमलिदैनौ हैन ?”

“अलमलिन्न हजुर ।”

“लौ नानी, त्यसो भए छुटौं,” काकाले मायालु स्वरमा अनन्तको काँधमा छुंदै भने, “तिम्रो भिनाजुलाई हाम्रो घर थाहा छ । भोलि पर्सी आउनु । अर्जुनलाई पनि रमाइलो लाग्छ ।”

“हवस्” अनन्तले थाकेको स्वरमा भन्यो । कतिखेर दिदीको काखमा पुगिने हो भनेर उसको मन आत्तिइसकेको थियो ।

अर्जुनले पनि ‘भोलि बिहानै भेटौं है’ भनेर अनन्तसँग विदा माग्यो । काका र अर्जुन पूर्वतिर लागे । वीरबहादुरले अनन्तको हातमा समात्यो । उनीहरु बिस्तारै पश्चिमतिर लागे ।

दश मिनेट जति फराकिलो बाटो हिंडेपछि बीरबहादुर एउटा घरको आँगन तिर पस्यो । आँगनको मुखैमा एउटा सिंढी थियो । त्यही सिंढीको आडमा उभिएर बीरबहादुरले बोलायो, “सानदीदी, सानदीदी हौ ...।”

भित्रको सन्नाटा झनै चुप्प लाग्यो । कोठा भित्रको मधुरो बत्तिको उज्यालोमा कुनै छायाँ हल्लिए जस्तो देखियो । “वीरे बोले जस्तो छ । सानो आयो कि क्या हो ...।”

अनन्तलाई दिदीले सधैं माया गरेर बोलाउने नाम थियो - सानो । दिदीका स्वर सुनेपछि अनन्तका आँखाका डिलहरु थाहै नपाई रसाए । त्यसैबेला ढोकामा कोही उभियो, “को हो ? वीरे होइनस् । आइज ।”

अनन्तको हात समातेर वीरबहादुर घर भित्र छिर्‍यो । घर के भन्नु - एउटा सानो कोठा थियो त्यो । अनन्तले ढोकाको छेउमा आफ्ना जुत्ताहरु फुकाल्यो । वीरबहादुरले आफ्नो कुम्लोलाई ढोका छेउको आडमा राख्यो र निहुरिएर दिदीको खुट्टामा ढोगिदियो । अनन्तले पनि वीरबहादुरको देखासिकी दिदीलाई खुट्टामा ढोगनै आँटेको थियो - दिदीले उसलाई बीचैमा समातेर उभ्याउनु भयो ।

“तिमीहरु भोलि मात्रै आइपुगौला भन्ने हिसाब थियो, कसरी यति चाँडै आयौ ? भाइलाई बेस्सरी कुदाइस् कि क्या हो कान्छा ?”

अनन्तलाई दिदीको जिम्मा लाउन पाएकोमा बीरबहादुर दङ्ग थियो । त्यसैले उसले हाँस्तै भन्यो, “कुद्नै परेन । त्रिवेणीमा डुङ्गा पाइयो चतरा आउने । हामी सरासर आइहाल्यौं ...।”

“ल, भाइको हातखुट्टा धोइदे । म भात पकाउछु । यल्लाई सुत्न नदे ।” दिदीले वीरबहादुरलाई अह्राउदै भन्नुभयो, “बाबु, ननिदा है नानी !”

अनन्त अलिकति दाँत देखाएर खिसिक्क हाँस्यो । एस. एल. सी. दिएर काठमाण्डौ पढ्न हिंडेको अनन्त, दिदीको अघिल्तिर पर्ने बित्तिकै दश वर्ष घटेर ‘सानो’ भएको थियो ।

छलाङ्ग

विराटनरले अनन्तको चेतना नै उल्टाई दियो । ठूलो शहर भनेको ताराहरु सजिएको छहारी जस्तो लाग्थ्यो अनन्तलाई । उसले सुनेका ठूला शहरहरुको नाउँको लहरमा विराटनगर पनि थियो । तर विराटनगर त धुले, गर्म्याइलो, वैरागिलो, उराठलाग्दो र विधवाको फुस्रो निधार जस्तो पो हुँदो रहेछ ! अनन्त छक्क पऱ्यो । किन शहरलाई मन पराउछन् मानिसहरु ? अनन्तले उज्यालोसँग सोध्यो । उकुसमुकुसको गर्मीमा पसीनाको दुर्गन्ध बोकेका मानिसहरुको भीड भएका बसहरु र चर्को घाममा तातो अगुल्टोले झटारो हानेर आत्तिनु परेजस्ता रिक्साहरु नै त थिए शहरमा । अरु खै के थियो र ? शहरको विरुप देखेर अनन्त छक्क पऱ्यो ।

सात दिन अनन्तले विराटनगरमै बितायो । दुइ दिन उ दिदीको घरमा आराम गरेर बस्यो । भिनाजु बाहुनीको खेतीमा जानु भएको थियो । बाहुनी गाउँ अनन्तका लागि नौलो थिएन । दुइ तीन वर्ष अघि कहिले हो, बाले बाहुनीमा चार बिघा खेत किनेको चर्चा घरमा चल्ने गर्थ्यो । त्यही जग्गा पछि भिनाजुले किन्नुभएको थियो । अनन्तलाई पनि एकपल्ट बाहुनी हेर्न मन थियो । तर दिदीले उसलाई त्यता पठाउन मान्नु भएन ।

"गाउँमा डाँका लाग्छ, तैँले जानु पर्दैन," विराटनगर आएको भोलिपल्ट बाहुनीको चर्चा गर्दा दिदीले भन्नुभएको थियो ।

तीन दिनपछि भिनाजु आउनु भयो र त्यसपछि मात्र अनन्तको काठमाण्डौ जाने तरखर शुरु भयो । खर्चबर्चको हिसाबले भिनाजुले अनन्तलाई रेलको बाटो काठमाण्डौ पठाउने विचार गर्नु भएको थियो ।

"किन पीर गर्छेस्," भिनाजुले दिदीलाई सम्झाउदै भन्नुभयो, "तेरो भाइ एक्लै हुंदैन । विराटनगरबाट कलेज पढ्ने केटाकेटीको हुद्दै जान्छ । जोगबनी गएर मै रेल चढाउँला । भोलिपल्ट उज्यालो हुँदा दरभङ्गाबाट उतै पुगिहाल्छ । नौ दश बजे अघि नै रक्सौल पुगिन्छ । बीरगन्जबाट बिहानको बस भेटे त्यसैमा जाला, नभेटे एकदिन बीरगन्जमा घुमफिर गर्छ । भोलिपल्ट बिहानै बस चढेपछि बेलुका बेलैमा काठमाण्डौ पुगिहाल्छ । आज भाइलाई आ. वा. (आकाशवाणी) गर्दियो भने लिन आइहाल्छ ।"

"तपाईंले त्यसो भनेर हुन्छ अब !" दिदीको मायालु मनले मानेन, "पहिलोपल्ट शहर देख्या मान्छे । गाडीमा केही भो भने ...," दिदीले भाइको कपाल मुसार्दै भन्नुभयो, "हवाइजहाजबाट पठाउंदा त्यै एक सय त लाग्ने हो । त्यसमाथि कन्सेक्सन पाइहाल्छ । तीन दिन अघि नै भाइलाई आ.वा. पठाइ दिनुस् । हवाइफिल्डमै आइराखोस् ... ।"

"तिमेरले मान्छेलाई ठूलो हुनै नदिने भयौ," भिनाजुले अलि अलि झर्को र अलिकति ठट्टालाई एकै ठाउँमा मिसाउदै भन्नुभयो, "तेरा लागि तेरो भाइ, तेरो बिहेको दिन भन्दा ठूलो भएकै छैन । उही केटाकेटी ठान्छेस् । यो अब डाक्टर भएर आउने बेला भैसक्यो ।"

दिदीले नजानिदो पाराले लाज मान्नु भयो । छेउमा बसेको अनन्त फिसिक्क हाँस्यो । बलैले आफ्नो हाँसो रोकिराखेको वीरबहादुर तिर फर्किंदै भिनाजुले सोध्नुभयो, "कसो वीरबहादुर ?"

वीरबहादुर खितित्त हाँस्तै बाहिर निस्कियो ।

त्यसपछि पनि सात दिनसम्म अनन्तले विराटनगरमै बितायो । रिक्सामा चढेर अनन्तले बरगाछी, बिजुली अड्डा र महेन्द्र चोक मात्रै होइन, बजार र पोखरियाको पनि फन्को मार्‌यो । दिदीको पछि पछि लागेर उसले आफ्नो गाउँबाट विराटनगर बसाईं सरेका काका, मामा र अरु आफन्तहरुलाई भेट्यो । एकदिन अनन्त जोगबनी पनि पुग्यो । तर कुनै पनि ठाउँले अनन्तलाई आफ्नो मोहनीपासमा बाँध्न सकेनन् ।

बजार घुम्न थालेको चौथो दिन बजार अड्डामा रिक्साबाट ओर्लिने बेलामा अनन्त छक्क पऱ्यो । ठिक्क अगाडीको रिक्साबाट ओर्लिएकी एउटी केटीले अनन्तलाई नियालेर हेरेपछि अचम्म मानेको स्वरमा सोधी, "अनन्त ! तिमी ! कताबाट आयौ ?"

अनन्त लाजले कुचुक्क खुम्चियो । उसको अनुहार रातो भयो । रिक्साको छेउमा उभिएर उसले सानो स्वरमा भन्यो, "हप्ता दिन भयो । तिमी नि ?"

"बुवाको सरुवा भयो । म र आमा यहीं छौ । अनि तिमी कहाँ बस्या छौ ? हिंड घरमा जौं ।"

अनन्तलाई झन लाज लाग्यो । उसको अघिल्तिर उभिएकी केटीलाई उ रामरी चिन्दथ्यो । तर उसभित्र झाङ्गिएर उठेको लाजले त्यो राम्रो परिचयलाई फरासिलो हुन दिइरहेको थिएन । त्यसैले उसले ढिलो स्वरमा अड्किई अड्किई भन्यो, "दिदी कहाँ बसेको छु । अब तीन चार दिनमा काठमाण्डौ जान्छु । उतै पढ्ने विचार छ ...।"

नयाँ तर कस्सिएको कुर्ता सुरुवालमा राम्ररी सजिएकी केटीले आफ्ना मायालु आँखाले अनन्तलाई नियालेर हेरी र मुसुक्क हाँसी ।

'उ किन हाँसी ?' अनन्तले आफैंसँग सोध्यो । त्यसको उत्तर पनि कतै थिएन ।

"हिंड, हिंड, तिमीलाई देखेर आमा कत्ति खुशी हुनुहुन्छ । तिमीले एस. एल. सी. पास गरेको हामी सप्पैलाई थाहा छ ...।"

बल्ल उसले भिनाजुलाई देखी र एकछिनका लागि लाजले खुम्चिई । तर तुरुन्तै उसले आफूलाई स्याहारी र आफ्ना दुइ हातलाई नाकको टुप्पैमा छुवाउन खोज्दै भनी, "नमस्कार भिनाजु । आज अनन्तलाई घर लान्छु है ! आमा कत्ति खुशी हुनुहुन्छ ।"

"जाने मन भए जाउ कान्छा । नानीले भरे घरमै पुऱ्याइ दिन्छिन् । नभए बजारतिर अलमल गरेर मै तिमीलाई लिन आउँला ...।"

"तपाईं आउनु पर्दैन भिनाजु, मै अनन्तलाई लिएर आउँला । दिदीसँग भेट नभएको पनि मैना दिन भैसक्यो । अनन्त आएको था' भए अस्ती नै आउँथे ।"

"म पनि बाहुनी तिर गा' थेँ । अस्ती मात्रै आएँ । म आउदा आइसक्या रहेछन् ।"

अनन्तले बोल्नै पाएन । सँगै उभिएकी केटीले एउटा रिक्सावालालाई इशारा गरेर आफूतिर बोलाई र अनन्तलाई पहिले रिक्सामा चढाइ । अनन्तको पछि पछि उ रिक्सामा चढी र फ्यात्त जीउ फालेर रिक्सामा बसी । उसको मिलेको शरीरले आनन्तको शरीरलाई मायालु पाराले ठेल्यो । अनन्त भित्रको संकोच झनै नराम्ररी झाङ्गिएर आयो । उ अलिकति खुम्चियो ।

"तिमी कहिले आको रे ?" उसले हंसिलो र खुशिलो अनुहारले अनन्तलाई सोधी र उसले जवाफ पनि दिन नपाउदै भनी, "दिदी कहाँ बसेर यतै पढे हुंदैन ?"

"खै," अनन्तले आफ्नो धकको पोको नखोली अलमलिंदै भन्यो, "काठमाण्डौमा साइन्स (विज्ञान) पढाउने भनेर बाले उता पठाउने कुरा गर्नुभयो । मैले नाइ भन्न मिलेन ।"

रिक्सावालाले एकोहोरो अनुहारले केटीलाई हेऱ्यो । उसका भावहीन गालाको बीचमा प्रश्नका लहरहरु तानिएका थिए । केटीले आफ्नो काँधको पातलो सललाई अलि अलि मिलाउदै भनी, "शंकरपुर हिंड् ।"

रिक्साको चक्का अल्छी मान्दै घुम्न थाल्यो । अनन्तको मन पनि विगतको घुमाउरो रहमा पौरिन थाल्यो ...।

... छेउमा उसको शरीरसँग टाँस्सिएर बसेकी केटीलाई उसले पहिलो पल्ट पाँच कक्षामा पढ्दा चिनेको थियो । ठानामा आएको नयाँ ठानेदारको छोरी अनिता राईलाई उसले आफ्नो प्रतिद्वन्दी सहपाठीका रुपमा भेट्टायो । वर्ष दिनभरि ती दुई बीच प्रतिस्पर्द्धा चलिरह्यो । अनिता स्कूलमा नआउन्जेल अनन्त आफ्नो कक्षाको ठालु थियो । पढाइमा फर्स्ट, राइटिङ्गमा एक नम्बर, अनुसासनमा ए+ नम्बर पाउने अनन्तको कुनै जोडी थिएन । त्यसैले उ तीन र चार दुबै कक्षामा कक्षाको मनिटर पनि भएको थियो । तर पाँच कक्षामा सँगै पढ्न आएकी अनिता राईले उसलाई पाइला पाइलामा चुनौती दिन थाली । राम्रा अक्षर भएका कारण उसले गुरु र गुरुआमाहरुबाट स्याबासी पाउन थाली । होमओर्क (गृहकार्य) मा अनन्त बराबर नम्बर पाउन थाली । असारमा भएको अर्धवार्षिक परीक्षामा अनन्तको भन्दा दुइ नम्बर बढी ल्याएर उ प्रथम भई । त्यो साँझ घरमा आएपछि अनन्त गहभरि आँशु पारेर रोएको थियो ।

वार्षिक परीक्षामा अनन्तले जम्माजम्मी पाँच नम्बरले मात्र अनितालाई पछारेको थियो । त्यसले पनि उनीहरु बीचको प्रतिस्पर्द्धालाई चर्काएको थियो । छैटौं कक्षामा पढ्दा पनि उनीहरु बीचको तानातान चलिरह्यो । दुबै जना राम्रा, मिहिनेती र अनुसासित भएको हुनाले क्लासटिचर (पहिलो घण्टी लिने शिक्षक) ले ती दुइ जनालाई महिना महिनामा पालै पालै मनिटर बनाइदिने थिति बसालेका थिए । पहिलो पल्ट मनिटर भएको हप्ता दिनमै अनिताले अनन्तलाई सिर्कनाले पिटेकी थिइ र त्यसपछिको महिनामा मनिटर हुने बित्तिकै अनन्तले पनि अनितालाई सानो गल्तीका लागि हरियो बाँसको सिर्कनाले पिटेको थियो । अनिता एक शब्द पनि उच्चारण नगरी धेरैबेर रोएकी थिई । आँखाभरि आँशु पारेर रोइरहेकी अनिताको अनुहारलाई हेर्दा अनन्तलाई कता कता नमिठो लागेको थियो ।

छ कक्षाको जाँच हुने बेलामा अनिताका बाबुको सरुवा भयो । बाबु एक महिना अगाडी नै जिल्लाबाट विदा भए । अनिता र उसकी आमाले एक महिना त्यतै बस्नु पऱ्यो । कर्मचारी परिवार भएकोले अनन्त र अनिताको परिवार बीच राम्रो मित्रता कायम भएको थियो । ठानेदार साहेबले त्यो एक महिनाका लागि आफ्नी जहान र छोरीलाई

अनन्तकै बाबुको जिम्मा लगाएका थिए । एक महिनाको सँगैको बसाइमा अनन्त र अनिता घनिष्ट अनि पारिवारिक मित्र भएका थिए ।

अनन्तले झण्डै झण्डै अनितालाई बिर्सिसकेको थियो । अकस्मात नवौं कक्षामा पढ्दा फेरि उसले अनितालाई देख्ने मौका पायो । अनिताका बाबु इन्स्पेक्टरमा पदोन्नती पाएर जिल्लामै आएका थिए र अनिता पनि बाबुसँगै नयाँ स्कूलमा पढ्न आएकी थिई । उसका लागि स्कूल नयाँ थियो र पाँच छ कक्षामा पढेका थोरै सहपाठीहरु मात्रै त्यहाँ थिए । पचहत्तर जनाको त्यो ठूलो बथान, दुइ सेक्सनमा बाँडिएको थियो । पुरानो र राम्रो विद्यार्थी भएको हुंदा अनन्त पहिलो सेक्सनमा थियो । नयाँ विद्यार्थीका रुपमा आएकै हुनाले अनिता दोश्रो सेक्सनमा परेकी थिई । त्यसैले अनन्त र अनिता बीचमा घनिष्टता झाङ्गिन सकेन । उनीहरु पढाइको सन्दर्भमा एकछिन यसो कुराकानी गर्थे । कहिलेकाहीं स्कूल जाँदा अथवा स्कूलबाट फर्किंदा बाटोमा भेटघाट भइहाल्यो भने औपचारिकताकै हिसाबमा केही कुराकानी पनि गर्थे । तर वाल्यकालको त्यो घनिष्टता र खुलापन उनीहरुका बीच मौलाउन सकिरहेको थिएन । शायद किशोर वयसँगै हुर्किएको लज्जा र संकोचले पनि उनीहरुलाई थिचेको थियो । दुवैको उमेर त्यतिबेला चौध वर्षको थियो ।

"थाहा पाइस् अनन्त," सँगै पढ्ने सुदिपले एकदिन उसलाई खुसुक्क भन्यो, "अनिता तँलाई प्रेम गर्छे ।"

अनन्त झसङ्ग भयो । प्रेम शब्दलाई उसले भरखर भरखर सुन्न र चिन्न थालेको थियो । उनीहरुलाई विज्ञान पढाउने शिक्षक त्यही स्कूलको दश कक्षामा पढ्ने एउटी केटीलाई प्रेम गर्छन् रे भन्ने उसले सुनेको थियो । भरखरै खुलेको भूमिसुधार कार्यालयमा सेक्सन अफिसर भएर आएको एकजना कर्मचारीले उनीहरुसँगै पढ्ने केटीलाई प्रेम गरेर बिहे गरेको थियो । औलो उन्मुलन अफिसमा नयाँ नियुक्ति लिएर आएको एक जना सुपरभाइजरले पनि अहिले दश कक्षामै पढिरहेकी केटीलाई प्रेम गर्छ रे भन्ने उसले सुनेको थियो । तर उ स्वयंलाई कसैले प्रेम गर्न सक्छ भन्ने उसले अनुमान पनि गरेको थिएन ।

"धत्" अनन्तले सुदिपलाई हिर्काउदै हियायो ।

"सत्ते, गाइखाने, विद्यानास ।" सुदिपले एकैपल्ट तिनओटा किरिया खायो । "तँ लाटालाई ख्यालै छैन । तँ पुस्तकालयमा गइस भने अनिता पनि बहाना खोजेर त्यतै पुग्छे । तँ ब्याडमिण्टन खेल्न थालिस भने उ बार्दलीमा उभिएर तँलाई हेरिरहन्छे । उ तेरो पढाइ ठिक छ कि छैन, तैंले होमओर्क गरेको छस् कि छैनस् भनेर चासो राखिरहन्छे ...।"

"तेत्तिले प्रेम गरेको हुन्छ त ?" अनन्तले बीचैमा रोक्न खोज्यो ।

"पख् न पख् । त्यति मात्रै होइन । उसले तेरो फोटो आफ्नो पर्समा राख्ने गरेकी छे । तँ स्कूल नआएको दिन पढ्नै उच्चाट लागेर आउंछ भन्छे । तलाइ नदेख्दा सबैथोक खल्लो भएर आउछ भन्छे ...।"

"कुरा बढाउँछस् ...।"

"तलाईं पत्यार लाग्दैन ? मलाई दिदीले भन्या । तेरो बारेमा दिदीसँग कुरा गरिरहन्छे रे ।"

अनन्त झसङ्ग भयो । सुदिपका दिदी भाइ नै नौ कक्षामा पढ्थे । सुदिप र उ एउटा सेक्सनमा पढ्थे, सुदिपकी दिदी अर्को सेक्सनमा । त्यसैले अनन्तलाई सुदिपको भनाइ सत्य हो कि जस्तो लाग्यो ।

अनिता र अनन्तको सम्बन्ध खुकुलो थिएन । तिनीहरु बीचमा एक खालको गह्रौंपना थियो । तर अनिता उसको सान्निध्य चाहिरहेकी छ भन्ने आभाष अनन्तलाई हुन थालेको थियो । खालि पिरियडमा उ पुस्तकालयमा छिर्थ्यो । कुनै न कुनै बहानामा अनिता पुस्तकालयमा आइपुग्थी र 'अनन्त के गरेको' भनेर उसलाई सोध्दथी । ब्याडमिण्टन कोर्टमा रकेट समाएको बेला अनन्त चोर आँखाले स्कूलको बार्दली तिर हेर्थ्यो । अनिता, बार्दलीको खाँबोमा अडेस लागेर खेलको निरिक्षण गरे जसरी उसैलाई नियाली रहेकी हुन्थी । कहिले काहीं उ, 'अनन्त, तिमीसँग ओण्डर बुक (wonder Book) को नोट छ ?' भन्दै सोध्न आइपुग्थी । कहिले उ, 'अनन्त तिमीले हिसाबको होमओर्क गरेका छैनौ भने मसँग छ' भन्दै सल्लाह दिन पुग्थी । तर अनिता जति खुल्थी अनन्त त्यति नै छोपिन्थ्यो । अनिता जसरी फक्रिन खोज्थी अनन्त त्यसरी नै ओइलिन पुग्थ्यो । अनिता जति जति साथीपनको फेरो मार्थी अनन्त त्यति त्यति उपियाँ जसरी फड्किएर टाढा टाढा पुग्थ्यो ।

प्रेमको कथा त अनन्तले सुनेको थियो, तर अझै त्यसको सम्वेदना बुझ्ने गरी उसको मन विकसित भएको थिएन ।

अनिता स्कूलमा मात्र अनन्तको ओरिपरि थिइन । उ घरमा पनि बाक्लै भैसकेकी थिइ । उसका सबैजसो छुट्टीहरु अनन्तको घरमा बित्न थालेका थिए । अनिता अनन्तकी आमालाई काम सघाउन थ्याच्च बस्थी र अनन्तको कोठा तिर पुलुक्क हेर्दै गनगन गर्थी, "ठूलीआमा, हेर्नुस् न, अनन्त एकदम पराइ जस्तो गर्छन् । बोल्न पनि पैसा तिर्नु परे जस्तो गर्छन् ।"

"नानी, त्यो यस्तै संकोची छ । हत्पत् कसैसँग झ्याम्मिनै मान्दैन ।" आमा आफ्नो मायालु छोराको पक्ष लिंदै अनितालाई सम्झाउने बल गर्नु हुन्थ्यो ।

"अं, ठूलीआमा तपाईं पनि उनकै पक्ष लिनु हुन्छ," अनिता आफ्नो बोलीमा अलि अलि घुर्की दल्दै भन्थी, "म कसै हुँ र ? कस्तो ठस्स परेर बस्छन् । तपाईंले नि त्यसो भनेपछि त अनन्त मसँग बोल्दा पनि बोल्दैनन् ...।"

बिस्तारै आमा पग्लनु हुन्थ्यो । अनिताको लामो कनकनले उहाँलाई झर्को लाउदैनथ्यो । बरु भित्र भित्र उहाँ छोरा प्रतिको गर्वले भरिनु हुन्थ्यो र बसेकै ठाउँबाट ठूलो स्वरमा कराउनु हुन्थ्यो, "सानो, नानी, हेर् अनिता के भन्दैछ ! यसो बोलचाल गर । हिंडडुल गर । अनितालाई पनि पराइ जस्तो गर्न हुन्छ ? "

आमाको निष्कपट मन र बोली देखेर अनन्त दिक्क हुन्थ्यो । अनिताको मनमा के छ भन्ने कुराको सुईंको मात्रै पनि आमाले पाउनु भएको भए अनितालाई घरको पर्खाल काटेर भित्र पस्ने अनुमति पनि मिल्ने थिएन । तर बिचरी आमा ! अनिताको मुख भन्दा परको केही भाखैं बुझ्नु हुन्नथ्यो । त्यसैले अनिता घरमा आउदा आमा फुरुङ्ग पर्नु हुन्थ्यो र आफ्ना छोराछोरीलाई अह्राए जसरी काम अह्राउनु हुन्थ्यो । शनिबार हाट भर्न जाँदा आमा सधैं अनिताको डेरामा निस्कनु हुन्थ्यो । इन्स्पेक्टरनी साहेबसँग एकछिन गन्थन गर्नुहुन्थ्यो र घर फर्किंदा अनितालाई एउटा झोला बोकाएर आउनु हुन्थ्यो । यसरी आमाको सेवा गर्न पाउदा अनिता मक्ख पर्थी ।

तर पनि अनन्त अनितासँग खुल्न सकेन । त्यसैले अनिता पनि एउटा दूरी राखेर अनन्तसँग सम्बन्ध राख्न बाध्य भएकी थिई ।

स्कूल, घर र बाटोघाटोको भेटघाट र कुराकानीमा अनिता र उसको बीचमा कुनै प्रेम भएकै भए पनि त्यो अव्यक्त, शालिन र मित्रवत् थियो । पाँच छ महिनाको अवधि यही नम्रता भित्र बितेको थियो । अनन्तले अनिताको स्नेह जताततै महसुस गर्थ्यो । तर त्यो उत्ताउलो र हतारिएको थिएन । त्यसको गति हुरी जस्तो थिएन । त्यो शान्त प्रकृतिको बतास जस्तै थियो । अनन्तको घरमा आएको बेला आमाको ममताको छहारीमा अनिताको प्रेम अलिक ठट्टेउलो र उत्ताउलो जस्तो देखिए पनि स्कूल र बाटामा त्यो सोच्नै नसकिने ढंगले शालिन, गम्भिर र शान्त हुन्थ्यो ।

अनिता र अनन्तले स्कूलमा सात महिना भन्दा बढी सँगै बिताइसकेका थिए । तर उनीहरुको सम्बन्ध एक हिसाबले स्थिर नै थियो ।

दशैंको विदा हुन दुइ दिन मात्र बाँकि थियो । अनन्त पुस्तकालयमा किताब पढिरहेको थियो । बतास जसरी हुत्तिएर अनिता भित्र पसी र अनन्तलाई 'बाहिर आउ त' भनेर बोलाइ ।

अनन्त यन्त्र जस्तै भयो । उ बसेको ठाउँमा उठ्यो र अनिताको पछि पछि बाहिर निस्कियो । बाहिर पेटीमा निस्किसकेपछि अनिताले उसलाई रोक्दै भनी, "अनन्त, म भोलि बिहानै विराटनगर जान्छु । यो विदाको अवधिमा पढ्न मैले तिमीलाई एउटा किताब ल्याइदिया छु । पढ है ।"

"कहिले फर्किन्छ्यौ ?" अनन्तले छक्क परेर सोध्यो । अनिता किन विराटनगर जान आँटेकी हो भन्ने उसले बुझ्नै सकेन ।

"दशैं सकिनु अघि नै फर्किन्छु ।"

त्यो साँझ घरमा पुगेर मात्रै अनन्तले किताब पल्टायो । स्कूलमा उसलाई किताबको गाता खोलेर किताबको शीर्षक हेर्न पनि आँट आएन । विदा हुने बेलामा अनिताले यो के किताब दिएकी होली भनेर उ अलमल्ल परिरह्यो ।

'देवदास' नाम लेखेको त्यो एउटा उपन्यास थियो । किताब नेपालीमै भए पनि त्यसको लेखकको नाम बंगाली थियो । किताबको लेखकमा शरत्चन्द्र चटर्जीको नाम पढ्नासाथ आफूलाई पढाउने बङ्गाली सरको अनुहार सम्झिएर अनन्त खिसिक्क हाँस्यो र खाटमा पल्टिएर उपन्यासका पानाहरु पल्टाउन थाल्यो ।

उपन्यास पढ्दा पढ्दै अनन्तका आँखाबाट आँशुका ढिक्काहरु खसे । घरि घरि उसको छातिमा हिक्का छुट्थ्यो । पढ्दा पढ्दै उ उपन्यासको पात्रमा परिणत हुन्थ्यो । उसको किशोर मनमा अनिताले रोपेको प्रेमको बिउ देवदास पढ्दा पढ्दै हरिया सुइरा सहित मौलाउन थाल्यो ।

तर दुइ रातको उपन्यास पढाइलाई पन्ध्र रातको दशैंले खाइदियो । नौरथाका रमाइला बिहानहरु राधाकृष्णको मन्दिर परिक्रमा गरेर सरस्वतीको पुजा गरेपछि सिद्धकालीको दर्शन गरेर महादेवको गुफा हेर्दैमा बितिहाले । उसै पनि भोजपुरको दशैं रमाइलो भन्थे मानिसहरु - त्यसमाथि त्यसपटकको दशैं त झनै रमाइलो भैदिए जस्तो लाग्यो अनन्तलाई । सप्तमीदेखि नवमीसम्मका तीन ओटा दिनहरु मार हान्ने रमाइलामै बितेर गए । दशमीको बिहान घरको टिकाटालो सकेपछि दुइ गाँस भात टिपेर अनन्त मामाघर तिर हान्नियो । मावलीबाट फर्किंदा चतुर्दशी भैसकेको थियो । दशैंको यो रमझम भित्र देवदासको दुखान्त, चोट दिनै नसकी हावामा हरायो ।

पूर्णिमाको दिन अनितालाई घरको आँगनमा देखेपछि अनन्तको मन झसङ्ग भयो । उसको कलिलो मन मस्तिष्कमा देवदास, चन्द्रमुखी र पार्वतीको अनुहार नाच्न थाल्यो ।

"ठूलीआमा, मलाई अनन्तले टिका लाइदिनु पर्दैन ?" अनन्तलाई आँगनमा ओर्लिने पर्खालको सिंढीमा पाइलो हालेको देख्ने बित्तिकै उसैलाई सुनाउन अनिताले आमासँग प्रश्न गरी । ठूलीआमा शब्दसँगै उसको ओठबाट निस्किएको मुस्कानलाई अनन्तले बाहिरैबाट देख्यो । त्यो मुस्कान अनन्तलाई देख्न पाउदाको खुशी थियो कि टिका थाप्ने शब्द प्रतिको व्यङ्ग थियो - अनन्तले बुझ्न सकेन ।

"मैले लाइदिएपछि पर्दैन," भित्रैबाट बोलेको आमाको स्वर सुनियो, "फेरि त्यो कतिखेर आउने हो, के ठेगान ?"

"अनन्त आइसके," अनिताले पहिले जसरी नै भनी ।

'अर्काको घरमा टिका थाप्ने चलन किन चल्या होला ?' अनन्तले मनमनै कसैसँग सोध्यो । तर कसैले पनि उसको प्रश्न सुनेन । अनितालाई देखेर उसको मनलाई के भयो ? के त्यो खुशी भयो ? अहँ, होइन । के त्यो रिसायो ? अहँ, त्यो पनि होइन ।

"किताब पढ्यौ ?" आफ्नै अगाडी आइसकेपछि अनिताले सोधी ।

"पढें," सानै स्वरमा अनन्तले जवाफ दियो ।

"कस्तो लाग्यो ?"

अनिताका कान लामो व्याख्या सुन्न लालायित थिए भन्ने कुरा उसका आँखाले जनाइरहेका थिए । तर तिनलाई निराश पार्दै अनन्तले भन्यो, "राम्रो रहेछ ।"

त्यो साँझ फेरि उनीहरुले केही कुरा गरेनन् । भोलिपल्टदेखि त उही स्कूल, उही पढाइ, उही व्यस्तता ... । सबै कुरो उपन्याससँगै बिर्सिएर गयो ।

त्यसपटक अनिता जिल्लामा धेरै बस्न पाइन । उसका बाबुको सरुवा चाँडै हुँदैछ भन्ने खबर अफिसमा आएको हुनाले ठानेदार साहेबले अनितालाई दश कक्षा त्यहाँ पढाउन चाहेनन् । पुष महिनामा नौ कक्षाको रिजल्ट निस्किएपछि उनले छोरीलाई विराटनगर पठाइदिए । विदाइ हुनु अघि एक हप्तासम्म अनिता अनन्तको घरमा लगातार आई । उ त्यसरी आएको थाहा पाएर पनि अनन्त खुल्न सकेन । अन्तिम दिनमा विदा हुने बेलामा अनिताले सबैलाई सुनाउदै भनी, "ठूलीआमा, यसपल्ट त अघाउन्जेल बस्न पनि पाइन । बुवाको सरुवा भए पनि यहीं बसेर पढ्न पाए हुन्थ्यो भन्ने लाग्याथ्यो । त्यसो गर्न मिलेन । चिठी लेख्तै गर्छु । सन्चो बिसन्चोको खबर पाउँ । मधेस तिर झर्दा ठूलीआमा, हाम्रो घर छोडेर अन्त नबसी दिनुहोला ।

अनिताको कुरा सुनेर आमा छक्क पर्नुभयो ।

अनिताले जानेरै त्यो दिन डेरा फर्किन ढिलो गरेकी थिइ । बाक्लो साँझ झरिसक्दा पनि उ आमासँग आँगनमा उभिएर कुरै गर्दै थिइ । त्यसैले आमाले मायालु हातले अनिताको कपाल मुसार्दै विदाइको आशिर्वाद दिइसकेपछि छोराको कोठातिर फर्किएर अह्राउनु भयो, "सानो, जा बाबु, अनिता नानीलाई डेरासम्म छोडेर आइज ...।"

अनिताले चाहे जस्तै भयो । अनिता अघि अघि लागी । अनन्त पछि पछि लाग्यो । बाक्लो साँझले ती किशोर किशोरीलाई नियालेर हेर्‍यो । उनीहरु आकृति जसरी लम्की रहेका थिए । तिनमा बोली थिएन । आवाज पनि थिएन । केवल तिनका खुट्टाहरु घरि घरि आफ्नो अस्तित्व जाहेर गर्न बज्ने गर्थे ।

"म फर्किछु," अनन्तले डेराको ढोकामा आइपुगेपछि भन्यो ।

"माथि जान्नौ" अनिताले पनि धेरै आग्रह गरिन ।

"ढिलो भो, अँध्यारो बढ्छ," अनन्तले ओरिपरि हेर्दै भन्यो ।

"मलाई सम्झिन्छौ ?" धेरै बेरदेखि रोकेर राखेको बाँध अनिताको मुखबाट पोखियो ।

"तिमी चिठी लेख्छ्यौ ?" अनन्तले जवाफै नदीइ सोध्यो ।

अनन्तले सम्झिइरह्यो । तर अनिताले चिठी लेखिन । त्यसैले बजार अड्डामा अनितासँग जम्काभेट हुंदा अनन्त संकोचले रातो भएको थियो ... ।

"अनन्त, ओर्ल । घर आइपुग्यो" कुनै स्वप्निल संसारमा हराइरहेको अनन्त अनिताको स्वर सुनेर झसङ्ग झस्कियो । रिक्सा सडकको एउटा छेउमा अडिएको थियो ।

अनिताले रिक्सावाललाई पैसा दिई । कति दिइ, त्यो त अनन्तले थाहा पाएन । तर उसलाई लाग्यो - शहरमा पैसा सस्तो हुंदो रहेछ । जतिखेर पनि, जेमा पनि मानिसहरु गोजीबाट पैसा निकाल्दा रहेछन् र कसैलाई दिइहाल्दा रहेछन् ।

"आमा," बाटो छेउको एउटा राम्रो घरको आँगनमा पाइलो हालेपछि अनिता कराइ, "हेर त, को आयो ?"

चारैतिर पर्खालले घेरेको घरको रातो बरण्डामा बसेकी आमाले छोरीको स्वरलाई नियालिन् । अनन्तलाई छोरीको छेउमा उभिएको देखेपछि उनी पनि साच्चिकै खुशी भइन् । "अनन्त नानी, कहिले आयौ ? ठूलीबज्यैलाई सन्चै त छ ? आउ बस । पहाडबाट झर्‍या मान्छे । बेस्सरी गर्मी भा' होला ...।"

अनन्तलाई लाग्यो - फेरि पनि उ आफ्नै घरमा पुगेको छ । उसका घरहरु जताततै छन् र ती सबैमा स्नेहको अजश्र श्रोत बगिरहन्छ । अनन्तले कहिल्यै पराइ हुनु पर्दैन ।

अनन्त आफ्नो घरको समाचार सुनाउन थाल्यो । बाको, आमाको, गाउँलेको, बजारको अनि आमैले चिनेका एक एकको । त्यसपछि अनन्तले आफ्नो यात्राको समाचार पनि बेलीबिस्तार लगाएर सुनायो । अनन्त बोलिरहंदा अनिता भित्र पसी । तर उ तुरुन्तै बाहिर आइहाली । एकैछिनमा सिसाको गिलासमा पहेंलो पहेंलो झोल हालेको केही चिज लिएर पच्चिस तीस वर्षकी एउटी दिदी बाहिर आइन् । अरुको लहै लहैमा अनन्तले पनि गिलास समात्यो । गिलास चिसो थियो । अनिताले चिया जसरी सुरुप्प पहेंलो झोल पिएको देखेपछि उसले पनि गिलासलाई ओठमा लगायो । त्यो कस्तो कस्तो अनौठा स्वाद भएको सर्बत जस्तै थियो ।

"तेसो भए तिमीले पनि एस.एल.सी. पास गर्‍यौ । ठूली बजैको पुण्यको कमाइ ... ।" बुढी मान्छेले मनमनै केही भनिन् । शायद ती ठूली बजै प्रतिका श्रद्धाका केही थुङ्गाहरु थिए ।

"आमा, काठमाण्डौ नजाउन्जेल अनन्त यहीं बसुन् हुन्न ?" अनिताको प्रस्ताव सुनेर अनन्त छक्क पर्‍यो ।

'त्यहीं दिदीको घर छ । कसरी हुन्छ यो ?' उसले आफैंसँग सोध्यो । तर त्यसको उत्तर उसको गोजीमा थिएन ।

"हुन्छ किन नहुने ? तँ बरु गएर नानीलाई भन्दे । बाबु एकाध दिन यतै बसुन् ।"

"आज आउछु भन्याछु - जानुपर्छ," अनन्तले अप्ठ्यारो मान्दै भन्यो ।

"हुन्छ नि, अहिले घामको राप घटेपछि सँगै जानु, सँगै फर्किनु । बरगाछी कति हो र ? उ त्यहीं माथि त हो ...।" आमैले निर्देशन नै दिइन् ।

"अनन्त, हिंड भित्र जाउँ," अनिताले आग्रहको स्वरमा भनी ।

"नानीलाई खाजासाजा खुवा । ठूलीबज्यै केटाकेटीलाई कति हत्ते गर्नुहुन्थ्यो ! बिचरा ! त्यस्ती आमाको काखमा हुर्क्या ...।"

अनन्त बरण्डाबाट भित्र पस्यो । दाहिने, देब्रे तिर दुइओटा कोठाहरु पार भए । देब्रे पट्टिको कोठाको ढोका खोलेर अनिता भित्र पसी र अनन्तलाई पनि पस्न सजिलो होस् भनेर उसले ढोकाको पर्दा उचाली ।

अनन्त भित्र पस्यो र कोठाको श्रृंगार देखेर छक्क पर्‍यो । त्यस्तो सजाइएको कोठा उसले पहिले कहिल्यै देखेको थिएन ।

टोलाइरहेको अनन्तको हातैमा समातेर अनिताले भनी, "बसन, किन छक्क परिराऽ !"

"तिमीले चिठी लेखिनौ," बस्ता बस्तै अनन्तले भन्यो । उसको कुरो सुनेर अनिता मुसुक्क हाँसी । त्यतिबेला अनन्तलाई लाग्यो - अनिता अर्कै भैसकिछ ।

"म पास भएँ कि फेल भएँ भनेर तिमीले सोध्दा पनि सोधेनौ ।"

"पास त तिमी त्यसै भैहाल्छ्यौ नि ।"

"लौ, म फेल भएकी रहेछु भने !

"त्यो त हुनै सक्दैन ।"

थाहै नपाई कुराले सरल मोड लियो । गह्रुंगोपन कतै हावामा हरायो । कोठामा बसेर गफ गर्दा गर्दै अनिताले भोलि दिउंसो नयाँ बनेको हिमालय हलमा सिनेमा हेर्न जाने योजनासम्म बनाई ।

त्यो दिन अनन्त अनिताको घरमा बसेन । साँझमा मामाको घरमा जानु पर्ने हुनाले अनन्तले दिदीको घरमा जानै पर्‍यो । अनिता उसलाई घरैमा पुर्‍याएर, दिदीसँग एकछिन भलाकुसारी गरेर भोलिपल्ट सिनेमा हेरेर फर्किएपछि अनन्तलाई आफ्नै घरमा लान मनाई । दिदीले अप्ठ्यारो नमानी हुन्छ भनेपछि उ झण्डै झण्डै नाच्दै बाटो लागी ।

अनन्त त्यतिबेला पनि खुशी हुँ कि दुःखी हुँ भनेर अलमलिइ रह्यो । अनिताको प्रस्ताव दिदी भिनाजुका लागि अत्यन्तै सामान्य थियो । अनिताको आग्रहलाई कसैले पनि केटा र केटी बीचको सम्बन्धका रुपमा लिएकै थिएनन् । अनन्त र अनिताको परिवारको निकटता सबैका मनमा गढेको थियो । सबैले अनिताको त्यो आग्रहलाई त्यही निकटतासँग जोडेर हेरेका थिए । त्यसैले सिनेमा हेर्ने प्रस्ताव सुनेपछि भिनाजुले हाँस्तै भन्नुभएको थियो, "लैजाउ नानी, लैजाउ । हाम्रो सानोलाई पनि अलि अलि शहरिया बनाउ । सन्त ज्ञानेश्वर सिनेमा लागेको भए म पनि जान्थेँ ...।"

उकुसमुकुस लाग्ने गर्मीमा अनन्तले सिनेमाको आनन्द लिनै सकेन । एउटै हलमा त्यति धेरै मान्छे अटाएको उसले कहिल्यै देखेको थिएन । कुनै एउटा घरको त्यति अग्लो र चौडा छानो पनि उसले देखेको थिएन । त्यसैले बाहिरको भन्दा पातलो उज्यालोमा हल भित्र पसेर यताउता हेर्दा अनन्तलाई त्यही नै हो सिनेमा जस्तो लागेको थियो । बिस्तारै भित्तामा मानिसहरु नाच्न थालेपछि र हलको हावा तात्न थालेपछि अनन्तको मनको आनन्द पनि तात्न थालेको थियो । अनन्तलाई घरि घरि त्यो सिनेमा कसले कहाँबाट देखाइरहेछ भन्ने लाग्थ्यो । उहिले आमा सिनेमा हेर्दा त उसले सिनेमाको रिल नै घुमेको देखेको थियो । अहिले न रिल छ, न मान्छे छन् । सबैतिर अन्धकार र अन्धकारलाई थुन्ने भित्तो मात्र छ ! सबै परको भित्तामा मात्र हेरिरहेका छन् । रिल कतै घुमेको नदेखिए पनि सिनेमा घुमिरहेको छ ... ।

दृष्यहरु फेरिंदा अनन्तले अन्सारमा कुराकानी बुझ्दथ्यो । तर पर्दामा पात्रहरुले गफ गरेको भने उसको दिमागमा पस्नै सक्दैनथ्यो । घरि घरि कुनै दृष्यका बारेमा अनिताले केही भन्दा उ बुझे पनि नबुझे पनि अँ भनिदिन्थ्यो । अरु दर्शकहरुले खुशीले ताली पिट्दा अथवा स्नेहले चुकचुकाउदा उ पनि अरु दर्शकहरुसँगै समेटिने कोशिस गर्थ्यो । समय खै कसरी बित्यो ...,

"तिमीलाई साह्रै गर्मी भो ?" घाम पश्चिमको मैदानमा झर्न झर्न आँटेको बेला मानिसहरु सिनेमा हलबाट बाहिर निस्किए । घाम थकाइ मार्ने तयारी गरिरहको भए पनि पृथ्वीमा राम्रै उज्यालो थियो । ढोकाको भीडमा यता र उता पेलिंदै बाहिर निस्कनु पर्दा अनन्तको शरीर पसिनाले लुछुप्पै भएको थियो । त्यसैले उ भीड छोडेर यसो पर्खालको आडतिर लाग्यो । अनिता उसको छेवैमा थिइ । पर्खालको आडमा उभिएर आफ्नो छातिलाई रुमालले हम्किने कोशिस गरिरहेको अनन्तलाई हेर्दै अनिताले माथिको प्रश्न सोधेकी थिइ ।

आफ्नो हम्काइ छोडेर अनन्तले अनितालाई हेऱ्यो । उसको कस्सिएको कुर्ता पनि पसिनाले छपक्कै भिजेको थियो । अनिताको लुगाको गति देखेर उ खिसिक्क हाँस्यो । उसको हाँसोलाई बेवास्ता गर्दै अनिताले भनी, "हिंड जौं, सोडा सोडा खाएर अब घर जानु पर्छ ।"

बाहिरको एउटा सानो पसलमा अनिताले सोडा मागी । पसलेले दुइटा गिलास निकाल्यो । त्यसमा आधा टुक्रो कागती निचोर्‍यो । अलिकति नुनको धुलो हाल्यो । पसलेले एउटा मैलो र सेतो हो कि अथवा हरियो जस्तो देखिने पानीको बोतल निकाल्यो । बोतलको मुखमा उसले काठको फेसो ठोक्यो र माथिबाट हातले प्वाक्क हिर्कायो । बिर्को उछिट्टिए जस्तो आवाजसँगै अलिकति धुवां बाहिर निस्कियो । पसलेले बोतललाई गिलासतिर घोप्ट्यायो । सोडा भनिने पानीलाई त्यति धेरै स्याहारेको देख्ता अनन्त छक्क पऱ्यो ।

सोडाको स्वाद अनौठोको थियो । त्यो अमिलो थिएन, पिरो पनि थिएन । तर स्वादिलो थियो । त्यो स्वाद पानीको जस्तो पनि थिएन । नत त्यसको स्वाद मोइको जस्तो थियो न अघिल्ला दिन खाएको शर्बत जस्तो नै थियो ।

हिजो अस्ती जस्तै रिक्सा टिपेर कुद्न पाइएला भन्ने आशामा बसेको अनन्तलाई अनिताले अप्ठ्यारोमा पारिदिइ । "एकछिन बजार जाउँ है ?" उसले अनन्तसँग सोधेजस्तो गरी तर अनन्तको जवाफ समेत नपर्खी पाइला चाल्न थाली । अनन्त सँगसँगै अघि बढ्यो । अनिता पालैपालो तीन चार ओटा पसलमा पसी । उसले के किनी, अनन्तलाई थाहा भएन । उसले चासो पनि राखेन । बाहिरको गर्मीले उसलाई झन नराम्ररी रन्थन्याउन थालेको थियो । उ पसल भित्र छिर्न समेत गाह्रो मानिरहेको थियो ।

"अब जौं," छेउको एउटा रिक्सालाई रोक्दै अनिताले भनी । उनीहरु दुबै जना रिक्सामा चढे । रिक्सा मधुरो स्वर निकालेर कुइकिन थाल्यो । बल्ल अनन्तको शरीरले हावाको अनुभूती पायो ।

त्यो साँझ पनि रिक्सामा बसुन्जेल दुबै जना केही बोलेनन् । घरमा आमासँग एकछिन कुराकानी भएपछि अनन्तलाई पट्टाइ लाग्न थाल्यो । बिजुली बत्तिको चहकिलो उज्यालोमा घर नाच्न थालेपछि अनिताले उसलाई हिजोकै राम्रो कोठामा लगी । सफा ओछ्यानलाई उसले एकपटक फेरि टक्टक्याई र अनन्तको हातमा एउटा लुङ्गी थम्याउदै भनी, "लौ तिमी लुगा फेर, म एकैछिनमा आउछु । उ त्यहाँ कुर्ता छ ।"

अघि पसल पसल चाहारेर किनेको लुगा अहिले अनन्तको हातमा थियो । उसले कुर्ता र लुङ्गी फेर्‍यो । बाहिर नलमा गएर हातखुट्टा र मुख धोयो । एकछिन बाहिरको बरण्डामा उभिएर हावाको चिसो खाना खोज्यो । तर हावा चिसिन मानिरहेको थिएन । उ भित्र कोठामा पस्यो । कोठा भित्र पनि उज्यालो गर्मी थियो ।

उसको पछि पछि अनिता कोठामा पसी । उसले छेवैको भित्तामा भएको गोलो स्वीचलाई परक्क बटारी । माथि छतमा झुण्ड्याइएको पङ्खा फनननन्न घुम्न थाल्यो । चिसो त नभनौं, तातो हुन नसकेको हावाको झोंक्काले अनन्तलाई हिर्काउन थाल्यो । अनन्तको मनमा झलक्क एउटा वाक्य देखापर्‍यो - "यस्तै एउटा आफ्नो घर हुन पाए ...।"

साँझ झाङ्गिदै जाँदा ती दुइ जना किशोर किशोरीको मन पनि गह्रुंगो हुंदै थियो । अनिताले प्रेम र आधुनिकताको बारेमा जति जानेकी थिइ, जति पढेकी थिइ, जति बुझेकी थिइ अनन्तले त्यसको एउटा छेउ पनि खुट्याउन सकेको थिएन । त्यसैले कोठा भित्रको वातावरण पनि त्यस्तै थियो । अनिता फुक्का थिइ - अनन्त संकोचका लुगाहरुको भारी भित्र छोपिएको थियो ।

"तिमी के विषय पढ्छौ ?" पहिलो शब्द अनिताले नै कोट्याई ।

"बा आमा डाक्टरी पढ् भन्नु हुन्छ । मलाई भने भूगोल नै पढ्ने मन छ ।"

"तिम्रो मनबाट हर्क गुरुङ्गको छाप मरेको छैन होगी ?" अनिता मुसुक्क हाँसी । अनन्तलाई उसको मुस्कान अत्यन्तै मायालु लाग्यो । उसका आँखाहरु अनिताका अलि अलि भुक्किएका गालामा टाँसिएका थिए - तर उसको मन चार पाँच वर्ष अघिको, स्कूल मैदानमा मालाहरु भित्र छोपिएर भाषण गरिरहेको पुड्को पुड्को मान्छेको शरीर केलाउन पुगेको थियो । त्यो मान्छेको परिचय गराउँदै स्कूलका प्रधानअध्यापकले भनेका थिए, "उहाँ भूगोलको विद्वान हुनुहुन्छ । उहाँ नेपाल भ्रमण गर्दै हुनुहुन्छ । उहाँको नाम हर्क गुरुङ्ग हो ... ।"

त्यतिबेला स्कूलका धेरै विद्यार्थीलाई विद्वान हुन भूगोल पढ्नु पर्दोरहेछ, भूगोल पढेपछि मालाहरुमा सजिएर नेपाल भ्रमण गर्न पाइदो रहेछ भन्ने छाप परेको थियो । कक्षाको अगुवा विद्यार्थी भएको हुनाले अनन्त र अनिताले त्यो छाप एक अर्कालाई सुनाएका थिए । अहिले अनिताले पाँच वर्ष अघिको त्यही संझना कोट्याएकी थिइ ।,

"त्यति मात्र होइन, मलाई भूगोल मन पर्छ । कमर्स पढ्दा भूगोल पढ्न पाइन्छ भन्ने सुन्या छु । हो रहेछ भने कमर्स पढ्छु । नभए अन्त खोजेर भए पनि भूगोल नै पढ्छु ।

"आमाको मन दुख्दैन ?"

"आमालाई सम्झाउछु । अब घर फर्किने दुइ वर्ष पछि मात्र हो ।"

"त्यसोभए म पनि साइन्स (विज्ञान) पढ्दिन" अनिताले अनन्तको अनुहारलाई नियालेर हेरेपछि भनी, "म आइ. ए. नै पढ्छु । म एक्लैले साइन्स पढेर के हुन्छ र ?"

अनन्तले अनिताको सबै भनाइ बुझ्न सकेन । त्यसैबेला भात खाने निम्तो आएको हुनाले उनीहरुको कुराकानी अड्कियो ।

इन्सपेक्टरको परिवार सानो थियो । आफू जागिरमा हिंडेपछि घरमा बुढी माउ, एउटी छोरी र दुइ जना काम गर्ने मानिस मात्र बाँकि रहन्थे । इन्सपेक्टर साहेबका छोरा थिएनन् । छोरी पनि अरु थिएनन् । त्यसैले भान्साघरमा तीन जनाले टाक्राक टुक्रुक बसेर खानपिन गरे । भात खाइसकेपछि आमाले भनिन्, "आठ बजी सक्यो । एकछिनमा कुरा सकेर तिमारु पनि सुत्नु ।"

आमा आफ्नो कोठातिर लागिन् । काम गर्ने बुढाबुढीहरु भान्साको थान्कोमुन्कोमा लागे । अनन्त र अनिता फेरि कोठातिर लागे । यसपालि अनिताले बिस्तारै ढोका ढप्काई । अनन्त पहिले जसरी नै एउटा कुर्चीमा बस्यो । अनिताले कोठाको बीचमा उभिएर उसलाई हेरी । अनन्तका आँखा पनि उसको उभिएको शरीरलाई हेर्दै उसको अनुहारसम्म पुगे । अनिताको अनुहार अर्कै भए जस्तो लाग्यो अनन्तलाई । त्यो धपक्क बलेको थियो र ढिस्काने मैदानमा धपक्क बलेको बत्ती जस्ता उसका आँखाहरु उज्यालो भएर छुनुमुनु गर्दै नाचिरहेका थिए । कसैले ताने जसरी अनिता उसको छेउमा आई । उसले अनन्तको काँधमा आफ्ना नरम औंलाहरु टेकाइ । अनन्त थाहै नपाई बिस्तारै उठ्यो । अनन्तले झलक्क अघि हेरेको सिनेमा सम्झियो । दुइ जनाको शरीर नागबेलीको लहरो जसरी बटारियो । अनिताले आफ्ना ताता ओठले अनन्तको गालामा मिठो म्वाई खाई ... ।

बिजुलीको झट्का लागे जसरी अनन्त झस्कियो । उसैले आफ्ना हातहरु फुकायो । 'यो त पाप हो' उसको मनले भन्यो ।

अनिता मुसुक्क हाँसी । उसको अनुहारले ठूलो लडाइ जिते जस्तो भाव देखायो । उसले उस्तै मायालु पाराले अनन्तलाई खाटमा राख्तै भनी, "अब कसैले पनि तिमीमा आँखा गाड्न पाउँदैन । जल्ले तिमीलाई ताक्छ त्यसको आँखा फुट्छ ।"

त्यो रात, दश बजेसम्म ब्युंझै रह्यो । आमा, खलबलिनै नसक्ने निद्रामा डुबिसकेकी थिइन् । काम गर्ने जोडी पनि तोकिएको ठाउँमा मस्त निद्रामा हराएको थियो । तर घरको एउटा कोठामा खाटमा पल्टिएको अनन्त र खाटकै

छेउमा कुर्ची तानेर बसेकी अनिताको आँखामा अलिकति पनि निद्रा थिएन । उनीहरुका मायाले भरिएका आँखाहरु तिर्खै नमेटिने गरी एक अर्कालाई हेर्थे । घरी घरी मायाको अँगालोमा बाँधिन्थे र बिस्तारै अलग हुन्थे ।

"अब तिमी सुत," अनिताले उसको सिरान मिलाइदिंदै सानो स्वरमा भनी । उ फेरि अलिकति निहुरिइ । उसका मायालु औंलाहरुले अनन्तका परेला छोए । अनन्त थाहै नपाई निदायो ।

टाङ टाङ टुङ टुङ ... ... ।

अनिताको न्यानो ओठको स्पर्शमा रमाइरहेको अनन्त एक्कासी झस्कियो । घण्टाघर मुनिको बरण्डामा बसेको ठ्याक्कै एक घण्टा भएछ । एक घण्टाको मानसिक यात्राले भोजुरदेखि विराटनगरसम्मको बाटो काटेछ ।

अनन्त भूगोलको कक्षा तिर लाग्यो ।

उडान

"आज तिमेरको पढाइ हुंदैन । सर आउनु भएकै छैन," अनन्त ढोकाको कुनाबाट भित्र पस्ने तरखर गरिरहेको बेला नरेन्द्रले भन्यो । नरेन्द्रको विषय के हो भन्ने अनन्तलाई थाहा थिएन, किनभने उ जहाँ पनि भेटिन्थ्यो ।

अनन्त छक्क पर्‍यो । कलेज भनेको साच्चिकै विचित्रको ठाउँ हुँदो रहेछ । छिन छिनमा पढाइ नहुने, क्लास रोकिने, के के हुने हुने ! भूगोलको एक घण्टापछि अझै एउटा क्लास बाँकि थियो नेपालीको । त्यसैले अनन्त आफ्नो कल्पनामा रमाउन मिल्ने घण्टाघर मुनिको पेटीमा गएर थ्याच्च बस्यो ।

बाटामा पातला कारहरु कुदिरहेका थिए । अनन्तले हेर्दा हेर्दै ती कारहरु रिक्सामा रुपान्तरित भए र बिस्तारै तिनीहरु बरगाछीबाट उकालो लागे ।

काठमाण्डौमा दाइलाई खबर भैसकेको थियो र उसले भाइलाई लिन आफू हवाइ फिल्डमै आउने आकाशवाणी पनि पठाइसकेको थियो । दिउसो दुइ बजे अनन्तले दिदीको हातबाट टिको थाप्यो । भिनाजु हतार गर्दै हुनुहुन्थ्यो । दिदीले एउटा नरिवलको टुक्रो अनन्तको मुखमा हालिदिंदै भन्नुभयो, "भोलि नै भिनाजुका नाममा एउटा चिठी पठाउनु । मन लगाएर पढ्नु । बाउबाजेको नाक राख्नु । बाटामा जथाभावी नहिंड्नु । कुसँगतमा नलाग्नु ...।"

"लौ भयो, तेरो भाइ सात समुद्र नाघेर जादै छैन । एक घण्टा पछि दाजुकै काखमा पुग्छ । अब छोडिदे," भिनाजुले झन हतारिंदै भन्नुभयो ।

बाहिर आँगनमा रिक्सा तयार थियो । भिनाजु र अनन्त रिक्सामा चढे । अनन्तले आफ्नो सानो झोलालाई काखमा राख्यो ।

" ... सप्पै सम्झ्या छौ होइन," भिनाजुले अनन्तलाई सम्झाउदै भन्नुभयो, "दाइ केही गरी हवाइ फिल्डमा आएका रहेनछन् भने पनि नआत्तिनु । परदेशमा आत्तिएपछि सबैथोक बिग्रन्छ । आफ्नो सुट्केश टिपेर हवाइफिल्डको घर बाहिर निस्कनु । बाहिरको आँगनमा बाघको टाउकोका चित्र बनाएका ट्याक्सीहरु थुप्रै भेटिन्छन् । त्यसैमा चढेर मारवाडी सेवा समितिमा जानु । मारवाडी सेवा समितिले एक रात बसेको पाँच रुपियाँ लिन्छ । आज त्यहीं बस्नु । भोलि अफिस खुलेपछि त्यहींको मान्छेलाई दाइको अफिसमा फोन गर्न लाउनु । मैले अफिसको ठेगाना र फोन नम्बर सुटकेशको गोजीमा राखिदिएको छु । त्यसपछि दाइ त्यहीँ आउछ । पर्खेर बस्नु । नआत्तिनु । नडराउनु ।"

रिक्सा बरगाछीबाट उत्तर लाग्यो । देब्रेतिर (अ) (अ) लेखेको अच्युत राइस मिलको पर्खाललाई बिस्तारै पछिल्तिर ठेल्दै रिक्सा झनै उत्तरतिर गुड्यो । अलिकति उत्तरबाट रिक्सा पश्चिम तिर मोडियो । अनन्तको आँखा अगाडी एउटा फराकिलो घाँसे मैदान देखा पर्‍यो ।

हवाइफिल्ड भनिने घरमा राम्रै भिड थियो । अनन्तले भिनाजुको आडमा उभिएर हेर्‍यो - उसलाई विदा गर्न त्यहाँ मामा आउनु भएको थियो र मामाको छेउमा अनिता पनि उभिएकी थिइ । अनन्तको मनमा खुशी उम्रियो ।

भिनाजु र मामा कुनै काममा लाग्नुभयो । घरको भुईंमा अनिता र अनन्त छेउ छेउमा उभिए ।

"भोलि, पर्सी नै मलाई चिठी लेख्छौ नि !" अनिताले सोधी ।

"लेख्छु ।"

"मलाई कुनै कुरा ढाँट्दैनौ नि ।"

"अहँ ।"

"हिउंदको छुट्टीमा आउछौ नि ।"

"आउछु ।"

अनिताले जे जे भनी त्यसलाई किन अनन्तले सजिलै मानिरहेको हो आफैंले बुझ्न सकेन । हुनत गएका तीन दिनमा अनिता र उसको सम्बन्धमा चिताइनसक्नुको परिवर्तन आएको थियो । तर पनि अनिताले जे जे भन्छे त्यही त्यही उल्ले मान्नुपर्छ भन्ने केही थिएन ।

"अब जानेबेला भयो," मामा र भिनाजु नजिकै आउनु भयो । "यो टिकट राख । तिम्रो सुटकेशको जिम्मा हवाइ कम्पनीका मान्छेले लिएका छन् । काठमाण्डुमा उत्रिएपछि यो टिकट देखाउनु र आफ्नो सुट्केश माग्नु । एकछिन अलमल हुन्छ । दाइ आए भने सबै काम उनले गर्छन् । आएनन् भने नआत्तिइ आफैं कुरा गर्नु । अब आफैं सबैथोक गर्न सिक्नु पर्छ । तिम्रो उमेरमा म एक्लै दिल्ली पुग्या थिएँ ।" छातिभरिको हिम्मत दिइसकेपछि भिनाजुले भन्नुभयो, "नडराइकन हवाइजहाजमा बस्नु । पेटी कस्नु । नआत्तिनु ...।" भिनाजुले अघि भनेको कुरा फेरि एकपल्ट दोहोर्‍याउनु भयो ।

मामा, भिनाजु र अनिता, अरु यात्रुका आफन्तजनहरुसँगै विदाइका हातहरु हल्लाउन थाले । अनन्तले पनि मैदानमा उभिएर अरुहरुले जसरी नै हात हल्लाएर सबैलाई बिदा गर्‍यो । उसका पाइलाहरुले हवाइजहाजको भर्‍याङ्गलाई छोए । भुईं छोडेर आकाशमा उड्ने र एक घण्टापछि तीन चार जना आफन्तलाई एकैचोटी भेट्न पाउने रोमाञ्चले उसको शरीरलाई तातो बनायो । जहाज भित्र छिरेपछि तीन चार पाइला चालेर उ देब्रे पट्टिको एउटा सिटमा बस्यो । त्यसभन्दा अघि आफूले छुन समेत नपाएको नरम गद्दादार कुर्चीमा बस्न पाउदा उसको मन फुरुङ्ग भयो ।

जहाज भित्र धेरै मानिसहरु बसिसकेका थिए । अनन्त पहिले भन्दा अलिक सजिलो गरी बस्यो । हिजो मात्रै मामाले किनिदिनु भएको नयाँ छालाको जुत्ताले उसको खुट्टा कटकट खाइरहेको थियो । जुत्ताको पिरोलोले होला, उसलाई आफ्नो शरीर नै बेढङ्गको जस्तो लाग्न थाल्यो ।

“बेल्ट बाँध्नुस्” अनुहारमा राम्रो नक्कल पारेकी एउटी केटीले मुसुक्क हाँसेर उसलाई अह्राई । बेल्ट भनेको पेटी हो भन्ने त अनन्तलाई थाहा थियो - तर जहाजमा त्यो पेटी कहाँनेर छ भन्ने उसलाई थाहा थिएन । भिनाजुले पनि दुइ पटकसम्म पेटी बाँध्नु भनेर सिकाएको सम्झना उसँग बाँकि थियो । तर त्यो पेटी कहाँ हुन्छ ? भिनाजुले पनि भन्नु भएन । त्यसैले अनन्तले छक्क परेर अनुहार राम्री पारेकी त्यो केटीलाई हेर्‍यो । उसका निर्दोष आँखाले सोधे, “खै मेरो पेटी ?”

टाउकाको कपाल हेर्दै गाउँले जस्तो लाग्ने अनन्तको प्रश्न बुझी त्यो राम्री केटीले । उसैले सिटको दाहिने देब्रेतिरबाट पेटी खोजेर किटिक्क पारी । अनन्तलाई पेटी बाँधे जस्तो लागेन । तर राम्री केटी मुसुमुसु हाँस्तै अगाडी बढी ।

हवाइजहाज गुडेजस्तो लाग्यो अनन्तलाई । त्यो किन नउडेको होला भनेर उ छक्क पर्‍यो । जहाज पूर्वतिर लाग्यो । ‘काठमाण्डौ त पश्चिममा पो पर्छ,’ अनन्त छक्क पर्‍यो ।

उसले छेउछाउमा बसेका मानिसहरुलाई हेर्‍यो । कोही पनि उ जसरी छक्क परेका थिएनन् । उ झन छक्क पर्‍यो ।

जहाज घचक्क गरेजस्तो लाग्यो । अनन्तले छेउको झ्यालबाट धर्तीको अनुहार हेर्न खोज्यो । अरे, हवाइजहाज त एक्कैचोटी भुईं छोडेर माथि पो आइसकेछ !

माथि आकास छ भन्ने अनन्तलाई थाहा थियो । तर तल के छ ? उसको मुटु थरररर कामे जस्तो भयो । डरका सिरेटाहरुले उसको गाला चिसा बनाए । मिठो नलाग्ने घटघट आवाज निकालेर हवाइजहाज पश्चिमतिर जाँदै रहेछ भन्ने उसलाई थाहा भयो । घामले फ्यालेका किरणहरुले उसलाई दिशाज्ञान दिए ।

अनन्तको टाउको हवाइजहाजको झ्यालमा जोतियो । एउटा ठूलो नदी आयो । कुन नदी हो ? खै कसलाई सोध्नु ? नचिनेका मानिसहरुको भीडमा एक्लो हुनु जस्तो नमिठो केही हुँदो रहेनछ !

“उ सप्तकोशी,” कसैको रौसिलो स्वर सुनियो । अनन्त छक्क पर्‍यो - कसरी हुन्छ त्यति सानो सप्तकोशी ? पहाडबाट मधेसमा आएपछि कि खोलो सानो हुन्छ ?

अहँ यसको उत्तर दिने पनि त्यहाँ कोही थिएनन् ।

एउटा बाक्लो जङ्गल आयो । जङ्गलमा के छ ? बाघभालु छन् ? कि जङ्गलको छेउछाउमा आफ्नो पोखरे जस्तै मायालु गाउँहरु छन् । पट्टैर जङ्गल जस्तो लाग्यो अनन्तलाई । न छेउ छ नपुछार ! कति फैलिएको होला ?

जङ्गलभित्रै धोती सुकाए जस्तो नदी देखापर्‍यो । त्यो पिखुवा त पक्कै होइन, त्यसो भए त्यो के हो ? अनन्तलाई छेउको मान्छेसँग सोध्न मन लाग्यो । तर उ आँखा चिम्लिएर सुतिरहेको थियो । उ किन सुतेको होला ? डरले हो ?

सप्तकोशीको कुनै सहायक नदी होला, अनन्तलाई आफ्नो भूगोल ज्ञानको सम्झना भयो । उसले फेरि एकपल्ट हर्क गुरुङ्गलाई सम्झियो । त्यही मान्छेले भाषण गर्नाले न हो भूगोल तिर उसको मन तानिएको ।

कहाँ होलान हर्क गुरुङ्ग ? उ बेलाको जस्तै रमाइला होलान् कि कसैलाई नचिन्ने भएका होलान् ? ठूलो भएपछि मान्छेले मान्छेलाई चिन्दैन भनेर आफ्नो हेडसरले दिएको अर्ति उसको माथिङ्गलमा टपक्क आएर बस्यो । बिदाइको बेलामा हेडसरले, बाहिर पढ्न जाने बिद्यार्थीहरुलाई भन्नुभएको थियो, “म तिमीहरुको उज्ज्वल भविष्यको कामना गर्दछु । यो स्कूललाई नबिर्सनु । तिमीहरुसँग पढ्न जान नसकेका विद्यार्थी साथीहरुलाई नबिर्सनु । ठूलो भएपछि मान्छेले मान्छेलाई चिन्दैन । त्यो आफ्ना चाकर, आसेपासे र बेसार दल्नेहरुलाई मात्र चिन्ने हुन्छ । तिमीहरु कोही पनि त्यस्तो नहुनु । सानो नभई ठूलो हुँदैन, त्यसैले सानोलाई नचिन्ने साँच्चो अर्थमा ठूलो पनि हुँदैन ... ।”

हेडसर, उनीहरुका लागि देवता हुनुहुन्थ्यो । एम. ए. पास गरेर पनि हेडसर कलेजको खोजीमा धरान, विराटनगर अथवा काठमाण्डौ जानु भएको थिएन । उहाँका लागि आफ्नो भोजपुर नै सर्वस्व थियो । उहाँको त्यागलाई

नौ, दश कक्षाका विद्यार्थीहरुले महसुस गर्थे । त्यसैले विद्यार्थीहरुको तर्फबाट प्रत्युत्तर दिने क्रममा अनन्तले भनेको थियो, “हामी हेड्सरको यो पछिल्लो शिक्षालाई पनि कक्षा शिक्षाकै रुपमा ग्रहण गर्नेछौं । हामी सधैं सानै रहनेछौं । कोही साथीहरु डाक्टर हुनुहोला, कोही इन्जिनियर, कोही सेक्सन अफिसर त कोही अञ्चलाधिस नै हुनुहोला - तर हामी सबै हेडसरको शिक्षामै आफ्नो जीवन बिताउने छौं । हामी जहाँ भए पनि यो जन्मथलो, यो विद्यालय र हामीलाई यहाँसम्म ल्याएर जीवन संघर्षमा विजयी हुन सिकाउने हाम्रा आदरणीय गुरुहरुलाई सम्मानका साथ स्मरण गर्न छोड्ने छैनौं ।”

“अनन्त, मेरो प्यारो केटा, तिमीले मलाई जीवनभरिका लागि बाँध्यौ । आफ्नो बनायौ । तिमी र तिम्रा यी सबै साथीहरुको भविष्य उज्यालो होस्,” उसको भनाइ सकिनासाथ हेडसरले उसलाई आफ्नो अँगालोमा बाँध्नुभएको थियो । सरको अँगालोमा बाधिन पाउदा उ दङ्ग परेको थियो ।

बादलले जहाजको बाटो छेकेजस्तो लाग्यो अनन्तलाई । उसको दाहिनेतिर परैसम्म बादलका चाक्ला चपटीहरु थिए । अघिल्तिरको आकाश पनि अघिको जस्तो छ्याङ्ग थिएन । जहाज भित्र पनि पातलो अन्धकार पसेजस्तो लाग्यो उसलाई । मान्छेहरु डराएका छन् ? उसले आँखाले भ्याउने जतिको अनुहार नियाल्यो । कसैको अनुहारमा डर पोतिएको थिएन । मानिसहरु हाँस्तै चकलेट चुसिरहेका थिए । विराटनगरबाट उड्दा नउड्दै राम्री केटीले उनीहरुलाई चकलेट दिएकी थिइ । सानो मान्छे देखेर होला चकलेट बाँडिसकेर फर्किदा पनि उसले एक मुठी चकलेट अनन्तको गोजीमा हालिदिएकी थिइ ।

हवाइजहाज ह्वात्त खसेजस्तो भयो । अनन्तले आफ्नो सिटको बाँह च्याप्प समात्यो । उसँगै बसेको मान्छे चलमलायो । तर उ डराएको देखिएन । शायद उसले अनन्तको अनुहारको डर पढ्यो । उसले आफ्नो जीउलाई अनन्ततिर फर्काएर सोध्यो, “काँ' हो बाबु तिम्रो घर ?”

“भोजपुर ।”

“काठमाण्डौ किन जान लाग्या ?”

“पढ्न ।”

“को छ काठमाण्डौमा ?”

अनन्तलाई लाग्यो, कोही आफ्ना नहुनेहरु काठमाण्डौमा पढ्न जाँदैनन् । त्यसैले उसले प्रश्नकर्ताको विश्वासलाई दह्रिलो बनाउने गरी भन्यो, “दाइ ।”

“दाइको नाम के हो ?”

उसले फुर्तिलो पाराले दाइको नाम भन्यो । उसको मनले भन्यो, यो मान्छेले पक्कै पनि दाइलाई चिनेको हुनुपर्छ । दाइलाई चिन्ने मान्छे भेटिए न मारवाडी सेवा समिति जानुपर्थ्यो, न रातभरि एक्लै बस्नुपर्थ्यो ।

नभन्दै त्यो मान्छेले चिनेको रहेछ । “ए हाम्रो सुरेन्द्र !” उसले मायालु स्वरमा भन्यो । “त्यसोभए तिमी सुरेन्द्रको भाइ । पढ्न हिँड्या । के पढ्छौ ?”

उसले आफूले भूगोल पढ्न चाहेको कुरो सकारण बताइदियो । छेउको मान्छेले उसको कुममा धाप मार्‍यो ।

“लौ खा, काठमाण्डौमा त पानी परेको रहेछ,” जहाज भित्र कोही करायो ।

“उ पर देख्यौ, स्वयम्भू हो त्यो” सँगैको मान्छेले भन्यो । अनन्तलाई त्यो मान्छे आफ्नै दाजुजस्तो लाग्यो ।

एकपल्ट उपत्यकाको फन्को मारेर हवाइजहाज थकाइ मार्न भुईंमा ओर्लिएको बाज जसरी हवाइ मैदानमा बस्यो । जहाज रोकिएपछि मान्छेहरु पेटी फुकाल्दै सिटबाट उठ्न थाले । सहयात्रीले अनन्तको पेटी फुकालिदियो र उसलाई हातमा समातेर उठायो । उनीहरु सँगसँगै जहाजबाट बाहिर निस्किए ।

पानी मरिसकेको थिएन । नजानिदो पाराको सिमसिमेपन थियो हावामा । बाहिर ह्वास्स केही गनाए जस्तो लाग्यो अनन्तलाई । तर विराटनगरको गर्मीबाट वाक्क भएको उसको मन काठमाण्डौको चिसो हावामा फुरुङ्ग भयो ।

भुईं भिजाएर छिपछिप पारेको पीचमा हिंड्दै उनीहरु नजिकैको एउटा घरमा छिरे ।

“एइ, सुरेन्द्र, हेर त को आएको छ ?” छक्क परेर आफैंलाई हेरिरहेको दाजुतिर नियाल्दै सँगै आएको दाइ मान्छेले भन्यो ।

“तिम्ले कहाँ भेट्यौ ? भिनाजुले त साथी कोही छैनन्, एयरपोर्टमै लिन आउनु पो भन्नु भएको थियो,” दाईको स्वर अलिअलि छक्क परेको थियो ।

“भिनाजुसँग भेट भएन मेरो पनि, यसैले जहाजमा आफूलाई चिनायो । केटो बहादुर छ । यति कलिलैमा एक्लै काठमाण्डौ आउनु चानचुने कुरा होइन नि ... ।”

दुइटा साथीहरु कुराकानीमा रमाए । तर दाइले उसको कुम छोडेन । किन नहिँड्या होलान् ? उसको मनले प्रश्न गर्‍यो । तर उत्तर दिने त्यहाँ कोही थिएन ।

"हामी जाने होइन ?" उसैले मुख फोर्‍यो । उसको स्वर सुनेर दुबै जना हाँसे । "जाने, हाम्रो सामान आउछ अनि जाने । मलाइ चिन्यौ तिमीले ?"

"अहँ," उसले नढाँटी भन्यो । सोध्ने मान्छे हाँस्यो । "प्रष्टवक्ता हुने रहेछ यो," उसले हाँस्दै भन्यो, "म पनि तिम्रो दाइ हुँ । हामीले गाउँ छोडदा तिमी टुकुटुकु हिँड्थ्यौ ।"

"तपाईंको नाम के हो ?" हेडसरको शिक्षा सम्झिदै उसले सोध्यो । विदा हुने बेलाको अर्ति उपदेशमा सरले भन्नुभएको थियो, "काठमाण्डौ, विराटनगर जानेहरुले बजारमा धक नमान्नु, जो कोहीसँग कुरा हुँदा पनि यहाँको नाम के होला भनेर सोध्ने गर्नु । अंग्रेजीमा सोध्नु पर्‍यो भने ह्वाट इज योर नेम नभन्नु । त्यसलाई राम्रो मानिदैन । मे आइ नो योर नेम, प्लिज भनेर सोध्नु ।"

"सुरेन्द्र, तिम्रो भाइ खरो छ । डराउदैन जस्तो छ कसैसँग । बच्चु, मेरो नाम रञ्जन हो । तिमी जस्तै मेरो एउटा भाइ छ प्रचण्ड । तिमी हाम्रो डेरामा आउनु । तिमीहरु सँगै पढौला जस्तो छ । उ पनि भूगोल पढ्छु भन्छ । यो भूगोल किन यति प्रिय भएको होला अहिलेका केटाकेटीका लागि !" रञ्जन एकछिन रोकियो । त्यसैबेला एउटा टिनको गुडाउने गाडामा राखेर उनीहरुको सामान ल्याउदै गरेको मान्छेतिर हेर्दै उसले थप्यो, "घर जाँदा विराटनगरमा हाम्रै घरमा बस्ने गर्नु । सधैं तिमीहरु हवाइजहाजको यात्रा गर्न सक्दैनौ । रेलबाट हिंड्नु पर्छ । आउदा जाँदा प्रचण्डसँगै हिंड्ने गर्नु । सजिलो हुन्छ ।"

"रञ्जन, जाने होइन ?" हातमा सुटकेश उचालिरहेको सुरेन्द्रले सोध्यो । रञ्जन आफ्नो सुटकेश लिन दौडियो । एकैछिनमा उनीहरु हवाइघरबाट बाहिर निस्किए ।

घर बाहिर बाघ टाउके त होइन, बाघको टाउकाको चित्र बनाएका ससाना गाडीहरु थकाइ मारेर बसिरहेका थिए । दाइहरुको पछिपछि अनन्त पनि एउटा "बाघटाउके" गाडीमा छिर्‍यो ।

गफाडी थियो रञ्जन । गाडी गुड्न भ्याउदा नभ्याउदै उसले कुरा निकाली हाल्यो ।

"आजभोलिका केटाकेटीलाई फाइदा भा'छ । उहिले हामी आउदाको हाल सम्झिन्छौ सुरेन्द्र ? तेल निक्ल्याथ्यो होइन ! न चिनेको मान्छे छ, न जानेको ठाउँ छ । आजभोलि हेर त, महिना दिन अघि प्रचण्ड आयो । रञ्जनाले खुरुखुरु घरैमा ल्याइदिई । अहिले अनन्त आयो । जहाजमै मसँग भेट भयो । यिनले हण्डर खाएनन् भने त्यति राम्रो हुंदैन । सिक्नुपर्छ यिनले जीवनसँग संघर्ष गर्न ।"

"तिम्रो अमेरिका जाने कोशिस के हुदैछ ?" उसको छेउमा बसेको सुरेन्द्रले सोध्यो ।

"म अमेरिका त जान्छु नै । तर अहिले होइन । अझै आठ दश महिना लाग्छ ।"

अनन्तले ठूला मान्छेको कुरा बुझेन । उसले चासो पनि राखेन । फराकिलो सडकमा गुडिरहेको ट्याक्सीबाट उ बाहिरतिर हेर्न थाल्यो ।

"उ पशुपतिनाथ," रञ्जनले दाहिनेतिर औंलो तेर्स्याउदै भन्यो, "ए दाइ, एकछिन रोक, रोक । हाम्रो कान्छोलाई पशुपतिनाथको दर्शन गराऔं । उ त्यो पहेंलो छाना र सुनको गजुर भएको मन्दिर पशुपतिनाथको हो । भोलिपर्सी दर्शन गर्न आउनु । लौ जाउँ ।" रञ्जनले रोक् भन्दा रोकिदिने, हिंड् भन्दा हिंडिदिने ट्याक्सीको ताल देखेर अनन्त छक्क पर्‍यो ।

मन्दिरको दर्शन सकिएपछि एउटा सानो बजार आयो । "यो बानेश्वर हो, अब हामी धोबीखोलो तर्छौं, त्यसपछि मैतिदेवी आउछ । म त्यहीं ओर्लिन्छु । तिमीहरु सिधै रत्नपार्क जान्छौ ?" रञ्जनले सुरेन्द्रसँग सोध्यो ।

"होइन, एकचोटी यसलाई पारिजात दिदीसँग भेट गराइहालौं ।"

मैतिदेवी आएछ । रञ्जनले ट्याक्सी रोक्यो । उसले आफ्नो सामान झिकेपछि ट्याक्सी अगाडी बढ्यो । सानो उकालो काटेपछि बाक्लो बजार आएजस्तो लाग्यो रञ्जनलाई । बाटो फेरि ओरालो झर्‍यो । त्यसैबेला सुरेन्द्रले भन्यो, "दाइ, पुतली सडकतिर मोड्नुस् है गाडी ।"

कता हो रत्नपार्क, कता हो पुतलीसडक, अनन्तलाई केही थाहा थिएन । ओरालो सकिएपछि गाडी देब्रेतिर मोडियो ।

एउटा सेतो घरको अघिल्तिर ट्याक्सी रोकियो । सुरेन्द्रले ड्राइभरलाई पैसा दियो । उनीहरु दुबै एउटा सानो गल्लीमा पसे । घरभित्र छिर्ने पनि सानै ढोका थियो । ढोका भित्र फेरि अर्को ढोका थियो । सुरेन्द्रले घरक्क ढोका उघार्‍यो ।

"सानो सुरेन्द्र हो ?" ओछ्यानमा बसेकी एउटी दुब्ली महिलाले भनिन् । "डुप्लिकेट रहेछ," उनले नियालेर हेरेपछि भनिन् ।

"पारिजात दिदी, नमस्ते गर," दाजुले सिकाएपछि अनन्त छक्क पऱ्यो । दुइ वर्ष अघि उसले पारिजातको फोटो देखेको थियो चैनपुरको केदार राईको कोठामा ।

'त्यहाँ त पारिजातको अनुहार असाध्यै सुन्दर थियो । अहिले त कस्तो बुढी भैसकिछन् !' अनन्तको मनमा सहानुभूति पलायो ।

उसले पारिजातलाई श्रद्धापूर्वक नमस्ते गऱ्यो । त्यसपछि पारिजातले कोठामा बसेका मान्छेतिर फर्किंदै भनिन्, "सानो सुरेन्द्र, सबैलाई आफ्नो परिचय देउ ।"

"उहाँहरु को हो ?" अनन्तले दाइतिर फर्किएर सोध्यो । पारिजात र त्यो कोठामा बसेका सबै हलल्ल हाँसे ।

"परको कुर्चीमा बस्ने दाइ भूपी शेरचन । उहाँ नेपालको ठूलो कवि हो । उहाँको छेउमा बस्नुभएको शंकर दाइ हो - शंकर लामिछाने । उहाँका सुन्दर कथाहरु पढेपछि तिमीले पनि कथा लेख्न सिक्नेछौ । त्यसयताको केकेमनुक्च्यो पोखरेल, बालकृष्ण दाइ । उहाँको घर विराटनगर हो । उहाँ पनि कथाकार हो ।"

"मेरो नाम अनन्त रिजाल हो । यहाँहरु सबैलाई म एकैसाथ नमस्कार गर्दछु । म यहाँ भूगोल पढ्न आएको हुँ । मैले धरान टेकेपछि गाडी देखें । बिराटनगरमा आएपछि मैले हवाइजहाज देखें । हाम्रो बजारबाट त मोटर देख्न मात्रै पनि तीन दिन हिंड्नु पर्छ ।"

सबै थपडी बजाएर हाँसे । अनन्त छक्क पऱ्यो ।

'कस्ता होलान् यी मान्छे । हाँस्छन् पो ।' अनन्तको मनले हाँसो रुचाएन ।

"सुरेन्द्र, तिम्रो भाइ, कथा, कविता होइन, उपन्यास लेखक होला जस्तो छ । नमस्कारबाट हिंडेको बच्चा भूगोलमा आएर रोकियो ।" शंकर लामिछानेको बोली थियो यो ।

"रामरी पढ्नु, कवि नहुनु ।" भूपीको मधुरो स्वर आयो ।

"यो भूपी केटाकेटीसँगै जिस्कन थाल्यो" बालकृष्ण पोखरेलको हँस्यौली थियो त्यो ।

अनन्तले सुनेका नामहरु थिए ती । उसलाई लाग्यो उ पत्तै नपाइ महान मान्छेहरुको काखमा बस्न आइपुगेको छ ।

"सानो सुरेन्द्र, भूपिको जस्तो कविता लेख्नु, तर भूपिको जस्तो रक्सी नखानु । मिहिनेत गरेर पढ्नु, भूगोलको विद्वान हुनु, तर साहित्य कोर्न नबिर्सनु । साहित्यकारले नै भूगोललाई मर्यादा दिन्छ ... ।"

ठूला मानिसहरुको कुरा सुन्दै अनन्तले ओरिपरिका भित्ताहरु नियाल्यो । पश्चिमपट्टीको भित्तामा टाउकामा कालो टोपी लाएको, फौजी लुगामा सजिएको, तिखा आँखा भएको तस्वीरले उसलाई आफैंतिर तानेजस्तो भयो । उसले पारिजाततिर फर्किएर सोध्यो, "दिदी, यो कसको फोटो हो ?"

"एई सुरेन्द्र, तिम्रो भाइ तिमी जस्तो हुँदैन है । यसलाई त देख्न नभ्याउदै चेग्वेभाराको फोटोले तान्यो ।"

त्यो फोटोमा टाँसिएको मान्छेको नाउँ चेग्वेभारा रहेछ । 'को होला पारिजात दिदीको कोठामा टाँसिन आउने चेग्वेभारा भन्ने मान्छे ?' अनन्तले आफैँसँग सोध्यो । तर उसँग कुनै उत्तर थिएन ।

"भाइ, यिनी राजनीति गर्दा गर्दै मृत्यु वरण गरेका चेग्वेभारा हुन् । तिमी राजनीतिमा नरम्नु । दुःख धेरै हुन्छ । धेरै दुःख खेप्न सक्नेहरु नै राजनीतिमा टिक्न सक्छन् । दुःख र सुखमा भेद नदेख्नेहरु नै राजनीतिमा टिक्न सक्छन् । राजनीति भन्दा त कविता कता हो कता माथि हो," यसपाली भूपि शेरचनको स्वर गम्भिर थियो ।

"तिम्रा लागि धेरै सजिलो पनि हो," वालकृष्ण पोखरेलले हाँस्तै भूपि शेरचनलाई जिस्क्याएको अनन्तले पनि बुझ्यो ।

अनन्तलाई लाग्यो - भूपि सेरचनको मन दुखेको छ । कविताका कारण त्यो दुखेको छ कि राजनीतिका कारण दुखेको छ ? काठमाण्डौमा पाइलो हाल्ने बित्तिकै राजनीति र कविताको उत्तर खोज्ने काममा अनन्तले हात हाल्यो ।

अनन्त मनसँगै हरायो । ठूला मानिसहरुको मनबाट उ पनि हरायो । अनन्त भन्ने एउटा सानो केटो त्यतै कतै छ भन्ने थाहै नपाए जसरी उनीहरु गफ गर्न थाले ।

अनन्त र उसका साथीहरुले हाइस्कूलमा छँदा पढाइलाई यसरी बुझेका थिए - डाक्टर हुन एस.एल.सी. मा बाइलोजी लिनुपर्छ । इन्जिनियर हुन अप्सनल म्याथ लिनुपर्छ र जागीर खान मन हुनेले ऐन श्रेस्ता पढ्नुपर्छ । नौ कक्षामा विषय छुट्टिने हुनाले भर्ना गर्ने सरहरुले विद्यार्थीहरुलाई शुरुमै यस्तो ज्ञान दिने गरेका थिए । अनन्तले पनि यही बुझेको थियो र डाक्टर बन्ने घरको सपना साकार पार्न बाइलोजी पढ्न भनेर उ काठमाण्डौ हिंडेको थियो । यद्यपि अनन्तको आफ्नो इच्छा बाइलोजी थिएन । उ भूगोल पढ्न चाहन्थ्यो ।

तर भूगोल पढ्न के पढ्नु पर्छ ? अनन्तलाई थाहा थिएन । स्कूलमा सामाजिक शिक्षामा इतिहास भूगोल सबै विषयहरु मिसिएका हुन्थे र भूगोल पढ्ने विशिष्टता स्कूलमा तोकिएको हुँदैनथ्यो । तर एकदिन कसैले उसलाई भन्यो, “भूगोल पढ्न कमर्स पढ्नु पर्छ ।” कसले भन्यो यस्तो कुरो त्यो त अनन्तले थाहा पाउन सकेन, तर उसको मनमा भूगोल कमर्सकै साथी हो भन्ने ज्ञान जमोठ भैहाल्यो ।

काठमाण्डौमा सबैजना विज्ञानको खोजीमा थिए । तर उसले अप्ठ्यारो नमानी भन्यो, “म विज्ञान पढ्न सक्दिन । गाह्रो लाग्छ मलाई । म भूगोल पढ्छु । त्यसैले मलाई कमर्समा हालिदिनुस् ।”

हाँस्यो रञ्जन, अनन्तलाई चोट नलाग्ने खालको मायालु हाँसो । “कल्ले भन्यो तिमीलाई कमर्समा भूगोल पढाइन्छ भनेर ?” उसले सोध्यो ।

“मैले त्यही सुन्या हो ।”

“त्यस्तो होइन । कमर्स भनेको वाणिज्य शास्त्र हो । भूगोलको पढाई आर्टस् मै हुन्छ ।” रञ्जनले सुरेन्द्रतिर फर्किएर भन्यो, “यसलाई पनि त्रिचन्द्रमै हालिदिउँ । केटाहरु सँगै पढ्छन् । एउटा राजनीति शास्त्र पढ्छ, अर्को भूगोल पढ्छ ।”

“राजनीतिको अखाडा बन्या छ त्रिचन्द्र कलेज,” सुरेन्द्र अन्कनायो, “प्रचण्ड राजनीतिमै हुर्क्या मान्छे, उसका लागि त सहज होला राजनीति । यो त चिल्लै छ । ढङ्ग नपुगेर पढाइ बिगार्ला जस्तो लाग्छ ।”

“आ, केही हुँदैन,” रञ्जनले जोड दियो, “भूगोलको राम्रो पढाइ हुन्छ त्यहाँ । केही क्लास बुढाथोकी सरले पनि लिनुहुन्छ क्या र ।”

तर त्रिचन्द्रमै हालिनु पनि त्यति सजिलो रहेनछ । किताब, कापी, लुगालत्ताको जोरजाम भैसकेपछि मात्र सुरेन्द्रले त्रिचन्द्र कलेजमा लिएर गयो अनन्तलाई ।

अनन्तले त्रिचन्द्र कलेज देखिसकेको थियो । उहिले त्यतिबेलाका प्रधानमन्त्री चन्द्र शमशेरले कलेजको शिलान्यास गरेपछि रुँदै आफ्ना भाइबन्धुलाई भनेका थिए रे - “आज मैले आफ्नै खुट्टामा बन्चरो हानेर आएँ । कलेजको स्थापनाले हाम्रो भलो गर्दैन केटा हो ।”

यो कथा प्रचण्डले उसलाई सुनाएको थियो । अनन्तलाई ख्यालख्यालमै थाहा भैसकेको थियो - प्रचण्डलाई राजनीतिका कुराकानी मन पर्छन् । उसलाई पनि राजनीति मन नपर्ने त होइन, तर राजनीतिमा लाग्दा भूगोल खुस्किन्छ कि भनेर उ राजनीतिसँग अलिअलि तर्किएरै हिंड्थ्यो ।

प्रचण्ड सँगै थियो, त्यसैले अनन्तलाई अप्ठ्यारो लागेको थिएन । प्रचण्ड पन्ध्र दिन अघि नै भर्ना भैसकेको थियो । अनन्तलाई भर्ना गर्न भोजपुर जिल्लामा एसएलसीको केन्द्राध्यक्ष भएर जानुभएका त्रिचन्द्र कलेजमा नेपाली पढाउने सहृदयी गुरुको सहयोग लिनुपरेको थियो ।

पढ्न थालेपछि मात्रै रमाइलो लाग्नथाल्यो काठमाण्डौ । घुम्न पनि थाल्यो काठमाण्डौको चार चौदिशातिर उ । सबैले पशुपतिनाथको कुरा गर्थे । अनन्त पशुपतिको ढोकासम्म पुग्यो । जुत्ता लाएर मन्दिरमा पस्न पाइदो रहेनछ । “चोरी हुँदैन,” प्रचण्डले सम्झायो पनि । तर जीवनमा पहिलोचोटी लाउन पाएको नयाँ छालाको जुत्ता चोरी होला भन्ने डरले उ पशुपतिनाथको मन्दिर भित्र छिरेन । ‘पशुपतिको दर्शन नगरे केही बिग्रदैन, तर जुत्ता चोरी भयो भने त फेरि अर्को यस्तो जुत्ता लाउन पाइदैन,’ अनन्तको मनले भन्यो, ‘आखिर धर्म त आमाले गरिदिनै भएको छ मेरा लागि । सानिमा बदरीनाथमै बस्नुहुन्छ । त्यो धर्मको हिस्सा पनि मेरै नाउँमा खस्छ ।’ अनन्तले आफ्नो जुत्ता जोगाउन चारचौदिशा मन डुलायो ।

स्वयम्भु जाँदा बुझेरै कपडाको जुत्ता लाएको थियो अनन्तले । तर त्यहाँ जुत्ताको बन्देज रहेनछ । एकचोटी चैत्यको परिक्रमा गरेर पूर्वतिरको आँगनबाट काठमाण्डौलाई नियालेपछि अनन्त ओरालो झर्‍यो । गुहेश्वरी जाँदा पनि कपडाकै जुत्ता लाएर उ बाहिरको ढोकाबाट भित्र छिरेको थियो । त्यहाँ पनि जुत्ता प्रतिबन्धित भए जस्तो लागेन उसलाई ।

अनन्तको अबोध मनले सोध्यो, “किन पशुपतिनाथमा मात्र जुत्ता बर्जित भएको होला !”

पन्ध्र दिनमा सबै देवस्थल चाहार्ने योजना बनाएको थियो प्रचण्डले र त्यसैभित्र रुमल्लिएको थियो अनन्त । प्रचण्डले जति घुमायो, देवीदेउताहरु त्यति नै होलान् भन्ने लागेको थियो अनन्तलाई । उनीहरु त्यसबीचमा बुढानिलकण्ठको विष्णु भगवानको सुतेको मुर्ति हेर्न पुगेका थिए, दक्षिणकाली पनि पुगेका थिए । तर प्रचण्डले उसलाई शहर घुमाएन । त्यसैले काठमाण्डौ आएको तीन महिनासम्म पनि अनन्तले, काठमाण्डौ शहर नै मन्दिर र देवीदेउताहरुको बस्ती हो भन्ने थाहा पाएन ।

असार महिना लाग्दा अनन्त आफ्नो पढाइप्रति व्यवस्थित भैसकेको थियो । त्रिचन्द्र कलेज मुल सडकको दुइतिर बाँडिएको थियो । सबभन्दा पश्चिमको पहेंलो भवनमा विज्ञान पढाइ हुन्छ भन्थे विद्यार्थीहरु । अनन्तको त्यता जाने काम पर्दैनथ्यो । उसको सबै पढाई बाटो पूर्वको पुरानो भवनमै हुन्थ्यो । फिस तिर्ने प्रशासनिक कामलाई बिर्सिदिने हो भने बाटो पश्चिमका भवनहरुसँग उसको कुनै सरोकार नै हुँदैनथ्यो । त्यसैले खालि हुने बित्तिकै उ कित घण्टाघर मुनिको छतमा रमीता हेरेर बस्थ्यो कि विद्यार्थीहरुले टेबलटेनिस खेल्ने गरेको कोठामा बसेर पुराना किताबहरु पढ्थ्यो । त्यो ठाउँमा पहिले शायद कुनै पुस्तकालय थियो होला । त्यसैले ठाउँ ठाउँमा पुराना पुस्तकहरु अलपत्र छरिएका भेटिन्थे ।

तर प्रचण्ड त्यस्तो थिएन । उ कहिले विज्ञान भवनमा कसैसँग गफ जोतिरहेको हुन्थ्यो भने कहिले नयाँ बनेको भवनको कोठा चाहारिरहेको हुन्थ्यो । "फुर्तिलो हुनुपर्छ, मान्छेसँग घुलमिल गर्नुपर्छ, लाटो भन्छन्, पर्वते भनेर हियाउछन् केटाकेटीले तिमीलाई," प्रचण्ड उचाल्थ्यो घरि घरि । तर त्यसले अनन्तको मन फर्काउन सक्दैनथ्यो । "हेपे हेपुन्, मैले काठमाण्डौमा जिन्दगी बिताउनु छैन क्या रे," कहिलेकाहीं अनन्त जवाफ फर्काउथ्यो । तर प्रचण्डको पछि पछि लाग्न उ सक्दै सक्दैनथ्यो ।

"यो सरको अनुहार ख्याल गऱ्याछौ तिम्ले ?" अंग्रेजीको पढाइ भैरहेको बेला प्रचण्डले कुहिनो घुमाउदै अनन्तसँग सोध्यो । अनन्त पनि झसङ्ग भयो ? देखिरहेको अनुहार त हो । तर को हो ?

"देखे देखे जस्तो त लाग्छ तर यही हो भन्ने थाहा भएन," अनन्तले सहज स्वरमा उत्तर दियो ।

"धत्तेरिका, कस्तो ख्याल नगरेको ? यो सर र राजा त्रिभुवनको अनुहार उस्तै छैन ?"

'हो, त' अनन्तको मनले पनि भन्यो । तर उ बोल्न सकेन । राजाको बारेमा यस्तो कुरो कसरी गर्न सक्या होला प्रचण्डले !

"डराएर कोही बाँच्न सक्दैन," प्रचण्डले उसको मनको कुरो बुझे जसरी भन्यो, "डरले मान्छेलाई कायर बनाउछ । जिन्दगी भनेको के हो र ? आखिर एकदिन मर्नैपर्छ । जहिले भए पनि मर्ने नै हो भने मृत्युसँग किन डराउने ?"

अनन्त खिसिक्क हाँस्यो । प्रचण्ड अनन्त भन्दा एक वर्ष जेठो थियो । त्यसैले दुइटै केटाका दाजुहरुले प्रचण्डलाई अनन्तको संरक्षक बनाएका थिए । सँगै पढ्ने भए पनि अनन्तले यसलाई अन्यथा ठानेको थिएन । प्रचण्ड टाठो थियो, कुरो छिट्टै बुझ्थ्यो, संकोच मान्दैनथ्यो ।

"पछि ठूलो हुन्छ यो मान्छे," प्रचण्डलाई कलेजको आँगनमा देख्नासाथ अनन्तको मनले भन्थ्यो ।

प्रचण्ड कलेजमा सबैबाट चिनिने भैसकेको थियो दुइ महिनामै । तर अनन्तलाई आफ्नो विषयका साथीहरुले मात्र चिन्थे । साह्रै पढैया पनि थिएन उ । तर एकान्तप्रेमी थियो र मान्छेसँग घुलमिल गर्न अप्ठ्यारो मान्थ्यो । प्रचण्डले घिसार्दै कलेजको चियाघरमा लैजान्थ्यो । अप्ठ्यारै मानेर जान्थ्यो । साथीहरुसँग चिनजान गराउँथ्यो । तर त्यसलाई निरन्तरता दिन अनन्तलाई मन पर्दैनथ्यो । त्यसैले अनन्तका लागि त्यो साथी हप्तै दिनमा बिरानो भैहाल्थ्यो ।

"एई अनन्त, उहाँलाई चिन्छौ ?" एउटा मोटोघाटो मान्छेको अघिल्तिर उभ्याएर प्रचण्डले सोध्यो । अनन्तले चिनेको थिएन । त्यसैले उसले सहज स्वरमा जवाफ फर्कायो, "अहँ ।"

"उहाँ मार्सल जुलुम शाक्य हो के," मान्छेको नाम सुनेर अनन्त छक्क पऱ्यो । यस्तो विचित्रको नाउँ पनि हुन्छ कतै ? उसको मनले सोध्यो । तर प्रचण्डलाई अनन्तको मनको सरोकार भएन । उ भन्दै थियो, "उहाँ कांग्रेस हो । हाम्रो गाउँको माल्दाइहरु जस्तो । जेल जाने र त्यहाँबाट छुटेर आउने भन्ने त उहाँका लागि हामी कलेज आउने जाने जस्तै हो ।"

अनन्तले विद्यार्थी भन्नै नसुहाउने पाको मान्छेलाई नमस्कार गऱ्यो । उसले खिसिक्क हाँसेर नमस्ते फर्कायो ।

"आउ अब, म तिमीलाई कम्निस्ट नेता पनि चिनाउछु," प्रचण्डले उसको हात समातेर घिसाऱ्यो ।

अनन्तले कृष्णकुमार राई नाउँ गरेको कम्निस्ट नेतालाई पनि भेट्यो । उ पनि उत्तिकै नरम र लयालु देखियो । उसले भन्यो, “प्रचण्ड, अनन्त भोजपुरबाट आएका रहेछन् । यिनलाई सगरमाथा स्वतन्त्र विद्यार्थी युनियनका साथीहरुसँग चिनजान गराइदिनु । अनन्त, भोजपुरमा टक्सारको हर्कबहादुरलाई चिन्या छौ ? थैले खत्रीको नाम सुन्या थियौ ? उनीहरु जस्तै हुनुपर्छ । हर्कबहादुर भोजपुर जिल्लाको पुरानो कम्निस्ट हो ।”

अनन्त राजनीतिमा होमिएन । प्रचण्ड दिक्दार भयो । अनन्तले थाहा पाउन थालेको थियो - प्रचण्ड कम्निस्ट पार्टीलाई मन पराउने मान्छे हो । त्यसैले उ कम्निस्ट पृष्टभूमि भएकाहरुसँग लामो कुरा गराउँछ, तर कांग्रेस पृष्ठभूमि भएकाहरुसँग परिचय मात्रै गराउँछ ।

विदाको दिन थियो त्यो । प्रचण्ड बिहानै कोठामा आइपुग्यो । चिया भरखरै खाएका थिए उनीहरुले ।

“एकजना विद्वानसँग परिचय गर्न चाहन्छौ ?” प्रचण्डले दोहोर्‍याएर बनाएको चियाको गिलास समात्दै सोध्यो ।

“भूगोलको हो ?” अनन्तले आफ्नै बाटो खोज्यो ।

“दार्शनिक हो उहाँ,” प्रचण्ड पहिले कहिल्यै भन्दा गम्भिर भयो । “नेपालमा दर्शन शास्त्रमा एम.ए. पास गर्ने थोरै मान्छे मध्यको हो उहाँ । तिमीले उहाँलाई चिन्नुपर्छ । स्वाभिमानको प्रतिमुर्ति, हामी जस्ता युवाहरुका प्रेरणाको श्रोत हो उहाँ । उहाँले मान्छेलाई कम्निस्ट होउ भन्नुहुन्न, तर उहाँलाई भेटेपछि जोकोही पनि कम्निस्ट भैहाल्छ । उहाँले तिमीलाई मन नपर्ने एउटा पनि कुरा गर्नुहुन्न । तिमीलाई कविहरु मन पर्छन् । ठूलो कवि हो उहाँ, समालोचक हो । उहाँका कुराले संसार पर्गेल्छ ।” प्रचण्डले फकाउने पाराले भन्यो, “एकपल्ट हिंड, चिनजान गरौं, तिमीलाई मन परेन भने छिट्टै कुरा गरेर फर्किए भैहाल्छ ।”

उसै पनि प्रचण्डले राखेको कुनै पनि प्रस्ताव उसले खारिज गर्ने गरेको थिएन । त्यसमाथि दर्शनशास्त्रको विद्वान भनेको सुन्ने बित्तिकै अनन्तको मन पग्लिसकेको थियो । त्यसैले उसले लुगा लाउने तरखर गर्दै भन्यो, “को हो उहाँ, कुन कलेजमा पढाउनु हुन्छ ?”

“गोविन्द भट्ट हो उहाँको नाम । कुनै कलेजमा पनि पढाउनु हुन्न उहाँ ।”

“किन ?” अनन्तले छक्क परेर सोध्यो ।

शायद प्रचण्डसँग पक्को उत्तर थिएन । त्यसैले उसले भाका मिलाउन खोज्दै भन्यो, “ठूलो विद्वान हुनुहुन्छ । अहिलेको शासन व्यवस्था मन पराउनु हुन्न । उहाँको स्वाभिमानका कारण नै उहाँले यो सरकारको जागीर खानु भएको छैन ।”

प्रचण्डले गोविन्द भट्टलाई राम्रोसँग चिनेको रहेनछ भन्ने थाहा भयो अनन्तलाई । तर एकजना विद्वानसँग भेट्न पाउदा आफूले पनि ज्ञानप्राप्तीको सिंढीमा केही खुट्किला उक्लिन पाउने र प्रचण्डको पनि मन रहने हुनाले उसले प्रचण्डको प्रस्तावलाई स्वीकार गर्‍यो ।

पुतली सडकको पूर्वतिरको डाँडोमा एउटा पुरानो घरमा डेरा गरेर बस्नुहुन्थ्यो गोविन्द भट्ट । प्रचण्डको एकाध पटक आवाजाई भैसकेको रहेछ । त्यसैले उसले अनन्तलाई न्यासनल नाइट कलेज अगाडीको गल्लीबाट भित्र पसायो । पहाडको गाउँले बाटो जस्तै थियो त्यो । उनीहरु थोरै उकालो उक्लिए । डाँडामा पुगेपछि यसो देब्रेतिर मोडिएको प्रचण्डले खुसुक्क भन्यो, “उ यही घरमा बस्नुहुन्छ भट्ट सर । आफूलाई लागेको कुरो संकोच नमानी सोध । उहाँले उत्तर दिन नसक्ने कुनै प्रश्न छैनन् राजनीतिका ।”

अनन्तलाई राजनीति सोध्नु थिएन । तर गोविन्द भट्टको भद्रताले उसलाई कम्निस्ट हुनुपर्ने परिवन्दमा पनि नपारी छोडेन । एक घण्टामा धेरै प्रश्नहरु प्रचण्डले नै गर्‍यो । कवि कलाकारका बारेमा अनन्तले एकाध प्रश्न सोध्यो । कुराकानी भैरहेको बेला खेल्दै आएकी एउटी सानी बच्चीलाई देखाउदै प्रचण्डले भन्यो, “सोभियत संघले चन्द्रमामा लुनाखोद भन्ने रकेट बसाएको खुशियालीमा सरले यिनको नामै लुना राख्नुभएको छ । सरकी छोरी हुन् यिनी ।” प्रचण्डले अनन्तलाई यति सम्झाइसकेपछि गोविन्द भट्टतिर फर्किदै सोध्यो, “सर, अब त चन्द्रमा देवता हो भन्ने अन्धविश्वास हट्ने भयो नि होइन ?”

“जनताको मनमा जरो गाडेर बसेको विश्वास यति सजिलै हट्दैन । समय लाग्छ पुरानो विश्वास भत्किन । मान्छेले तत्काल प्रतिफलको कुरो मात्र सोच्नु हुँदैन । नयाँ पुस्ताले विज्ञानलाई सहजै स्वीकार्न सक्छ, तर हाम्रो पुरानो पुस्तालाई विज्ञान माथि सम्पूर्णरुपले विश्वास गर्न समय लाग्छ । यस्तो हुनुलाई हामीले अप्ठ्यारो कुरो भन्नु हुँदैन ।”

प्रचण्डले कुरोलाई राजनीतिमै केन्द्रीत गर्न चाहृयो, तर गोविन्द भट्टले माक्सिम गोर्की र लुसुनका किताबहरु पढ्न अनन्तलाई प्रेरित गर्नुभयो । अनन्तले बुझ्यो - मान्छेको मन जित्ने तरीका रहेछ यो । राजनीतिका प्रसङ्गहरुमा अनन्तको रुची नरहेको देख्ने बित्तिकै उहाँले नयाँ रुचीको विषयमा हात हालिहाल्नु भयो ।

"कहिलेकाहीं मैत्रीसंघको कार्यालयमा आउनु । किताब पढ्नु । राम्रा राम्रा किताबहरु पाइन्छन् । माक्सिम गोर्कीका किताबहरु पढ्न र बुझ्न सजिला छन् । हामी लुसुनका किताब अनुवाद गरेर छाप्छौं ।" गोविन्द भट्टले विदा हुने बेलामा सम्झाउनु भयो ।

"मान्छेको मन छाम्न कति सिपालु मान्छे ?" फर्किंदा अनन्तले नै कुरो कोट्यायो, "प्रचण्ड, तिमी आफ्नो कुरो मनाउन जिद्दी गर्छौ, तर भट्ट सरलाई हेर त, अर्काको मन छामेर मनै अनुसारको कुरो गर्न कस्तो सिपालु ! तिमी किन त्यस्तो गर्दैनौ ?"

"अनन्त, आजदेखि हामी दुबै जना त्यसैगरी एक अर्काको मनलाई चिनेर कुरा गर्न थालौं है !" प्रचण्डले सजिलै अनन्तको कुरा मान्यो ।

बर्खा लाग्यो काठमाण्डौमा । अनन्तको मन पनि रसिलो भयो । मसिन जस्तो थियो जीवन । बिहान चार बजे नै पानी आउथ्यो धारामा । त्यो पानी एघार बजेसम्म धाराबाट तुरतुर झरिरहन्थ्यो । अनन्त पाँचै बजे उठ्न थाल्यो । गाउँमा जस्तो पानीको पउल थिएन, डेरामा बस्ने तीन परिवारहरु सकेसम्म चाँडो पानी भर्न चाहन्थे । त्यसैले ओछ्यान छोड्ने कुरामै घरभित्र प्रतिस्पर्द्धा चल्थ्यो ।

पानीको धारो घरको करेसामा थियो र सँगै थियो पाइखाना । धारो र पाइखाना सँगै हुने कुरो अनन्तका लागि केही हप्ता संकोचको कुरो भयो । धारामा केटीहरु मुख धोइरहेको बेला जत्तिकै अप्ठ्यारो परे पनि उ पाइखाना भित्र छिर्न सक्दैनथ्यो । मन, शरीर, लुगा सबैतिर लाजका किटाणुहरु सलबलाउथे । आफूले थाहा पाएदेखि पाइखाना र धारोलाई उसले एकै ठाउँमा भेटेको थिएन । गाउँमा बाँसझाङ भित्र हुन्थ्यो पाइखाना । धारो हुन्थ्यो अन्यत्र कतै । बिराटनगरको पाइखाना भनेको काठेघर थियो र त्यो घरको पछिल्तिर अलिक परै हुन्थ्यो भने धारो घरको आँगनमा हुन्थ्यो । तर काठमाण्डु ! काठमाण्डुले त पाइखाना र धारो एकै ठाउँमा राखिदिएर उसलाई धर्मसङ्कटमै पारेको थियो ।

दिनैपिच्छे नुहाउने कुरो अनन्तले सोचेको पनि थिएन । बिराटनगर भए कुरो अर्कै हुन्थ्यो, तर काठमाण्डौ त चिसो थियो । त्यसैले हप्तामा एकपल्ट नुहाउने चलन देख्यो डेरावालहरुको । प्रायः सबैजसो शनिबार नुहाइधुहाइ गर्थे । भिडबाट उम्किन अनन्तले शुक्रबार बिहानै नुहाउने नियम बनायो ।

हातमुख धोएपछि उ नै चिया बनाउथ्यो । हप्तामा दुइ चोटी तरकारी किन्न जानुपर्थ्यो । महिनाभरिका लागि चामल असनको पसलबाट ल्याउनु पर्थ्यो । त्यसैले हाँसो गर्दा प्रचण्ड र अनन्तहरु 'असनको खेत' भन्ने शब्दावली प्रयोग गर्थे । भात पकाउने बेलामा अनन्तको पढ्ने पालो पर्थ्यो । एकाध घण्टा पढ्थ्यो उ । कलेज दशै बजे आरम्भ हुन्थ्यो र त्यो तीन बजेसम्म चल्थ्यो । त्यसैले साढे नौ बजे उ कलेजतिर लाग्थ्यो । दिन थानकोटतिर ओरालो लाग्न थालेपछि अनन्त कोठामा फर्किन्थ्यो । कहिले चिउरा, कहिले पाउरोटी, कहिले बिहानको भात खाएर उ घरभित्र साँझ पसोस् भनेर कोठाको दैलो खोलिदिन्थ्यो ।

बिहान कतिखेर भएको थियो भनेर हिसाब गर्न नपाउदै रात कोठाको खाटमा आएर लम्पसार पर्दिन्थ्यो । रातको अँगालोमा बेरिएर अनन्त भुसुक्क निदाउथ्यो, बिहान पाँच बजे बिउँझिनका लागि ।

मन

अनितालाई लेख्ने आफ्ना चिठीहरुमा प्रेम हाल्न जान्दैनथ्यो अनन्त, तर अनिताका चिठीहरु प्रेममय रसमा छपक्क भिजेका हुन्थे ।

“कस्तो निरस चिठी” एउटा चिठीमा लेखी पनि अनिताले, “हामीले यो पढ्यौं, आज सरले यस्तो भन्नुभयो, प्रचण्डले विद्यार्थी युनियनको चुनाव जित्यो, प्रचण्डले मलाई विद्यार्थीको कार्यक्रममा लग्यो ... । यस्तो पनि चिठी हुन्छ कतै ! लाटा, तिम्रो क्लासमा केटीहरु छैनन् ? तिमी तिनलाई हेर्दैनौ ? तिनीहरुसँग तिमीलाई कुरा गर्न मन लाग्दैन ? तिनले तिमीलाई आँखा सन्काउँदैनन् ? तिम्रो मनमा कविता नाच्दैन ? के तिमीलाई कसैको मायाले सुमसुम्याउदैन ?”

पानी परेको थिएन र आकाश खुला थियो । पूर्णिमाको जुन बिचित्रको चहकिलो थियो । जुनकै उज्यालोमा बसेर पढ्न सकिने जस्तो । तर घरपटी बाबैले घरको छतमा जाने ढोकाको आडैमा बिजुली बालिदिएका थिए । उनी आफैं पनि पानी नपरेको साँझ त्यो बत्तीको उज्यालोमा बसेर पत्रिकाहरु पढ्ने गर्थे ।

घरको छतमा जान बन्देज थिएन । पूर्णिमाको चन्द्रमा हेर्न अनन्त पनि छतमा उक्लियो । पूर्वी आकासको उकालोमा टहटह जुन लागेको थियो । गोलो र उज्यालो चन्द्रमामा दागहरु छरिएका छन् भन्ने पनि अनन्तले थाहा पाएन । धेरैबेर उसले चन्द्रमालाई नियालेर हेर्‍यो । शुक्रबारको साँझ थियो त्यो । शनिबार पढाइको चाप थिएन । घुम्न जाने कार्यक्रम पनि थिएन । अनन्त दौडिएर तल आफ्नो कोठामा झर्‍यो र फनक्कै फर्किएर साहु बा भन्दा अलिक पर बत्ति र चन्द्रमाको मिश्रित उज्यालोमा मुढा तानेर बस्यो ।

“जुन, दाग रहित भएर,
शहरलाई उज्यालो पारिरहेछ,
मेरो मन,
प्रियतमाको सम्झनामा ब्यथित छ
के उनी पनि यसैगरी जुनको उज्यालोमा
नुहाइ रहेकी छन् ?
म तिनलाई जुनमा देखिरहेछु
तिनको अनुहार
ज्योत्स्ना जस्तै उज्यालो छ
... ...

आइतबार अनन्तले अनितालाई कविता सहितको चिठी पठाइदियो । रातभर अनन्तलाई लाज लागिरह्यो । त्यो उसको पहिलो प्रेमपत्र थियो । त्यसभन्दा अगाडी उसले अनिता नाउँ गरेकी केटी साथीलाई मात्र चिठी लेख्ने गरेको थियो ।

दुई हप्तापछि अनिताको चिठी आयो । उसले लेखेकी थिई,

“मेरो प्यारो मान्छे,

तिम्रो चिठी पाउदा बेलैमा जुन उदाउने याम ढलिसकेको थियो । तर पनि म घरको छतमा बसिरहें । कतिखेर जुन आउछ र त्योसँग तिम्रो समाचार सोधुँ भन्ने लागिरह्यो । उमस पल्टिएको थियो कोठामा । आमा पनि आउनुभयो छतमा । आमाको छेउमा तिम्रो खबर कसरी सोध्ने । लाज लाग्यो मलाई । सोध्नै सकिन कुनै कुरो जुनसँग । हिजो रात मैले त्यसलाई नियाली रहें । न त्यसले केही भन्यो, न मैले केही भन्न सकें । आमाले भन्नुभो बरु, “किन ननिदाको ? बालाई सम्झिस् ?”

बालाई होइन, म तिमीलाई सम्झिरहेको छु भनेर कसरी भनुं ! मैले भने, “होइन, उखुम भो ।”

आमाले पत्याउनु भो ।

त्यही बेलामा मैले जुनसँग सुटुक्क साउती गरें, 'हे माता चन्द्रमा, मेरो अनन्तलाई आफ्नो पोल्टामा राखेर माया गर । उसको छेउछाउमा कुनै पनि केटीहरु नआउन् । तिमीलाई छाडेर अनन्तका आँखाहरु कसैको नाकतिर नटाँसिउन् । मैले माता सिद्धकालीसँग प्रार्थना गरें - हे माता, मेरो अनन्तको कोखामा कसैको आँखा नगाडीयोस् । मैले एकदिन पनि रुनु नपरोस् । अनन्त मेरो सम्पत्ति हो, कसैले त्यसलाई चोर्न नसकोस् ।

लाटा केटा, तिमीलाई म कति माया गर्छु भनेर जान्दछौ ? जान्दैनौ । तिमी मलाई कति माया गर्दछौ भनेर म जान्दछु । मलाई थाहा छ - तिम्रो जीवनमा म बाहेक अर्को कुनै केटी आउनै सक्दिन । तर तिमीलाई मेरो जीवनमा कोही पराई आउँछ कि आउँदैन भन्ने थाहै छैन । थाहा पाउन सिक ।

तिम्रो क्लासमा कति जना केटीहरु छन् ? दश जना ? कि बीस जना ? अथवा त्यो भन्दा बढी पो छन् कि ! अब त तिम्रो लाजको घैँटो फुट्यो होइन ? मलाई लेख । कसैको अनुहार राम्रो लाग्छ ? कसैको स्वभाव राम्रो लाग्छ ? लाग्छ भने लेख, म आफूलाई त्यस्तै बनाउला ... ।"

अनन्तले छोटो कविता र एक पेजको चिठी पठाएको थियो । त्यसको जवाफमा अनिताले साढे तीन पेजको चिठी लेखेकी थिई । अनन्तलाई लाग्यो - काठमाण्डौमा भएर पनि उ धेरै पछौटे छ र विराटनगरमै भए पनि अनिता उसको गुरु भैसकेकी छ ।

काठमाण्डौ आएपछि उसले प्रेमको परिभाषालाई बहुआयामिक अर्थमा बुझ्न थालेको थियो । प्रेमको श्रोत के हो ? उसले धेरैचोटी आफैँसँग सोधेको पनि थियो । त्यो शरीरको सम्बन्ध हो ? कि त्यो मनको बलिदान हो ? सँगै पढ्नेको मित्रता प्रेम हो ? कि पत्रमित्रता प्रेमको जननी हो ? चाहिने नचाहिने प्रश्नहरुमा अनन्त रन्थनिन्थ्यो र एक्लै हाँसेर त्यसलाई टार्थ्यो । तर अनिताको मनमा दुश्चिन्ता जगाउने कुनै प्रसङ्ग उ आफ्ना चिठीहरुमा उठाउदैनथ्यो । आफ्नो मनमा उठेका भुँवरीको स्पर्श पनि उ आफ्न अक्षरहरुसँग गराउन मान्दैनथ्यो ।

त्यसैले उसले अनिताको चिठीको जवाफमा लेख्यो,

" ... जन्मना चेतका कारणले होला, तिमी जति म खुल्नै सक्दिन । तिमी कस्तो अप्ठ्यारो नमानी भन्छ्यौ । म पनि कोशिस गरिरहेछु, तर मेरो प्रयत्न सार्थक भैरहेको छैन ।

... यहाँ मेरो घनिष्ट साथी प्रचण्ड छ । उ विराटनगरकै हो र विराटनगर आउनुभन्दा पहिले उ पनि भोजपुरकै हो । दुइ पुस्तादेखि हामी घनिष्ट छौँ । उ धेरै फरासिलो छ, तर म पहिलेजस्तै संकोची छु । त्यसैले बरु प्रचण्ड बरालिएला, म बरालिने कुनै सम्भावना छैन । उ अत्यन्तै फुर्तिलो छ र सबैको आँखामा चाँडै चढ्छ । म ढ्यास्स परेको भालु जस्तो छु, त्यसैले केटी त के केटै पनि मेरो छेउमा आउन मान्दैनन् ।

... तिमीलाई पत्यार नलाग्ला, तर म सत्य मात्रै बोल्छु भन्ने तिमीलाई थाहा छ । हाम्रो कक्षा अनौठो छ । चौहत्तर जनाको हाम्रो कक्षामा जम्माजम्मी छ जना केटीहरु मात्र छन् । र ती मध्ये कुनै पनि तिम्रो जस्तो सुन्दर अनुहारका छैनन् । जहाँसम्म शीलस्वभावको कुरो हो त्यसको खोजीनीति मैले गरेको छैन ।

... त्यसैले अनिता तिमी मेरो ओरिपरिका केटीहरुलाई सम्झिएर पीडित नहुनु । जहाँसम्म मेरो कुरो हो - तिम्रा बारेमा मेरो मनमा विरोधको भाव जन्मिनै सक्दैन । तिमी त मेरो पूर्णिमाकी जून हौ । तिमी हुँदा मेरो छातिमा प्रकाश हुन्छ, नहुँदा मेरो निधार अँध्यारो हुन्छ ।"

प्रेमको नदी बग्न थालेको थियो दुबै तीरलाई छुँदै । अनन्त र अनिताका प्रेमपत्रहरु हवाइजहाजसँगै उड्न थालेका थिए ।

प्रचण्डले जति तान्न खोजे पनि अनन्त राजनीतिमा तानिएन, तर प्रचण्ड सजिलै हार्ने खालको केटो थिएन । कहिले मैत्री सङ्घ, कहिले अञ्चल स्ववियु, कहिले लुसुन जयन्ती त कहिले लेनिन जयन्ती अनि कहिले गान्धी जयन्ती जस्ता औसरहरुमा उ अनन्तलाई घिसार्न आइहाल्थ्यो । अनन्त उसको घिसाराइलाई मान गर्दै कार्यक्रमहरुमा जान्थ्यो । कविता र गीत वाचन हुने भयो भने उ सुनेर बसिरहन्थ्यो । मान्छेले भाषण गर्न थाले भने एक दुइ जनालाई सुनिसकेपछि उ लुसुक्क बाहिर निस्किएर कसैले थाहा नपाउने तरीकाले भाग्थ्यो ।

कार्यक्रमहरुमा द्वन्द देखिए पनि काठमाण्डौ बिछट्टकै थियो त्यतिबेला । मान्छे थौरै थिए, गाडीहरु पनि थोरै थिए, भक्खर भक्खर मोटरसाइकल देखिन थालेका थिए, साइकल चढ्ने मानिसहरुको घुइँचो भने राम्रै देखिन्थ्यो । मानिसहरु पैदल हिँड्नै रुचाउँथे । काठमाण्डौ आधुनिक भैसकेको थिएन । त्यसैले त्यो पराइजस्तो पनि भएको थिएन ।

अनन्तले पहिलो र अन्तिम राजनीति गऱ्यो राष्ट्रिय पञ्चायतको चुनावमा । उतिबेला पढेका र नपढेका मानिसहरु बीचको भेद बढाउन राष्ट्रिय पञ्चायतमा स्नातक तह उत्तीर्ण गरेकाहरुको छुट्टै प्रतिनिधित्व गराउने चलन थियो । अनन्तका ओरिपरिका मानिसहरु पढालिखा भए पनि त्यस्तो चलनलाई राम्रो मान्दैनथे । 'मान्छे मान्छेका वीचमा पढाइको आधारमा भेदभाव गर्ने नराम्रो चलन हो यो, नागरिकलाई दुई कित्तामा बाँड्ने फोहोरी चलन हो यो,' उसलाई पढाउने शिक्षकहरु समेत स्नातक प्रतिनिधित्वको चुनाव मन पराउदैनथे ।

"कुरो त्यति सहज हुँदैन राजनीतिमा," प्रचण्डले विश्वासको अँगालोमा बाँधेर अनन्तलाई फकायो, "कम्तिमा चार जना मानिसलाई त जिताउन सकिन्छ, जसले देशको समस्याका बारेमा राष्ट्रिय पञ्चायतमा आवाज उठाउन सक्छन् । चुनाव प्रचारमा उनीहरुले भाषण गर्छन् । भाषण सुन्न स्नातकहरु मात्र आउदैनन् । चुनाव घोषणापत्र मार्फत पनि धेरै कुरा सुनाउन सकिन्छ । त्यसैले हामीले यो चुनावको व्यापक प्रचार गर्नुपर्छ । तिमीले रुपचन्द्र विष्टको चुनाव प्रचारमा लाग्नुपर्छ ...।"

चुनावसँग अनन्तको कुनै चासो थिएन । तर प्रचण्डको कुरो टार्न सकेन उसले । रुपचन्द्र विष्ट भन्ने एकजना अग्लो र खाइलाग्दो ज्यान भएको मानिससँग प्रचण्डले नै चिनजान गराएको थियो । त्यो चिनारीपछि प्रचण्डले नै तीन मुठा पर्चाहरु अनन्तलाई थमाउदै भनेको थियो, "खालि स्नातकलाई मात्र दिनुपर्छ भन्ने केही छैन । यो पर्चा हो, राजनीतिक प्रचार हो । जसले पढे पनि फाइदा हुन्छ । यसको व्यापक वितरण गर । सक्छौ भने सिंहदरबार भित्र पनि यसलाई पुऱ्याउ । तर जथाभावी फ्याँकेर चाहिँ नहिँड नि ।"

अनन्तले इमानदारीपूर्वक चुनावका पर्चाहरु बाँड्यो । उसले त्यो पर्चालाई सिंहदरबार भित्र पनि पुऱ्यायो । भेटेजतिका सबैलाई उसले पर्चा दियो । चिनेकालाई पनि दियो, नचिनेकालाई पनि दियो ।

तर त्यो स्नातक चुनाव भयो कि भएन भन्ने अनन्तलाई थाहै भएन । आफू चुनाव प्रचारमा लागिरहेको बेला स्नातक प्रतिनिधिकै रुपमा उठेका रामराजा प्रसाद सिंहले कूदेताँ भन्ने शब्द प्रयोग गरी पर्चा निकालेकोले उनलाई गिरफ्तार गरियो रे भन्ने सुनेपछि अनन्त चुनाव प्रचारको खेलबाट सरक्क बाहिर निस्कियो । आफूले प्रचार गरेको रुपचन्द्र विष्टले चुनाव जिते कि हारे भन्ने पनि उसलाई थाहा भएन ।

पछि एकदिन प्रचण्डले उसलाई जानकारी दियो - रुपचन्द्र विष्टले चुनाव हारेछन् । अनन्त न दुःखी हुनसक्यो, नत खुशी नै । अनौठो निस्पृहताको सिरक ओढेर उ सुटुक्क निदायो ।

प्रचण्ड हस्याङफस्याङ गर्दै कोठामा छिऱ्यो । उसको हतारो अनन्तका लागि नौलो थिएन । घर बाहिरको घाम चन्द्रागिरी पछाडि कतै लुकिसकेको थियो । दिन सक्किइसकेको थियो र रातले उपत्यकामा विश्राम लिने तयारी गर्दै थियो । मावली घर जाँदा अनन्तहरु प्रायः यस्तै बेलामा घरको दलान उक्लिन्थे । जहिले पनि हजुरआमाले "कस्तो बास बस्ने परदेशी जस्तो भएर आइपुग्छौ हँ तिमेरु" भन्दै घरमा आएका नाति नातिनालाई सम्झाउदै भन्नुहुन्थ्यो, "कि बिहानै हिँडेर घाम छँदै घर पस्नु कि भञ्ज्याङतिर अलमलिएर तारा उदाएपछि पस्ने गरी आउनु ।"

हजुरआमाको मायाले मन मुसारिरहेको बेला ह्वात्त पसेको प्रचण्डलाई झण्डै गाली गरेको थियो उसले । तर प्रचण्डको स्वरले उसलाई हजुरआमाको काखबाट थुतेर काठमाण्डौको एउटा दुइतले घरको कोठामा ल्याएर फ्याँकिदियो ।

"आज म तिमीलाई एउटा सास्कृतिक कार्यक्रममा लैजाँदैछु - दोसाँध ।" अनन्तको सुत्ने खाटैमा बस्तै प्रचण्डले कुरो अघि बढायो । साँस्कृतिक कार्यक्रम भन्ने बित्तिकै अनन्तको मन फेरि आफ्नै गाउँतिर उडेर गयो । नाचगान देखेको थियो अनन्तले भोजपुरमा । टक्सारका कलाकारहरुले भक्त प्रह्लादको नाटक देखाएका थिए । सानो जिउको प्रह्लादलाई यामानको जीउ भएको धसिङ्गरे मान्छेले जिउँदै आगोमा हालेको देखेपछि उ क्वाँ क्वाँ गर्दै रोएको थियो । सँगै बसेको दाजुले "नाटक यो हो, प्रह्लाद मरेको छैन" भनेर जत्ति सम्झाउन खोज्दा पनि उसको हिक्का रोकिएको थिएन । तर नाटक सकिएको पन्ध्र दिनपछि उसले आगोमा डढाइएको भक्त प्रह्लादलाई टुँडिखेलको चौरमा हाँस्तै उभिइरहेको देखेको थियो । छक्क परेका उसका आँखातिर नियाल्दै त्यतिबेला उसको दाजुले चिनाउदै भनेको थियो, "चिनिस्, आगोमा पोलेको भक्त प्रह्लाद उही हो ।"

हाँसिरहेको प्रह्लादले उसको कपाल मुसार्दै भनेको थियो, "त्यो नाटक हो, नाटकमा राक्षस हुने मान्छे सद्दैमा राक्षस हुँदैन, नाटकमा देउता हुने मान्छे पनि सद्दैमा देउता हुँदैन । नाटक बेग्लै हो, जीवन बेग्लै हो ।"

त्यसपछि अनन्तको मन नाचगान, गोष्टी भनेपछि हुरुक्क हुन थालेको थियो ।

"मैले दुइटा टिकट लिएर आइसकेको छु," तरङ्गमा तैरिइरहेको अनन्तलाई झसङ्ग पार्दै प्रचण्डले भन्यो, "लुगा लगाउ, हामी हिँडिहाल्नु पर्छ । पुलिस क्लबमा छ उनीहरुको कार्यक्रम । त्यो हेऱ्यौ भने तिम्रो मन रमाउनेछ ।"

उसले लुगा लगायो । पुलिस क्लब भन्ने शब्दले उसको मनलाई अलिकति खुम्च्याइसकेको थियो । पुलिस क्लबहरुमा सांस्कृतिक कार्यक्रम पनि हुन्छ भन्ने उसले कहिल्यै थाहा पाएको थिएन । त्यहाँ त जुँगामोठे हल्दारहरु मात्र हुन्छन् भन्ने ज्ञान उसको मनमा ढुङ्गाको अक्षर जसरी गाडीएको थियो । सांस्कृतिक कार्यक्रमहरु स्कूलको कोठामा अथवा स्कूलको आँगनमा ठूलो मञ्च बनाएर आयोजना गरिने कुरो उसले देखेको थियो । तर पुलिसको अफिसमा नाचगान हुने कुरो उसले त्यतिबेलासम्म थाहा पाएको थिएन ।

र पनि उसले लुगा लगायो । शहरमा साँस्कृतिक कार्यक्रम हेर्न पनि सिनेमा हेर्न जस्तै पैसा तिर्नुपर्छ भन्ने उसले थाहा पाइसकेको थियो । प्रचण्डले गोजीको टिकट नदेखाए पनि उसँग टिकट छ भन्ने उसलाई विश्वास भैसकेको थियो ।

ढोका थुनेर बाहिर निस्किँदा धर्तीमा अँध्यारोले पाइला झारिसकेको थियो, तर घरहरुले बत्ती बालेर त्यसलाई स्वागत गरेका थिएनन् । प्रकृति आफैँसँग रिसाएको हो कि जस्तो लाग्यो अनन्तलाई ।

पुलिस क्लब पुग्न दश मिनेट पनि लागेन । त्यसलाई सिँगारपटार गरेर झलमल्ल पारिएको थियो । सबैतिर अँध्यारो छरेर आफूलाई मात्रै उज्यालो पारेर त्यो आहाल बसेको भैँसी जसरी थ्याच्च बसेको थियो ।

अनन्त प्रचण्डको छायाँ जस्तो मात्रै हुन्थ्यो यस्ता अवसरहरुमा । प्रचण्ड टाठो थियो, फऱ्याकफुरुक गर्न अप्ठ्यारो नमान्ने खालको थियो । त्यसैले यस्ता हुलहालमा अनन्त उसको पछुवा जस्तो भएर दाहिने देब्रे गर्ने गर्थ्यो ।

पुलिस क्लबको बीचको ढोकाबाट उनीहरु कुर्चीहरुको बथान तिर छिरे । टिकट जाँच्ने मान्छे अनुहारले भलाद्मी जस्तो लाग्यो अनन्तलाई ।

तेर्सो लाइनमा राखिएको आठ ओटा कुर्ची पार गरेपछिको अघिल्लो कुर्चीमा प्रचण्ड थ्याच्च बस्यो । "यहाँ बस तिमी," आफ्नो गोडा खुम्च्याउदै प्रचण्डले अनन्तलाई दाहिनेतिरको कुर्ची देखायो ।

मञ्चलाई कालो पर्दाले छोपेको थियो । मञ्चमा पर्दा लागेकै हुनाले होला हलको बत्ती उज्यालो पारेर बालिएको थियो । तीन चौथाइ जति मानिसहरु बसिसकेका थिए । अनन्तले एकचोटी ओरीपरी आँखा घुमाएपछि आफ्नो ज्यानलाई चिसो कुर्चीमा थ्याच्च बसायो ।

"यिनीहरु राल्फा हुन्," अनन्त बस्ने बित्तिकै प्रचण्डले कुरो थाल्यो । जतिखेर पनि चखचख बोलिरहनु पर्ने प्रचण्डको स्वभावलाई अनन्तले आत्मसात गरिसकेको थियो । त्यसरी बोल्दा प्रचण्ड उसका लागि नौलो लाग्ने कुनै न कुनै प्रसङ्ग जोडिहाल्थ्यो । त्यसैले अनन्तलाई प्रचण्डको चखचख राम्रै पनि लाग्थ्यो ।

"यिनीहरु राल्फा हुन् । गजबको राम्रो गीत लेख्छन्, त्यत्तिकै रामरी गाउँछन् पनि । तिमी पारिजात दिदीको कुरो गर्थ्यौ नि ! पारिजात दिदी पनि राल्फा हुन् । तर पारिजात दिदी गीत गाउँदिनन् । गीत गाउने राल्फाहरु चार पाँच जना छन् । अरु राल्फाहरु साहित्य लेख्छन् । आज हेरौँ कतिजनाले गीत गाउने हुन् !"

"तिमीले सप्पैलाई चिन्या छौ ?" अनन्तको अबोध मनले सोध्यो ।

"म त चिन्छु नि, उनीहरु मलाई चिन्दैनन् ।" प्रचण्ड फिस्स हाँस्यो । उसले अनन्तको अनुहारमा हेर्दै भन्यो, "त्यसमा एउटा मञ्जुल छ, मञ्जुल राल्फा । क्या गजबले बोल्छ ! गीतार पनि बजाउछ, गाउँछ पनि अनि गीत पनि लेख्छ । गजबको प्रतिभा छ त्यसमा । अर्को रामेश भन्ने छ । रामेश राल्फा । उ सँगीतकार हो । सुनिरहुँ जस्तो सँगीत रच्छ । उ पनि त्यत्तिकै मिठो स्वरमा गीत गाउँछ । अर्को रायन राल्फा हो । उ गीत गाउँछ । चौथो राल्फा चाहिँ अरिम हो । उसको बाँसुरी सुन्यौ भने भुतुक्कै हुन्छौ तिमी ... ।"

सरररर पर्दा खुल्यो । प्रचण्डको मुखमा बुजो लागेजस्तै भयो । अनन्तका आँखा स्टेजमा स्थीर भए । स्वर्णिम रङ्गमा रङ्गिएको दोसाँध उसलाई स्वयम्भूको एउटा आँखो जस्तो लाग्यो । बत्तिको उज्यालो मञ्चमा घुमिरहेको बेला होचा होचा जस्ता लाग्ने मानिसहरु मञ्चको दाहिनेतिरबाट निस्किए । अनौठो लाग्यो अनन्तलाई । सबभन्दा अघि आउनेले हार्मोनियम बाजा ल्याएर मञ्चको बीचमा राख्यो र ठीङ्ग उभिएर दर्शकहरुप्रति नम्र भावले नमस्कार गऱ्यो । उसको पछि पछि आउनेले ठूलो गितार बोकेको थियो । उसले गीतारलाई समेत नमस्कारको चपेटामा पारेर दर्शकलाई अभिवादन गऱ्यो । तेश्रोले आफ्नो हातमा बाँसुरी बोकेको थियो र उसले बाँसुरीबाटै दर्शकहरुलाई नमस्कार गऱ्यो । अघिल्ला दुइजनाले बाजाले प्रणाम गरेका थिएनन् । तर तेश्रोले आफ्नो सुन्दर बाँसुरीलाई तिरित्त ... पारेर दर्शकहरुलाई सँगीतको नादमा ओराल्यो । अनन्तले तिनै जनालाई नियालेर हेऱ्यो । बिचित्र लाग्यो उसलाई । ती तीनै जनाको कपाल उस्तै थियो, अनुहार उस्तै थियो, तिनले लाएको कालो रङ्गको ज्याकेट पनि उस्तै थियो । ती तीन जना माइक मिलाएर उभिइसकेपछि चौथो मान्छे बाजाबिहिन भएर सबैभन्दा अगाडी आयो । उसको भेषभुषा र अनुहार अगाडीका तीन

जनासँग ठ्याक्कै मिल्ने खालको थियो । उसको बाजाजस्तै स्वरले तालीमा रमाइरहेको हललाई अभिवादन गऱ्यो, “हामी सबै दोसाँधमा उभिएका छौं । बुढो संस्कृतिको विरोधमा चर्को आवाज निकाल्ने, भोकै मर्ने महाकविको पेटको सारङ्गी रेटेर हिमाल झक्झक्याउने हामी राल्फा, विद्रोह बोकेर यहाँहरुलाई हार्दिक अभिवादन गर्दछौं .... ।”

पछाडि बाजामा उभिएका तीन जना राल्फा आफ्ना बाजाहरुले अगाडी बोलिरहेको राल्फालाई पछ्याउने कोशिस गर्थे, तर अघिको राल्फा बाजाहरु पर्खिएर कतै सुस्ताउदैनथ्यो । त्यो त एउटा नदी थियो । घरि त्यो रहमा घुम्थ्यो, घरी त्यो आकाशमा गर्जिन थाल्थ्यो । घरी त्यो बालुवासित लुकामारी खेल्थ्यो भने घरि घरि त्यो आगो ओकल्थ्यो । तर त्यसको निरन्तर आलाप भने नदी जस्तै भएर बगिरहन्थ्यो । त्यो स्वरलाई नदी जसरी बगाउने काममा पछाडिका बाजाहरुले टेवा दिइरहेका छन् भन्ने त्यतिबेला अनन्तलाई थाहै भएन ।

अनन्तले आफूले स्कूलमा पढेको सिद्धीचरणको ओखलढुङ्गा भन्ने कविता सम्झियो - गिरी फोरी बहने रोशी ... ।

परररर पड्किएको तालीले अनन्तलाई ब्युँझायो । वक्ताको बोली सकिइसकेको थियो र अब परिचयको क्रम शुरु भएको थियो । सबै नामहरुसँग अनन्तको परिचय भरखरै भैसकेको थियो । हारमोनियमसँग खेल्नेको नाम रामेश रहेछ । गितार बोकेर आउनेको नाम रायन रहेछ । बाँसुरीसँगै नमस्कार गर्नेको नाम अरिम रहेछ । मानिसलाई बोलीबाटै सँगीतको सुरमा पुऱ्याउनेको नाम मञ्जुल रहेछ । ‘दोसाँध’ कार्यक्रमको शीर्षक रहेछ र उनीहरुले साढे दुइ घण्टाको मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गर्ने रहेछन् ।

अनौठै स्तब्धता छाएको थियो कोठाभित्र । हलचल नगरी मानिसहरुले कार्यक्रमको स्वाद लिए । प्रचण्डले शायद पहिले पहिले पनि यो कला देखिसकेको थियो होला । त्यसैले उ अनन्तलाई अब यिनीहरुले यो गीत गाउँछन् भनेर जानकारी दिन खोज्थ्यो । कुनै गीत मिल्थ्यो, कुनै मिल्दैनथ्यो । सधैं परपर गरिरहनु पर्ने प्रचण्ड पनि बीचको विश्राममा मात्रै बोल्थ्यो । रुखो राजनीतिको कुरो गर्ने प्रचण्ड जस्तो मान्छेलाई समेत लट्ठ पार्ने राल्फाली गीत अनन्तका लागि नौला, मिठा, सरस र गाउन सकिने जस्ता लागे ।

पौने तीन घण्टाको कार्यक्रम मान्छेले हलचल नगरी सकियो । मञ्जुल राल्फाले अन्तिममा फेरि एकपल्ट आफ्नो समूहको तर्फबाट विदाइको नमस्कार गरेपछि कार्यक्रम सकिएको सूचना भयो । मानिसहरु मौरी जसरी गुनगुनाउदै हलबाट बाहिर निस्किए ।

“राम्रो लाग्यो ?” प्रचण्डले कस्तो लाग्यो भनेर सोधेन । आफूलाई राम्रो लागेको हुनाले अनन्तलाई पनि राम्रो लागेको हुनुपर्छ भन्ने अनुमान गरेर उसले सोध्यो ।

“गजब लाग्यो, मैले आजसम्म यस्ता गीतहरु सुनेकै थिइन,” अनन्तको स्वरको उत्साह सुनेर प्रचण्डको अनुहार उज्यालियो ।

“यिनीहरु इमान्दार कलाकार हुन् । आफ्ना मान्यतालाई उनीहरु छोड्न चाहदैनन् । आफूप्रति इमान्दार हुनेले निष्ठा त्याग गर्दैन । काठमाण्डौमा अरु पनि कलाकार समूहहरु छन् । तर यिनीहरुको सङ्गीतमा विद्रोहको स्वर हुन्छ । यिनीहरुका मायाप्रितिका गीतहरुमा पनि विद्रोह बोल्छ । गजबका छन् यी कलाकारहरु, देशलाई नभै नहुने खालका ... !”

प्रचण्ड हत्पति कसैको प्रशंसा गर्दैनथ्यो । प्रचण्ड भित्र लुकेको एउटा संकीर्णतालाई अनन्तले देखिसकेको थियो । कुनै न कुनै हिसाबले आफूसँग सम्बन्धित नभएकालाई उ जतिगरे पनि राम्रो मान्दैनथ्यो । त्यसैले अझै छर्लङ्ग हुन र आफ्नो मनभित्रका प्रश्नहरुको उत्तर खोज्न उसले प्रचण्डको अनुहारतिर नियाल्दै सोध्यो, “के यिनीहरु तिमीहरुकै मान्छे हुन् ?”

“होइन, अहिले यी हाम्रा साथी हुन्” प्रचण्डले सास फेर्ने समय खोजे जसरी कुरो अघि बढायो, “तर भोलि यिनीहरु हामी हुनेछन्, यिनीहरु हाम्रै हुनेछन् । किनभने यिनीहरुको विद्रोहमा जनताको वेदना छ, यिनीहरुको आक्रोसमा सडेको संस्कृतिप्रतिको द्रोह छ ।”

“सबैले राजनीतिमै हेलिनु पर्छ भन्ने कुनै नियम छ र प्रचण्ड ?” अनन्तले अप्ठ्यारो मान्दै सोध्यो ।

पुतली सडक सुनसान थियो । झुक्किएर पनि कुनै गाडी त्यता आएका थिएनन् । सन्नाटा भित्र प्रचण्डको जुत्ता टक् टक् बजिरहेको थियो । उसले जुत्ताको आवाजलाई आफ्नो आवाजले चिर्दै भन्यो, “राजनीति भनेको जिन्दगी हो । त्यसैले सबैले जिन्दगीमा हेलिनै पर्छ । जीवन भन्दा बाहिर को जान सक्छ र अनन्त ! तिमी मेरा साथी हौ, मेरो दाइ र तिम्रो दाइ साथी हुन् । उहिले युवावस्थामा हाम्रा बाहरु पनि साथी थिए । त्यसैले म तिमीलाई ढाँटढुँट गरेर राजनीतिमा तान्दिन । मैले तिमीलाई धेरैसँग भेट गराएँ । तिमीले दार्शनिकहरु चिन्यौ । तिमीले आन्दोलनका कविता

लेख्ने कविहरु पनि चिन्यौ । तिमीले संघर्षमै रमाउने विद्यार्थीहरु पनि चिन्यौ । निर्णय तिमीले नै गर्ने हो । दोबाटोमा नउभ्भ भनेर सल्लाह दिने काम मात्र मेरो हो । जबरजस्ती तिमीलाई घिसार्न खोजेको होइन मैले ।"

प्रचण्डको स्पष्टीकरण सुनेर आकाशको पूर्वी उकालोमा थकाइ मान्दै मान्दे बाटो काटिरहेको जुन पनि खिसिक्क हाँस्यो । अनन्तले जुनको हाँसो टिपेर भन्यो, "तिमी जे होइन भनिरहेका छौ, त्यो नै तिम्रो मनले हो भनिरहेछ । तिम्रो मन र बोलीको तुलो मिलेन प्रचण्ड ।"

पुतली सडकको सिरान आइसकेको थियो र आफ्नो बाटो छुट्टिने मोडमा उनीहरु ठिङ्ग उभिएका थिए । अनन्तले विदाइको क्षण नमिठो पो भयो कि भन्ठान्दै अनुरोधको स्वरमा भन्यो, "नत्र हिँड आज हाम्रैतिर ।"

"होइन, आज बस्न मिल्दैन । बुवा आमा आउनु भएको छ ।"

प्रचण्डले ढाँटेजस्तो लागेन अनन्तलाई । उसले सहज स्वरमा भन्यो, "मेरो बारेमा तिमी चिन्ता नगर । तिमी जहाँ छौ त्यसको उल्टो दिशामा म बग्नै सक्दिन । तिमीहरु भित्र आफू र आफ्ना साथीहरु हुँदा रहेछन् । मलाई तिमी आफ्नो साथी बनाउ । म आजीवन तिमीसँगै रहनेछु । तिमी एउटा विश्वासमा ढुक्क होउ । समयले तिमी र मलाई यताउता धकेल्न खोज्ला, तर म तिमीबाट पृथक हुनेछैन । मेरो र तिम्रो बाटो छुट्टिने छैन । होला तिमी मूलबाटोमा हिँडौला, तर म पनि सँगैको गोरेटोमा आइहालुँला ।"

प्रचण्डले मुसुक्क हाँसेर दह्रिलो हात मिलाउदै ठट्टाको भाकामा भन्यो, "तर अहिले त हामी बिलकुल विपरित दिशातिर लागिरहेका छौं ।"

"दाइ पोखरा सरुवा हुनुभएको तिम्लाई थाहै छ । अब म एक्लै हुनेछु । यो डेरा मेरालागि ठूलो हुन्छ । के भो र डेरा पनि एकैतिर सारौँला ।"

टुकुचाको पुलमा गएर अनन्तले प्रचण्ड गएको दिशातिर हेर्‍यो । जुनको उज्यालोमा एउटा मोटो युवक सरासर पूर्वतिर गैरहेको थियो । टुकुचाको सङलो पानीमाथि उभिएर अनन्तले लामो सास तान्यो ।

विश्राम

अनन्तले प्रचण्डको छेउछाउमा डेरा पाएन । मैतीदेवी बजारको उत्तरतिर उसले सस्तोमा एउटा कोठा भेट्टायो । उ त्यतै सऱ्यो ।

एक्लो भए पनि आमाको ममता, अनिताको माया र सुरेन्द्रको स्नेहले अनन्तलाई भौँतारिन दिएन । उ डिल्लीबजारको एउटा होटलमा भात खान्थ्यो र कलेज जान्थ्यो । प्रचण्डले कतै नघिसारेको बेला उ कलेजबाट सिधा डेरामा जान्थ्यो । बेलुका उ दिउँसोको पाठ सम्झिने कोशिस गर्थ्यो । साँझ खसेपछि अर्थात जाडोमा साढे छ बजेतिर अनि गर्मीमा आठ बजेतिर उ त्यही होटलमा भात खान जान्थ्यो । पैसाको पउल त थिएन, तर जिन्दगी राम्रैसँग चलेको थियो । दाजुको पत्रमा पढाइको जिज्ञासा हुन्थ्यो, आमाको नामबाट बैनीले चिठी पठाउथी, अनिताको मनको प्रेम पत्रसँगै रसाएर चुहिरहेको हुन्थ्यो ।

बीचमा कुनै बिध्नबाधा आइपरेनन् । अनन्तले कलेजको पहिलो खुट्किलो काट्यो ।

कलेजको दोश्रो खुट्किलोमा टेक्दा अनन्त र प्रचण्डको बाटो आनकातान नै फरक भैसकेको थियो । प्रचण्ड राजनीतिक कार्यक्रमका गोष्टीहरुमा रमाउथ्यो । त्यस्ता कार्यक्रमहरुमा कविता वाचन हुन थाल्यो भने उ बाहिर निस्किएर आफ्नो जीउ तन्काउथ्यो । यता शुरुमा काठमाण्डौ आउदाको लाटो अनन्त चाहिँ गोष्टीहरुमा कविका रुपमा उपस्थिति हुन थालिसकेको थियो । उसले लेखेका गीतहरु डबलीहरुमा गुन्जिन थालिसकेका थिए । राष्ट्रलाई अनन्त कवितामा बुझ्थ्यो भने प्रचण्ड राजनीति बाहिर केही देख्तैनथ्यो । नेपाल र भारत बीच ब्यापार एवम् पारबहनको खिचोलो निस्किदा अनन्त बसन्तपुरको डबलीमा छन्दमा कुर्लिएको थियो । श्रोताका तालीहरुले बसन्तपुरको आकास उचालेका थिए । तर त्यतिबेला प्रचण्ड चाहिँ आन्दोलन आह्वान गर्दै भोजपुरको सदरमुकाममा सभा गर्न पुगिसकेको थियो ।

प्रचण्डको दाजुले तीन वर्ष अमेरिकाको रमझममा जिन्दगी बिताएर नेपाल फर्किएपछि राजदरबारको उत्तरतिरको फाँटमा एउटा घर बनाएको थियो । तर उ नेपालमा छ महिना पनि बस्न सकेन । प्रचण्डलाई घरको तालाचावी बुझाएर उ फेरि अमेरिका फर्किएको थियो । जतिबेला प्रचण्डले आफ्नो घरमा पाइलो हालेको थियो, त्यतिबेला अनन्त कीर्तिपुरको छात्राबासमा पस्तै थियो ।

घरि विचार र रुचीले तिनलाई पर्तिर ठेल्थ्यो, घरि भूगोलले तिनलाई छुट्याउन खोज्थ्यो । तर ती दुइको मित्रता विचित्रको थियो । काठमाण्डौ आएको पहिलो वर्ष दोसाँधको रात आकाशको उज्यालो जुनतिर हेरेर प्रतिज्ञा गरेको वचनलाई दुवैले एकदिनका लागि पनि बिर्सिएका थिएनन् । जहाँ बसे पनि तिनले आवश्यकता पर्दा एक अर्कालाई भेट्न पनि छोडेका थिएनन् ।

नेपालमा त्यतिबेला ठूलो पढाई मानिने मास्टर (एम.ए) को जाँच दिँदा ती दुई अनन्य मित्रहरु लाखापाखा लागे । अनन्तले विश्वविद्यालयबाटै जाँच दियो । प्रचण्डले भने नक्खु जेलको बन्दीका रुपमा आफ्नो परीक्षा सिध्यायो ।

जाँच सकिएको हप्ता बितिसकेको थियो । गर्मीको उमस पल्टिएको थिएन । प्रचण्ड बन्दी साथीहरुसँग क्यारमबोर्ड खेलिरहेको थियो । अकस्मात जेलको भाइनाइकेले उसको छेउमा आएर भन्यो, “सर, तपाईंलाई भेट्न एउटा केटा र एउटी केटी आएका छन् ।”

“केटा र केटी !” छक्क पऱ्यो प्रचण्ड ।

“केटालाई त पहिले पनि धेरैचोटी देखेको थिएँ, तर केटीलाई चाहिँ यस अघि मैले देखेको थिइन,” चौकिदारले खिसिक्क हाँस्तै भन्यो ।

पहिले पहिले धेरै साथी आइरहन्थे, तर कसैका केटी साथी भएको प्रचण्डलाई थाहा थिएन । उसले क्यारमबोर्डको गोटी त्यत्तिकै छाडेर झनै छक्क परेको स्वरमा सोध्यो, “कहाँ छन् उनीहरु ?”

“हाकिम सापले आपिसमै राख्न खोज्नु भएको थियो, मानेनन् तिनले । पर चौतारामा बसेका छन्,” भाइनाइकेले भन्यो । उसको भाका सुन्दा प्रचण्डको मनले भन्यो - मानौँ हाकिमसापको सदासयतालाई स्वीकार्न नसक्ने गाउँले लठुवा आएका छन् भनेर भाइनाइके उसलाई सम्झाउन खोजिरहेछ । नभन्दै भाइनाइकेले पाइलाको चालमा जोडिहाल्यो, “तपाईंलाई भेट्न पनि कस्ता कस्ता मान्छे आउछन् सर !”

प्रचण्डले मौका छोपिहाल्यो, “हामी सुरक्षाका बन्दी हौँ नाइके दाइ । हामीलाई भेट्न सप्पै खालका मान्छे आउछन् । अहिलेको देशको अवस्था खराब छ । त्यो खराब अवस्थाको विरोध गर्नु राम्रो हो भन्ने भावना राख्नेहरु नै हामीलाई भेट्न आउछन् । अहिले आउनेहरु पनि त्यस्तै हुन् । त्यसैले तिनीहरुले तपाईंका हाकिम साहेपको आतिथ्य स्वीकार गर्न मानेनन् । तिनीहरु असल हुन् ।”

भाइनाइकेले छक्क परेका आँखाले प्रचण्डलाई हेऱ्यो र माथिको खुला आकाशतिर हेरेर छिर्केनी मार्दै सोध्यो, “देख्तै नदेखी ती आउने केटाकेटी असल हुन् भनेर तपाईंलाई कसरी थाहा भयो सर ?”

“हामी जस्ता आरोप लागेका सुरक्षाका बन्दीहरुलाई भेट्न आउने सबै मानिसहरु असल हुन्छन् दाइ, तिनीहरुलाई हामी सप्पैले माया गर्नुपर्छ, मन पराउनु पर्छ ।”

भाइनाइकेले बहस गर्न चाहेन । उनीहरु झ्यालखानको ढोकामा आइसकेका थिए । ढोकामा उभिएको प्रहरीले परको चौतारोमा उसको प्रतीक्षामा उभिएको केटोको अनुहार छोपिदिएको थियो । नभन्दै उसले देख्नेगरी बसेकी केटीलाई यस अघि उसले कहिल्यै देखेको थिएन ।

प्रहरीले सानो ढोका खोलिदियो । भाइनाइकेलाई पछि लाएर प्रचण्ड पर्खाल बाहिरको आकाश मुनि उभिन पुग्यो । त्यतिबेला पो उसले देख्यो, अनन्त झ्यालखानको ढोकामा आँखा गाडेर बसिरहेको थियो ।

प्रचण्डले कुनै उत्ताउलोपन देखाएन । नत अनन्त नै चौतारोबाट हामफाल्दै तल आयो । तिनीहरुको मित्रता प्रौढ भैसकेको थियो । प्रचण्ड हलौं पाइला चाल्दै चौतारोमा आयो । अनन्तले आफ्ना दुबै पञ्जाका बीचमा प्रचण्डको पञ्जालाई छिराएर बलियो गरी हात मिलायो । प्रचण्डलाई लाग्यो - अनन्त भन्दैछ, “हामी एकजुट छौं ।”

अनन्तले नै केटीको परिचय देला भनेर प्रचण्डले साह्रै चासो पनि देखाएन । उसले एउटा निष्कर्ष निकाली सकेको थियो - जो भए पनि यो राम्री केटी अनन्तकी प्रेमिका चाहिँ होइन ।

किनभने मान्छे नभेटे पनि प्रचण्डले अनिता र अनन्तको सम्बन्धको जानकारी पाइसकेको थियो ।

जेलको बन्दीले के कुरो थाल्थ्यो र ? त्यसैले कुरो अनन्तले नै थाल्नु थियो । उसले थाल्यो पनि ।

“यो हाम्री बहिनी रजनी हो,” अनन्तले रहस्यमय लागिरहेकी केटीको परिचय दिँदै भन्यो, “जिल्लाबाटै बी. ए. सक्याएर काठमाण्डौमा पढ्न आएकी छ । अब म पनि दाजुको जिम्मेवारी लिनसक्ने भएँ भनेर आमाले पठाउनु भएको हो । अस्तीको दिन आइपुगेकी थिई, हिजो आराम गरी । आज तिमीसँग भेट गराउँ भनेर लिएर आएँ ।”

प्रचण्डको मनले खुशी मानिरहेको थियो । तर त्यो खुशीलाई लुकाउँदै उसले भन्यो, “यत्ति साह्रो हतार नगरेकै भए हुन्थ्यो । आखिर समय छँदैथियो ।”

“मैले अब काम गर्नुपर्छ,” अनन्तले स्पष्टीकरण दिने भाकामा भन्यो, “त्यस्तो अवस्थामा म लगातार आउन सक्दिन कि भन्ने पनि मैले सोचेँ । बेलैमा तिमीसँग चिनजान गराइदिएँ भने यसले मेरो जिम्मेदारी पुरा गर्छे भनेर हतार गऱ्या हुँ ।”

रजनीले त्यतिबेलासम्म प्रचण्डलाई नमस्कार गरिसकेकी थिई । मुखबाट शब्द ननिकाले पनि रजनीले थुप्रै कुरो बोलिसकी भन्ने प्रचण्डलाई लाग्यो ।

“तिम्रो लागि पत्रपत्रिका ल्याइदिएको छु, अफिसमा राखेका छन्,” अनन्तले तिक्तस्वरमा भन्यो । मानौँ झ्यालखानाको अफिस भनेको दुर्गन्धको पोखरी हो । मनको मैलो पखालियोस भनेर अनन्तले एकछिन चौतारीको वतासलाई फोक्सोसम्म बग्न दियो । उसले मायालु आँखाले प्रचण्डलाई हेर्दै भन्यो, “आमाले विशेष गरी तिम्रै लागि भनेर अलिकति सेल र अनर्सा पठाइदिनु भएको छ । यहीँ झोलामा छ । गेटमा चेक गर्दा होला नि !”

“तिमी किन यस्ता कुराको चिन्ता गर्छौ ? हाम्रो भाइनाइके दाइ छँदाछँदै केमा पो अप्ठ्यारो हुन्छ ?” प्रचण्डले भाइनाइकेलाई फुरुङ्ग पार्दै भन्यो, “ दाइ, यिनी मेरा सबैभन्दा घनिष्ठ साथी हुन् अनन्त रिजाल । ठूला कवि हुन् यिनी । तपाईंले चिनिराख्नु होला । उनी चाहिँ अनन्तकी बहिनी हुन् रजनी । अब मलाई भेट्न आउने उनैले हो । राम्रो ख्याल गर्नुहोला ।”

भाइनाइकेले दुबैलाई श्रद्धाको नमस्कार गऱ्यो ।

“कति वर्ष भयो ?” अनन्तले सोध्यो ।

“चौखण्डी पाए यही पुसमा छुट्नु पर्ने हो,” अनन्तको प्रश्नको अर्थ सजिलै बुझेर भाइनाइकेले जवाफ दियो ।

अनन्तले पहाडको कोशेली प्रचण्डलाई दियो । प्रचण्डले झोला जस्ताको तस्तै भाइनाइकेको हातमा थमाइदियो । भाइनाइके झोला बोकेर झ्यालखानातिर लाग्यो ।

“सुरेन्द्र दाइले बिहे गर्नुभएछ होगी ?” भाइनाइके पर पुगिसकेपछि प्रचण्डले सोध्यो ।

"अब त उमेर पनि भैसकेको थियो । आमाले पनि बढी नै जोड गर्नुभयो ।" अनन्तले सामान्य ढङ्गले जवाफ दियो ।

"वीरगञ्जमै होइन उहाँ ?"

"हो ।"

"दाइ काठमाण्डौ आए पनि सँगै त बस्दैनौ होला तिमी !"

"मैले दाइलाई आफ्नो परिवारमा रमाउन दिनुपर्छ । एकाध महिनामा म काम पाइहाल्छु ।"

"रजनी आइसकेपछि तिम्लाइ पनि तीन कोठा त चाहिन्छ ।"

"चाहिन्छ ।"

"रजनीलाई कहाँ पढाउने विचार छ ?"

"सजिलो पद्‌मकन्यामै हुन्छ ।"

"त्यसोभए यसो गर," पहिलेभन्दा गम्भिर भएर प्रचण्डले भन्यो, "तिमी माथि घरमा बस । कति ठाउँमा गुँड फेरी फेरी हिँड्छौ । अब त एक्लो पनि छैनौ । तल्लो तलामा भाडावाल परिवार बसेको छ । तिमीले चिनेकै छौ । माथ्लो तला डङडङती खालि छ । तिमी त्यहीँ बस ।"

"तिमी सधैँ झ्यालखानमै बस्छौ ?" अनन्त हाँस्यो ।

"झ्यालखानबाट निस्किए पनि अब म ढुक्कले काठमाण्डौ बस्दिन," शायद चराहरुले सुने कि भनेर प्रचण्डले बाक्लो रुखतिर हेऱ्यो । उनीहरुको गन्थन सुन्न जेलरले भाइनाइकेलाई पठाएको हुनुपर्छ भन्ने लख काटेको थियो अनन्तले । तर प्रचण्डले कुरा सिध्याउने हतारो देखाएन । रोटी र अर्सा थन्क्याएर भाइनाइके आइपुग्नु अघि नै अनन्त मूल कुरो सिध्याउन चाहन्थ्यो । तर प्रचण्डले ओरिपरीको परिवेशको वास्तै नगरी कुरो अघि बढायो, "यसरी मेरो जिन्दगी चल्दैन । तिमीले बुवा आमालाई सम्झाउनु । तिमीले आखिर मेरो भारी बोक्नै पर्ने भयो । म शायद यसपालिको नौ महिना काटेपछि छुट्छु होला । छुटेपछि म यहाँ रहन्न ।"

अनन्तले कुरो बुझ्यो । उसले कोट्याएर सोध्न चाहेन । राजनीतिमा लाग्नेहरुको तीन खाले नियतिसँग उ परिचित भैसकेको थियो । एउटा जेल, अर्को स्वनिर्वासन, तेश्रो भूमिगत यात्रा । प्रचण्डले जेल धेरैचोटी बेहोरी सकेको थियो । तर उसँग अझै दुइटा विकल्प थिए । 'कुन बाटो छान्छ हँ प्रचण्डले ?' मनले अनन्तसँगै सोध्यो । अनन्तले रुखका पातहरुतिर आँखा घुमायो । तर पातहरुले पनि उसलाई ठोस उत्तर दिन सकेनन् ।

झ्यालखानको फलामे दैलो बज्यो । भाइनाइके अल्छी पाइला चाल्दै त्यतै आइरहेको थियो । प्रचण्डले रजनीतिर फर्किंदै सोध्यो, "आमाको स्वास्थ्य राम्रो छ ?"

कोहीसँग पनि कुरा थाल्न प्रचण्डलाई अप्ठ्यारो लाग्दैनथ्यो ।

"अँ," रजनीले कनिकुथी जवाफ दिई । अझै उसको धक फुकेको थिएन ।

"सर," भाइनाइके डीलमै आइसकेको थियो, "नानीहरु चिया खानुहुन्थ्यो कि !"

"पर्दैन दाइ," अनन्तले भाइनाइकेलाई जवाफ दिँदै भन्यो, "यहाँ भन्ने बित्तिकै चिया कहाँ पाइन्छ ? हामी फर्किनु पनि छ ।"

"लौ, त्यसो भनेर कहाँ हुन्छ ? यतिका दिनपछि भेटेका साथी, यति चाँडै कहाँ कुरा सकिन्छ ? म ल्याइहाल्छु नि !"

"दाइ अलि चाँडो गर्नुस् है," प्रचण्डले भन्यो ।

भाइनाइके हँसिलो अनुहार लिएर फर्कियो ।

"कुरो बुझ्छ," प्रचण्डले हाँस्तै भन्यो, "सहयोगी छन् जेलका बन्दी कर्मचारीहरु । आखिर यिनका लागि बोली त हो । अरु केही माग्दैनन् ।"

"कहाँको मान्छे हो यो ?"

"दोलखाको ।"

"ज्यान केश हो ?"

"हो," एकछिन ढोकाभित्र जाँदै गरेको भाइनाइकेको ढाडतिर नियाल्दै प्रचण्डले सुस्केराको आवाजमा भन्यो "तर निर्दोष छ बिचरो । 'उप्रेतीको जालमा परेँ सर' भन्थ्यो । बरब्यवहार हेर्दा हो जस्तो लाग्छ । दाजु मारेको आरोप छ । तर यसको भतिजो काकालाई भेट्न आइरहन्छ । एकमहिना जति पहिले आएको थियो । मसँग चिनजान पनि गरायो । मैले एकछिन कुरा गरेथेँ । 'साहुले बालाई ठेक्का नबुझाएकोमा कुटी कुटी मारे, आरोप काकामाथि लाए' भन्थ्यो । काका भतिजाको सम्बन्ध हेर्दा दाजु मार्ने मान्छे यो हुनै सक्तैन भन्ने लाग्छ । यो काका चाहिँ 'सरहरुको राज आयो भने

जाली फटाहाले हामी जस्तालाई फँसाएर झ्यलमा हाल्न सक्तैनन् होला, नूनको नून पानीको पानी हुन्छ होला, कहिले आउला त्यस्तो राज,' भन्दै प्रायः मसँग गन्थन गरिरहन्छ । 'गोठालो भएर जिन्दगी गुज्रियो, कालो अक्षर भैंसी बराबर भयो, नपढेरै जालमा पनि परियो, यसो कखरा सिकाइदिनु हुन्थ्यो कि सर' भन्यो । बिहान एकछिन वर्णमाला पढाइदिन्छु । असल छ मान्छे । छुट्ने बेलासम्म चिठी लेख्न सक्ने हुन्छ ।"

"म अब पहिले जसरी, बाक्लरी आइरहन पाउन्न । तिमीले मनमा कुरा नखेलाउनु । रजनीलाई सधैं पठाइदिन्छु । छुटिहाल्यौ भने, बसेर सल्लाह गरौंला," अनन्तले कुरोको मैझारो गर्ने पारामा भन्यो ।

"त्यसोभए घरको टुङ्गो भयो होइन अब ?" प्रचण्डले विश्वासको स्वरमा सोध्यो ।

"अहिले हतार नगर," व्यवहारिक जस्तो भएर अनन्तले भन्यो, "उसै पनि घर तिम्रो होइन, दाइको घरको टुङ्गो गर्नु अघि तिमीले दाइसँग सल्लाह गर्नुपर्छ । म पनि घर सल्लाह गर्छु । शायद स्थायी रुपमा म विराटनगरतिर बस्छु कि ! आमालाई एक्लै पहाडमा राखिरहन अब मनले पनि मान्दैन । दिदी विराटनगरमै हुनुहुन्छ । आमाको मन अलिक रमाउछ ।"

"रजनीको पढाइ ?" प्रचण्डले चासो देखायो ।

"पढिहाल्छे नि !" अनन्त हाँस्यो ।

चिया बोकेर आइरहेको भाइनाइकेतिर हेर्दै अनन्तले भन्यो, "मान्छेको जिन्दगी नदीको पानी भन्दा पनि थाहा पाइ नसक्नुको छ । निलो आकास मुनि बगेर त्यो कहाँ जान्छ जान्छ । जिन्दगी कहिले बतास जस्तो बेठेगानले बगिरहन्छ । कहाँ हलो जोतेर खाने मानिस, बन्दीहरुको चौकिदारी गरेर जीवनका व्यर्थ क्षणहरु गुजारिरहेछ ।"

"भाइनाइके दाइ, तपाईंको कथा सुनेर मेरो साथीको मन पग्लिएको छ ।"

"नपग्लिने मन त मनै होइन नि सर," भाइनाइकेको स्वर वेदनाको रहमा डुब्यो । "पन्ध्र वर्ष बिताएँ सर अन्यायको झ्यलखानमा । गरीबका दिन फिर्छन् भन्छन्, बाँच्ने यौटा आशा त्यत्ति हो । उप्रेतीको उछित्तो नहेरी त कसो मरुँला र !"

"अन्यायको यातना पाएको आवाजको गर्जन हो यो अनन्त । तिम्रो कलमले यो आवाजलाई सुन्दर फूल जसरी टिपोस ।"

प्रचण्डले विदा हुने बेलामा जिम्मेवारी थपिदिए जस्तो लाग्यो अनन्तलाई । भाइनाइके उसको कथाको पात्र भएर ठिङ्ग उभिएको थियो । आफ्नो कथामा फूलबुट्टा भर्न उ भाइनाइकेसँग कुरा गर्न थाल्यो ।

त्यही बेलामा प्रचण्डले रजनीलाई सोध्यो, "के पढ्छ्यौ एम. ए. मा ?"

"इको (अर्थशास्त्र) पढुँ भन्ने लाग्या छ । दाइले के भन्नुहुन्छ !"

"को दाइ, अनन्त ?" प्रचण्डले हाँस्तै भन्यो, "अनन्तले त कवितामा पि.एच.डी. गर भन्न बेर लाउदैन । दाइको पछि नलाग्नु, आफ्नो मनमा जे लागेको छ त्यही पढ्नु ।"

प्रचण्डसँगै रजनी पनि हाँसी ।

चियाको गिलास रित्तियो । प्रचण्डले उठ्दै भन्यो, "अब तिमीहरु जाउ । जाउलाखेलसम्म हिँड्नु पर्छ । घरको चाबी भाडावालहरुसँग छ । आफैं मागे हुन्छ । दिन गाह्रो माने भने एकपल्ट यहाँसम्म दुःख पाऊ, म चिठी लेखुँला । तर आफ्नो घर छोडेर अन्यत्र डेराडण्डातिर नलाग । पैसा नदिई नछोड्ने हो भने मेरो खर्च ब्यहोर्ने काम गर ।"

अनन्तले हात मिलायो, रजनीले नमस्कार गरी ।

चौतारोबाट ओर्लिएर बाटो लागेका दाजुबहिनीलाई प्रचण्डले देखुन्जेल हेरिरह्यो ।

पहिलोचोटी ढोका खोलेर कोठाहरुमा ताजा बतास छिराउँदा रजनीले कुनै दिन यी कोठाहरु आफ्नै हुनेछन् भन्ने कल्पना समेत गरेकी थिइन । एक महिना ती दाजु बहिनी अनन्तको पुरानै डेरामा बसेका थिए साँघुरो गरी । बीचमा जेलमा भेट्न जाँदा रजनीसँग मायालु पाराले रिसाएको थियो प्रचण्ड । उसले भनेको थियो, "दश दिन भैसक्यो सङ्कट भोगेको । यो अनन्तले के गऱ्या होला ?"

"जागीरको टुङ्गो नलागी डेरा नछोड्ने भन्नुहुन्छ दाई," रजनीले पोल लाएको हो कि जस्तो लाग्यो प्रचण्डलाई ।

"अर्को चोटी उसलाई पनि लिएर आउ । एकचोटी रिसाउनु पर्छ मैले अनि मात्र मान्छ त्यो मान्छे । कस्तो मसँग पनि पराइ जस्तो व्यवहार गरेको !"

रजनीलाई स्वभाविक लागेको थियो प्रचण्डको बोली ।

तर आएन अनन्त फेरि नक्खुमा । महिना दिन बित्यो । अहँ उ आएन । रजनी भने हप्ताको एक पल्ट आउँथी । सामान्य खबर सुनाएर उ सकेसम्म चाँडो फर्किन खोज्थी । प्रचण्डलाई उ केही बेर बसोस् जस्तो लाग्थ्यो । तर साँझ चाँडै आइदेला कि भन्ने डरले प्रचण्डले दुइ पटक त चिया समेत नखुवाई रजनीलाई फिर्ता पठाएको थियो ।

अनन्तसँग भेटेको दुइ महिना भैसकेको थियो । सधैँ जसरी यसपालि पनि रजनी नक्खु जेलको चौतारोमा एक्लै आएकी थिई ।

पत्रिकाको चाङ भाइनाइकेको हातमा थमाएर रजनीले भनेकी थिई त्यतिबेला, "दाइले काम पाउनु भयो । दुइ वर्षका लागि आमा पनि यतै आउनु हुने भो । पहाड सप्पै बेच्ने सल्लाह भएको छ । पहाडको खेत बेचेर पोहोर टङ्गीसिनवारीमा दुइ बिघा खेत किनिएको थियो । यसपालि आमाले बाँकि रहेको सबै खेत बेच्नु भयो । यसपालिको पैसाले टङ्गीमा तीन बिघा खेत थपियो । यसैपालि ठूल्दाइले थपथाप गरेर कञ्चनवारीमा तीन कट्ठा जग्गा लिनुभयो । पछि त्यहीँ घर बनाएर आमा विराटनगर नै बस्ने भन्दै हुनुहुन्छ । विराटनगरमा दिदीभिनाजुको आड हुन्छ भन्ने ठूल्दाइलाई पनि लागेको छ । घर नबनाउन्जेल आमा यहीं बस्ने रे । मलाई पढ्न सजिलो हुन्छ, दाइले पनि आमाको हातको भात खान पाउनु हुन्छ । त्यसैले हामीले आइहाल्नु भनेर खबर पठाएका छौं ।" आफूले यति लामो नालिबेली किन बखान गरेँ भनेर रजनीले पछिसम्म पनि थाहा पाउन सकिन ।

"आमा कहिले आउनु हुन्छ त ?" प्रचण्ड पनि अनन्तको घरभित्रै पस्यो ।

"हिजो हामीले खबर पठाएका थियौं । आउने बिहीबार आउनु हुन्छ होला ।" भाइनाइके हातमा चियाको गिलास बोकेर आउँदै गरेको देखी रजनीले । भाइनाइकेलाई हेर्दै उसले भनी, "चाबी माग्न अप्ठ्यारो लाग्यो रे दाइलाई । एउटा सानो चिठी लेखाएर ले भनेर आज मलाई पठाएको ।"

दङ्ग पर्‍यो प्रचण्ड । यति सजिलरी समस्या टुङ्गिएला भनेर उसले सोचेकै थिएन । अनन्तको हठ मरेकोमा उसलाई असन्तोक लागेन । आफ्नो लक्षप्राप्तीमा अनन्तले पनि एउटा भारी बोक्नेभयो भनेर उसले सन्तोषको सास फेर्‍यो । प्रचण्डको सास फेराइ हेर्दै रजनी छक्क परी । सुस्केरा जस्तो लाग्यो उसलाई । 'कतै घर दिनु परेको निश्वास त होइन यो !' रजनीले मनमनै भनी ।

"ठूलो बोझबाट मुक्त भएँ म आज," प्रचण्डले भाइनाइकेको हातबाट चिया समाउदै भन्यो, "घर नै मेरो छेकाबार थियो । दाइलाई नचाहिएको घर मलाई झन के चाहिन्थ्यो र । तर तिमीहरु आयौ । आमालाई पनि ल्याउने भएछौ । खुशी लाग्यो ।

"बुढेसकालमा आमालाई काम गर्न लाउनु हुँदैन भन्नु अनन्तलाई । अब आमाका सुखले बसेर खाने दिन आए । बरु अनन्तले बिहे गरेर आमाको बोझ हल्का गर्नुपर्छ," बोल्दा बोल्दै प्रचण्ड हाँस्यो ।

"दाइले बिहे गरेर आमाको चुलोचौको चल्दैन ।"

"किन ?"

"अनिताले पकाएको भात कहाँ खानुहुन्छ र आमाले !" रजनीले सजिलरी अनन्तको गोपनियता खोली ।

"अब त्यस्तो भनेर हुँदैन," प्रचण्डले पनि 'मलाई पनि थाहा छ' भन्ने भाकामा सजिलरी भन्यो, "आमा आउनु भएपछि एकपल्ट यहाँ लेराउनु, म आमालाई सम्झाउछु । अब पुरानो जमाना गयो । कति मिलेका ढुकुरका जोडी जस्ता छन् अनन्त र अनिता । केटाकेटीदेखिका साथी रहेछन् । आमाहरुको आपसी चिनजान पनि राम्रो छ । दुबैले आफ्ना बाहरुलाई गुमाइसकेका छन् । हामीले ती दुइको मन दुखाउनु हुँदैन । यो जातपात भनेको जनता ठग्नेहरुले सिर्जना गरेको नक्कली कुरो हो भनेर आमालाई सम्झाउनु पर्छ । राई भएर के भो र ? अनिता सुशील छिन्, सहयोगी छिन् भने त पुगिहाल्यो नि ! मैले देख्या त छैन, तर सुने अनुसार तिनी बसुन्धरा लाग्छिन् । आपतमा खारिएकी छिन् । आफ्नो बाबुको निधनपछि सिङ्गै घरको जिम्मा लिएर बसेकी छिन् । भविष्यमा अनन्त जस्तो कल्पनाशील मान्छेलाई तिनले नै राम्ररी रेखदेख गर्न सक्छिन् ।"

"खै !" रजनी अलमल्ल परी । प्रचण्डको निष्कर्षलाई घरमा लागू गर्न सकिन्छ ? रजनीको मनले सोध्यो । लागू गर्न सकिन्छ जस्तो लागेन उसलाई । अनिता र अनन्तको कुरो आमालाई फिट्टै थाहा छैन जस्तो त लाग्या थिएन रजनीलाई । तर कसले मुख फोर्ने ? कतै प्रचण्डबाट केही भइहाल्छ कि ! आशाको पातलो रेसो उसका आँखा अगाडीबाट तेर्सिएर प्रचण्डको आँखासम्म पुग्यो ।

चिया खाउन्जेलको गन्थन सकेपछि प्रचण्डले भाइनाइकेतिर फर्किंदै भन्यो, "दाई एउटा सानो चिठी लेख्नुछ घरमा, अफिसबाट कागज र कलम ल्याइदिनुस्, म एकछिन रजनीसँग कुरा गर्दै गर्छु । तपाईंले नै जँचाएर ल्याइदिनु होला ।"

भाइनाइके फुरुङ्ग परेर चौरको उत्तरपट्टिको कार्यालयमा गयो ।

"आमा आएपछि खर्च बढ्छ, कञ्जुस्याईं नगर्न अनन्तलाई भन्नु । आमा आउनु हुँदा पनि माथिका चार कोठाले तिमीहरुलाई पुगिहाल्छ । तलका मानिसलाई ननिकाल्नु । अलिकति भए पनि भाडा आइरहन्छ । तरकारी सरकारी चल्छ ।"

"दाइलाई म सुनाउँछु यो कुरो । दाइले के भन्नुहुन्छ कोनि !"

"दाइले जे भने नि आमालाई दुःख नहोस् भनेर तिमीले ख्याल गर्नुपर्छ । पहाडको खान्कीमा पाको भएको ज्यान काठमाण्डौको पानीमा रमाउदैन । आमा माछामासु खानुहुन्न क्यार, राम्रो सागसब्जी खोज्नु । उस्तै परे बाहिर झण्डै एक रोपनी जग्गा छ । आफैं लगाउन सक्दा ताजा तरकारी खान पाइन्छ ... ।"

"तपाईंलाई यस्तो घर व्यवहारको कुरो कसरी आउँछ ? दाइ त केही जान्दै जान्नुहुन्न ।"

"अनन्त कवि हो, स्वतन्त्र, फुक्का, बन्धनरहित ।" प्रचण्ड एकछिन चुपलाग्यो, "हामी भनेका राजनीतिकर्मी हौँ । हामीले दुनिया चिन्नुपर्छ, खराबीहरु बदल्न प्रण गर्नुपर्छ । अनन्त मनको राजा हो, कुनै छेकाबार नभएको । मन जता उड्छ, उसको शरीर पनि त्यतै रमाइरहेको हुन्छ । तर हामी त्यसरी वायुबेगले उड्न स्वतन्त्र छैनौं ।"

प्रचण्डको कुरो सुनेर हाँस उठ्यो रजनीलाई । खुशीको हाँसो ? कि व्यङ्गको हाँसो ? रजनीले छुट्याउनै सकिन ।

एकछिन उनीहरुको गन्थन बिथोलियो । प्रचण्डले, रजनीले नचिनेको कुनै अनाम व्यक्तिलाई सम्बोधन गरेर यत्ति लेख्यो, "तपाईं अनन्तलाई चिनिहाल्नु हुन्छ । अनन्त आफ्नी आमा र बहिनीसँग माथिल्लो तलामा बस्छन् । तपाईंहरुलाई पनि साथ हुन्छ । मेरो पनि खर्चबर्च चल्छ ।"

भाइ नाइके चिठी पढ्न सक्ने भैसकेको थियो । चिठीका अक्षरहरु नियाल्दै उसले चहुर पार गऱ्यो । जाँच्नुपर्ने के थियो र चिठीमा । उ तुरुन्तै फर्कियो पनि । प्रचण्डको हातबाट कागजको टुक्रो लिँदालिँदै रजनी उठी । प्रचण्डपनि बसेको ठाउँबाट जुरुक्क उठ्यो ।

"सबैभन्दा पछिल्लो हरफको कुनै माने छैन । अनन्तलाई सम्झाउनु, त्यो त भाडा बैङ्कमा जम्मा गर्न बेर लाउदैन," प्रचण्डको कुरो रजनीलाई अनौठो लागेन । अनन्तले प्रचण्डलाई भएको भन्दा बढी व्याख्या गरेर आकाशको देवता बनाएको थियो ।

"अब म जान्छु ।"

"म भन्दा अघि नै भाइनाइके दाई छुट्नु भयो भने र उहाँको भतिजो लिन आएन भने म उहीँ घरमै पठाइदिउँला । रात बस्न दिनु ।" प्रचण्डले साधिकार अह्रायो ।

"अप्ठ्यारो नमानी आउनु होला है दाई !" रजनीले पनि भाइनाइकेतिर फर्किंदै भनी ।

उ बिस्तारै चौतारोबाट तल झरी । चहुरमा उसको सारी घस्रिंदै गरेको हेरिरहेको प्रचण्डलाई झस्काउदै भाइनाइकेले भन्यो, "सरहरु कति सुहाँदिलो जोडी !"

प्रचण्ड नजानिदो पाराले हाँस्यो । उसले भाइनाइकेलाई ढाडमा कुटे जसरी ढ्याप्प पञ्जा बजाऱ्यो । भाइनाइके झन खुशी भयो ।

चिठी सोमबार लेखिएको थियो । बिहीबार नै आमा आउनु हुने भएकोले दाजु बहिनीले मंगलबार बिहानै लाजिम्पाटको आँगनमा पाइलो हाले । भाडावाल परिवारले फराकिलो स्वागत गऱ्यो । अब सँगै बसिने भैयो भनेर त्यो रमायो ।

रजनीले सबै कोठाका ढोकाहरु पालैपालो खोली । ती कोठाहरु कुनै दिन आफ्नै हुनेछन् भन्ने त्यतिबेलासम्म उसलाई लागेकै थिएन ।

बेला बेलामा तल बस्ने भाडावालहरुले झ्याल खोलिदिने गरेको हुनाले विशेष गरेर छुट्टीका दिनहरुमा सबै कोठा उज्यालो हुने गरी झ्यालढोका खोल्ने गरेको हुनाले कोठाहरुमा ढुसी परेको थिएन । त्यसैले रजनीले नाकनिक पनि गर्नु परेन । कताकति थुनिएका झ्याल ढोकाका गन्धहरु नाकमा पसेर उघारिएको झ्यालबाट फुरुर उडेर बाहिर गए ।

अनन्तले सकेजति गऱ्यो, तर सबैजसो काम रजनीले नै गरी । अनन्तको पुरानो डेरामा सामानै पो कति थियो र ? रजनी आएपछि खानपिनका अलिकति भाँडाकुँडा जोडजाड गरेका थिए तिनीहरुले । दुइ जनाका दुइटा बिछ्यौना । भुइँमा ओछ्याउने दुइटा राडी । दुइटा बाकस । दुइटा भरिया लाएर अनन्तले मैतिदेवीको डेरादेखि लाजिम्पाटको घरसम्म सामान ल्यायो । प्रचण्डको घरमा सरसामान सबै थियो । उनीहरुले आफ्ना ओढ्ने ओछ्याउनेहरु आफू आफू सुत्ने खाटमा ओछ्याए ।

एउटा नयाँ जिन्दगी शुरु भयो दाजु बहिनीको । घर जस्तो जिन्दगी । सबै थान्कोमुन्को मिलाइसक्दा साँझ खस्न खोज्दै थियो । बादलमा परेका घामका राता धर्साहरुलाई हेर्दै रजनीले अनन्तलाई जिस्क्याई, "दाइ, यतिबेला अनिता पनि यहाँ भैदिए मलाई कति हाइसञ्चो हुन्थ्यो होगि !"

अनन्त हाँसेन । उसले बढारकुँढारले मैलो बनाएका बहिनीका कपालका केस्राहरु केलाउँदै भन्यो, "अब अहिले यो सबै बिर्सी । आमालाई गाह्रो पर्छ । पहिले आमालाई विराटनगरमा घर बनाउन दिउँ । दाइको सरुवा विराटनगरमा भयो भने यसरी सोच्न सकिएला कि !"

एउटा उदास तरङ्ग हावाको पातलो सिरेटोसँगै उडेर गयो । रजनीले केही भन्न सकिन किनभने उसलाई थाहा थियो - त्यस्तो हुने सम्भावना असाध्यै न्यून छ । बुवाको वार्षिकी सकिएको साँझ सुरेन्द्रले उसलाई अलग्गै लगेर भनेको थियो, "एकाध वर्ष तैंले नै आमाको हेरविचार गर्नुपर्छ । केटाकेटी नै छु भन्ने नठान । मेरो जागीरको ठेगान हुँदैन । कहिले यहाँ, कहिले उहाँ । आमालाई सँगसँगै डुलाएर म दुःख दिन सक्तिन । आमाले एक्लिएको अनुभूत गर्नुभएको छ । जति सकिन्छ हामीले उहाँको स्याहारसुसार नै गर्नुपर्छ । अहिले अनन्तले पनि आमालाई लैजान सक्तैन । एक वर्ष तैंले हेर । त्यसपछि अनन्तको पढाइ सकिन्छ । उसलाई क्याम्पसको जागीर खोज भनुँला म । त्यसो हुँदा सरुवा सरुवा पनि भैरहँदैन । तैंले ढुक्कले एम.ए. गर्न पाउँछेस् । आमालाई पनि काठमाण्डौ नै लानुपर्छ ।"

दाइको कुरो सुनेर रजनी छक्क परेकी थिइ । उसका आश्चर्यचकित आँखातिर हेर्दै सुरेन्द्रले भनेको थियो, "अहिले अनन्तको एम.ए.को अन्तिम वर्ष हो । त्यसैले सबै कुरो म तँलाई नै भन्दैछु । उसलाई एक वर्ष कुनै बोझ दिनु हुँदैन । उसको पढाइ सकिएपछि म उसलाई जागिर खोज्न लाउँला । तीन चार कोठाको राम्रो डेरा खोज्न लाउँला । अब हामी पहाड बस्न सक्तैनौं । यहाँको सबै बेचबिखन गरेर मधेश झर्नुपर्छ । मैले दिदी भिनाजुसँग सबै कुरो गरेको छु । बरगाछी तिर तीन चार कट्ठा घडेरी र टङ्कीतिर तीन चार बिघा धानखेत भए हामीलाई पुग्छ ।"

अनन्तलाई थाहा नभएको कुरो रजनीलाई थाहा थियो । कञ्चनवारीको घडेरी त्यही पुरानो योजनाकै हिसाबले किनिएको थियो । 'अब त दाइलाई सबै कुरो भन्दा हुन्छ कि' भनेर एकछिन रजनीको मन डोलियो । तर उसले आफ्नो मन बाँधी । दाइले खेलाइरहेको आफ्नो कपाललाई सम्याउदै उसले अनन्तको मुखैमा हेरेर सोधी, "दाइ, म आमासँग कुरा गरुँ ? आमाले अनितालाई सिधै नाइँ त भन्न सक्नुहुन्न ।"

"अहिले हुन्दे, बुवा बित्नु भएको यो दोश्रो वर्ष हो । एक्लिएको आमाको मन दुख्छ । अब आमाले हामीलाई होइन, हामीले आमालाई सहनु पर्छ ।"

"अनि अनिता ? अनिताले कति पर्खने ?" एकछिन टोलिएपछि रजनीले सोधी ।

"अनितासँग प्रतिक्षाको धैर्यता छ रजनी," हराइसकेको घामको अनुहार हेर्न खोज्दै अनन्तले भन्यो, "अनिताको बुझाइ र मनोबलका बारेमा म प्रष्ट छु । उसैले मलाई भनेकी छ - आमाले सहजरुपमा स्वीकार्न नसक्दा अहिले वैधव्य पीडा बोकेको बेला हामीले यसबारेमा कुनै कुरो गर्नु हुँदैन भनेर । त्यसैले एकाध वर्ष पर्खिन सकिन्छ । तेइस चौबिस भनेको सामान्य हो विवाहका लागि ।"

"आमाले मेरै लागि यिनीहरु पर पर बसेका हुन् भन्ने थाहा पाउनु भयो भने आमाको चित्त दुख्तैन भन्ठान्नु हुन्छ ?"

"प्रतीक्षाको यो गुण हामीमा आमाबाटै आएको हो । अर्काका लागि आफूले दुःख खेप्न अप्ठ्यारो मान्नु हुँदैन भन्ने शिक्षा पनि हामीले आमाबाटै पाएका हौं । त्यसैले आमाको चित्त दुख्ने कुरै आउदैन," फेरि एकपल्ट अँध्यारिन थालेको आकासलाई नियाल्दै अनन्तले भन्यो, "अहिले यो सब झण्झट छोडिदे । अबको दशैंमा हामी सबै यहीं भेट हुन्छौं । अवस्था अनुकूल भएछ भने केही गरौंला । त्यतिबेला दाइ र दिदी पनि यतै आउनु हुन्छ ।"

छतको ढोका थुनेर दाजुबहिनी चोटामा ओर्लिए । घुर्मैलो अँध्यारो थियो । अर्थात कोठाहरुमा गोधुली छिरिसकेको थियो । दाजु बहिनी मिलेर सबै कोठाका बत्ती बालेपछि पहिलो दिन भनेर रजनीले तल्लो भऱ्याङको टाउकाको बत्ती पनि बाली । आँखा झिम्म्क्याउदा नझिम्म्क्याउदै घर उज्यालो भयो ।

आमा आएपछि घटेका घटनाहरुले भने तिनीहरुको पारिवारिक जीवनमा नयाँ मोडको चक्र घुमाउदै थियो । आमा बाहेक शायद अरु कसैले त्यसरी विषयलाई बोध पनि गरेका थिएनन् होला ।

बिहीबार आएकै दिन आमाले प्रचण्डलाई भेट्न जाने कुरो उठाउनु भएको थियो । प्रचण्डप्रति आमाको मायाको कारण अनन्त नै थियो । प्रचण्ड जत्ति राजनीतिमा हुत्तिए पनि अनन्तले आमालाई राजनीतिको खस्रो कुरो नसुनाई प्रचण्डले राम्रो काम गर्न खोजेको हुनाले मात्रै उसमाथि सुरक्षा कानून लगाएको हो र राजकाजको

बक्रदृष्टिसँग डराएरै मानिसहरुले उसको विरोध गरेका हुन्, वास्तवमा उ एउटा असल मानिस हो भन्ने जानकारी गराएको थियो । अनन्तकै कारण गएको नौ महिनादेखि नै आमाले प्रचण्ड र उसका जेलका साथीहरुका लागि सेल, अनर्सा जस्ता खानेकुराहरु, तीलको अचार, गाउँको राम्रो मासको दाल पठाइदिने गर्नुभएको थियो । नदेखीकनै आमाका लागि प्रचण्ड पनि सुरेन्द्र र अनन्त जत्तिकै प्रिय सन्तान भैसकेको थियो । पछिल्लो पाली प्रचण्डको घरमा बस्ने अनुमति पनि अनन्तले आमा र दाजुबाटै लिएको थियो । सुरेन्द्रले 'डेराको पैसै तिरेर बस्ने हो, गएर बस, सुरक्षा पनि हुन्छ' भनेर अनन्तलाई बल दिएको थियो । आमाले केही भन्नुभएको थिएन, तर बस्न नहुने उहाँलाई लागेको भए 'नबस्नु, अन्तै डेरा खोज्नु' भनेर आमाले भन्नुहुन्थ्यो भन्ने अनन्तलाई थाहा थियो ।

तर अनन्तले आमाको मन पढेको थिएन । प्रचण्डलाई छोरै जस्तो ठानेर आमाले हाम्रो मित्रतालाई दह्रिलो बनाइदिनु भयो भनेर उ ढुक्क भएको थियो ।

आइतबार रजनीले आमालाई नक्खु लिएर गई । कार्यालयमा उसले पत्रपत्रिकाहरु जिम्मा लाइदिई । प्रचण्डलाई भेट्ने जनाउ दिएर रजनी आमालाई लिएर उही पुरानो चौतारोमा गएर बसी । आमाका आँखाहरु जिज्ञासु थिए । पारी पाखाका खेतहरुले आमालाई आफ्नो गाउँको सम्झना गराउन थालेको थियो । डाँडामुनिको खेतको सम्झनाले उहाँलाई धेरै तरङ्गहरुमा घुमायो । तर वर्ष दिन भरि रुँदा आमाको आँशु सकिएको मात्र थिएन, उहाँको मन पनि दक्षिण पश्चिममा देखिने डाँडो जस्तै बलियो भैसकेको थियो ।

सधैँ जसरी प्रचण्ड अघि अघि र भाइनाइके पछिपछि ढोकाबाट बाहिर निस्किए । रजनीको अनुहार उज्यालो भयो । आमाले रजनीलाई नियालेर हेर्नुभयो । 'किन ?' आमाले आफैँसँग सोध्नुभयो । अझै उहाँका आँखाहरु प्रचण्डसम्म पुगेका थिएनन् ।

आमाले ०२७ सालमा प्रचण्डलाई बिहानको खाना खाने बेलामा झुलुक्क देख्नुभएको थियो । अनन्तले प्रचण्डलाई घरमै राख्नु भनेर चिठी लेखेको थियो, तर हुरी जस्तो प्रचण्ड कहाँ घरमै बसोस ! आएको राती उ बजारमा डेरा गरेर बसेका खोटाङतिरका विद्यार्थीहरुसँगै बसेको थियो । भोलिपल्ट बिहान बजार भन्दा बीस मिनेट परको अनन्तको घरमा भात खान पुगेको थियो । दिउँसोको कार्यक्रम सकेर उ लगत्तै दिक्तेल बजार जान भनेर पश्चिमतिर हान्निएको थियो एकजना बाटो देख्ने साथीलाई लिएर । त्यसैले आमाले प्रचण्डलाई तराजुमा तौलेर हेर्न पाउनु भएको थिएन ।

तापनि छोरीको आँखाले पछ्याइरहेको मानिस प्रचण्ड नै हो भनेर टाढैबाट चिन्न आमालाई अप्ठ्यारो भएन । कोगटीको कमिज सुरुवाल लाएको भए पनि प्रचण्ड पहिलेकै जस्तो रहेछ भन्ने आमाको मनले टुङ्गो निकाल्यो ।

"आमा, नमस्कार," प्रचण्ड जोसुकैसँग पनि कुशलतापूर्वक बोलीचालीको व्यवहार गर्न सक्थ्यो । अलिकति निहुरिएर नमस्कार गरेपछि उसले आमाकै छेउमा बस्तै भन्यो, "हजुर अस्ति बिहीबार आउने कुरो रजनीले भनेकी थिइन् । बाटामा अप्ठ्यारो त परेन ?"

"केही परेन," आमाले मायालु स्वरमा भन्नुभयो, "नानीलाई सञ्चै छ ?"

"म एकदम राम्रो छु आमा । जाडो लागिहाल्या छैन, गर्मी पनि मरिसकेको छ । हामी सुत्ने कोठाहरु माटाको जडान र हाम्रो गाउँघरको जस्तै माटैले लिपेका हुन्छन् । नुहाइधुवाइका लागि पानी प्रशस्त छ । म जस्ता साथीहरु तीस जना हुनुहुन्छ ।" एक्कासी उ रोकियो र भाइनाइकेतिर फर्किदै उसले भन्यो, "भाइनाइके दाइ, मैले त तपाईंलाई चिनाउनै बिर्सेँछु । उहाँ आमा, रजनीकी आमा ।"

"मैले देख्तै चिनीसकेको थिएँ । नानीको अनुहार ठ्याम्मै हजुरको जस्तै रहेछ," भाइनाइकेले आमालाई नमस्कार गर्दै भन्यो ।

"भाइनाइके दाइ," गन्थनमन्थनमै रजनीले मौका छोपीहाली, "सरलाई अलिकति सेल, तीलको अचार, अर्सा र अनर्सा ल्याउनु भएको छ आमाले । अर्सा चाहिँ नतताई खान सकिँदैन । चेक गराएर लगिदिनुस् है !"

"म लगिहाल्छु नि नानी," भाइनाइकेले छोटो जवाफ रजनीलाई दिँदै आमातिरै मान देखाएर भन्यो, "हजुर पनि अब काठमाण्डौमै बस्ने रे । नानीहरुलाई पनि आमाको छहारी हुनेभयो । राम्रो भयो, साह्रै राम्रो ।"

प्रचण्डले बुझ्यो भाइनाइके जान चाहँदैन । आमासँग के पो कुरो हुन्थ्यो घरायसी गन्थन बाहेक । उसले खानेकुरो लैजानुस् भनेर कर पनि गरेन । बरु भाइनाइकेले नै सोध्यो, "सर, हजुरहरु सबैलाई चिया लेराउने हो ?"

"आमा चिया खानुहुन्छ रजनी ?" प्रचण्डले सोध्यो ।

रजनीले तर प्रचण्डलाई जवाफ दिइन । उसले भाइनाइकेलाई सिधै जवाफ फर्काइ, "पर्दैन दाइ, आमा चिया खानुहुन्न, खाना खाने बित्तिकै हिँड्या, आज म पनि चिया नखाने ।"

रजनीको जवाफ सुनेर भाइनाइके मुसुक्क हाँस्यो । उसले सोधेको थियो प्रचण्डसँग, जवाफ आयो रजनीबाट ।

"नानी, यसो जोगिएर, हाम्रो अनन्त जस्तो छेउकिनार लागेर काम गर्न मिल्दैन ?"

आमाहरु यस्तै प्रश्न गर्छन् भन्ने प्रचण्डलाई थाहा थियो । त्यसैले पनि यस्तो प्रश्नको उत्तर दिन उसलाई अप्ठ्यारो पर्दैनथ्यो ।

"आमा, सुरेन्द्र दाइ जागिरे मान्छे । उहाँलाई हामीजस्तासँग सङ्गत गर्न पनि डरमर्दो हुन्छ । अनन्त कवि मान्छे । उ डर-भर केही नभएको मान्छे । म राजनीतिक मान्छे । डराउनु त हामीले पनि हुँदैन, तर हामीले अनन्त जसरी स्वच्छन्द भएर उड्न पनि हुँदैन । मान्छेले हामी माथि विश्वास गरेका छन् । हामीले त्यसको अनादर गर्नु हुँदैन ।"

"सधैं यस्तै हो नानी ?" आमाको स्वरमा चिन्ता थियो ।

"सधैं त किन यस्तै हुन्थ्यो र आमा," प्रचण्डले सम्झाउने पारामा भन्यो, "हामीले मागेको अन्याय, अत्याचार नहोस, जालीझेली काम नहोस् भन्ने हो । आमालाई सके थाहा छैन, हाम्रो यो भाइनाइके दाइ यस्तै जालझेलको खेलमा परेका छन् । दाजु मारेको बात् लागेको छ यिनलाई । तर यिनको भतिजाले हामीसित यो सप्पै झुठो आरोप हो भने । दोलखाका उप्रेतीले मान्छे मारेर यिनलाई फँसाएछन् । यस्तो हुनुहुन्छ र आमा ?"

"हुन्न नानी, हुन्न," आमाले सहमती जनाउनु भयो । भाइनाइके फुरुङ्ग पऱ्यो ।

आमा त्यसपछि प्रचण्डलाई भेट्न नक्खु जानुभएको थिएन । तर उहाँको मन सधैं त्यही चौतारामा बास बसिरहन्थ्यो ।

दशैं आयो परिवारजनलाई एकजूट पारेर । एक वर्ष दशैं मनाउन नपाउदा धेरै लामो समय टरेको जस्तो लागेको थियो सबैलाई । सुरेन्द्र र रजनीले अनन्त र अनिताका बारेमा एकान्त छलफल पनि गरे । तर नयाँ कुरो केही भएन । सुरेन्द्रले पनि अनन्तकै भनाइ दोहोऱ्याउदै भन्यो, "अलिक दिन हुन्दे । आमाको मन बुझेर कुरो चलाउनु पर्छ ।"

बैङ्क अलिक अगाडी नै खुल्ने भएको हुनाले टिकाको भोलिपल्टै सुरेन्द्रले बीरगञ्ज फर्किने कुरो गरेको थियो आउँदा आउँदै । त्यसैले टिकाको साँझ आमाले छोराहरुलाई आफ्नो सुत्ने कोठामा बोलाउनु भयो । जेठी बुहारी र रजनी भान्छाको काममा ब्यस्त थिए ।

"सुरेन्द्र, बा जानुभएदेखि मेरो एउटा मात्रै पिरोलो छ । कान्छाले अनितालाई मन पराएको छ, जुगजमाना अर्कै हुँदैछ, बा भए के गर्नुहुन्थ्यो, तर मैले यसलाई रोक्नु हुँदैन, मलाई तेत्रोविधि मान दिने अनिताको मन दुख्ने कुरो मैले सोच्नु पनि हुँदैन । रहँदा बस्ता कान्छो पनि विराटनगरतिरै घरजम गर्छ । तँ पनि अब ठेगानले बस्ने ब्यवस्था मिला । कञ्चनबारीमा हाम्रो जग्गासँग जोडिएको दुइ कट्ठा जमिन छ, त्यो किन्न मन लागेको छ । त्यति भएपछि तिम्रा केटाकेटीहरु छानो र भात नपाएर मर्दैनन् " आमाको कुरो सुनेर दाजुभाइ छक्क परे । तर आमाले उनीहरुको अनुहारको चासो नराखी भन्नुभयो, "त्यसैले तिमीहरुप्रति मेरो चिन्ता मरेको छ । तर रजनीका लागि तिमीहरुले केही सोचेका छौ कि छैनौ ?"

दुबै दाजुभाइ अझैसम्म अलमल्ल परेका थिए । तर जेठो भएको हुनाले सुरेन्द्रले बोल्नु पर्थ्यो । उ बोल्यो पनि, "आमा रजनीले कम्तिमा पनि बि.ए. पास गरोस् । हामी सबैले पढ्यौं, त्यसले पनि अलिकति पढोस् । बीचमा केटो खोजौंला ... ।" सुरेन्द्र अघि बढ्न सकेन ।

"तिमीहरु सोच, मैले एउटा केटो देखें," आमाले छोराको कुरो काट्दै सम्झाउने पारामा भन्नुभयो, "तेरो पनि साथीको भाइ हो, कान्छाको त साथी नै हो । शीलस्वभाव भएको, कुलतमा नलागेको, पढेलेखेको केटो घरैमा छ ... ।"

"आमाले प्रचण्डलाई भन्नु भा ?" अनौठो मानेर अनन्तले सोध्यो ।

"केही खोट छ र ?" आमाले छोरैलाई सोध्नुभयो ।

"खोट त केही छैन ।"

"छैन भने हुन्दे," आमाले छोरालाई रोक्दै भन्नुभयो । "तैंले राजनीतिको कुरो गर्न आँटेको होलास । राजनीति गर्नेको पनि त घरपरिवार हुन्छ । हाम्रै नारदमुनि थुलुङ्गको छ । याकुका ठाइला ढकाल, पोखरेका माइला र काइँला कोइरालाको पनि घरपरिवार छ । उमेरको कुरो हो, पछि ब्यवहारले चेप्तै गएपछि सबै ठीक हुन्छ । मत यति राम्रो केटो भन्ने बित्तिकै पाइएला भन्ने ठान्दिन नानी हो ...।"

छोराहरुले थोरै बोले, आमाको बोलीले उनीहरुलाई तल बसाइरह्यो । रजनी, आमा र दाजुहरुलाई भात खान बोलाउन आउँदा उनीहरुको गन्थन पनि सकिइसकेको थियो ।

"अनन्त, आमा सांसारिक मोहबाट उम्किन खोजिरहनु भएको छ," सुरेन्द्रले आफ्नो भाइलाई खुसुक्क भन्यो, "बुवाको निधनपछि आमा सबैका लागि ग्राह्य हुने कोशिस गरिरहनु भएको छ । अनिताको कुरो पनि आमाले यसैकारण छिमल्नु भएको हो । आमालाई संसार नै भारी लाग्न थालेको छ । अझै आमाको शोक घटेको छैन । ख्याल राखे, आमालाई कुनै प्रकारको दुःख अनुभव हुनुहुँदैन । म भाउजुलाई केही दिनका लागि यहीँ छोडेर जान्छु । तिहारमा

दिदीलाई पनि बोलाउँला, म पनि यतै आउँछु । लानैपरे तिहारपछि भाउजुलाई लिएर जाउँला । आमाका सामू हाम्रो सुखदुःखले कुनै अर्थ राख्तैन । सारा दुःख झेलेर आमाले हामीलाई खुट्टा टेक्ने बनाउनु भएको छ । आमाको मन छिसिक्क पनि दुख्नु हुँदैन ।"

"तर प्रचण्डको राजनीति सामान्य छैन भन्ने त तपाईंलाई थाहा छ नि," अनन्त एकछिन रोकियो, "मैले प्रचण्ड र उसका साथीहरुलाई चिनेको छु । अहिले बजारमा चलेको राजनीति भन्दा उ पृथक छ । उनीहरु ठूलो सामाजिक परिवर्तनको हिस्सेदारीमा लागेका छन् । प्रचण्डको जीवनको कुनै ठेगान हुँदैन । कुनै पनि बेला तलमाथि हुनसक्छ ।"

"भविष्य कसको सुरक्षित छ र ?" सुरेन्द्रले झ्यालबाट बाहिर नियाल्दै भन्यो, "तल बितल पर्दा पनि हामी छौं भनेर मन थाम्नु पर्छ । छोराछोरीले मानेनन् भन्ने आमालाई नलागोस । अब हामी बाहेक आमाको कुनै सहारा छैन ।"

अनन्तले केही भनेन । उसलाई लाग्यो - बाहिर रात परेको छ, तर उनीहरुको घरभित्र उज्यालोको नयाँ नक्षत्र छिरेको छ ।

जति सजिलरी छुट्छु भन्ठानेको थियो प्रचण्डले, ब्यवहार त्यस्तो भएन । महिनाको हिसाबले उसले असौज १ गते नै छुट्नु पर्थ्यो । तर उसले झ्यालखानका बारहरु बाहिरको दशैंको अनुहार यो साल पनि हेर्न पाएन । अघिल्लो दशैं र यसपालिको दशैंमा केही भिन्नता भएन । काठमाण्डौका साथीहरु टिकाको दिन भेट्न आए । आमा आउन सक्ने स्थिति नभएको हुनाले अनन्तले आमाको हातको टिको प्रचण्डको निधारमा टिकाइदियो । मासु नभए पनि प्रचण्ड र उसका साथीहरुलाई कुस्तै पुग्ने सर्दाम पठाइदिनु भएको थियो आमाले ।

बरु भाइनाइकेले भने चौखण्डी पायो । प्रचण्ड नछुटेको हुनाले भाइनाइके छुट्न पाउछु भन्ने विश्वासमा थिएन । तर पुष १४ गतेको बिहान माफी मिनाहा पाउने कैदीमा शेरबहादुर खँड्काको नाम देखेपछि उसले शान्तिको लामो सास तान्यो । पन्ध्र वर्षदेखि हराएको उसको यो परिचय एकछिनका लागि उसैलाई पनि नयाँ लाग्यो ।

"आज कलेज छुट्टी छ," प्रचण्डले स्वतन्त्र भैसकेको शेरबहादुर खँड्कालाई सम्झाउदै भन्यो, "शेरु दाइ, रजनी आउँछिन् पक्कै पनि । तपाईं छुट्नु हुन्छ कि हुन्न भन्ने चासो छ घरमा सबैलाई । त्यसैले बिहानको भात यहीँ खानेगरी पर्खिनुस् । रजनी आउँदा ११-१२ बजेतिर आउँछिन् । तपाईंका भतिजा पनि आइपुग्न सक्छन् त्यतिबेला । भतिजा पनि आएनन्, रजनी पनि आइनन् भने एक बजेतिर तपाईं यहाँबाट हिँड्नु होला । म तपाईलाई बाटो घाटोको नाम, नक्सा अनि घरको ठेगाना दिउँला । माथि जाउलाखेलमा कस्तो गाडी चढेर रत्नपार्क पुगिन्छ भन्ने थाहा पाएपछि तपाईं सजिलै दरबारको उत्तरी पर्खालमा पुग्नुहुन्छ । सोध्न अप्ठ्यारो नमान्नु होला । उत्तरी पर्खालमा पुगेपछि सरस्वतीथान कता हो भनेर सोध्नु होला । सरस्वतीथानको मूलढोकाको उत्तरपट्टीको रातो दुइ तले घर नै हाम्रो घर हो । सरस्वतीथान अगाडीको सानो पसलमा सोधखोज गरे तपाईं घरको ढोकैमा पुग्नुहुन्छ ।"

"भरसक त नानी आउनु होला हैन सर !" पन्ध्र वर्षपछि स्वतन्त्र भएको शेरबहादुर बाहिरको संसारसँग डराइरहेको थियो ।

"अथवा म कुनै पुलिसलाई अनुरोध गरौंला, तपाईका लागि मान्छन् धेरैले," प्रचण्डले शेरबहादुरलाई आश्वस्त पार्दै भन्यो ।

साढे दश बजेतिर शेरबहादुर खँड्काको भतिजो आइपुग्यो । शेरबहादुरले त्यतिबेलासम्म भात खाइसकेको थियो । आठ वर्ष गुजारेको झ्यालखान भित्र शेरबहादुर पस्न नपाउने भैसकेको थियो । उ स्वतन्त्र थियो । तर प्रचण्डका लागि साँच्चै उसको मन दुखेको थियो । भतिजो आइपुगेन भने के गर्ने भनेर आत्तिइरहेको उसको मनको ठेगान लागिसकेको थियो । तर प्रचण्ड सरले रजनी आउने आश गरेको हुनाले उनी नआउन्जेल शेरबहादुरको मन पनि दुःखिरहने थियो ।

"नानी, एकाध घण्टा बसौं है, तैंले खानपिन गरेको छस् कि छैनस्, छैनस भने भित्रबाट मगाइदिन्छु," शेरबहादुरले आफ्नो गुमेको अधिकार जाहेर गर्दै हँसिलो अनुहारले भतिजालाई भन्यो ।

"पर्दैन काका," भतिजाले निश्वास छोड्दै मलिन स्वरमा भन्यो, "अब कहिल्यै झ्यालखानको भात खानु नपरोस् ।"

"हिँडिहाल्ने भन्छस् त !"

"होइन, आज जिल्ला गइंदैन," भतिजाले पहिलेकै सुस्केरामा भन्यो, "आज शहरमै बस्नुपर्छ, त्यसैले भरेभरै जाँदा पनि हुन्छ ।"

"चिया खान्छस् ?"

"खान्न काका, अब झ्यालखानको केही खान्न," भतिजाको स्वरमा बाक्लो निराशा थियो । शेरबहादुरलाई लाग्यो, झ्यालखान भन्दा बाहिरको संसार झनै साँघुरो छ, झन बिरसिलो छ ।

"त्यसो भन्नुहुन्न नानी, झ्यालखानमा खराबै खराब मात्र बस्छन् भन्नु हुँदैन । यहाँ म जस्ता निर्दोषहरु विनाकारण सास्ती पाएर बसिरहेका छन्, प्रचण्ड सर जस्ता विद्वानहरु दर्जनभर यहीँ हुनुहुन्छ । झ्यालखान भन्ने बित्तिकै तिरस्कार गर्नु हुँदैन । हामी 'कालो अक्षर कौनो काम, हलो जोत्यो खायो माम' भएका हुनाले हामीलाई केही थाहा छैन । संसारका ठूला ठूला मानिसहरुले झ्यालखानमा धेरै वर्ष गुजारेका छन् भन्नुहुन्थ्यो प्रचण्ड सर र उहाँका साथीहरु," शेरबहादुरको मनले प्रचण्ड र उसका साथीहरुलाई मनमनै नमस्कार गर्दै कुरो अघि बढायो, "यहीँ झ्यालखानमा भएकाहरुमा पनि ठूला ठूला मानिसहरु छन् ।"

"र पनि काका," भतिजाले आफ्नो बिरह पोख्यो, "झ्यालखान सम्झियो कि उप्रेतीको सम्झना आइहाल्छ । भित्र तपाईंले कसरी दिन काट्नु भयो होला, बाहिर हामीले एक दिन पनि सन्तोकको सास फेर्न पाएनौं । अरुका दशैं र तिहार आउँथे हाम्री आमाको आँखामा आँशुको भल बग्थ्यो । आमाले यी बितेका पन्ध्रओटा दशैंमा एक पल्ट पनि आँखा ओभानो पार्न पाउनु भएन । चरिकोटको मेघनाथ लम्साल सर नभएको भए हामी उहिल्येई गाउँ छोडेर हिँडिसक्ने थियौं । उप्रेतीका लाठेहरुले "गोत्रहत्याराको खलकले गाउँमा बस्न सुहाउँदैन, भाइमाराका मतियारहरु निस्कीहाल, गाउँ छोडिहाल भनेर कम्ति दुःख दिएनन् । त्यो सङ्कटको घडीमा हामीलाई आड दिने भनेका स्कूलका सरहरु मात्रै थिए । पछि त मेघनाथ सरलाई पनि अराष्ट्रियतत्व भनेर जिल्ला निकाला गरायो उप्रेतीले ।"

"कैल्यै भनिनस् त तैंले, यत्रो दुःख खेपेको रैछस् ।"

"तपाईंले सुनेर पिरिने बाहेक अर्को कुन काम हुन्थ्यो र ?" भतिजाले सुस्केरामै स्वर फ्याँक्यो । "मैले त एकाध पटक 'भनुँ कि आमा' भनेर सोधेको पनि थिएँ । आमाले पटक्कै मान्नु भएन । 'झ्यालखानमा बसेका बिचरा तिनले के गर्न सक्छन् र ? एकपछि अर्को तोड परेर तिनी कति गलेका होलान् ! निर्दोष हुँदा हुँदै दाजु मारेको वात लाग्यो, स्वास्नी पोइल गई, दुइ वर्षकी बालक छोरी झण्डै टुहुरी भई, भुक्तमान न दे' भनेर अड्काउनु भयो । अहिले पो तपाईं बाहिर निस्कनु भयो भनेर मैले सबै खोलेको ।"

शेरबहादुर खँड्का छक्क पऱ्यो ।

काका भतिजाको गन्थन सुन्न रुखको छायाँ चौतारोको ठीक्क सतहमा बस्यो ।

'आजको दिन रजनी नानी त आउनै पर्ने हो,' शेरबहादुर आफ्नै मनसँग बतासियो । 'के था' घरमा के कस्तो पर्दो हो, आउन्नन् होला ।'

शेरबहादुरका लागि झ्यालखानको नियमकानून नौलो थिएन । उसले ब्याडमिण्टन खेल्ने तयारी गरिरहेको असइसँग प्रचण्डसँग विदा भएर जान अनुमति माग्यो । अब पहिले जसरी भित्रबाहिर गर्न सजिलो थिएन । त्यसैले पाँच मिनेट जति उ आफूले आठ वर्ष बिताएको आँगनलाई नियालेर उभिइरह्यो । प्रतीक्षाको दश मिनेट नबित्तै प्रचण्ड ढोकामा आयो र भन्यो, "लु राम्रो भयो शेरबहादुर दाइ, भतिजो आएकै थियो, रजनी पनि आइछन् ... ।"

आफूले बोल्न नपाउदै प्रचण्डले कुरो टिपेको सुनेर छक्क परेको शेरबहादुरले पछिल्तिर फर्किएर हेऱ्यो । कस्तो अनौठो ! उसको ठिक्क पछिल्तिर रजनी उभिइरहेकी थिई । आफ्नै चिन्तामा हतासिएको शेरबहादुरले रजनीको पदचाप पनि सुनेनछ ।

"रजनी, धेरै बेरदेखि काकाभतिजा तिमीलाई पर्खिएर बसिरहेका छन् । ढिलो गऱ्यौ तिमीले । अब सँगै लैजाउ ।"

प्रचण्डको आदेशलाई रजनीले सहजै सकारी ।

"शेरबहादुर दाइ, एकाध दिन बसेर मात्रै गाउँ जानु होला," प्रचण्ड शेरबहादुरतिर फर्कियो ।

"खै सर, जवाइ पनि हुन्छ कि हुँदैन," शेरबहादुरले दुःखी स्वरमा भन्यो, "गोत्रहत्यारोको घर, भाइमाराको घर भनेर पानी काड्न खोज्दै छन रे उप्रेतीले । अहिलेसम्म म थिइन गाउँमा, त्यसैले पानी नै काडेका थिएनन् । अब त्यो पनि गर्लान् जस्तो छ । म त नजाउँ कि पो भन्दैछु । यसो सानोतिनो काम गर्छु । घरमा भाउजु, छोराछोरीहरुलाई सके जडौरी पठाउँछु नसके अहिलेसम्म जसरी बाँचिरहेका थिए, त्यसरी नै भोलि पनि बाँच्नेछन् । म गाउँमा गएँ भने त सर घरकाले साह्रै दुःख पाउछन् । बैरीलाई छ्याक्क काटेर फेरि झेल आउदा पनि घरकाको दुःख घट्दैन ।"

"त्यसो भन्नु हुँदैन दाइ," प्रचण्डले सम्झाउने भाकामा भन्यो, "रहर गरेर जेल आउने होइन, जेल त वाध्यताको बास हो । जनता बलिया नहुँदासम्म न जालीझेलीको राज हो । उसै पनि तपाईंले भाग्नुपर्ने परिस्थिति कसरी आउला र ? तपाईंले यसरी हरेस खानुभयो भने भाउजु र छोराछोरीको के हालत होला ? कल्पना गर्नुस त तपाईं नभएको बेलामा समेत भाउजुलाई उप्रेतीको उत्पीडन सहन केले बल दियो होला ? अहिले तपाईं त्यता जाँदै जानुभएन भने भाउजु र छोराछोरीहरु माथि कति ठूलो विपत्तीको पहाड टुट्ला ? यस्तो भन्नु हुँदैन शेरबहादुर दाइ । जहाँ जानुभए पनि अन्यायको राजले तपाईंलाई खेद्न छोड्दैन । म काठमाण्डौमै पक्राउ परेको होइन र ?" प्रचण्ड एकछिन चुपलाग्यो । आफ्नो बोलीले शेरबहादुर माथि कुनै असर पारेको छ कि छैन भनेर उसले फलामे ढोका बाहिर उभिएको मानिसको अनुहारलाई सपक्क नियालेर हेर्‍यो । अनुहार बिग्रिएको थिएन अहिले । त्यसैले उसले एकछिन बाहिरको चहुरमा खेलिरहेका प्रहरीहरुतिर हेर्दै भन्यो, "पुष्कर कुँवर भन्ने एकजना सर जानुभएको छ दोलखा । पहिले जिरीमा हुनुहुन्थ्यो । अहिले दोलखामै हुनुहुन्छ । उहाँलाई भेट्नु र मेरो नाउँ लिनु । उहाँले यथेष्ट सहयोग गर्नु हुनेछ । भागेर जीवन कहाँ जोगिन्छ र दाइ ?" प्रचण्ड एकछिनका लागि रोकियो, "फेरि के उप्रेतीहरु तपाईंको गाउँमा मात्रै खामिएका हुन् र ? जहाँ जानुस् त्यतै उप्रेतीहरु भेट्टाउनु हुनेछ तपाईंले । दाइ, बाहिरको संसार ठूलो छ, तर त्यो पनि यो जेलभन्दा भिन्न छैन । सानो जेलबाट तपाईं ठूलो जेलमा जानु भएको छ । लौ जानुस् अब," प्रचण्डले जबरजस्ती शेरबहादुरलाई विदा गर्न खोज्दै भन्यो ।

"एकछिन रजनी नानीसँग कुरा नगर्ने ?" शेरबहादुरको अनुहार अँध्यारो हुँदै थियो । अब चाहिँ साँच्ची विदा भइयो भन्ने उसलाई लाग्नथालेको थियो ।

"आज ढिलो भयो, तपाईंहरु जानुस् । पत्रपत्रिका र खानेकुराको झोला अफिसमा बुझाइदिनु होला," प्रचण्डले बोल्दा नबोल्दै शेरबहादुर जेलको कार्यालयतिर लागिसकेको थियो । एकान्त परेको मौका छोपेर प्रचण्डले रजनीसँग भन्यो, "बाहिरको सांसारिक कुरा पचाउन शेरबहादुरलाई समय लाग्छ । व्यवस्था मिल्यो भने केही दिन काठमाण्डौमै राख्नु । शेरबहादुरको बस्ने ठाउँ छैन होला, यसो दुइ चार दिन घरमा बस्न दिँदा हुन्थ्यो भनेर मैले भनेको छु भनी आमालाई सम्झाउनु है !"

रजनीले फेरि स्वीकृतिसूचक टाउको हल्लाई र भनी, "जाडो लाग्यो भनेर आमाले विराटनगर जाने मन बनाउनु भएको छ । कि यो दाइलाई पनि पठाइदिउँ उतै !"

"बुझ र टुङ्गो गर । यतिका वर्षपछि चार पर्खाल बाहिर निस्किएको मान्छेको मन एकछिन भाँडिए पनि घर परिवारसँग भेटघाट गर्ने उसको धोको सजिलै मर्दैन । त्यसैले एकपल्ट जालान् । गाउँमा टिकेर बस्नुपर्छ त भनेको छु मैले । त्यहाँ पुष्कर कुँवर भन्ने हाम्रा साथी छन् । तिमीले एउटा परिचयको चिर्कटो लेखिदिनु बरु । पुष्कर हाम्रो असल साथी हो । पढाइ छोडेर गाउँमा गएर शिक्षक भएर बस्नुभएको छ । उहाँको आड यिनीहरुले पाउँछन् । त्यति हुँदा पनि टिक्नै सकेनन् भने यिनीहरुको परिवारलाई नै बिराटनगर पठाइदिँदा हुन्छ । खेती छ, कसै न कसैलाई दिनुपरेकै छ । अरुको ठाउँमा यिनीहरुले नै गर्छन्, खान्छन्," अर्तिको भाकामा प्रचण्डले भन्यो ।

रजनी धेरैबेर बसिन । शेरबहादुर र उसको भतिजो उसैतिर हेरेर उभिइरहेका होलान् भन्ने उसलाई लाग्यो । प्रचण्डलाई नमस्कार गरेर उ फरक्क फर्किई । उसका आँखाहरुले एकपल्ट ती जोडी बाउछोरालाई खोजे । अहँ, शेरबहादुर अझै आइसकेको थिएन ।

रजनी चौतारोको आडमा गई र भतिजोलाई भनी, "भाइ, जाउ काकालाई बोलाएर ल्याउ, अब हामी जानुपर्छ ।"

केटो चौतारोबाट ओर्लिएर अफिसतिर लाग्यो । अलमलिनु पर्ने नै के थियो र ! शेरबहादुर अफिस कोठाबाट निस्किएको देख्ने बित्तिकै रजनीले झ्यालखानको आँगन बाहिरतिर पाइला चाली । काकाभतिजाले उसकै पाइलो पछ्याए ।

आँगनको पूर्वको छेँडो काटेपछि बाटो खुत्रुक्क सडकमा निस्कियो । रजनी देब्रेतिर मोडिइ । शेरबहादुर पनि उसँगसँगै बाटोको किनारै किनार उत्तर लाग्यो । एकछिन तेर्सो हिँडेपछि बाटो करैँचे उकालो उकालो लाग्यो । उकालामा आफ्ना पाइला छोट्याउदै रजनीले सोधी, "दाई, कस्तो लागिरहेछ !"

"सबै कुरो मनै त हो नि नानी, मन रमाए संसार रमाइलो हुन्छ, मन पिरिए संसार अँध्यारो हुन्छ," शेरबहादुरको बोली सुनेर रजनी छक्क परी ।

"तपाईंको घरमा कति जहान छन् त दाइ अहिले," रजनीले कुरो बराली ।

"भाउजु हुनुहुन्छ, यही भतिजो केटो छ, यो भन्दा सानी छोरी छ, त्यो बीस महिनाकी हुँदा म झेल परेँ । आमा एक वर्ष पनि पर्खिएर बस्न सकिन । खाउँ लाउँको उमेर थियो । हिँडी भनेर त्यसलाई पनि के दोष दिनु । ज्यान

केसमा परेको मान्छे अब बीस वर्ष फर्किदैन भनेर हिँडी । त्यसैले छोरी पनि भाउजुकै काखमा हुर्किइ । भाउजुलाई नै आमा भन्छे ।"

"उप्रेतीले झुटो मुद्दा लाउँदा पनि गाउँलेले सद्दे सर्जिमिन गरेनन् ?"

"प्रचण्ड सरले भन्नुहुन्थ्यो - 'बिचरा ती गाउँलेको पनि दोष छैन । जिम्दारको आतङ्कका अघिल्तिर को बोल्न सक्छ र ?' त्यस्तै भयो होला नानी । म उप्रेतीहरुको पहिलो शिकार होइन । म भन्दा अगाडी तीन जना उप्रेतीको जालमा परेर झेलमा परेका थिए । दुइ जनाको त उठिबासै भएछ । ज्यान र घरबार माया मार्न सबैले कहाँ सक्छन् र ?"

"अब के गर्ने विचार गर्नुभएको छ ?"

"एक मन भन्छ नजाउँ, यतै भारी बोकेर ज्यान पालुँ । तर आज सरले 'त्यसो नगर्नु, भाउजु र केटाकेटी माथि झन सङ्कट थपिन्छ' भन्नुभयो । सरको एकजना साथी हुनुहुन्छ रे चरिकोटमा । बाटैमा पर्छ । पहिले त्यहाँ जान्छु । उहाँसँग भेट्छु । उहाँले पनि सल्लाह दिनुहोला, आड दिनुहोला । सरले 'मेरो साथी हो, म जस्तै हुनुहुन्छ' भन्नुहुन्थ्यो । सर जस्तै त को मान्छे होलान् र !" उकालो सकिएको ठाउँमा उभिएर शेरबहादुरले एकछिन नक्खु जेलतिर आँखा घुमायो । रजनी पनि उसको सारमा ठिङ्ग उभिइ । उ पनि बेलामौकामा यहीँ आएर उभिन्थी र बाटो लाग्थी ।

"सरका साथीहरु सबै सर जस्तै हुन्छन् दाइ," रजनीले शेरबहादुरलाई कुरामा डुबाउँदै भनी, "अन्याय अत्याचारको नाश होस, सबै मानिसले स्वतन्त्रताको सास फेर्न पाउनु पर्छ भन्नेहरु नै सरका साथी हुन् । त्यसैले उहाँका साथीहरु प्रति अविश्वास गर्नुहुन्न ।" रजनी एकछिनका लागि रोकिई, "तपाईंले मेरो दाइलाई त चिन्नु भएको छ नि !"

"चिन्छु, रामरी चिन्छु," शेरबहादुरले उत्साहित स्वरमा भन्यो, "सर भन्नु हुन्थ्यो नानीको दाइ ठूलो कवि हो । फुक्का मनको, कतै पापको लेस पनि नभएको । सबैको भलो चाहने । नानीको दाइ र सरको मितेरी कता हो कता ठूलो छ । सरका सबै साथीहरु त्यस्तै के होलान् र ?"

"त्यस्तै हुन्छन् दाइ, त्यस्तै हुन्छन् । उहाँले भन्नुभएको पुष्कर पनि त्यस्तै हुनुहुन्छ । उहाँहरु सत्यको पुजारी हो, न्यायको सिपाहीँ हो । त्यसैले उहाँहरु सप्पै उस्तै हुनुहुन्छ ।"

"त्यस्तो भैदिए त," शेरबहादुरको आशा पलाउदै थियो ।

"तिमी चाहिँ के गर्दैछौ भाइ ?" रजनीले चुपचाप पाइला चालिरहेको भतिजोलाई सोधी ।

"घरमा अलिकति बारी छ । त्यसैको जोतखन गर्छु," भतिजोको स्वर सामान्य थियो ।

"लेखपढ गऱ्यौ अलिअलि ?"

"पाँच क्लाससम्म पढँ । त्यसपछि रहर हुँदा हुँदै पनि पढ्न सकिन । पैले मेघनाथ सर हुनुहुन्थ्यो, माइला जिम्दारसँग पटक्कै नडराउने । उहाँले नै पढाउनु भएको थियो । उहाँलाई अराष्टेतत्व भनेर जिल्ला निकाला गरेपछि अरु सरहरुले मलाई पढाउन मान्नुभएन ।"

"किन ?"

"भाइ, तिमीलाई सिधै च्याप्न नसकिने भैयो । किताबहरु पठाइदिउँला, यसो साँझ बिहान हेरी पनि दिउँला, माइला जिम्दारले त्यस केटालाई स्कूलबाट ननिकाले स्कूलै खारेज गर्दिन्छु भनेका छन् । अबदेखि स्कूल नआउ है' भन्नुभयो । त्यसपछि मैले पढ्नै छोडिदिएँ ।"

"अहिलेसम्म मेघनाथ जस्तो अर्को कुनै सरसँग भेट भएको छैन ?"

"एक जना हुनुहुन्छ, हाम्रै जिल्लाको । पहिले जिरीमा पढाउनु हुन्थ्यो, अहिले दोलखामै पढाउनु हुन्छ । पह्नार साल आउनु भाथ्यो । मेघनाथ सरले जसरी नै कुरा गर्नुहुन्थ्यो । अन्याय अत्याचारका सामू लत्रिनु हुन्न । लत्रियो भने त्यसले झन झन थिच्छ भन्नुहुन्थ्यो ।"

"पुष्कर कुँवर त होइन उहाँको नाउँ ?" रजनीले अँध्यारैमा तीर हानी ।

"दिल्लाई कल्ले भन्यो ?" केटो पनि छक्क पऱ्यो ।

"कसैलाई नभन्नु," रजनीले साँच्चै खुसुक्क भनी, "प्रचण्ड सरको साथी हो उहाँ ।"

"हाम्रो सरले चरिकोटमा भेट्नु भन्नुभएको साथी उहाँ नै हो ?" शेरबहादुरको अनुहार उज्यालो भयो ।

"हो," रजनीको स्वरमा उत्साह थपिएको शेरबहादुरलाई पनि थाहा भयो, "अब मनमा चिन्ता नलिनुस् दाइ, दुइ चार दिन काठमाण्डौ हेर्नुस् । त्यसपछि घर जाँदा पुष्कर सरलाई भेट्नुस् । भतिजाले चिनेकै रहेछ । म पनि एउटा चिठी लेखिदिउँला ।"

जाउलाखेल आइसकेको थियो । रजनीले पहिले शेरबहादुरलाई बसमा चढाइ । त्यसपछि आफू र भतिजोलाई चढाइ । भतिजो केटो बसको पैसा तिर्न खोज्दै थियो । भाइलाई हकारे जसरी हकारी रजनीले ।

रत्नपार्कमा ओर्लिए तिनीहरु ।

“दिदी, अब हामी जान्छौँ,” भतिजाले रजनीसँग विदा माग्ने भाकामा भन्यो ।

“कहाँ जान्छौ यतिबेला ?” रजनीले छक्क पर्दै सोधी ।

“हाम्रो मामा पर्ने एकजना हुनुहुन्छ डिल्लीबजारमा, हामी त्यहीँ जान्छौँ ।”

“त्यस्तो कहाँ हुन्छ ? आज हाम्रो घर जाने, उहीँ बस्ने । एक दुइ दिन घुम्ने । अनि दोलखा जाने,” रजनीले भतिजो केटोको हातमा समाउदै भनी, “तिमीले काठमाण्डौ हेऱ्या छौ, तर काकालाई यो कस्तो संसार हो भन्ने थाहै छैन ।”

केटो अन्कायो । रजनीले उसको मन आफूसित जान मानिरहेको छैन भन्ने थाहा भयो रजनीलाई ।

“ठीकै छ, पहिले घर जाउँ । आमाले पनि शेरु दाइलाई भेट्न खोज्नु भएको छ । आज आमाको आशिर्वाद लिनु अनि भोलि बिहानै जानु । हुँदैन ?” रजनीले फकाई ।

निस्पृह थियो शेरबहादुर । ‘संसार यत्तिको मायालु भैसकेको छ ?’ उसले आफैँसँग उत्तरहीन प्रश्न सोध्यो ।

“मैले त जानैपर्छ दिदी, नत्र मामाले पीर गर्नुहुन्छ” केटो जिद्दी गऱ्यो ।

“त्यसोभए यसो गरौँ” नयाँ ढङ्गले सम्झाउन थाली रजनीले, “अहिले हामी हाम्रो घरमा जाउँ । आमा पनि खुशी हुनुहुन्छ । यसो खाजा खाउँ । तिमीले बाटो देखेकै छौ । चार पाँच बजेतिर मामाकोमा जानु । एकाध दिन बस्ने मन भए जता बसे पनि हुन्छ । दोलखा जाने नै हो भने फेरि एकचोटी आमालाई भेटेर जानु । हुन्न ?”

“हुन्छ,” केटो पनि खुशी भयो ।

ओरालो लाग्नथालेको घामसँगै तीन जना प्राणीहरु सरस्वतीथान अघिल्तिरको रातो घरको भऱ्याङ्ग चढे ।

महायात्रा

"अनन्त किन आएन अझै ?"

साँझ खस्नै आँटेको थियो । राजदरबारको उत्तरी पर्खालको डीलैडील रोपिएको बाक्लो बाँसझ्याङमा चिरबिर चिरबिर गर्ने चराचुरुङ्गीहरुले साँझलाई धर्तीमा ओर्ल ओर्ल भनेर बोलाइरहेका थिए । छत्तिस महिनाको जेल यातनालाई पार गरेर प्रचण्ड आजै मात्र छुटेर आएको थियो । तीन वर्षपछिको खुला संसार उसका लागि नौलो भैरहेको थियो । एउटा फराकिलो क्षितिजमा ओर्लिएको महसुस भएपछि उसले आफ्नो मनले खाएका ठाउँहरु घुमेर पाँच बजेतिर मात्रै घर जाने विचार गऱ्यो ।

चैत लाग्दो दिन, शीतल थियो । जाडो मरिसकेको थियो, तर गर्मीले काठमाण्डौलाई तताउन पाइसकेको थिएन । त्यसैले नक्खुको फलामे ढोकाबाट बाहिर निस्किएका पाइलाहरुलाई उ सरासर आफ्नो घरमा छिराउन मानिरहेको थिएन । कता जाउँ ? एकान्तकुनामा बन्दै गरेको चक्रपथको डीलमा उभिएर ओरिपरि हेरेपछि उसको मनले टुङ्गो गर्दै उसलाई अह्रायो, "जता आफ्नो थात हो, त्यतै जा ।"

फेरि नौ महिना थपिने हो कि ! झ्यालखानको आँगनमा निस्किने बित्तिकै फेरि गिरफ्तार भइने पो हो कि ! जस्ता तर्कनाले झ्यालखानको कार्यालयमा रिहाइको कागज लेखिँदै गर्दा पनि प्रचण्डले आफ्नो स्वतन्त्रताको अनुभूति गर्न सकेको थिएन । धेरै पटक रिहाइ र पुनर्गिरफ्तारीको नाटक देखेको थियो, सुनेको थियो प्रचण्डले । तीनपल्ट आफैँले पनि भोगेको थियो उसले । पटक पटक धोका खाइसकेको हुनाले छुट्ने दिनमा कुनै आफन्त अथवा कोही साथीलाई बोलाउन मन गर्दैनथ्यो प्रचण्ड । बाहिर लिन आएको साथीलाई रित्तै फर्काउनु परेको त्यो पहिलो घटनालाई रातभर बिर्सिन सकेको थिएन प्रचण्डले । आफ्नो सपनाको सोपानका कारण होइन, प्रचण्डलाई नलिइ फर्किनु पर्दा साथीहरुको अनुहारमा ओर्लिएको अँध्यारो ओझेलले दिक्दार बनाएको थियो उसलाई । त्यो रात, प्रचण्डका लागि चिताइनसक्नुको पीडा बोकेर नक्खु जेल भित्र छिरेको थियो । त्यसैले यसपालि उसले कसैलाई नक्खु जेल बाहिरको चौतारोमा बोलाएको थिएन । अनन्त र रजनीलाई पनि उसले कडाइका साथ भनेको थियो, "मलाई लिन तिमीहरु नआउनु । छुटेँ भने म घरमै आइहाल्छु, छुटिन भने भोलिपल्ट भेट्न आउनु, अर्को नौ महिना थपिएछ भनेर चित्त बुझाउनु ।"

"अनि सामान ?" त्यतिबेला रजनीले सोधेकी थिइ ।

"छुट्ने नै भएँ भने म आफैँ ट्याक्सी खोजेर आउँला, ट्याक्सी पाइएन भने बाहिरको अफिसमा सामान राख्न लगाउँला । भोलिपल्ट लिन आउँला ।"

अनन्तले प्रचण्डको कुरो खाएको थियो । रजनीले पनि ठूलो आपत्ती गरेकी थिइन ।

त्यसैले काँधमा एउटा सानो झोला झुण्ड्याएर प्रचण्ड भैँसेपाटी जाने बाटोमा निस्कियो र एकान्तकुनातिर उकालो चढ्न थाल्यो ।

जाउलाखेलको चोकमा आइपुगेपछि प्रचण्डको मनले भन्यो - 'कति दिनलाई होला र यो स्वतन्त्रता ! घर त आफ्नै हो एकपल्ट शहर चहारीहालौँ । आजै फेरि पक्रिएछ भने कसैलाई पत्तै हुँदैन, पत्तै नहुने हुनाले कसैलाई पीर पनि हुँदैन ।'

जासुसहरु पछि पछि हिँडिरहेका होलान् भन्ने नै लागिरहेको थियो त्यतिबेलासम्म । 'तिनलाई पनि एकछिन थप दुःख दिनुपर्ला,' अनन्तको मनले फेरि भन्यो । आफ्नो पुनः गिरफ्तारीप्रति उत्तिसाह्रो चिन्ता थिएन प्रचण्डमा । गिरफ्तारी उसको जीवनको अभिन्न अङ्ग भैसकेको थियो । तर उसका कारण रजनी, अनन्त र आमाहरुको सलललल बगिरहेको जीवनमा अप्ठ्यारो र कुरुप बाँध पो लाग्ने हो कि भनेर बढी डराएको थियो उ ।

जाउलाखेलबाट शहीदढोकासम्म जाने बिचारले बसमा चढ्यो प्रचण्ड । चैतको दिउँसो उत्तिसाह्रो भीड थिएन बसमा । ड्राइभर पछाडिका तीन सीट खालि नै थिए । बसमा चढेपछि पो उसलाई बेस्सरी गर्मी लाग्यो । होला, भरखरै उकालो बाटो छिमलेर त्यहाँ उभिन आइपुगेको थियो । उसले आफू छेउको झ्याललाई राम्ररी खोलिदियो । बस गुडेर अघि घिसारिने बेलामा एकमुठी धुलो ह्वास्स प्रचण्डको मुखभित्र छिऱ्यो ।

शहीदगेटमा बसबाट ओर्लिएर प्रचण्ड धरहरातिर लाग्यो । उसलाई एकपल्ट पिपलबोटसम्म जान मन लागेको थियो । बितेका तीन वर्ष पिपलबोट उसको स्मृतिमा मात्र उभिएको थियो । पिपलबोट, त्यस अगाडीको सन्देशगृह,

बसन्तपुर छेउको चीनिया पुस्तकालय र न्यूरोडगेट छेउको भारतीय पुस्तकालय प्रचण्डका सबैभन्दा मनपर्ने ठाउँहरु थिए । तीन वर्ष अघिसम्म फुर्सदको समय पाउना साथ उ यतैतिर हान्निइहाल्थ्यो ।

'तीन वर्षपछि कस्तो भएको होला यो ठाउँ !' प्रचण्डको मन बरालियो ।

धरहरा छेउको खिचापोखरी उस्तै थियो मासु गनाइरहने फोहोर ठाउँ । पानोरमा होटेलभन्दा उत्तरको भाग उस्तै वैभवशाली थियो । धरहरा छेउको भागलाई अनन्तले गरीब नेपाली जस्तै देखेको थियो भने यताको भाग चाहिँ महलहरुको बासमा निदाउने मालिकहरुको बस्तीमा रुपान्तरित भएको थियो । "ठयाक्कै नेपालको प्रतिबिम्ब भएछ यो ठाउँ," मनकै सम्झनामा खिसिक्क हाँस्यो प्रचण्ड । अमेरिकन लाइब्रेरीको मुखबाट पश्चिमतिर मोडियो उ । पाइला गन्न पाउदा नपाउदै उ रमागृह छेउको पिपलबोट अघिल्तिर पुगिहाल्यो ।

सिङ्गै शरीरलाई ओरिपरि घुमायो प्रचण्डले ।

'लौ खा !' बाटो पारीको सन्देशगृह नदेखेर छक्क पर्‍यो उ । कताकति मुटु दुखेजस्तो भयो प्रचण्डलाई ।

"संसार फेरिइरहन्छ," मनमनै गुनियो प्रचण्ड, "सन्देशगृहले सन्देश छर्न नपाओस् भनेर त्यसलाई कतै मिल्काई दिएजस्तो छ ।"

नाकको डीलमा देखिने परको चोकमा जुद्धशमशेरको सालिक ठिङ्ग उभिएको थियो । लाज लाग्यो प्रचण्डलाई त्यतातिर हेर्न । उ फसिकेवको गल्लीतिर लाग्यो । बाङ्गोटिङ्गो परेको गल्ली छिमल्दै उ इन्द्रचोकको आकाशभैरब मन्दिर अघिल्तिर उभिन पुग्यो ।

यतै थियो प्रचण्डले क्रान्तिको दीक्षा पाएको एउटा ठाउँ । त्यतिबेला टि.आर. विश्वकर्माले आफ्नो घरमा आउने विद्यार्थीलाई प्रगतिवादी साहित्यको छन्को दिने काम गरेको गुनलाई प्रचण्डले बिर्सिएको थिएन । पछि विश्वकर्माजीको आस्था रुपान्तरित भयो भन्ने थाहा थियो प्रचण्डलाई । त्यसैले अहिले उसलाई त्यो घरको भर्‍याङ्ग चढ्न मन लागेन । उ सोझै उत्तरतिर हान्नियो ।

किलागल हुँदै उ ठहिटी चोकतिर उकालो लाग्यो । ठहिटी चोकको पश्चिमतिरको एउटा फोटो स्टुडियो भित्रको घरमा विद्यार्थी राजनीतिको तातोमा बल्झिएको एउटा बैठकको सम्झना पलायो उसको मनमा । "कहाँ होलान्, त्यतिबेला चर्की चर्की बहस गर्ने विद्यार्थी नेताहरु !" प्रचण्डले आफैँसँग सोध्यो र उत्तरहीन भएर अस्कल निस्कने बाटोतिर लम्कियो ।

बिहानको भात झ्यालखानमै खाएर बाहिर निस्किएपछि एकछिन जेल कार्यालयको लहनतहनमा अलमलिएर ११ बजे भैँसेपाटी जाने बाटोमा उक्लिएको अनन्त आफ्नो घरको आँगनमा पुग्दा तीन बजेको थियो । यो चार घण्टाको अन्तरालमा उसले फसिकेवको गल्लीमा बसेको पुरानो आर.सी. ममचा रेष्टुराँमा एक प्लेट ममचा खाएको थियो भने अस्कल होस्टेलको अघिल्तिरको पसलमा एक कप चिया पिएको थियो ।

"कति चाँडै बितेछ यो समय ?" प्रचण्डले आफैँसँग सोध्यो ।

आज प्रचण्डको छुट्ने संभावना छ भन्ने रजनी र अनन्तलाई थाहा थियो । त्यसैले उनीहरु उसैलाई पर्खिएर बसिरहेका होलान् भन्ने प्रचण्डको अनुमान थियो । आमा विराटनगर गैसक्नु भएको छ भन्ने पनि प्रचण्डलाई थाहा थियो । त्यसैले आफ्ना प्राणजस्तै लाग्ने ती दाजुबहिनीलाई एकैचोटी भेट्ने उत्साहले प्रचण्डलाई फुरुङ्ग पार्‍यो ।

आफ्नै घरको ढोकामा बिजुलीको घण्टी लगाएको कुराको पत्तो उसले पाएकै थिएन । त्यसैले पहिले उसले ढक् ढक् गरेर ढोका ढकढक्यायो । एकछिन पर्खिएपछि भित्रबाट कसैले ढोका खोल्यो र छक्क परेका आँखाले प्रचण्डको निरीक्षण गर्दै सोध्यो, "कसलाई खोज्नुभएको होला !" यस अघि प्रचण्डले नदेखेको त्यो मानिसले प्रचण्डलाई सम्झाउदै भन्यो, "त्यहाँ ढोकाको छेउमा घण्टीको स्वीच छ, त्यहाँ थिच्नु होस् है अबदेखि ।"

आफ्नै घरमा परदेशी बनेको प्रचण्ड नजानिदो पाराले लाज मान्दै हाँस्यो ।

"यो घण्टी राखेपछि म यहाँ आएकै रहेनछु," आफ्नो अघिल्तिरको आँखालाई स्पष्टीकरण दिँदै प्रचण्डले भन्यो ।

"अनि अहिले कसलाई खोज्नु भएको होला !" त्यो उत्सुक आँखाले सोध्यो ।

झन झन छक्क पर्दै थियो प्रचण्ड । आफ्नो स्वरलाई ओरालेर उसले भन्यो, "माथिल्लो तलामा अनन्त र रजनी छैनन् ?"

"हुनुहुन्छ, रजनी दिदी हुनुहुन्छ," ढोकामा उभिएको मानिसले बाटो दिँदै भन्यो ।

आफ्नै घरमा नयाँ आगन्तुकको जस्तो पाइला चाल्दै प्रचण्ड भर्‍याङतिर लाग्यो । भर्‍याङको पुछारमा पुगेर उसले सुस्तरी बोलायो, "अनन्त ? रजनी ?"

"को हो ?" माथिबाट रजनीले बोलेको भुईंतलामा उभिएका दुबैले सुने । एकछिन सन्नाटा छायो । माथि कोही हिँडेको छ कि छैन भन्ने दुबैलाई ख्याल भएन । भऱ्याङ्गको टाउकामा आएर रजनीले तल हेरी र आश्चर्यले भरिएको उत्साहमा कराई, "आपुई, आइपुग्नु भो !"

उ हुत्तिँदै तल ओर्लिई । प्रचण्डलाई घरैमा देख्ता उसलाई के गरौँ के गरौँ भएको थियो । एक्लै भए सके उ प्रचण्डलाई अँगालै हाल्थी होला, तर सँगै उभिएको डेरावालले उसको अनुहारभरि संकोचको रङ पोतिदिए । आफ्नो उत्तेजनालाई ठेगान लाउन केहीबेर उ प्रचण्डलाई हेरेर उभिइरही । त्यसैबेला डेरावालले रजनीको संकोच पोतिएको अनुहारतिर नियालेर हेर्दै भन्यो, "मैले त अघि झ्वाट्ट देख्ता चिन्नै सकिनछु, दाइ प्रचण्ड होइन ?"

"कसरी चिन्नु भो ?" प्रचण्ड अब सहज भैसकेको थियो ।

"माथि तपाईंको फोटो छ नि !"

दुइजनाको कुराले वताससँगै आकासमा उडिरहेको रजनीको मन फुत्त पृथ्वीमा ओर्लियो ।

उसले प्रचण्डलाई भनी, "जाउँ माथि नै," रजनीको प्रस्ताव सुनेपछि प्रचण्ड अघि अघि लाग्यो । प्रचण्डले भऱ्याङका खुट्किला चढ्न थालेपछि रजनीले डेरावाल भाइलाई "गिरिस, तिमी पनि आउ सरका कुरा सुन्न" भनेर बोलाई । डेरावाल भाइ खुशी हुँदै रजनीको पछि पछि भऱ्याङ चढ्न थाल्यो ।

माथिल्लो तला उज्यालो थियो, र त्यो शितल पनि थियो । तीन वर्ष अघिको कोठामा कुनै तलबितल परेको थिएन । पाहुना कोठा जहींको तहीं थियो । रजनीका छरिता हातले त्यसको स्याहार गरेको थियो । प्रचण्ड सरासर गएर झ्यालको आडमा राखिएको कुर्ची अघिल्तिर उभियो । रजनीले छेउमा उभिएको भाइलाई आफ्नो आडैको कुर्चीमा बस्न अनुरोध गरी ।

"भाइको घर कहाँ ?" कुराको थालनी प्रचण्डले नै गऱ्यो ।

"धनकुटा," भाइले पनि एकैचोटी औपचारिक परिचयको ढोका खोल्दै कुरो अघि बढायो, "अहिले कीर्तिपुर पढ्दैछु एम.ए. नेपालीको पहिलो वर्षमा । मेरो नाउँ गिरिस पोखरेल । रजनी दिदी मेरी ठुलीआमाकी छोरी ।"

"रजनी, अनन्त खै ?" यतिन्जेल पनि अनन्तको चालचुल नदेखेर छक्क परेको थियो ।

"दाई निरासिएर गएको छ कतै," रजनीले कुरो बढाउँदै भनी, "अघि दुइ बजेसम्म यहीं थियो । बाह्र बजेतिर एकपल्ट म नक्खुतिरै गएर खबर बुझेर आउँछु भन्दैथियो, हामीले 'पर्दैन' भनेर रोकेका थियौँ । दुइ बजेसम्म खुई खुई गर्दै बसिराथ्यो, यसो सडकतिर निस्किएर आउछु भनेर गाथ्यो, आउला ।"

"ठीकै भो, उता गएको भए उसले बेकारमा दुःख पाउने थियो । म एघार बजेतिरै त्यहाँबाट निस्किएको थिएँ ।"

"गिरिस, राजनीति कस्तो लाग्छ तिमीलाई ?" आफन्तै ठानेपछि प्रचण्डले सिधै आफ्नो कार्यसूची गिरिसका सामू पस्कियो ।

"म अनन्त दाइको भाइ हुँ सबै हिसाबले । राजनीतिको नदीको किनारमा उभिनसम्म त सकिएला, तर त्यो नदीमा हेलिन सक्छु जस्तो मलाई लाग्दैन । राजनीति भनेको जुलेबी जसरी जेलिएको चक्रब्युह हो जस्तो लाग्छ मलाई । चक्रब्युह तोड्न अर्जुन नै चाहिन्छ भन्ने बुझाइ छ मेरो । म अर्जुन हुन सक्तिन । तर राजनीति गर्नेहरु मलाई असल लाग्छन् । अनन्त दाइ भन्नुहुन्छ - राजनीति गर्नेलाई हामीले सम्मान गर्नुपर्छ, उनीहरुकै भरोसामा देश चल्छ । राजनीतिबाट समाजलाई अलग्याउने तरीका राम्रो हुँदैन, त्यसैले राजनीति गर्नेहरुका लागि हामीले धरातल बनिदीनु पर्छ ।"

"अनन्तले भन्दैमा राजनीति गर्नेहरु असल हुन्छन् भन्न मिल्छ ?" प्रचण्ड खिसिक्क हाँस्यो ।

"अहिलेको परिस्थितिमा राजनीति गर्नेहरु साँच्चैमा असल हुन्छन् । के छ तिनको जिन्दगीमा ? जेल, नेल, यातना । दिन दिनको असुरक्षा, भयावह कुण्ठा, अँध्यारो क्षितिज, विक्रितिदै गएको सामाजिक संस्कार र त्यो संस्कारलाई ठेगानमा ल्याउने जिम्मेदारी पाएका अर्जुनहरुलाई असल नमान्ने हो भने जिन्दगीलाई तिरस्कार गरेर बानप्रस्थी बने हुन्छ ।"

"गिरिस, तिम्रो साहित्यिक खेती अहिले बन्द गर । केही बेरमा तिमी - कविताको गुराँस सुन्नुहुन्छ दाइ भनेर सोध्न बेर लाउदैनौ" रजनी एकछिन अड्किई, त्यसपछि उसले प्रचण्डतिर हेर्दै सोधी, "केही खाजा खाने ?"

"खाजा पर्दैन, बरु हामी सबै सँगै चिया खाउँ । घरको चियाको तिर्सना जागेको छ ।"

रजनी बैठक कोठाबाट बाहिर निस्किई ।

"गिरिस तल तिमी एक्लै बस्छौ ?"

"हामी दुइ जना बस्छौँ ।"

"दुबै जना कीर्तिपुर धाउने ?"

"होइन, म मात्रै," गिरिसले फेरि व्याख्या गर्दै भन्यो, "धनकुटामा डिप्लोमा सकेपछि काठमाण्डौमा पढ्ने मन बनाएँ । बिराटनगर झरेँ । विराटनगरमा भत्भती पोलिएँ । सानिमा कहाँ गएँ र विराटनगरमा पढ्नै नसक्ने भएँ भनेर गनथन गरेँ । धनकुटाको चिसो पानीमा रत्तिएको मुनाल चरो कहाँ विराटनगरको भावरमा टिकोस् ? त्यही बुझेर सानिमाले 'दाइ, दिदी काठमाण्डौमै बसेका छन्, तँ त्यहीँ बस्नु, एकआपसमा आड हुन्छ' भन्नुभयो । त्यसैले म त सरासर बसबाट ओर्लिएर यहीँ आएँ । तल दुइटा कोठा खालि रहेछन् । धनकुटामा बैङ्कमा काम गर्ने एकजना दाई पनि केन्द्रीय कार्यालयमा सरुवा भएर काठमाण्डौ आउनु भएको थियो । हामी दुइले ती दुइटा कोठा लियौँ । यसरी पाँच महिनादेखि म घरको परिवार भएर बसिरहेको छु ।"

"तिम्रो बोलीले नै तिमी कवि जस्तो लाग्छौ," प्रचण्डले मुसुमुसु हाँस्दै सोध्यो, "तिमी कविता कतिखेर लेख्छौ ? कविता किन लेख्छौ ?"

"दाइले नेपालीका प्राध्यापक गुरु हेमचन्द्र पोखरेलको नाम सुन्नुभएको छ ? छैन होला । उहाँको एउटा कविताको टुक्रो सुनाउँ ?"

गिरिसको उत्साही स्वरलाई साथ दिँदै प्रचण्डले भन्यो, "सुनाउ, रजनीले कविता नसुनाउ त भनेकी छैनन् नि ।"

गिरिस मन खोलेर हाँस्यो । त्यसपछि उसले सानो स्वरमा भन्यो, "दाइलाई थाहै छैन, रजनी दिदी लुकी लुकी कविता लेख्नुहुन्छ ।"

"जीवनको यो भवसागरमा मानिसको जिउने सहारा यही एउटा कविता त छ । त्यसैले जोकोहीले पनि कविता मार्फत आफूलाई अभिव्यक्त गर्न चाहन्छ ।" प्रचण्डको स्वर थाहै नपाई गम्भिर भयो ।

"दाइ आफैं कवि हुन थाल्नुभयो । त्यसो भए म दाइलाई हेमचन्द्र गुरुको कविताको टुक्रो सुनाउन चाहन्छु:

मोटर चढेर घर्घर् फर्फर् उडाई झण्डा
मन्त्री बनी अनेकौं सुख चैन गर्नुभन्दा
मैला सबै बढारी पारिदिने पवित्र
च्यामे भएर जन्मूँ नेपाल देशभित्र

मलाई कवि बन्ने प्रेरणा दिने कविता यही हो र यही कविताको सम्मान गर्न म कवि बनेको हुँ ।"

गिरिसको कविता र कविताप्रतिको धारणा सुनेर प्रचण्ड छक्क पऱ्यो । उसले त्यतिबेलासम्म साँच्चै नै हेमचन्द्र पोखरेलको कविता सुनेको रहेनछ ।

रजनी एउटा थालीमा तीन कप चिया बोकेर कोठाभित्र भित्रिई ।

"म तिम्रो कविता सुन्दै थिएँ," उसले हाँस्तै भनी ।

"होइन दिदी, म त दाइको प्रश्नको उत्तर मात्रै दिँदै थिएँ । कविताको कित्तामा त मैले हातै हालेको छैन ।"

गिरिसको रमाइलो उत्तर सुनेर सबैजना हाँसे ।

थाहै नपाई घाम ओरालो लाग्ने तरखर गर्दै थियो । चियाको चुस्कीसँगै प्रचण्डले भाइनाइके शेरबहादुरको खोजीनीति गर्दै रजनीसँग सोध्यो, "भाइनाइके दाइ, मधेसको खेतीमा रमाएका छन् ?"

"आमालाई विराटनगर छोड्न जाँदा दाइसँग भेट भएको रहेछ । अर्को साल भाउजु र केटाकेटीलाई यतै ल्याउँछु भन्दै हुनुहुन्थ्यो रे ।"

रजनीको उत्तरले सन्तोक दिएन प्रचण्डलाई । उसले सुस्केरा ओकल्दै भन्यो, "अन्यायसँग भागेर कहाँ जोगिन सकिन्छ र ?"

"तर पुष्करजीको मृत्युपश्चात भाइनाइके दाइहरु कसरी त्यो जिल्लामा टिकिरहन सक्थे र ? सत्ताको आड पाएका जिम्दारहरुले दाहिनेतिर उभिएर प्रतिवाद गर्नसक्ने खालका सबैलाई एकपछि अर्कोलाई मार्दै जाने र देब्रेतिर उभिएर प्रतिवाद गरिरहेकाहरुलाई त्यही हत्याको अभियोग लाएर जेलमा कोच्दै जाने भएपछि मान्छे कहाँ टिकिरहन सक्छ र ?"

"टिक्नै पर्छ," प्रचण्डले बोलीमा जोडबल लगाउँदै भन्यो, "भागेर पुगिने ठाउँ कहाँ छ र ? पहाडबाट भागेर मधेस जाउ, मधेसमा उही शोषण, दमन छ । त्यहाँबाट भागेर पुर्खाहरु बर्मा गए, बिजोक भएरै पछि फर्किनु पऱ्यो ।"

"साँच्चै दाइ, यतिबेला जताततै उदास मृत्यु, पञ्जा तिखारेर बसिरहेको छ । कोही, कहीँ कतै सुरक्षित छैन । सुरक्षाका लागि मुग्लान पसेकाहरु देशबाट पठाइएका सर्पहरुद्वारा मुग्लानमै डसिएका छन् । नेत्र गुरागाईंहरु मिल्केको गुराँसमा फुलेका छन्, सरोज कोइरालाहरु तालको कमलमा फुलेका छन् ।"

गिरिसको साहित्यमा यसपालि हाँसेन प्रचण्ड । उसले चियाको अन्तिम चुस्की तान्दै भन्यो, "गिरिस, तिमी कविता लेख । तिम्रो कविता मेरो राजनीति भन्दा सुन्दर हुनेछ ।"

"दाई, तपाईं मलाई धेरै नफुर्क्याउनुस्," गिरिसले प्रचण्डको मान राख्तै भन्यो, "कविहरुलाई प्रेरणा र प्रशंसा कर्णप्रिय लाग्छ, तर प्रशंसाले धेरैलाई लडाएको पनि छ ।"

"नडराउ, कविहरु प्रशंसाबाट पछारिँदैनन्," प्रचण्डले सम्झाउदै भन्यो, "प्रशंसाले पछार्ने भनेको राजनीति गर्नेलाई हो ।"

"दाइ, म कहिल्यै झ्यालखान गएको छैन र झ्यालखान जानु नपरोस् भन्ने पनि मेरो चाहना हो, तर भविष्य कसको पो सुरक्षित छ र ? कुनै दिन झ्यालखान परिहालेँ भने त्यहाँ कसरी जीवन बिताउने भनेर म तपाईंसँग केही सोध्न सक्छु ? तपाईंको जेल जीवनको कुनै सानो हिस्सा थाहा पाउन सक्छु ?"

"तिमी यही डरले मलाई जेलमा भेट्न नआएको त होइन ?" प्रचण्डले फिस्स हाँसेर सोध्यो ।

"त्यसो त होइन दाई," अप्ठ्यारो नमानी गिरिसले भन्यो, "एकपल्ट, खालि एकपल्ट भेट्न जाउँ कि भन्ने लागेको थियो । सानिमा तपाईंको कुरो गरेर कहिल्यै थाक्नुहुन्नथ्यो । त्यसैले तपाईंलाई एकपल्ट मात्रै भेटेर आफ्नो उद्देश्यमा अडीग भैरहुँला भन्ने लागेको थियो । तर अनन्त दाईले भन्नुभयो, 'गिरिस तँ अहिले नजा । राजनीतिको दहमा पौरिन सक्ने नभैकन तँ प्रचण्डलाई भेट्न नजा ।' मलाई त्यो सल्लाह उचित लाग्यो । मनमनै गुनेँ, 'छुट्नु भयो भने घरैमा भेटौँला, छुट्नु भएन भने दोश्रो वर्षको पढाइ थाल्ने शुभकार्यका बेलामा तपाईंको दर्शन गरौँला ।"

गिरिसको बोलीमा प्रचण्ड रमायो । उसले खुशी स्वरमा भन्यो, "गिरिस भाई, जेललाई कथामा बुझ्न सकिँदैन तैपनि म तिमीलाई मेरो कथा संक्षेपमा सुनाउछु ।"

गिरिसको प्रश्नले प्रचण्डलाई धेरै जेलका कोठाहरुमा पुऱ्यायो । हनुमानढोका हिरासतको नरक यात्रा, डिल्लीबजार खोरको असभ्यता, केन्द्रीय कारागारको यातनादायी आँगन, नक्खुजेलको सापेक्षित फराकिलोपनलाई उसले टुक्रा टुक्रामा बाँडेर गिरिसलाई सम्झाउदै भन्यो, "तर सबै जेलहरुमा मान्छे नै बस्छन् भन्ने सत्यलाई तिमी कहिल्यै नबिर्स कवि । असभ्यता जेलको होइन, जेल बनाउनेहरुको सार्वजनिक प्रदर्शन हो ।" प्रचण्ड एकछिन आफ्नो कल्पनाको आँखामा हरायो । साझ झर्न अझै बेर लाग्ने थियो । आफ्नै बोलीको समाप्तीसँगै साँझलाई घरमा ओराल्ने गरी प्रचण्डले कुरो लम्ब्यायो, "म हनुमान ढोकाको हिरासतमा लागू पदार्थ ओसारपसार गर्नेहरुसँग बसेँ । जीवनप्रति कुनै आस्था नभएका तिनीहरुले मुलुकका कस्ता कस्ता घरानियाहरु लागू पदार्थको कारोबारमा लागेका छन् भन्ने जानकारी दिए । तिनले मेरो मुखतिर घृणा हेर्दै भनेका थिए, 'मिस्टर, कस्टडीमा पर्ने भनेको हामी जस्तो कुनै तागत नभएकाहरुले हो । अञ्चलाधिसदेखि पुलिससम्मलाई फनफनी घुमाउन सक्नेहरु कहाँ जेल पर्छन् ! हामीलाई छि छि दुर दुर नगर मिस्टर । हामी कस्टडीमा छौँ, तर के त्यो झोँछेको होटल मालिकलाई कसैले यहाँ ल्याएर थुन्न सक्छ ? हामीले बोकेको ब्राउन सुगरको पैसा त्यही होटेलमा जाने हो मिस्टर' भनेर घृण, लाञ्छना र तिरस्कार मिसिएको स्वरमा गाली गरेको थियो । गिरिस त्यतिबेला मैले उनीहरुको घृणाको अर्थ बुझिनछु । मेरो अनुहार त माध्यम मात्र थिएछ । उनीहरु त लागू पदार्थ ओसार पसार गराउनेलाई मेरो अनुहारमा कल्पना गरेर मेरो विरुद्धै आक्रोस पोखेजस्तो गरिरहेका रहेछन् । त्यो नरकमा म ठ्याक्कै पच्चीस दिन बसेँ । जहाँ नुहाउने, आरामले सुत्ने बस्ने कल्पना पनि गर्न सकिँदैनथ्यो । कतै सुत्ने कोठामा रगत कटकटिएको हुन्थ्यो, कतै कोठाको भित्तामा गुहुको डोरो कोरिएको हुन्थ्यो ।

"... तिम्रो त कुरै छोडौँ मै अहिले कल्पना गर्न सक्दिन त्यो नरकको । पाइखाना कोठाभरि पोखिएको हुन्थ्यो । टेक्ने ठाउँ हुँदैनथ्यो । लागू पदार्थ खानेहरुले रातभर हल्ला गरेर सुत्न दिँदैनथे । नौ दश बजेपछि वेश्या लिएर आउँथे पुलिसहरु । छिल्लिन्थे लाजै नमानी तिनीहरु । पर्चा लेखेर छरेको अभियोगमा मैले पच्चिस दिन बिताउनु परेको थियो त्यो नर्कमा । तर गिरिस, म मात्र थिइन त्यहाँ । तिमीले कत्तिको ख्याल गरेका छौ एकजना कविको । जनकप्रसाद हुमागाईँ हो उहाँको नाम । उहाँ पनि त्यतिबेला त्यही नरकमा थुनिनु भएको थियो ।"

"... तिमी हामीलाई अन्यायपूर्वक राखिने अर्को जेल हो डिल्लीबजार खोर । त्यहाँ पनि म बसेको छु दुइ महिनासम्म । एकजना ठमेलतिरको तस्कर थियो त्यहाँ । उ जेलको केही खाँदैनथ्यो । हेर्दै लोभलाग्दा टिफिन क्यारियरहरुमा उसको खाना आउँथ्यो बिहान बेलुकै । त्यसैले त्यो खोरभित्र उसको साह्रै ठूलो मान थियो । तस्करीको पैसाको गाँठ बाँधेर हिँड्थ्यो उ । भन्ने बित्तिकै उ अस्पताल जान पाउथ्यो । जेल हाकिमको कार्यालयमा बसेर दिनभरि गफ लडाउन पाउथ्यो । तर आम बन्दीका लागि त्यो पनि नरक थियो । सानो आकास देखिन्थ्यो खोरको आँगनबाट ।

हनहनी ज्वरो आउँदा औषधि खान पाइदैनथ्यो । धादिङ जिल्लाको मैदी भन्ने ठाउँको एउटा बन्दीलाई भेटेको थिएँ मैले । 'सर, मेरी स्वास्नीलाई गाउँका टाठाबाठाहरुले लखनउमा लगेर बेचे । म त्यतिबेला गाउँमै थिइन । म खोरिया फाँड्न गएको थिएँ नवलपुरमा । सात दिनपछि स्वास्नी हराएको खबर पाएँ । हान्निएर घर आएँ । आमाले बरबर्ती आँशु झार्दै पर्धानपञ्च ज्ञानबहादुरले कसरी ललाइ फकाइ बुहारीलाई लिएर गयो र लापत्ता पाऱ्यो भन्ने कथा सुनाइन् । रिस उठ्ने भयो । पर्धानपञ्चसँग कुरा गर्न गएको थिएँ । पुलिस बोलाएर मैलाई पो पाता फर्काएर लडाइदिए । पुर्पक्षेमा राखेको भन्छन् । मुद्दा छिनिएको छैन । कति लाग्ने हो कोनि । फाँडेको खोरिया पनि सद्दे रहने हो कि होइन, लौन सर हजुर त राजनीतिक कैदी रे, ममाथि न्याय हुने कुनै उपाय थाहा छ कि... भनेर गुनासो गर्थ्यो बिहानैपिच्छे ।'

"... सेण्ट्रल जेल भनिने केन्द्रीय कारागारमा पनि म बसेको छु छ महिना । विवेकहीन अपराधीले निर्माण गरेको त्यो जेल यातनाको अर्को ठूलो केन्द्र हो । म बसेको बेला छ सय वन्दी थिए त्यो कारागारमा । एउटा सानोतिनो नेपाल नै थियो त्यहाँ । विचित्रका बन्दीहरु भेटिन्थे त्यहाँ । पदमबहादुर भन्नेलाई भेटेको थिएँ एउटा विचित्रको मानिसलाई मैले । उन्नाइस वर्षदेखि त्यो जेलमै थियो । त्यसले पनि आफ्नो लामो कथा सुनाएको थियो । भन्थ्यो -'घर मेरो तनहुँ हो भाइ । बापतिको झुटो आरोप लाएर जिम्मुवाल भद्रप्रसाद पौडेलले जेलमा थुनायो । ठूलो टारबारी थियो, सात मुरी धान फल्ने खेत थियो । जमेरै बसेको थिएँ । ठूला मानिसले हालेको मुद्दा, हाम्रो कुनै सहारा थिएन । सात वर्ष थुनामा हाले । सात वर्ष झेलको शासन खेपेर घर फर्किएँ । केही बाँकि रहेनछ । स्वास्नी पोइल गैछे । मसित बात लागेकी भाउजु सेतीमा हाम फालेर मरिछन् । जिम्मुवालको कुचक्र थेग्न नसकेर दाजु आसाम भास्सिएछन् । घर, जग्गा, जमिन सबै जिम्मुवालले आफ्नो बनाएछन् । गाउँमा दिउँसो खाजा खाने बेलामा पुगेको थिएँ । मामली भाइले अब यहाँ नबस्नु, जिम्मुवालले तपाईंलाई अर्को कुचक्र रचेर फेरि जाकिदिन्छन्, आखिर घरखेत पनि सजिलै फिर्ता दिने होइनन्, भास्सिनुस् आसामतिरै भन्ने सल्लाह दिए । भाइको सल्लाह मान्नै सकिन । अति गऱ्यो यो भद्रेले भन्ने लाग्यो । मन थाम्नै सकिन भाइ, सहनै सकिन । साँझसम्म मामली भाइसँग गन्थन गरेर बसेँ । साझ ढल्ने बेलामा खुकुरी बोकेर लागेँ जिम्मुवालको घरतिर । त्यसको मोटो गर्धन । दुइ चोटी हानेपछि टाउको उछिट्टियो । सरासर दमौली गएँ । आफैँले आफैँलाई पक्राएँ । एक वर्ष तनहुँमै राखे । तीन वर्षजति पोखराको जेलमा बसेँ । यहाँ आएको पाँच वर्ष भयो । त्यो भद्रेको खलकले मेरो सर्वस्व गऱ्यो । हामी सबैलाई लाखापाखा पाऱ्यो । दाजु कहाँ छन्, स्वास्नी कोसँग गई । केही अत्तोपत्तो छैन भाइ । म पनि भद्रेको वंशै उच्छेद नगरी कहाँ मरुँला र ?"

" ... गिरिस, नेपालको झ्यालखान भनेको अपराधी मात्र बस्ने ठाउँ होइन । जालि फटाहाको शासनाबाट अत्याचारमा डुबेकाहरु सयौँ छन् नेपाली झ्यालखानमा ।

त्यसैले जेललाई घृणा नगर, जेलप्रतिको घृणालाई जेल बनाउनेहरुप्रति स्थानान्तरित गर ।"

साँझ खस्नै आँटेको थियो । गिरिसलाई लाग्यो - राजनीतिको डीलैडील हिँड्दा पनि जीवन रमाइलै हुने रहेछ ।

राजदरबारको उत्तरी पर्खालको डीलैडील रोपिएको बाक्लो बाँसझ्याङमा चिरबिर गर्ने चराचुरुङ्गीले साँझलाई धर्तीमा ओर्ल ओर्ल भनेर बोलाइरहेका थिए । प्रचण्ड बाँसझ्याङतिर नियाल्दै मसिनो स्वरमा बोल्यो, "अनन्त किन आएन अझै ?"

शायद अनन्त यही प्रश्नको प्रतीक्षा गरेर कतै उभिइरहेको थियो । प्रचण्डको प्रश्न सकिन भ्याउँदा नभ्याउँदै अनन्त ढोकाबाट फुत्त भित्र छिऱ्यो । कुर्चीमा बसेको प्रचण्ड जुरुक्क उठ्यो । दुबैले एकअर्कालाई आफ्नो बलियो र मायालु अँगालोमा बाँधे ।

रजनीले कोठाको बत्ती बाली । गिरिसले ताली पड्काएर दुइजनाको मिलनलाई अभिनन्दन गऱ्यो ।

परिवर्तन

काठमाण्डौमा ०३६ साल अलिक अघि नै आयो । काठमाण्डौमा आएको ०३६ साल झण्डै महिना दिनपछि मात्रै मुलुकभरि छरिएर फैलियो ।

अनन्त, प्रचण्ड, रजनी, अनिता सबै विराटनगरमा थिए त्यतिबेला । त्यसैले काठमाण्डौमा मडारिएर आएको ०३६ साललाई तिनले महसुस गर्नै भ्याएनन् । विराटनगरमा ०३६ साल पुग्दा इतिहासले अर्को मोड लिने तरखर गर्दै थियो ।

०३६ सालको ओढ्नेले नेपाललाई झ्याप्प एकै पटक छोप्न नभ्याएकोमा प्रचण्डलाई त नरमाइलो लाग्यो नै । प्रचण्डसँगै अनन्तले पनि धेरैबेर मन अमिल्ल्याइरह्यो ।

तिनीहरु सबै विराटनगरमा भेला हुनुको पनि कारण थियो । सुरेन्द्रको सरुवा बिराटनगरमा भएको थियो ०३५ सालमा । ०३६ सालको दशैंमा कञ्चनबारीको नयाँ घर बनिसकेको थियो र आमाले आफ्ना चार जना छोराछोरीलाई नयाँ घरमा टिको लाइदिनु भएको थियो । दशैंको टिकोटालोकै बेलामा अनन्त र रजनीको बिहेको प्रारम्भिक कुरो छिनिएको थियो । यो बिहेसँग जोडिएका तीनै परिवारले एक अर्कासँग खुशीयाली साटेका थिए र फागुनको राम्रो साइतमा विराटनगरको कुनै धर्मशालामा दुइटै विवाहको कार्यक्रम सम्पन्न गर्ने सल्लाह भएको थियो । प्रचण्ड त उत्तिसाह्रो व्यस्त भएको थिएन, तर प्रचण्डको समेत भार खप्टिनु परेको हुनाले अनन्त राम्रै ढङ्गले व्यस्त भएको थियो ।

त्यो विवाहउत्सव पछिसम्मका लागि पनि स्मरणीय रहने टिप्पणी गरेका थिए निम्तोपत्र पाउनेहरुले । आमाको नामबाट छापिएको निम्तोपत्रमा रजनी र प्रचण्डको बिहेका बारेमा त्यत्ति ठूलो चर्चा भएन तर अनन्त र अनिताको बिहेले एउटा तरङ्ग नै ल्याइदियो समाजमा । मान्छेले निडरतापूर्वक, रमझम सहित आयोजना गरिएको बाहुन र राई बीचको पहिलो सार्वजनिक विवाहमा भाग लिने औसर पाएको अनुभूत गरे ।

"दुनिया अब अर्कै भयो, हामीले सोचे जस्तो कहाँ हुन्छ र ?" एउटा प्रतिकृया यस्तो थियो ।

"नयाँ कुरो होइन यो, आर्य र अनार्य बीच पौराणिक कालमै पनि बिहेबारी हुन्थ्यो । इन्द्र र शचीको बिहे यस्तै त हो," अर्को प्रतिकृया यस्तो थियो ।

"ऋषिमुनिको पालामा जातपातको समस्या थिएन । बीचमा थपिएको यो झण्झटलाई यो बिहेले तोडिदियो सार्वजनिकरुपमै ।" उकालो चढ्दै गरेको युवा पुस्ताको प्रतिकृया थियो यो ।

आफ्नै बिहेमा रमाएको अनन्तले धेरैबाट बधाइ पाएको थियो र उसले बधाइको यो मालालाई आफ्नी आमाको कण्ठहार बनाइदिएको थियो ।

फागुन महिनाको २१ गते लगन जुरेमा सोही दिन बैवाहिक कार्यक्रम सम्पन्न गर्नुपर्छ भन्ने प्रचण्डको आग्रहलाई कसैले अन्यथा ठानेन । पण्डित पनि सजिला रहेछन् । नभन्दै फागुन २१ गतेकै दिन खोजेर ल्याइदिए उनले विवाह कार्यक्रमका लागि ।

कञ्चनबारीको त्यो नयाँ घरमा सात दिनसम्म रमझम नाचिरह्यो । आफन्त भेटघाट, कुटुम्बेरी भेटघाटका सबै प्रकृयालाई मैझारोमा पुऱ्याउँदा फागुनको अन्तिम हप्ता सकिइसकेको थियो । चैतको एक गते नै नपर्खिई प्रचण्ड 'कलकत्ता जानु छ' भन्न थाल्यो । परिवारका अरु सदस्य त केही बोलेनन् तर अनन्तले प्रचण्डलाई सम्झाउदै भन्यो, "कुनै सार्वजनिक कार्यक्रम हो जानकारी दिएर जाउ, कसैको मन पिरिँदैन, होइन खुलेर जानकारी दिन नमिल्ने हो भने म तिमीलाई कर गर्दिन ।"

"त्यस्तो केही होइन, भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरुको सङगठनले एउटा विचारगोष्टी आयोजना गरेको छ नेपालको प्रजातान्त्रिक आन्दोलनका सन्दर्भमा । त्यही गोष्टीमा भाग लिन म जाँदैछु । अरु पनि चार पाँच जना नेपालीले नेपालभित्रबाट भाग लिँदैछन् । कलकत्ताको कार्यक्रम सकेर केही दिन म वनरसमा अलमलिन्छु । थोरै प्रकाशनको काम गर्नुपर्नेछ मैल," प्रचण्डको लामो स्पष्टीकरण सुनेर अनन्त खिसिक्क हाँसेको थियो ।

चैत १ गते नै प्रचण्ड कलकत्तातिर हिँड्यो । रजनी र अनन्त पनि त्यसको भोलिपल्टै काठमाण्डौतिर लागे । रजनीको एम. ए. सकिएको थिएन र बैनीको पढाइ नसकियुन्जेल अनन्तले काठमाण्डौमै बस्नुपर्ने समझदारी बिहे अगाडि नै बनेको थियो । यो समझदारीको एउटा साक्षी अनिता पनि बसेकी थिइ मनमनै । छोराछोरी काठमाण्डौ हिँडेको हप्ता दिनपछि आमाले अनितालाई पनि माइति पठाइदिनु भयो । परिवार फेरि खुम्चिएर उही तीन जनामा झऱ्यो । तर आमाले परिपाठ मिलाउनु भएको थियो । अनितालाई बिदा गर्ने बेलामा आमाले भन्नुभयो, "बिहे गरेर सधैं माइतै बस्ता राम्रो मान्दैनन् मान्छेले । हाम्रो समस्या अरुले बुझिदेलान भन्न पनि हुँदैन । कुरा काट्नेले तिमीलाई मैले

नसहेको अनि तिमीले मलाई नसहेको भन्न पनि बेर लाउदैनन् । त्यसैले घरमा आमालाई भरथेग गरिरहनु परे पनि समय निकालेर आउँदै गर्नु है !"

पुरानो सम्बन्धले गर्दा अनिता, आमाका लागि छोरी नै भएकी थिइ । उसले जेठानीको अनुहारमा पुलुक्क हेरेर भनी, "आमा, म धेरै घरमै बस्छु, माइतमा आमालाई सघाउन काम गर्ने मान्छे छँदैछन् । तलमाथि गर्न रिक्सा छँदैछ । अप्ठ्यारो पर्दा यस्सो दिदीले खबर गरिदिनु भयो भने म दौडेरै आइहाल्छु ।"

अनिता परिपाठे छ भन्ने थाहा थियो आमालाई । अनिताले जेठानीको पनि मन जिती । घरकी कान्छी बुहारीलाई माइत पठाउँदा बरण्डामा उभिएर कुरा गरिरहेका तीनै जना महिलाको अनुहार उज्यालो भयो ।

कलकत्ताबाट प्रचण्ड वाराणसी गएको थाहा भयो सुरेन्द्रलाई । त्यहाँबाट पनि उ विराटनगर फर्किएन, उ सिधै काठमाण्डौ गएको चिठी भने प्रचण्डको घरमा आइपुग्यो । प्रचण्डको घरमा त्यो चिठी छिरेको दश दिनपछि रजनीले आफ्नो घर र माइतिलाई लेखेको चिठी पनि विराटनगर पुग्यो । विराटनगरका आफन्तहरुको मन हलुङ्गो भयो ।

तर काठमाण्डौमा सबै हलुङ्गा भएका थिएनन् ।

"तिमीहरुले यो परिवर्तनकारी आँधिलाई साथ दिनुपर्छ जस्तो मलाई लाग्छ," पुरानो र परिचित पाहुना कोठामा अनन्त, रजनी, प्रचण्ड र गिरिस थिए । आँधिलाई साथ दिने कुरो भए पनि कोठाभित्र कुनै आँधि पसेको थिएन । अत्यन्तै शान्त र शालिन थियो कोठाको वातावरण । बोल्ने पालो परेको थियो अनन्तको, त्यसैले उ प्रचण्डलाई सम्झाउने पारामा भनिरहेको थियो, "तिमी आफूभित्र छौ, तिम्रो ओरिपरि तिमीहरुको आफ्नै संसार छ । तिमीहरु मन मिल्नेहरु उस्तै पाराले सोच्छौ । तर तिमीहरु भन्दा बाहिर पनि एउटा संसार छ र त्यो तिमीहरुले जसरी सोच्न सक्दैन । त्यसैले तिमीहरुले उनीहरुको तहमा आफूलाई झार्नुपर्छ र बहुदलको पक्षमा आफूलाई उभ्याउनु पर्छ ।"

"एउटा घटनाको मूल्याङ्कनको कुरो होइन यो," प्रचण्डले प्रतिवाद होइन सम्झाइबुझाइकै भाकामा भन्यो, "जनमत सङग्रहमा कता लाग्ने भन्ने मात्र कुरो होइन यो हाम्रा लागि । हामी कुन बाटो हिँड्ने हो भन्ने दोबाटोमा उभिएको अवस्था हो यो । जनता जागेको बेला जनतासँगै हिँड्नु पर्छ भन्ने हामीलाई थाहा छ, तर हामीले हिजो हिँडेको बाटो ठीक थिएन भन्ने निष्कर्ष ननिकाली हामी अहिले तिमीले भने जस्तो गर्ने सक्दैनौं । हाम्रो संघर्ष व्यक्तिको शासनसँग होइन । यो हो वर्ग संघर्ष । निर्दल र बहुदल त रुप मात्रै हो । दुबैको सार गरीब, निमुखा र दु:खी जनताको दमन हो ... ...। जनमत सङग्रहको घोषणा हुनुअघि पनि सत्ताको काम निमुखाहरुको हत्या थियो । झोडामा मारिएका चाहिँ जनता हुने अनि गएको कात्तिकमा सत्ताद्वारा सञ्चालित धनकुटा र जनकपुरको नरसंहारमा मारिएका चाहिँ जनता नहुने हुन्छ र ? तिमी सबै कुरो खुट्याएर हेर, पोहोरको पुष र अहिलेको पुषमा तिमीले के फरक पाएका छौ ? जनमत सङग्रहको घोषणासँगै केही राजनीतिक बन्दीहरु छुटे, यसो पत्रिकाहरुले प्रतिवन्धित या पुरानो भन्ने विशेषण लगाएर राजनीतिक पार्टीको नाम लेख्न थाले ।"

"तर तिमी त यस्ता सुधारहरुलाई पनि सामाजिक परिवर्तनको सहयोगी मान्छौ होइन र ?" अनन्तले सोध्यो ।

"त्यो त हुँदै हो ।"

"युवापुस्ताको जोश जाँगरले आजको यो अवस्था आएको हो भन्ने पनि तिमीहरुको विश्लेषण हो, एउटा पूर्णनियन्त्रित कठोर शासन हो, अर्को सापेक्षित स्वतन्त्रता सहितको शासन व्यवस्था हो । त्यस्तो अवस्थामा तिमीहरुले सापेक्षित स्वतन्त्रताको मार्ग अवलम्बन गरेर अधिकतम स्वतन्त्रताको माग गर्नुपर्छ ...।"

प्रचण्डले पनि अनन्तको कुरो काट्दै भन्यो, "कुरो तिमीले भनेजस्तो सजिलो छैन । गिरिसलाई सोध - गाउँ गाउँमा पुगेका जनताका गायकहरुले, जनताका कलाकारहरुले जतातातै सास्ती भोग्नु परेको छ । तिनीहरु थुनिएका छन्, काटिएका छन् । गिरिसहरुकै टोली होइन, मोरङ्गको इटहरामा राज्यसंरक्षित भिजिलान्तेहरुको खुकुरी प्रहारमा परेको ! तानाशाही भित्रको प्रजातन्त्रमा प्रजातन्त्रको गन्ध नभए जस्तै त्यसको चुनाव भनेको धाँधलीको खेल हो । तर तानाशाहीको विरोध गर्नेहसँग पनि त्यो धाँधलीबाट चुनावलाई जोगाउने कुनै संयन्त्र छैन । बामपन्थीहरुले अघि सारेको निष्पक्ष निर्वाचनका पाँच पूर्वशर्त सरकारले मानेको छैन र ती पाँच पूर्वशर्त बेगरै पनि अरु राजनीतिक दलहरुले चुनावमा भाग लिने निर्णय गरिसकेका छन् । अर्थात निर्दलवादी जेजति छन् तानाशाहीका लागि एकजूट भएका छन् र बहुदलवादीहरु विभिण्डिएका छन् । यस्तो अवस्थामा हाम्रो सहभागीता चुनावका लागि आवश्यक सफलताको टेको बन्न सक्तैन, तर त्यो हाम्रा लागि खुट्टै काट्ने बन्चरो जस्तो भैदिन्छ ।"

"शायद होला," अनन्तको स्वर अत्यन्तै नरम थियो । उसले स्वरलाई अझै मिठो बनाउन खोज्दै भन्यो, "पार्टीको नेताको हिसाबले बोल्दा तिमीले भनेकै कुरो सत्य होला । तर मलाई लाग्छ - संकटका घडीहरुमा नेताहरुले

पार्टीलाई जनताको अगाडी बिस्कुन बनाएर छरिदिनु पर्छ र जनताले चाहे जसरी आफूलाई सुकाउनु पर्छ । तिमीहरुको सङगठन ठूलो छ । त्यसैले तिमीहरुको आवाज सय थुकी नदी हुन सक्छ । भ्रष्टाचारको बिगबिगीको पोल तिमीहरु बाहेक अरु कसले खोल्न सक्छ र ? बेथिति र धाँधलीको भण्डाफोर तिमीहरु भन्दा रामरी अरु कसले गर्न सक्छ र ? तिमीहरुको एक निर्णयले मेचीदेखि भेरी अञ्चलसम्मको भूभाग परिचालित हुन्छ । यति ठूलो शक्ति अहिले सत्ता बाहेक अरु कोसँग छ ? कार्पेट काण्डका अपराधीलाई सजायँ दिउँ भनेर तिमीहरुले बोल्दा बाघको गर्जन निस्कन्छ । मुर्तिचोरहरुलाई देशबाट निष्काशित गरौं भन्दा जनता जुरुक् जुरुक् उचालिन्छन् । एकैचोटी कोशी कर्णाली थर्काउने यस्तो अर्को कसको आवाज हुनसक्छ ? तिमीहरुले निलो रङ्ग राम्रो हो, निलो रङ्गको प्रचारकलाई गाउँमा बोलाउँ मात्रै भनिदिने हो भने यो जनमत संग्रहले ठूलो परिणाम हामी सबैलाई दिन्छ ।"

"एउटा ठूलो रुपान्तरणको प्रकृयाबाट गुज्रिरहेका छौं हामी" प्रचण्डले कुरो टुङ्ग्याउन खोज्दै भन्यो, "शायद यो जाडो महिनामा तिमी एउटा शुभसमाचार सुन्न पाउनेछौ । हामी बहुदलका पक्षधरलाई गाउँमा प्रचार गर्ने अनुमति दिन थाल्नेछौं । शायद हामी निलो रङ्गमा छाप लगाउन ग्रामीण मतदाताहरुलाई परिचालित नै गरौंला त्यतिबेलासम्म ।"

खिसिक्क हाँस्यो अनन्त । हाँसोलाई अनुहारमै राखेर उसले भन्यो, "राजनीतिको यही अप्ठेरो मलाई मन पर्दैन । तिमीलाई सही लागेको कुरो तिमी बोल्न सक्दैनौ - मेरा लागि यो चेतना नै पीडादायी हुन्छ । राजनीति अनेकमा एक भएर समाहित हुन्छ तर त्यो एक, अनेकमा सहजढङ्गले बिस्तारित हुनै सक्दैन । मेरा लागि यो एकतर्फी ट्राफिक हो र यसले व्यक्तिको उर्जालाई यथोचित ढङ्गले प्रकृतिमा छरिन दिँदैन ... ।"

"अब धेरै नबोल है तिमी," प्रचण्डले पनि हाँस्तै भन्यो, "राजनीतिका सहयात्री हौ तिमी । तिम्रो प्रतिभा कतैबाट कुण्ठित छैन । तिमीले हामीलाई सघाएका छौ भन्दिन म - त्यसो गर्नु तिमीलाई होच्याउनु हुन्छ । तिमीले आफ्नो दायित्व निर्वाह गरेका छौ सबैखाले संकटलाई किनारातिर पन्छाएर । कविता मार्फत तिमीले आफ्नो सामाजिक जिम्मेदारी बहन गरेका छौ र कुनै अपेक्षा नराखी गरेका छौ । "

बाहिर चिसो ओर्लिइसकेको थियो पुषको महिनामा । त्यो भित्र पनि छिर्‍यो । चिसोलाई आफ्नो स्वीटरमा बेर्दै प्रचण्डले भन्यो, "कसो गिरिस ? कवि कलाकारले राजनीतिमा जीवन पाएनन् र ?"

गिरिस पाँच हप्ते ग्रामीण सांस्कृतिक अभियान सञ्चालन गरेर काठमाण्डौ आएको थियो । पूर्वी नेपालका पाँच सात जिल्लाका गाउँ गाउँमा नाचेको गिरिसको फुर्ति मज्जैले बढेको थियो । त्यसैले गर्व र सन्तुष्टीको भाकामा उसले भन्यो, "गीति कार्यक्रम संयोजन गरेर पूर्वी पहाडका डाँडाकाँडामा सुरेली खेल्दा मैले कवितामै रम्न पाएँ अनन्त दाई । जीवन त त्यहीं छ । मोरङ्गमा भन्दा पाँचथरमा रमाइलो भयो हामीलाई । मोरङ्गमा हाम्रा श्रोता पनि चेतनशील थिए । हो, हामी माथि खुकुरी आक्रमण भयो मण्डलेहरुको टोलीबाट । जनता जागेकै हुनाले पाँच गाउँ खेदेर पनि श्रोताहरुले तिनलाई सजायँ दिए । तर पाँचथरमा मोरङ्गको चेतना पसेको थिएन कि हाम्लाई खेद्नेहरुले नयाँ वुद्धि निकालेका थिए थाहा भएन । किनभने हामी त्यही साँझ फिदिम पुगेका थियौं र हाम्रो कार्यक्रम भोलिपल्ट तीन बजे मात्रै राखिएको थियो । तर हामीले खाना खान भ्याउदा नभ्याउदै होटलको मुलढोकाबाट हामीलाई गिरफ्तार गर्ने पुलिसको हुल भित्र आउँदैछ बाहिर भन्ने जानकारी हामीलाई कसैले पठायो । हामीहरु होटलको पछिल्तिरको ढोकाबाट बाहिर निस्किएर तल फेमेखोलातिर झर्दै थियौं । हामी आफैं छक्क परेका थियौं दाइ त्यतिबेला," गिरिसले अनन्ततिर फर्किएर कुरो अघि बढायो, "हामीलाई सुरक्षा दिएर खोलातिर झरिरहेका भाइबैनाहरुको जोश र उत्साह देखेर हामी छक्कै परेका थियौं । सुन्दर सपनामा रमाएका तिनीहरुले हामीलाई उज्यालो होइन्जेल साथ दिइरहे । एकछिन सुस्ताउन बसेका बेला भन्थे तिनीहरु, 'दाइहरुले आफ्नो सीपले जनताको सेवा गरिरहनु भएको छ, सामाजिक परिवर्तनको महान कार्यलाई आफैं अगाडी बढाइरहनु भएको छ । हामीहरु सँगसँगै हिँडिरहेका छौं, सँगसँगै भिडिरहेका छौं।"

रउसिएको गिरिसको स्वर सुनेर अनन्त र रजनी पनि हाँसे । दाइ दिदीलाई हाँसेको देखेर गिरिसले भन्यो, " अनन्त दाई, तपाईं त्यहाँ भएको भए ती भाइहरुको अनुहार हेर्दै एकैचोटी पाँच ओटा कविता लेखिसक्नु हुन्थ्यो । तिनीहरुको बोली सुन्दा मलाई लाग्यो - मैले पनि समाजका लागि केही गरेको रहेछु ।"

"होला, गिरिसले भनेको सत्य भएन भने जनताको परिभाषा नै फेर्नुपर्छ । यो जनताको पाटोको कुरो हो । मैले त राजनीतिको पाटोको कुरो गरेको हुँ । त्यो सम्पूर्णरुपले जनताका नाउँमा समर्पित हुनुपर्छ होइन र ? जनतालाई नेताको इच्छामा, किताबमा लेखिएका कुराहरुको इच्छामा रुपान्तरित गर्नखोज्नु राजनीति होइन । जनतालाई आफ्नो इच्छामा होइन, आफूलाई जनताको इच्छामा रुपान्तरित गर्नसक्नेले मात्रै सफलताको राजनीति गर्नसक्छ ।"

"अनन्त, तिमी कवितामै रमाउ । त्यसैमा उड । राजनीतिको जटिलतामा तिमी प्रवेश नगर । तिम्रा सुझावहरुलाई म साथीहरुको बीचमा पुर्‍याउँला, तर राजनीतिमा सबै इच्छाहरु पुरा हुँदैनन् । त्यसैले समूहमा तिमी या

म विन्दु हौँ, हामीलाई समूहले स्वीकार गर्दा हामी नै समूह हुन्छौँ, समूहले हामीलाई स्वीकार नगर्दा हामी समूहको मातहत हुन बाध्य हुन्छौँ । समूहको यो जिन्दगी तिम्रा लागि सुपाच्य हुँदैन भन्ने मलाई थाहा छ । त्यसैले तिमीलाई जबरजस्ती कोठाभित्र पस भनेर म भन्दिन । "

प्रचण्डले कोठा भित्रको कुरो त टुङ्ग्यायो, तर देशको कुरो अझै टुङ्गिन पाएको थिएन । धेरै मानिसको अपेक्षा अन्तिममा प्रचण्डहरु माथि नै खप्टिएको थियो । तर उनीहरु माघ महिनासम्म पनि केही बोल्न मानिरहेका थिएनन् ।

न समयले कसैलाई पर्खिन्छ, नत जीवन नै कसैको प्रतीक्षामा उभिइरहन सक्छ । नदीको पानी भल्को काटेर बगेजस्तो लाग्न थाल्यो अनन्तलाई । आफ्नो एउटा मात्रै भोट भए पनि निलो रङ्गमा हाल्न मन लागेको थियो अनन्तलाई । राज्यसत्ताले निलो रङ्गलाई नै प्रतिवन्धित तुल्याएको थियो । आकासको निलो रङ्गमा कविता लेख्न पाउदैन थिए कविहरु । हाम्रो रङ्ग निलो रङ्ग, शान्तिको रङ्ग निलो रङ्ग भन्ने गीत समेत प्रतिबन्धित भैसकेको थियो रेडियो नेपालमा । अनन्तलाई लागेको थियो - आकास जस्तै फराकिलो, शान्त र स्वाभिमानी यो निलो रङ्गको पुनर्स्थापना हुनुपर्छ मुलुकमा । कलमको नीबले चोप्न पाउनु पर्छ निलो मसी । साइबेरियादेखि उडेर आउने कन्याङकुरुङको बथानले उड्न पाउनुपर्छ निलो आकास मुनि ।

तर प्रचण्ड मौन रह्यो, अनन्तको कुरामा सहमत हुँदा हुँदै पनि उ मौन रह्यो ।

थाकेन अनन्त निलोको प्रशंसामा गीत गाउन । "नगाउ निलो रङ्गको गीत" भनेर प्रचण्डले पनि भन्न सकेन ।

गजबै भयो, फागुन महिनाको मध्यतिर, साँझमा थाकेर आएको प्रचण्डले अनन्तलाई खुशीको खबर सुनायो, "अनन्त, तिम्रो जीत भयो, हामी अब गाउँ गाउँमा निलो रङ्गको कविता लिएर जाने भएका छौँ ।"

अनन्तको अनुहार एकछिनका लागि उज्यालो भयो । धपक्क बलेको बिजुली जस्तो । तर एक्कैछिनमा उसको अनुहारमा छायाँ पस्यो । उसले मलिन सुस्केरा निकाल्दै भन्यो, "राम्रो भयो, तर यो राम्रो निर्णले राम्रो परिणाम दिने कुरामा विश्वास गर्न मलाई गाह्रो परेको छ । यसपालि आफैँ अगुवा भइरहेको राजनीतिको दौडमा तिमीहरुले आफूलाई पहिलो भएको प्रमाणपत्र दिनसक्ने भएनौ ।"

"तर जे भयो, राम्रो भयो," प्रचण्डको मन नदुखोस भनेर अनन्तले भन्यो, "इतिहासले तिमीहरुको जनताप्रतिको समर्पणको यो आदर्शलाई नबिर्सिने भयो । आफ्नो मान्यतालाई जनताको नाउँमा थाति राखेर तिमीहरुले लिएको यो निर्णयले आखिरमा तिमीहरुलाई जनताको वास्तविक नेता बनाएरै छोड्नेछ ।"

"अनन्त, राजनीतिमा इतिहास बिजेताको लेखिन्छ, पराजितहरु हराएर जान्छन्," प्रचण्डको दुःखेसो सुन्दा अनन्तलाई अनौठो लाग्यो । 'त्यसोभए के प्रचण्ड पनि मनमनै निलो रङ्गकै पक्षमा थियो ?' उसले आफैँसँग सोध्यो ।

"तर त्यस्तो इतिहास त अस्थायी हुन्छ । स्थायी इतिहास गाथाहरुमा समेत बाँचेर बस्छ । तिमीहरु त्यस्तै गाथामा बाँचिरहने छौ ।"

'गाथा पनि त बिजेताकै हुन्छ," प्रचण्डको स्वर फराकिलो शुन्यताबाट निस्किएको थियो ।

"होइन, गाथा बाल्मिकीको निस्पृहता हो, ब्यासको सन्यास हो, त्यसैले त्यो आख्यानको रुपमा आए पनि महाकाब्यका रुपमा आए पनि समाजको तस्वीर हुन्छ । त्यसमा जित्ने र हार्ने दुबैको आवाज ध्वनित हुन्छ ।"

तर छेलो फ्याँकेपछि पनि राजनीति आरामले पल्टिएर सुतेन । जनमत सङग्रहमा अनन्तले भनेकै जस्तो भयो । प्रचण्डहरुले साह्रै ढिलो निर्णय गरेका थिए । त्यसैले उनीहरु आफ्नो सानो घेराभन्दा बाहिर जानै सकेनन् । निलो रङ्गको गीत गाउने निर्णय गाउँघरमा पुग्दा जनमत सङग्रहको बाकस गाउँगाउँमै पुगिसकेको थियो । प्रचण्डहरुले जतिबेला मान्छेलाई निलो रङ्गको महत्तामा नचाउन थाल्नुपर्थ्यो, त्यतिबेला तिनीहरु कविताका टुक्राहरु मात्र जोडजाड गर्दै थिए ।

चेतनाको बाँध भत्किनै नसकिने गरी थुनियो भनेर पहेँलो रङ्गवालाहरु दङ्ग परे । तर मनको बाँधलाई कसले छेक्न सक्थ्यो र ? अघिल्तिरको बाँध फोर्न नसकिने देख्ने बित्तिकै त्यसले अन्तरकुन्तर खोज्न थालिहाल्यो । पहिले एउटा पार्टी थियो - तर त्यसलाई फलामे साङलाले बाँध्ने बित्तिकै अनगिन्ती पार्टीहरु जन्मिन थाले । राजनीति पो सम्पूर्णतामा प्रतिबन्धित थियो मुलुकमा, तर सामुदायिक हीतका लागि मानिसहरु एकजूट हुन त प्रतिबन्धित थिएनन् । त्यसैले जन्मिन थाले विद्यार्थीका शक्तिशाली सङगठनहरु । सामाजिक तरङ्गका बाहक बनेका तिनले आफ्ना दिदीबहिनीहरुलाई पनि आफ्नो अधिकारका लागि बाहिर निकाल्न थाले । गाउँघरमा हलो कोदालोले पनि अधिकार खोज्ने प्रकृया शुरुभयो । शैक्षिक चेतनाको बाहक बनेर समाजमा सम्मानित भएका गुरुहरु सामाजिक परिवर्तनको चेत

बोकेर स्कूलबाट बाहिर निस्कन थाले । इतिहासले पहिलो पटक मानव अधिकारको बिगुल फुक्यो । थुनुवामा परेका स्वतन्त्र विद्यार्थी युनियनहरु कैदबाट फुकुवा भए ।

जताततै उठेको यो समूहगतताको आँधिले स्वयम् सत्ताधारीहरुलाई पनि ढुक्कले बस्न दिएन । दलको अस्तित्व हुनुहुँदैनथ्यो पहेँलो रङ्गमा । त्यसैले पहेँलो रङ्गभित्र पित्तल र बेसारको जन्म भयो । भनाभन र हानाहान घरभित्रै हुनथाल्यो । विश्वास अविश्वासको खेल उनीहरुभित्रै चल्न थाल्यो । पित्तल स्वयम् एउटा दल बन्यो अनि बेसारको डल्लो अर्को दल बन्यो । घरभित्रैका मानिसहरुले पनि आफ्नो परिचयको खोजी गर्न थाले । सञ्चालकहरुको टाउको दुख्यो तर दर्शकहरुले विनापैसाको मनोरञ्जन पाउन थाले ।

जनमत सङग्रहमा स्वतन्त्रता पराजित भएको घोषणा भयो, तर जीवनमा त्यसले हार मान्ने कुरै थिएन । जनमत सङग्रहमा पराजित भएको स्वतन्त्रताको बाँसुरी मञ्चहरुमा बज्न थाल्यो सुमधुर धुनहरु निकाल्दै । लपेटिए सबै धुनको सुरिलो स्वादमा ।

राजनीति चक्रब्युहभित्र जेलिएको भए पनि, जीवन तलवितल भएको थिएन । सुरेन्द्र तानतुन गरेर विराटनगर सरुवा हुन सफल भैसकेको थियो । आमाप्रति छोराछोरीको संवेदनशीलताले आमालाई विराटनगरमा रमाउन भरथेग गरेको थियो । छोरा बुहारी, छोरी जुवाइँ अनि नातिनातिनाहरुको सुन्दर संसारमा आमा रमाउनु भएको थियो ।

सुरेन्द्रले अनन्तलाई विराटनगर ल्याउन धेरै जोड गरेको थियो, न्याङठ्याङ मिल्न सकिरहेको थिएन । रजनीले आफ्नो पढाइ सक्याइसकेको भए पनि उसको कामधन्दाको ठेगान भएको थिएन । त्यसबाहेक अनन्त आफैं पनि विराटनगर जान ज्यात्विधि हतारिएको थिएन । विराटनगर जानैपर्छ भन्ने अनन्तलाई थाहा थियो, तर अहिल्यै, आजै जानुपर्छ भन्ने उसलाई लागेको थिएन । आफ्नी आमालाई एक्लै छोड्नु नहुने हुनाले अनिता घरभन्दा बढी माइतमै बस्ने गर्थी, तर त्यसमा पनि परिवारको सहमति र सहयोग बाँचेको थियो । अनिताले नेपाल बैंकमा एउटा राम्रो जागीर खाएकी थिइ । त्यसैले अनन्तलाई अनिताको चिन्ता थिएन । चिन्ता उसलाई रजनीकै थियो र प्रचण्डको जीवनले अलिक सहज गति लिइदिएमा मात्रै घर फर्किनु राम्रो हुन्थ्यो भन्ने उसलाई लागेको थियो ।

सुरेन्द्रले एकपल्ट रजनीलाई विराटनगरमै परिवारका साथ राख्ने, त्यतै कुनै काम खोज्ने प्रस्ताव पनि राखेको थियो अनन्तसँग । अनन्तले आफ्नो दाजुलाई सम्झाउँदै भन्यो, “दाइ, प्रचण्ड परिवारमा रमाउदैन । उसको जिन्दगी चलेको छ, परिवारका लागि त्यो सहज हुँदैन, एक हिसाबले भन्ने हो भने त्यो परिवारका लागि सैह्य पनि हुँदैन । प्रचण्डका लागि रजनीको काठमाण्डौ बास नै सहज हुन्छ, सहयोगी हुन्छ ।”

सुरेन्द्रले धेरै पटक प्रचण्डसँग अन्तरङ्ग कुराकानी गर्ने जमर्को गरेको थियो । तर अनन्त, प्रचण्डलाई व्यक्तिगत ढङ्गले होइन, समूहगत ढङ्गले नै प्रचण्डको जीवनलाई व्यवस्थित बनाउनु पर्छ भनेर सुरेन्द्रलाई रोक्ने गर्थ्यो । सुरेन्द्रको जागीरे जीवन र जागीरे मनस्थितिले प्रचण्डको जीवनको बोझ महसुस गर्नसक्दैन भन्ने अनन्तलाई थाहा थियो । त्यसैले एकदिन अनन्तले खुलासा गर्दै भन्यो, “दाइ, प्रचण्ड अहिले ठूलो जिम्मेवारीमा छ । काठमाण्डौको जिम्मेवारी उसको काँधमा आएको छ । त्यसैले हामी रजनीलाई विराटनगर लानै सक्दैनौं । पछि कुनै हिसाबले प्रचण्डको जिम्मेवारी मेची कोशीतिर सऱ्यो भने तपाईंले भनेजस्तो पनि गर्न सकिएला । अहिले रजनीलाई काठमाण्डौबाट बाहिर निकाल्ने कुरो सोच्नै हुँदैन ।

राजधानीको अति सुरक्षित स्थानहरुमा बम पड्किएपछि केही कालका लागि मुलुकको राजनीति गतिहीन भयो । स्तब्ध भयो मुलुक एकपल्ट । काठमाण्डौमा यस्तो पनि हुनसक्छ भनेर कसैले कल्पना समेत गरेको रहेनछ । तर भैदियो त्यही अकल्पनीय घटना । कोही रोए, कोही डराए भने धेरै आक्रोसित भए । बमका विरुद्धमा साह्रै धेरै वाक्य कोरिए छापाहरुमा । अनौठो ! कोही देखिएन त्यसको पक्षमा ।

प्रचण्डको बेठेगाने जीवनशैलीका कारण अनन्तले लाजिम्पाटको डेरा छोडेको थिएन । ती दुइ भाइले एउटा भलाद्मी सम्झौता गरेका थिए । प्रचण्डले डेराभाडा लिन मानेको थिएन, अनन्तले बिजुली पानीको झण्झटमा अलमलिन बहिनीलाई दिएन । प्रचण्ड कहिलेकाहीँ हुरीको बेग जसरी हान्निएर आउँथ्यो, हप्ता दश दिन काठमाण्डौका गल्लीहरुमा हराउँथ्यो अनि त्यतैबाट कहिले पोखरा, कहिले भैरहवा त कहिले नेपालगञ्जतिर अलमलिइरहेको खबर पठाउँथ्यो ।

प्रचण्डको यस्तो अलपत्रे उपस्थिति अनन्त, रजनी अनि गिरिस सबैका लागि सहज थियो ।

शनिवारको दिन थियो त्यो । किनभने सबैको छुट्टी थियो अनि छतमा तातोपानी तताउने सौर्य उर्जाको चलन अहिलेजस्तो बाक्लो भैसकेको थिएन त्यो बेलामा । त्यसैले अनन्त र गिरिस बालाजु नुहाउन जाने गन्थन गर्दै झोला खोज्दै थिए ।

"अनन्त" उनीहरु कसैले नसोचेको बेलामा प्रचण्डको स्वर सुनियो । प्रचण्डले एकपल्ट मात्र अनन्त भनेन । उ त अनन्त भन्दै भुइँतलैदेखि कराउँदै भऱ्याङ चढ्न थाल्यो ।

बैठक कोठामा उभिएका तीनै जना छक्क परे । प्रचण्ड यस्तो हल्ला पनि गर्नसक्छ भन्ने तिनले कहिल्यै थाहा पाएका थिएनन् ।

"अनन्त," कोठामा छिर्ने बित्तिकै अनन्तलाई आफ्नो प्यारो अँगालोमा बाँधेर प्रचण्डले आफ्नो खुशी पोख्तै भन्यो, "दुइ वर्ष अघिदेखि आफ्नो मनमा बसेको कुरो तिमीलाई पहिलोपल्ट सुनाउन पाउने यस घडीमा म सबैभन्दा धेरै खुशी भएको छु । तिमीले संकेत पाइसकेका थियौ होला, हामीले बन्दुक, विनाशकारी हतियार र सामाजिक परिवर्तनलाई एकैठाउँमा राख्ने पुरानो चेतनालाई सपाऱ्यौँ । बन्दुक सभ्यताको बाहक होइन त्यसैले सभ्यताको निर्माण गर्नेहरुले मुलुकमा रगतको खोलो बगाउने प्रतिहिंसाको राक्षसलाई उठाउनु हुँदैन भन्ने निष्कर्षमा हामी पुगिसक्यौँ ।"

अनन्तको मनमा छिरेको थियो यसको संकेत । तर दलहरुले पालन गर्ने गोपनियताको ज्ञान उसको चेतनामा बसेको हुनाले आफैँ अघि सरेर उसले प्रचण्डसँग यो कुरो उक्काएको थिएन । उसले गएको दशैंमा घर जाँदा बरु सुरेन्द्रलाई भनेको थियो, "प्रचण्डको उथलपुथलयुक्त जिन्दगी ठेगाना आउलाजस्तो लाग्दैछ । तिनीहरुले हतियार थन्क्याउने विचार गरेजस्तो छ । नभए कसरी गाउँ र नगर पञ्चायतहरुमा तिनले आफ्ना कार्यकर्तालाई उठाउने निर्णय गर्थे र !"

अनपत्यारिलो यो निष्कर्षसँग सुरेन्द्र सहमत हुनसकेको थिएन, त्यसैले तिनीहरुले आशारुपी यो समाचारको छन्को आमालाई दिन सकेका थिएनन् ।

तर त्यही आशङ्का सही रहेछ ।

" अनि हामीले यसपालि गएको भदौमा एकमतले गरिएको यो निष्कर्षलाई सार्वजनिक गर्ने निर्णय गऱ्यौँ । तीन वर्ष छलफल गऱ्यौँ हामीले अनन्त, तिमी जस्तो सहृदयीलाई पनि थाहा नदिई हामीले छलफल चलायौँ । हामीभित्र यो चेत जनमत सङग्रहकै पालामा पसेको थियो । तर त्यतिबेला हामीले आफूलाई अरुहरुको रक्षक बनाउनुपर्छ भनेर चित्त बुझायौँ । परिवर्तनकामी जनताहरु सडकमा ओर्लिएपछि तानाशाह मात्र होइन, वास्तवमै सबैले घोडाबाट ओर्लिनु पर्दोरहेछ भन्ने दह्रो ज्ञान हामीले त्यतिबेलै पाएका थियौँ । त्यो बेला हामीले आफूलाई आममा मिसाउने कुरो सोचेनौँ । त्यतिबेला हाम्रो मनले भन्यो, 'हामी विशिष्ट हौँ, हामी विशेष हौँ, हामी जनताका तारनहार हौँ । जनता निहत्था छन्, जनता निशस्त्र छन्, त्यसैले तिनको रक्षा हाम्रो दायित्व हो र बन्दुकबाट छुटकारा पाउनका लागि बन्दुक उठाउनु हाम्रो कर्तब्य हो ।' वास्तवमा त्यतिबेलाको हाम्रो सोच सही थिएन । आखिरमा जनता भन्दा ठूलो, जनता भन्दा माथि को हुन सक्छ र ? यो अन्तिम सत्यलाई यसपालि हामीले घोषणा गऱ्यौँ । जनतामा अज्ञानता जीवित छ भने त्यसलाई हटाउने अभियान चाल्नुपर्छ, तर आफूलाई जनता भन्दा माथि, जनताको तारनहार सोच्नै हुँदैन ।"

अरुले आँ पनि गर्न नपाउँदै बोलिरहेको प्रचण्डको स्वरमा बल्ल पुर्णविराम लाग्यो । प्रचण्डको बोलीले सबैको मुहारमा उज्यालो पोतिदिएको थियो । सबैका लागि त्यो उज्यालो राजनीतिको थिएन । रजनीले त्यसलाई घरभित्रको उज्यालो बनाएकी थिइ । अनन्तमा त्यो परिवार र राजनीतिमा घुलमिल भएर आएको थियो भने गिरिसले त्यसलाई राजनीतिमै बुझेको थियो ।

"भिनाजु," गिरिसले एउटा नयाँ संबोधनबाट प्रचण्डलाई बोलायो, "अबको राजनीति के हुन्छ ?"

"अबको राजनीति ?" प्रचण्ड टक्क अडियो, "पहिलो नंबरमा रजनीले चिया बनाउछिन्, दोश्रो र तेश्रो नम्बरमा तिमी एउटा गीत गाउँछौ अनि अनन्तले बिराटनगरको समाचार सुनाउछ । त्यसपछि चौथो नम्बरको पालो आउँदा कोठामा चिया पनि आइपुग्छ अनि म राजनीतिको खबर सुनाउछु ।"

कोठाका चारै प्राणी मन फुकाएर हाँसे ।

रजनीले कुरो बुझी । उ भान्सामा जाँदाजाँदै अनन्तले आफ्नो जिम्मेवारी पुरा गरिसकेको थियो । विराटनगरको नौलो समाचार हुन्थ्यो नै के र ! यो त गिरिसलाई गीत गाउने समय मिलाउने कुरो मात्र थियो ।

अनन्तको खबर सकिएपछि गिरिसले भन्यो, "भिनाजु, त्यसो भए अब बम र बन्दुकको राजनीतिको जमाना सकिएछ । राजनीतिले शान्तिको पाठ पढ्ने निर्णय गरेको यस घडीमा म एउटा शान्तिगीत गाउँछु है !"

"गाउ, तिमीलाई मनपर्ने गीत गाउ ।"

गिरिसले तर नौलो गीत गाएन । प्रचण्डले धेरैचोटि सुनेको गीत थियो त्यो ।

गिरिसको मीठो स्वर कोठामा गुन्जियो,

"गाउँ गाउँबाट उठ,
बस्ती बस्तीबाट उठ,
यो देशको मुहार फेर्नलाई उठ

हातमा कलम हुनेहरु कलम लिएर उठ,

... ...

... ...

साथमा केही नहुनेहरु आवाज लिएर उठ ।

अनौठो लाग्यो सयौं पटक सुनिसकेको यो गीत प्रचण्डलाई । के हिजो उभित्रै बन्दूक थियो र उसले गीतको सुन्दरतालाई ठम्याउन नसकेको थियो ? के उनीहरुको नयाँ निर्णयसँग आवाज लिएर उठ्नेहरुको बेग थपिएको हुनाले यो गीतको सुन्दरता बढेको हो ?

प्रचण्डले टुङ्गो गर्न भ्याएन किनभने एउटा थालमा चारवटा गिलास राखेर दैलोबाट भित्र छिर्दै थिइ । प्रचण्डले रजनीको अनुहारमा नियालेर हेऱ्यो - त्यो पनि बिछट्टै राम्रो, उज्यालो र चम्किएको देखिएको थियो ।

शान्तिको संसार कत्ति रमाइलो ! प्रचण्डको मनले भन्यो तर त्यसलाई कसैले सुनेनन् ।

"भिनाजु, दिदीले चिया पनि ल्याउनु भयो, अब भन्नुस न, एउटाको हातमा मात्र बन्दुक बाँकि रहेको अबको राजनीति कस्तो हुन्छ ?"

"बन्दुकमा खिया लाग्छ," प्रचण्डले गिरिसलाई नै जवाफ दिँदै भन्यो, "तर कलममा कहिल्यै खिया लाग्दैन । गोली एकपल्ट पड्किएपछि सदाका लागि मर्छ, तर तिम्रो गीत हजारपटक गाए पनि ओइलिँदैन । त्यो मर्ने त कल्पनै गर्न सकिँदैन । तीन हज्जार वर्ष पुराना गीतहरु अहिले पनि हामी **ओऽम् भुर्भूवस्व तत्स वितुर्वरेण्यम, भर्गो देवस्य धी मही धियो यो न प्रचोदयात** भनेर भाका फेरि फेरि गाइरहेका छौँ । तर खै कहाँ छ अर्जुनको गाण्डिव धनु कुरुक्षेत्रमा । कुरुक्षेत्र बाँचेको छ ब्यासको कलममा । तर महाभारतका युद्धोन्मत्त महापुरुषको अस्तित्व खै कहाँ छ ? बाल्मिकी नभएका भए न सीता हुन्थिन्, न राम हुन्थे । तर रामको धनुष नहुँदा पनि बाल्मिकी हुन्थे । त्यसैले गिरिस बन्दुक अस्थायी हो, क्षणिक हो र हो त्यो विनाशको अर्को नाम । बन्दुकबाट परिवर्तन खोज्नु लासहरुमा जीवन खोज्नु जस्तै हो ।"

"यो मान्यताले आफ्नै विगतलाई तिरस्कार गर्दैन र भिनाजु ?"

"गर्छ, तर आफ्नो परिमार्जित मान्यताले आफ्नो विगतका गल्तीलाई सच्याउछ भने गल्तीको पुच्छर समातेर बसिरहने काम पनि गर्नु हुँदैन । जीवन सँगमरमरको स्तम्भ होइन । त्यो हो अँध्यारो उज्यालोमा जेलिएको एउटा गति । हामी भित्रै राम्रो पनि छ, नराम्रो पनि छ भन्ने मान्यतालाई तिमी आफ्नो जीवनमा उतार । हिजो गल्ती भयो, यो सत्यलाई हामीले तिरस्कार गर्नु हुँदैन । सत्ताको असभ्यताले हामीलाई पनि असभ्यतातिर तान्यो । त्यसैले 'बन्दुकबाट छुट्कारा पाउन बन्दूक उठाउनै पर्छ' भन्ने गीतलाई हामीले जन जनको जिब्रोमा पुऱ्यायौँ । छत्तिस सालको जनआन्दोलनले पहिलो पटक हाम्रो मुखबाट त्यो गीत खोसिदियो र हामीले गिरिसको 'गाउँ गाउँबाट' उठ्ने गीत गाउन थाल्यौँ । सैँतिस सालपछिको जीवन हेर त, चेतनाको कस्तो अभूतपूर्व विकासको काल रह्यो त्यो । मजदुरको मई दिवस, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, विद्यार्थी अधिकार, शिक्षक अधिकार, मानव अधिकार जस्ता शब्दहरु नेपाली शब्दकोषमा गाढा अक्षरमा लेखिएको काल हो यो । जनता साँच्चै जागे भने खिया लाग्ने बन्दुकहरु पड्किनै सक्तैनन् । त्यसले अबको राजनीति गाउँ गाउँमा पुग्छ, टोल टोलमा पुग्छ, घर घरमा पुग्छ, शान्तिपूर्ण ढङ्गले आफ्नो अधिकार लिने सङ्घर्षमा सबैलाई समाहित गराउने गरी पुग्छ ।"

"तर भिनाजु, बन्दुकलाई आवाजले परास्त गर्न सक्छ र ?"

"बन्दुकलाई रापले पगाल्छ," प्रचण्डमा चिताइनसक्नुको उत्साह थियो । त्यो लगामरहित पनि थियो । त्यसैले उसले धाराप्रवाह भाषण गर्नथाले जसरी भन्यो, "राप जनताको आक्रोस हो । जनताको हक खोसिएको छ । उनीहरुले विकास मार्गमा हिँड्न पाएका छैनन् । जनताकै घरमा अनिकाल लाग्छ । जनताकै घरमा बिजुली बल्दैन । जनताकै घरमा उपचार पाउन नसकेर एउटा सुन्दर जीवन अकालमा मृत्युको मुखमा धकेलिन्छ । हामीले तिनै जनतालाई

आफ्नो अधिकार प्रति, आफ्नो जीवनको तापप्रति सचेत तुल्याउन सक्नुपर्छ । त्यसपछि हेर, तिमी जीवनमा चिताइनसक्नुको परिवर्तन देख्नेछौ ।"

जिन्दगी साँच्चै अनौठा ढङ्गले फेरियो । रजनीले आफ्नो पढाइ सक्याएर बोलिचालीको भाषामा म्या'म भनिने गुरुमाको जागीर खान थालिसकेकी थिई । उसोत प्रचण्डको जीवनशैली फेरिएको थिएन । तर पनि प्रचण्डहरुले बन्दुक छोडेको समाचारले सुरेन्द्रको जीवनलाई रसिलो बनाइसकेको थियो । बन्दुकरहितको प्रचण्डको जीवन नै बरु सुरक्षित हुन्छ भन्ने विश्वास सुरेन्द्रको मनमा कसरी उम्रियो भनेर उ आफैंले बुझ्न सकेको थिएन र पनि उसले आमालाई सम्झाउँदै भन्यो, "आमा, प्रचण्डको जीवनका बारेमा अब हामीले चिन्ता लिनु पर्दैन । उनीहरु शान्तिपूर्ण राजनीतिमा हेलिन थालेका छन् । अब उनीहरुको अकाल मृत्यु हुँदैन ।"

तर अनन्तलाई यति धेरै विश्वास लागेको थिएन । बन्दुकको लडाईंमा लाग्दा पनि प्रचण्ड आत्महत्या गर्न भनेर हिँडेको थिएन र प्रचण्डहरुले जतिसुकै शान्तिको बाटो अबलम्बन गरेको घोषणा गरे पनि उनीहरुको छाति छेड्ने बानी परेको बन्दुकको नालीमा खिया लागिसकेको थिएन । बन्दुक सभ्यताको विरोध हो भन्ने चेतना मुलुकमा सार्वत्रिक हुन सकिरहेको थिएन । त्यसैले उसले काठमाण्डौबाट पठाएको पत्रमा यस्तो लेखेको थियो, "बहिनीका बारेमा आमाले पटक्कै पीर नगर्नु । उ अहिले लैनचौरको कन्या माध्यमिक विद्यालयमा पढाउन थालेकी छ । घर र स्कूल सँगसँगै छन् । दश मिनेट पनि हिँड्नु पर्दैन । तर उसको जीवन स्कूलमै नबितोस भनेर उसका लागि हामी क्याम्पसको काम खोजिरहेका छौं । आमाको जुवाईको बाटो मात्रै फेरिएको हो । जीवन उहिलेकै जस्तो छ । तर आजभोलि उहाँको मन प्रफुल्ल भएको छ । जुवाईको उज्यालो अनुहारमा हेरेर रजनी सधैं खुशी भैरहेकी हुन्छे ... आदि इत्यादि ।

मनहरुको बीचमा द्वन्द भैरहेकै भए पनि देशको राजनीतिमा देखापर्न थालेको कलिलो मुनाजस्तो परिवर्तनले सबैलाई आनन्दै दिएको थियो ।

मुलुकमा राजनीति मात्र थिएन । जीवनको सिङ्गो अर्थ राजनीतिमा खुम्चिने कुरो पनि भएन । मुलकसँग बाढी थियो अनि थियो पहिरो । प्रत्येक वर्ष सोहोरिने बाढी र पहिरोको काम अघिल्लो वर्षको रेकर्डलाई तल झार्नु मात्र हुन थालेको थियो । बाढीले मधेशका गाउँहरु डुबाउने, पहिरोले डाँडै तछारेर लाने समाचारहरु बर्खायामका लागि सामान्य हुन थालिसकेका थिए ।

मान्छेहरु 'जङ्गल नासियो, सरकार आफैंले जङ्गल नासेर देश बगायो' त भन्थे तर बोटबिरुवा रोपौं वातावरण जोगाउँ भन्ने नारालाई घर करेसामा पनि उम्रिन दिँदैनथे । एउटा घर बनाउदा दुइटा रुख रोप्न सकिने ठाउँ हुन्थ्यो नै जहींतहीं, तर रुख काट्नेले रुख रोप्नै मान्दैनथ्यो ।

यसैबीचमा पैंतालिस सालमा ठूलै भूईंचालो आयो । पूर्वको धरान बजारमा ठूलो नोक्सानी पुर्‍याउने त्यो भूईंचालोले समाचारमा नआउने कति गाउँमा चिताइनसक्नुको नोक्सानी गर्‍यो होला भनेर कसैले आँकलन गरेनन् । तर उदयपुरमा केन्द्र भएको भनिएको त्यो भुईंचालोको असर राजधानीको भक्तपुरमा पनि महसुस गरियो । भक्तपुरमा समेत घर भत्काएर मान्छे किच्याउन सक्ने त्यो भुईंचालोले उदयपुरदेखि भक्तपुरसम्मका गाउँहरुलाई आफ्नो विनाशकारी लपेटाले हिर्काएन होला !

बमकाण्डको अवसानपछि राजनीति हिंस्रक अरु बनेको थियो । गुप्तहत्या अथवा हत्याप्रयासको शृङ्खलै शुरु भएको थियो भन्दा पनि हुन्थ्यो ।

मुलुकको स्थापित राजनीति लागूपदार्थको तस्करी अनि मुर्तिचोरीका कारण दुर्नाम भैसकेको थियो । बाहिरकाले त नेपालीलाई आफ्ना देशका विमानस्थलमा नाङ्गेझार पारेर अपमान गरे रे भन्ने समाचार छ्यास्छ्यास्ती छरिन्थे । देशभित्रै पनि राजनीतिको सम्मान घटेको थियो । स्थापित राजनीतिका पक्षधर विधायकहरु सुनतस्करका भरिया भएर नाङ्गिदै सडकमा झुम्थे । राजनीतिको दौरासुरुवाल लगाएकाहरु नै गाउँ गाउँबाट सयौं वर्ष पुराना मुर्तिहरु चोरेर विदेश निर्यात गर्थे । राम्रो लुगा लाउनेहरुले नकाम गरे पनि मुलुकमा इमानको मृत्यु भैसकेको थिएन । कसरी त्यो इमान बच्छ भन्ने सही ज्ञान दिने मानिस पनि सार्वजनिक रुपमा कतै निस्किएको थिएन । त्यसैले मुर्तिचोरी रोक्न गाउँलेहरु यस्तो कथा सुनाएर समाजलाई तर्साउने गर्थे ... ...

"सुन्या हो, आइतबार (यो बारको नाम सोम पनि हुनसक्थ्यो) तस्करहरुले बज्रबाराहीको मुर्ति चोरेछन् र बुङमतिको एउटा घरमा लुकाएर राखेछन् । मुर्ति राखेकै रातदेखि एउटा ठूलो बाघ आएर घर ओरिपरि घुम्दै गर्जन गर्न थालेछ । घरका मानिसहरु आत्तिएछन् र तीन दिनमै बाराही भगवतीलाई मन्दिरको जङ्गलमा लगेर राखिदिएछन् ...."

अथवा

"पलाञ्चोक भगवतीको मुर्तिमा पनि आँखा गाडेछन् तस्करहरुले । बेलुका नौ बजे चार जना चोरहरु मुर्ति बोकेर काठमाण्डौतिर लागेछन् । तर तीनपिप्लेमा आइनपुग्दै एउटा चोर रगत छादेर मरेछ । तीन जना चोरहरु साथीले ह्वालह्वाल्ती रगत छादेको देखेर आत्तिदै पलान्चोकतिरै फर्किएछन् र भगवतीको मुर्तिलाई मन्दीरको आँगनमा छोडेर भागेछन् ..."

अथवा

"जान्ने भएर तस्करहरुले बज्रयोगिनीको मुर्ति साँझ पर्दा नपर्दै चोरेर हिँडेछन् र गागलतिर निस्किने खोलामा मुर्ति गाडेर घरमा गएर सुतेछन् । राती साँखुका मानिसले बाघ गर्जिएको सुनेका रहेछन् । भोलिपल्ट त दुइ जना मान्छेलाई बाघले चिथोरेको भनेर एम्बुलेन्समा हालेर शिक्षण अस्पतालतिर कुदाउँदै गरेको पो देखियो ... ...।

यी किंवदन्तीहरुमा सत्यको मात्रा कति प्रतिशत थियो भनेर त कसैले लेखाजोखा गर्दैनथ्यो, तर कथा सुनेको केही दिनसम्म कथाका श्रोताहरु भने बेस्सरी नै डराउँथे ।

कथा जति रचे पनि मुर्तिचोरीको कर्म घटेन । इतिहासको त्यो काल मुलुक मुर्ति चोरी, तस्करी अनि लागू पदार्थ ओसार पसारको बेइज्जतीको परिचय बोकेर पिरिएको आँशुले परेलालाई भिजाएर पिलपिलाई रह्यो ।

मुलुक ओरालो लागिरहेको समयमा जीवन कहाँ स्थीर भएर उभिइरहन सक्थ्यो र ? प्रचण्ड अत्यन्तै ब्यस्त भएको थियो । भरखर छयालिस साल लागेको थियो त्यतिबेला । काठमाण्डौको बैशाख उत्तिसाह्रो गर्मीलो भैसकेको थिएन । एकदिन बिहानको खाना खाइरहेको बेलामा प्रचण्डले हाँसो गर्दै भनेको थियो, "नेपालका लागि 'सात' को अङ्क परिवर्तनको बाहक बन्दै आएको छ । ७७ सालले मकै पर्व ल्यायो, ८७ सालले प्रचण्ड गोर्खालाई शहीद बनायो । ९७ सालले चारजना शहीदको बलिदान खोज्यो र ठूलो परिवर्तनको रेखाचित्र कोऱ्यो । ००७ सालमा राणा शासन ढल्यो । ०१७ सालमा बहुदलीय प्रजातान्त्रिक प्रणाली समाप्त भयो । २७ सालले राजनीतिको हिंसालाई चर्को बनाएर ल्यायो । ३७ सालले मुलुकलाई जनमत सङग्रहको निलो र पहँलो रङ्ग दियो । अब ४७ साल आउँदैछ, त्यसले पक्कै पनि ठूलो परिवर्तन बोकेर आउनेछ ।"

"तिमी म होउ र कविता लेख," अनन्तले प्रचण्डलाई जिस्क्यायो ।

"हेर न, तिमी परिवर्तनको आँधि आफ्नै आँखाले देख्नेछौ," प्रचण्डले अनन्तको जिस्क्याइलाई वेवास्ता गर्दै भन्यो, "परिवर्तनका संकेतहरुलाई नियाल्ने कोशिस गऱ्यौ भने तिमीले अगाडीको उज्यालो भविष्य झलझली देख्नेछौ ।"

अनन्तलाई गम्भिर हुन कर पऱ्यो । उसले बहिनीको अनुहारमा पुलुक्क हेरेर प्रचण्डसँग सोध्यो, "के तिमीहरु अर्कोतिर पाइला सार्दैछौ ?"

"हो" भनिदेओस प्रचण्डले भन्ने अनन्तको मनको कामना थियो । तर प्रचण्डले सजिलै हो भनेन । उसले मायालु पाराले अनन्तलाई सम्झाउदै भन्यो, "दलहरुले संयुक्त आन्दोलन गर्नेछन् । प्रजातन्त्र हुनेछ मूल मुद्दा ।"

"तिमीहरु त्यसलाई सघाउँछौ कि त्यसैमा समाहित हुन्छौ ?" अनन्तको स्वरमा कुनै उतारचढाउ थिएन ।

"अब सघाउने भन्ने कुरै रहेन । जीवनलाई सघाउनै सकिदैन । जीवनमा त समाहित हुने हो । समाहित हुने मात्रै होइन, आफैं अगाडी सरेर जनताको लेख्ने, बोल्ने, सभा सङगठन गर्ने अधिकार प्राप्तीको संघर्षलाई नेतृत्व गर्ने हो ।"

समाचार खुशीको भए पनि अनन्तका लागि त्यो अनपत्यारिलो थियो । त्यसैले बैशाखको त्यो बिहानीमा प्रचण्ड धेरै बोल्यो, अनन्तले प्रतिवाद र प्रश्नहरुलाई आफ्नै मगजमा थान्को लाइदियो ।

साउनमा घर छोडेर हिँडेको प्रचण्ड भदौको अन्तिम साँझसँगै लुसुक्क घरको बैठक कोठामा छिऱ्यो ।

अनन्त र उ राती अबेरसम्म गफ गरेर बसिरहे । रजनीले खालि एउटा वाक्य मात्र सुनी, "अनन्त, हामीले संयुक्त आन्दोलनको निर्णय गऱ्यौं, ४७ सालले पनि नेपाली इतिहासमा एउटा खुड्किलो बनाउने भयो ।"

जुवाईं जेठानको गनथन राती बाह्र बजेसम्म पनि नसकिएपछि रजनी बैठक कोठाबाट हाइ गर्दै उठी र आफ्नो कोठामा पसेर घुप्लुक्क ओछ्यान पल्टिइ । कतिबेला उ निद्रादेवीको खोकिलामा घुस्रिन पुगी उसले पत्तै पाइन ।

बिहान चियाको कप अनन्तको हातमा थमाउदै रजनीले सोधी, "राती सुत्नु त भयो के ?"

अनन्तले मुसुक्क हाँसेर कुरो टाऱ्यो र प्रचण्डको मुखतिर हेर्दै जवाफ दिएको स्वरमा उसले भन्यो, "रजनी, म अब विराटनगर जान्छु दशैं मान्न । तँ पनि जाँदा हुन्छ । पछि प्रचण्ड र तँ काठमाण्डौ फर्किनु । म चाहिँ अब विराटनगरमै बस्छु ।"

छक्क परेर रजनीले सोधी, "किन ? यहाँ के भयो र ?"

प्रचण्ड र अनन्त एकअर्कालाई हेराहेर गरेर हाँसे । रजनी झन छक्क परी । अनुहारमा अलि अलि ठेस दलेर उसले दुवैतिर पालैपालो औँला तेर्स्याउँदै भनी, “ठीकै छ, मलाई नभनेर तपाईंहरु ठूलो हुनुहुन्छ भने राम्रै भो । मसँग लुकाएर तपाईंहरुको भलो हुन्छ भने त्यो पनि भइजाओस् ।”

“लाटी, नेपालको इतिहासमा अर्को सातको पनि महत्व दरिने भयो । ०४७ सालमा नेपालमा बिलकूलै नौलो सूर्यको उदय हुनेभयो । स्वतन्त्रताको सूर्य ... ।”

बोलिसक्न नभ्याउदै अनन्त कवि भैसकेको थियो ।

नवयात्रा

त्रिभूवन विमानस्थल एकदम अर्कै भैसकेको रहेछ ।

'चौध वर्ष थोरै पनि त होइन,' अनन्तले मनमनै गम्यो । औसर पनि अनौठै परेको रहेछ । चौध वर्षको अवधिमा सके चौधै पटक अनन्तले काठमाण्डौमा पाइलो हालेको थियो होला । तर अहिले हवाइजहाजमा उडेर आउनु भन्दा पहिले चौध वर्षसम्म अनन्तले त्रिभुवन विमानस्थलमा पाइलो टेकने औसर पाएकै रहेनछ ।

एभ्रो जहाजको भर्याङ्गबाट तल ओर्लिएर अनन्तले आफू अघिल्तिरको फराकिलो आँगनलाई हेर्‍यो । एकछिन त अनन्तलाई त्यो विमास्थल नै होइन कि जस्तो लाग्यो । जतातत‌ै पीचले ढाकिएको त्यो आँगन एउटा ठूलो बसपार्क जस्तै देखिन्थ्यो । उसको मनको कुरो थाहा पाएजस्तै ठीक्क त्यतिबेलै एउटा राम्रो र चिटिक्क परेको बस अनन्त भन्दा बीस पच्चिस हात पर आएर रोकियो । सबैजना हतारिंदै बसमा चढेको देखेपछि अनन्त पनि यताउता नहेरी बसभित्र उभिन पुग्यो । एकैछिनमा बस फनक्क घुमेर कतै लाग्यो । बसमा धेरै उभिनु परेन । पाँच मिनेट पनि परेन । अर्को त्यस्तै आगनमा आएर बस ध्याच्च रोकियो ।

अनन्त बसबाट ओर्लियो र कहिल्यै हवाइजहाज र हवाइमैदान नदेखेको मानिस जस्तो भएर बसको एउटा छेउमा ठिङ्ग उभियो । जहाज चढेर रन्थनिएको मानिसले जसरी उसले आफ्नो टाउको झट्कार्‍यो । उसका आँखाहरु थाहै नपाइ उत्तरतिर लागे । अनन्त छक्क पर्‍यो । उसका आँखाहरु स्थीर भए । त्यहाँ बाक्लै देखिने गरी हवाइजहाज र हेलिकोप्टरहरु लाम लागेर थकाइ मारिरहेका थिए । अनन्तलाई लाग्यो - ती हवाइजहाज र हेलिकोप्टर होइनन् । ती त मधेशको गाउँघरका पोखरीमा आहाल बसेका भैंसीहरु हुन् । अनन्तको मन अस्पट्टियो । नौलिएको अनन्तको मनले एकपल्ट विमानस्थलको फन्को मार्ने रहर गर्‍यो । उसले आफ्ना आँखाहरुलाई बिस्तारै पूर्वतिर घुमायो । त्यहाँ एउटा थोत्रो हवाइजहाज र दुइटा त्यस्तै थोत्रा हेलिकोप्टरहरु पाहा पछारिए जसरी पछारिएका थिए । अनन्त, ती थोत्रा जहाजहरुमा अलमलिएन । उसले आफ्ना आँखालाई दक्षिणतिर घुमायो । त्यहाँ तीन ओटा ठूलठूला जहाजहरु थकाइ मारेर निदाइरहेका थिए । अनन्तले मनमनै भन्यो, "यहीं उभिएर ओरिपरि हेरिरहन पाइने भए त देशले चिताइनसक्नुकै प्रगति गरेछ भन्ने विश्वास पलाउने रहेछ ।

अनन्तभन्दा पछि ओर्लिएका मानिसहरु धेरै अगाडी बाहिर निस्किइसकेका थिए । अनन्तलाई एकछिन आफैंसँग लाज लाग्यो । उसले पनि बाहिरको ढोकातिर पाइला चाल्यो ।

के भएर हो कुन्नि ट्याक्सी खोज्नुभन्दा पहिले अनन्तले आफ्नो पहिलो हवाइयात्रा सम्झियो । त्यतिबेला विमानस्थलमा एउटा सानो भवन थियो । अहिले त्यो तीन गुना ठूलो भैसकेको थियो । त्यतिबेला मानिसको उत्तिसाह्रो भीड देखिएको थिएन । अहिले मान्छेको बजार पनि बाक्लो भएछ । त्यतिमात्र होइन, विमानघरको ढोकाबाट बाहिर निस्किने बाटो पनि फराकिलो भएछ । त्यतिबेला ट्याक्सी पनि थोरै थिए । अहिले त ट्याक्सीको बजारै लाग्न थालेको रहेछ ।

'त्रिभूवन विमानस्थल नेपालीपनको नामै बिर्साउने गरी फेरिएछ,' अनन्तले सजिलो सुस्केरा तान्यो ।

मान्छेको हुलमा मिसिएरै अनन्त ट्याक्सी बजारतिर लाग्यो । छानामा घोप्टिएको आकास फेरि सफा भएको थियो । घामका किरणहरु बिदाइका हातहरुलाई नजानिदो पाराले उचालिरहेका थिए । अनन्तले ट्याक्सी बजारको ढोकामा उभिएर फेरि आफ्नो पहिलो यात्रा सम्झियो । त्यसबेला पहिलोपल्ट काठमाण्डौमा पाइलो हाल्दा दिनले सबैसँग बिदावादी माग्दै थियो । अहिले पनि घामले उसैसँग, तिमी रामरी जाउ है भनेर बिदा मागे जस्तो लाग्यो ।

पहिलो यात्रामा अनन्त ओर्लिएको आँगन कता छ ? उसले आफ्ना आँखालाई चारैतिर घुमायो । अहँ, त्यसको कतै नामनिशानै थिएन ।

"काठमाण्डौ, तँ कति बिरानो भैछस् हँ ?"

आफूले टेकिरहेको भुईं अनन्तका लागि नौलो भए पनि ट्याक्सी उसका लागि पहिलो यात्राको जस्तो नौलो थिएन । हरेक पटक काठमाण्डौ आउदा त्यो महङ्गिएको हुन्थ्यो, तर जति महङ्गिए पनि ट्याक्सी नै अनन्तको काठमाण्डौको भरोसिलो साथी थियो । त्यसैले आफ्नो हलुङ्गो झोलालाई काँधमा मिलाएर भिरेपछि उ बिस्तारै ट्याक्सीको खोजीमा बाहिर निस्कियो ।

किन पहिलो यात्राको मात्रै सम्झना हुंदैछ ? अनन्तले आफैंसँग सोध्यो । ट्याक्सी स्ट्याण्डले पनि उसलाई चौथाइ शताव्दी पछाडि फर्काइदियो । त्यतिबेला ट्याक्सी स्ट्याण्डको छेउमा उभिएर चिया खान दिने दुइटी दिदीहरु र

एउटा दाइको अनुहारको भिनो सम्भना उसको आँखामा नाच्यो । कस्ता भए होलान् तिनीहरु ! उसले उत्तरतिरको कुनामा थुप्रिएर बसेको जङ्गलसँग सोध्यो । अहँ, त्यसले उत्तर दिनै सकेन । अनन्तलाई लाग्यो - चौथाइ दशकमा नफेरिएको भनेको यही एउटा रहेछ - जङ्गल ।

ट्याक्सी स्ट्याण्ड पनि अलिक पर सरेको हो कि जस्तो लाग्यो अनन्तलाई । कि पहिलोपल्ट आउदाको टर्मिनल भवन होइन यो !

ट्याक्सी साह्रै पातला थिए । भण्डै भण्डै छँदै थिएनन् । अनन्त एकछिन बाटोको छेउमा उभियो । उभिनु बाहेक अर्को के उपाय थियो र ?

एउटा मारुती कार आइपुग्यो । अनन्त हतार हतार त्यसको छेउमा पुग्यो । ट्याक्सीको पुरानो यात्रु पैसा तिरेर बाहिर निस्कना साथ उसले आफ्नो भोला ट्याक्सी भित्र फाल्यो - मानौ कुनै अर्को प्रतिस्पर्धीले ट्याक्सी कब्जा गर्नै आँटेको छ ।

"भाइ भिमसेनगोलाको बाटो मैतीदेवी हुँदै नक्सालतिर घुमौं है," आफ्नो पहिलो यात्रालाई भलभली सम्भिदै अनन्तले ट्याक्सी ड्राइभरलाई भन्यो । ड्राइभरले छक्क परेर अनन्तलाई हेर्‍यो ।

"जाने कहाँ ?" ड्राइभरले सोध्यो ।

"जाने त लाजिम्पाटतिर हो, तर मैतीदेवी हुँदै" अनन्तले मुसुक्क हाँसेर भन्यो । ड्राइभरले हाँसिरहेको अनन्तलाई नियालेर हेर्‍यो । अनुहारमा मात्र हेरेर नअघाएपछि उसले अनन्तले लाएका लुगाहरुतिर आँखा डुलायो ।

"मान्छे हेर्दा त शहरिया जस्तै छ," शायद ड्राइभरको मनले भन्यो । मनको भनाइलाई किनार लगाउन उसले आफ्नो टाउको भडकार्‍यो र चाबी घुमाएर गाडी स्टार्ट गर्‍यो ।

फनक्क घुमेको गाडी हावामा बत्तिन थाल्यो । मारुती गाडीमा चढ्दा अनन्तलाई धेरैजसो टिनभित्र कच्याक कुचुक परेर बस्नुपरे जस्तो लाग्छ । मारुती गाडी गुड्दा अनन्तलाई तोरीको तेल हाल्ने टिन बत्तिए जस्तो लाग्छ । विमानस्थलको सीमा नकाटुन्जेल अनन्तलाई त्यस्तै लागिरह्यो ।

विमानस्थलको ढोकाबाट गाडी देब्रे मोडिएपछि अनन्तलाई साँच्चै गाडीमा चढिरहेछु जस्तो लाग्नथाल्यो । तर यो गाडीको अनुभूति, उ आफू बसिरहेको गाडीले दिएको थिएन । उसको विपरत दिशाबाट आइरहेका बाक्ला कारका लहरहरुले बाटाभरि गाडी नै गाडी भएजस्तो भान दिएको थियो ।

"यो अगाडीको चोक सिनामङ्गल होइन भाइ ?" अनन्तले ड्राइभरसँग सोध्यो । तर ड्राइभरले केही उत्तर दिन नभ्याउदै उसैले कुरो अघि बढायो, "हो, यहींबाट दाहिने लाग्ने है !"

सिनामङ्गलबाट पश्चिम लाग्दा फाँटिलो खेतका पाटाहरुको बीचबाट बाघ टाउके ट्याक्सीमा गुडेको हिजै हो जस्तो लाग्दैथियो उसलाई । अहिले पनि अनन्तको मन तिनै धान खेतहरुमा नाच्न खोज्दै थियो । असोज सकिंदाको बेलामा काठमाण्डौका धानको बाला भुलेका खेतहरु, हेर्दै मन तान्ने खालका हुन्छन् भन्ने पनि अनन्तलाई थाहा थियो ।

तर अनन्तको मन चरक्क चिमोटियो । उसको आँखाको मनले चुम्न खोजेको धान खेत बाटोको छेउछाउमा कतै थिएन । सबैतिरको हरियाली, रछ्यान भैसकेको थियो । त्यहाँ त अनुहारमा विफर उम्रिए जसरी ढाडिएका घरहरु ढ्याउढ्याउ डकार मार्दै बसिरहेका थिए ।

"के काठमाण्डौ यति कुरुप भैसक्यो ?" अनन्तले एकफेरो आफ्नै मनसँग सोध्यो । उसले त्यो कुरुपता हरियालीको समाप्तीमा मात्र देखेको थिएन । त्यो कुरुपता हावामा छरिएको थियो । त्यो कुरुपता ठेउला उठेको विमारी जस्तो छियाछिया परेको सडकमा पसारिएको थियो । हुँदा हुँदा अनन्तको आँखाले त्यो कुरुपतालाई मानिसहरुको अनुहारमा समेत देख्न थालेको थियो ।

भत्किएर खण्ड्याङमण्ड्याङ भएको सडकमा ढाक्लाक् ढुक्लुक् गर्दै गुडेको गाडी वागमतीको पुल तरेर उकालो लाग्यो । उकालोसँगै अनन्तको मनमा बैराग पस्यो । बाहिर जता नियाले पनि बाक्ला घरहरु बाहेक अरु केही नदेखिने भएपछि के नियाली रहनु र ? अनन्त सजिलो गरी गाडीको सीटमा अडेस लाग्यो ।

गाडीको बाटो अलिक सजिलो भएछ क्यार ! कारको गति बिस्तारै बढ्न थाल्यो । गाडी यताउता हल्लिन पनि छोडेजस्तो लाग्यो अनन्तलाई ।

"बानेश्वरको ओरालो चाहिं उस्तै रहेछ," अनन्तको मनले समीक्षा गर्‍यो । बीचमा धेरै पटक अनन्त काठमाण्डौ आएको थियो । तर के काक्ताली परेर हो, उ धोवीखोलो तरेर पूर्वतिर आएकै रहेनछ ।

धोवीखोलाको किनारमा अनन्तले फाँट खोज्ने प्रयत्नै गरेन । वागमतिको किनारबाटै विदा भएको हरियाली फेरि फर्किएर धोवी खोलातिर कहाँ आउन सक्थ्यो र ?

मैतिदेवीको साँघुरो बजारबाट ट्याक्सी अगाडी हुत्तिएपछि अनन्तले आफ्नो जीउलाई अलिकति अघिल्तिर ढल्कायो । मैतिदेवी डिल्लीबजार इलाकामा गाडी एकतर्फी छ भन्ने अनन्तलाई थाहा थियो ।

गाडी डिल्लीबजारबाट दाहिने मोडियो । अनन्तले जिउ तन्कायो र अलिकति अघिल्तिर निहुरिएर भन्यो, "भाइ, यहाँबाट सिधै टङ्गाल जाने, त्यहाँबाट देब्रे मोडिने है !"

आफ्नो कुरो ड्राइभरले सुने नसुनेको अनन्तलाई थाहा भएन । तर अनन्त ढुक्क भयो । गन्तब्यप्रति ड्राइभरहरुका आँखा र कान दुबै चनाखा हुन्छन् भन्ने अनन्तलाई थाहा थियो ।

"बस्, यहीं रोकौं," एउटा घरको फलामे ढोका अगाडी उसले ट्याक्सी रोक्यो । दिन साँझतिर ढल्किने कसरत गरिरहेको थियो - त्यसैले वातावरणमा रंगीन सन्नाटा मिसिएको थियो । अनन्तले घिसारेर आफ्नो झोला तान्यो । एकपल्ट उसले आफू छिर्ने घरको ढोकातिर हेर्‍यो । त्यो ढोका त्यहाँ छरिएको वातावरण जत्तिकै सुनसान थियो ।

फलामे ढोका चुइंय गरेर बज्यो । अनन्तले टाउको निहुर्‍याएर आफूलाई भित्र हुल्यो । ढोका भित्रको साँघुरो बाटोपछिको फराकिलो आँगन सुनसान थियो । त्यहाँ सधैं थकाइ मारिरहने मोटर साइकल पनि थिएन ।

अनन्तले ढोका छेउमा टाँसिएको घण्टीको स्वीच थिच्यो । भित्र कतै सँगीतमय घण्टी बज्यो । माथि घण्टी बजिरहदा नै अनन्तले सँगैको ढोका थिच्यो । अनन्त छक्क पर्‍यो । सधैं भित्रबाट बन्द भैरहने ढोका त्यो दिन खुलै थियो ।

"कसलाई खोज्नु भो ?" तेह्र चौध वर्षको किशोरले अनन्तको बाटो रोक्यो । अनन्तले नियालेर उसलाई हेर्‍यो । नरम छालाको अनुहार भएको त्यो केटोको मुहारमा स्वादिलो मुस्कान लेपिएको थियो ।

"तिम्रो नाम के हो बाबु ?" अनन्तले सोध्यो ।

"तल को हँ अर्जुन ?" माथिबाट कराएको महिला स्वर आयो ।

"हजुरको नाम के हो ?" अर्जुनले मुहारको उज्यालो मुस्कानलाई ओठहरुमा दलेर सोध्यो ।

संवाद भित्रको प्रश्न, उत्तर र जिज्ञासा शान्तिको प्रकृया देखेर अनन्त मुसुक्क हाँस्यो र माथिको महिला स्वरले सुन्नेगरी करायो, "रजनी, म आइपुगें ।"

"दाइ ई ई ..." रजनीको उल्लासमय स्वर घरै उचालेर गुन्जियो । रजनीको आवाजले अर्जुनलाई सरक्क किनार लगाइदियो । अनन्त बिस्तारै भर्‍याङ्ग उक्लिन थाल्यो । रजनी माथिबाट झण्डै झण्डै दौडिदै आइ । भर्‍याङ्गको सिरानमा दुवै जना एक अर्काको आमने सामने उभिन पुगे । अनन्तले आफ्ना मायालु हातले रजनीको कपाल सुमसम्यायो । रजनीले अनन्तको झोलाको जुइनो समाती । रजनीले एकछिन भर्‍याङ्गतिर आँखा डोलाई । उसले मुखले केही नबोले पनि अनन्तले उसको आँखाको प्रश्न थाहा पायो । उसका आँखाहरु भर्‍याङ्गसँग सोधिरहेका थिए, "भाउजु खोइ ?"

अनन्तको ममता मडारिएर आयो । उसले रजनीलाई कुममा समातेर फर्काउदै भन्यो, "राम्रो बच्चा राखिछस् । कहाँ फेला पारिस ?"

रजनी बोल्न सकिन । उसको मनमा अटेस मटेस कुराहरु खेलिरहेका छन् भन्ने प्रष्टै थाहा हुन्थ्यो । तर एकछिन अनन्त तिनलाई कोट्याउन चाहदैनथ्यो । उसले झण्डै झण्डै ठेलेर रजनीलाई अगाडी लगायो । रजनीले अनन्तको काँधको झोला थुतेरै आफ्नो हातमा झुण्ड्याई । अनन्तले पीछिल्तिर फर्किएर अर्जुनलाई हेर्‍यो । उसका आँखाहरु समुद्रको गहिराइ जस्तै रहस्यमय देखिन्थे ।

"अर्जुन, चिया बनाउछौ भाइ ?" अनन्तको मन हाँस्न मानिरहेको थिएन । तर उसले पनि अनुहारमा हाँसो पोत्न खोज्दै भन्यो, "एक कप मिठो चिया बनाउ । चिनी नहाल । रङ कडा राख, है !"

अर्जुन भान्सातिर लाग्यो । रजनीलाई लिएर अनन्त बैठक कोठातिर पस्यो ।

"लौ अब भन्, केको आतुरी पर्‍यो यस्तो," सोफामा आड लागिसकेपछि अनन्तले सोध्यो ।

तर रजनीले केही भनिन र धेरै बेरसम्म भन्नै सकिन । रजनी मनको कुनै बेदना लुकाउन ज्यानसक्तो कोशिस गरिरहेकी थिइ भन्ने थाहा पाएपछि अनन्तले अर्को कुरो कोट्याउन चाहेन । उसले आफ्नो झोलालाई एउटा कुनामा ठेल्दै भन्यो, "बस् ।"

रजनी बसिन । यसले उभिएरै अनन्तलाई हेरिरही । उसको आँखाले अनन्तलाई नियालीरहेका थिए, तर उसको मन भने केही कुरालाई आफूभित्र बाँधने कोशिस गरिरहेको थियो । अनन्तले पनि रजनीको अनुहारमा नियाल्न खोज्यो । रजनीको अनुहार उदासी र खुशीको मिश्रण बोकेर उराठ भएको टारबारी जस्तै देखिन्थ्यो ।

"भाउजुलाई किन ल्याउनु भएन ?" रजनीको प्रश्न सुनेर अनन्त खिसिक्क हाँस्यो । किनभने रजनीको अनुहारसँग भाउजुको कुनै सम्बन्ध थिएन ।

“तिमीहरुको तातोले हामी दुबैलाई सँगै आउन दिएन,” अनन्तले हाँस्न खोज्दै भन्यो, “तिमीहरुसँग फोनमा कुराकानी हुँदा दुइ चार दिनमा सँगै जाउँला भन्ने नै सोचेको थिएँ । तर फोन राख्नासाथ अनिताले बसी खानै दिइनन् । आजै जा, अहिल्यै जा भन्दा भन्दै पहिलो जहाजबाटै जा भन्न थालिन् । त्यसैले म एक्लै दौडिएँ । आउनै परे अनितालाई तयार भएर बस्नु भनेको छु ।” अनन्तले आफ्नो स्पष्टीकरण सक्याउदै भन्यो, “तर कमसेकम तँ बस्नसम्म त बस् । अनि प्रचण्ड खोइ ?” अनन्तले आफ्ना आँखाहरु डुलायो ।

रजनी फेरि पनि बसिन । उसले अनन्तको प्रश्नको जवाफ पनि दिइन । उसले एकपल्ट अनन्तको झोलातिर आँखा डुलाउदै भनी, “म चिया लिएर आइहाल्छु ।”

“चिया अर्जुनले ल्याउँछ, तँ बस्” अनन्तले ढोकाबाट बाहिर निस्किइरहेकी रजनीलाई सुनाउदै भन्यो । तर रजनी उभिइन ।

अनन्त छक्क पऱ्यो र बिहान भन्दा अहिले बढी छक्क पऱ्यो । ‘यो घरलाई के भएको छ ?’ अनन्तले मनमनै सोध्यो । घरको शान्ति, सन्नाटा बनिसकेको पो हो कि जस्तो उसलाई लाग्यो । यसो हेर्दा बाहिरबाट केही नदेखिए पनि भित्र ठूलै भुँइचालो गए जस्तो उसले अनुभव गऱ्यो । अनन्तको मन पहिले जसरी नै तरङ्गसँग खेल्न थाल्यो ।

चियाको गिलास बोकेकी रजनीसँगै अर्जुन पनि कोठा भित्र छिऱ्यो । रजनीले सोफा अगाडीको चिया राख्ने टेबुलमा गिलास राख्तै सोधी, “भोक लागेको छ कि !”

“छैन,” अनन्तले सोफामा सजिलो बस्तै भन्यो, “मलाई धेरै कुरा जान्न मात्रै आतुरी लागेको छ । यो राम्रो अर्जुन कहाँ फेला पऱ्यो ?”

आफ्नो प्रश्न सुनेर अनन्त पनि हाँस्यो । अर्जुन त हाँस्ने नै भयो ।

“यसको घर दोलखा हो । अहिले मेरो हित्तचित्त मिल्ने भाइ भएको छ” रजनीले मायालु आँखाले अर्जुनलाई हेर्दै भनी, “अर्जुन, जा बाबु, राम्रो तरकारी किनेर ले । तल ढोका लाएर जा है !”

“केको मासु ल्याउने दिदी ?” अर्जुनको हाँसोले सोध्यो ।

“दाइ मासु खानुहुन्न, राम्रो सागसब्जी हेरेर ले, पाइस् भने राम्रो दही पनि ले ।”

अर्जुनले छक्क परेका आँखाले अनन्तलाई हेऱ्यो । अनन्तले उसको आँखाको भाखा पढ्यो । “राम्रो, ताजा मासु पाइन्छ सर, मलाई राम्रो मासु दिन्छ साहुले,” अर्जुनको परिपाठ सुनेर अनन्त छक्क पऱ्यो । त्यसैले अनुहारमा अर्जुनको जस्तो हाँसो पोतेर उसले भन्यो, “यो उमेरमा अब मासु खाइरहनु पर्दैन । उहिल्येइ धेरै मासु खाइयो । मैले मासु खान छोडेको पाँच वर्षै भैसक्यो ।”

अर्जुनका आँखा अझै पनि छक्क परिरहेका थिए । त्यसैबेला रजनीले सय सय रुपैयाका दुइटा नोटहरु अर्जुनको हातमा हालिदिइ । अर्जुन ढोकाबाट बाहिर निस्कियो । अर्जुनको गमनसँगै अनन्तले एकपल्ट चिया सुरुप्प तान्यो र रजनीतिर फर्किंदै भनयो, “अब तँ बस् ।”

रजनी अनन्तको छेवैमा बसी । झण्डै झण्डै टाँस्सिएर बसी । अनन्तको अलमलिएको मन झनै नराम्ररी अलमलिन थाल्यो । ‘सधैं हाँसिरहने यो घरलाई के भयो ? के कुनै ग्रहणले छोप्यो ? कि घर भित्र गोधुली छिऱ्यो ?

घरको कोही विरामी परेका छैनन् भन्ने अनन्तलाई थाहा थियो ।

“तिमी काठमाण्डौ गैहाल्नु पऱ्यो” भनेर अनिताले करकर गर्दा उसले सोधेको थियो, “के कोही विरामी पऱ्यो ?”

“विरामीको कुरो होइन क्या,” अनिताले अलिक झर्को मान्दै भनेकी थिइ ।

“अनि आजै, अहिल्यै हिंड्नु पर्ने के त्यस्तो आतुरी पऱ्यो त !” उसले छक्क पर्दै थपेको थियो, “मैले, एकाध दिनमा आउने कोशिस गर्नेछु भन्दा प्रचण्डले हुन्छ चाँडै आउ मात्र भनेको थियो ।”

“तिमीलाई त मान्छेको समस्यै थाहा हुन्न,” अनिता झनै झर्किएकी थिइ, “तिमीसँग कुराकानी भएपछि रजनीसँग मेरो कुरा भएको थियो । बिचरी टेलिफोनमै रुन थालिन् । ‘भाउजु जसरी भए पनि आउनुस् न भन्दै थिइन् ।’ मान्छे त्यस्सै रुन्छ ?”

“रजनी कहिलेकाहीं त्यस्सै पनि रुन्छे । आखिर उ साहित्यकार नभए पनि साहित्यकारकी बहिनी त हुँदै हो,” अनन्तले ठट्टा गर्न खोजेको थियो ।

“छ्या, यो मान्छेको बानी !” अनिता बेस्सरी झर्किएकी थिइ । त्यसपछि उसले आदेश दिंदै भनेकी थिइ, “तिमी आजै जाने हो । मैले झोला मिलाइ दिएकी छु । दुइ जोर लुगा हाल्दिया छ । एकछिनमा टिकट आइपुग्छ । तिमी आजै, अहिल्यै जाने हो ।”

अनन्त हाँसेको थियो । अनन्तको हाँसो देखेर अनिता बेस्सरी रिसाएकी थिइ । उसले झर्किंदै भनेकी थिइ, "कस्तो मान्छे हैँ तिमी ! साथी-सँगाती, आफन्त भनेकै दुःखका बेलामा होइन ? मान्छे पीर परेर रुँदा पनि तिमी कसरी हाँस्न सक्या हैँ ? ..."

"रजनी रोएर म हाँस्या होइन, तिम्रो फन्को देखेर म हास्न कर पऱ्या हुँ । पहाडै त पल्टिहाल्या छैन होला । टिकट आएपछि काठमाण्डौ फोन गरिदेउ ।"

"फोन गर्नु पर्दैन र म फोन गर्दिन । के भएको हो, त्यो थाहा पाउन पनि झ्वाट्ट पुग्नुपर्छ ।"

"फेरि जासुसी ।"

अनन्त हाँसेको थियो ।

विराटनगरको बिहानको हाँसोलाई अनन्तले रजनीको छेउमा पनि कोट्याउन खोज्यो । तर अहँ, उसको ओठ फक्रिनै सकेन । बिहानको सम्झनाले नै अनन्तको मनलाई गम्भिर बनाएको थियो । मन गम्भिर भएको हुनाले अनन्तलाई सिङ्गो वातावरण नै गम्भिर लागिरहेको थियो ।

सन्नाटा भित्र अनन्तले चार पाँच चुस्की चिया तान्यो । त्यसपछि उसले रजनीको कपाल मुसार्दै भन्यो, "रजनी केही भएको छ भने भन् ।"

"दाई, मेरो घरमा ग्रहण लाग्यो," रजनी बोल्नै सकिन । पहिले उसका आँखाका कोसहरु रसिला देखिए । छिनमै उसको गहको डीलमा आँशुको थोप्ला उठे जस्तो देखियो । अनन्तले आफ्ना नरम हातले रजनीको कपाल मुसाऱ्यो । अनन्तको हातले रजनीको धैर्यको बाँध भत्काइ दियो । उ अनन्तको कुममा टाउको राखेर निस्तब्ध रुन थाली ।

अनन्तले सम्झाएन । आफ्नो न्यानो अँगालोमा रजनीलाई च्यापेर उसले आफ्ना आँखालाई चियाको गिलासमा टाँस्यो । बाहिर उज्यालै थियो, तर कोठाभित्रको वातावरण नजानिदो पाराले धमिलो हुँदै अँध्यारिएको हो कि जस्तो उसलाई लाग्यो ।

चिया चिसो हुँदै थियो, अनन्तले आफ्नो कुम पनि चिसो भएको महसुस गऱ्यो ।

'स्थिति के चिताउनै नसक्ने गरी बिग्रिएकै हो ? प्रचण्ड सोचेभन्दा तलै झरेको हो ? राजनीतिको विकृत रोगले उसलाई फर्किनै नसक्ने गरी तानेर लगेको हो ? कि प्रचण्डले आफ्नो पारिवारिक जीवनकै विनाश गऱ्यो ?' अनन्तको मन झसङ्ग झस्कियो । त्यतिबेला मात्र उसलाई तल आँगनमा मोटर साइकल नभएको ख्याल भयो ।

"प्रचण्ड खै ? आँगनमा मोटरसाइकल पनि छैन ।"

रजनीले केही जवाफ दिइन । उसको आँखामा जम्मा भएको आँशुले धेरै दिनदेखि बाटो पाएको थिएनछ । त्यो भदौरे झरी जसरी अनन्तको कुममा झरिरह्यो ।

कति समय टऱ्यो - अनन्तलाई पनि ख्याल भएन । तर धर्तीले दिउँसोको घामलाई विदाइका हात हल्लाउन थालिसकेको थियो । तल घरक्क ढोका नउघ्रिएको भए अनन्तले वातावरणमा कुनै आवाज पनि छ भनेर ख्याल समेत गर्न सक्ने थिएन ।

ढोकासँगै मधुरो चालमा भऱ्याङ्ग बज्यो ।

"रजनी उठ् । अर्जुन आए जस्तो छ । उसलाई काम अह्रा र आफूलाई शान्त पार् । प्रचण्ड खै ? म उसैसँग कुराकानी गर्छु," अनन्तले छोटाछोटा वाक्यहरुमा संसारको सबै काम सिध्यायो । रजनीले सारीको सप्कोले आफ्नो अनुहार पुछी । तर उसले आफ्नो टाउको उठाइन । ठीक त्यसैबेला अर्जुनले आफ्नो हँसिलो अनुहारलाई ढोका भित्र छिरायो । अनन्तले हेर्दा हेर्दै त्यो अनुहारमा आश्चर्यका रेखाहरु कोरिए ।

"प्रचण्ड खै अर्जुन ?" अनन्तले अलमल्ल परेको अर्जुनसँग सोध्यो ।

"नगरकोट जानु भा' छ ।"

"नगरकोट !" अनन्त छक्क पऱ्यो । उसले मनमनै भन्यो, "यो घर हो कि कुनै तिलस्मी महल ! रजनी रोइरहिछ । अर्जुन सधैं हाँसिरहन्छ । अनि घरको मुली नगरकोटको रमाइलोमा भुलिरहेछ ।"

"अर्जुन, तिम्री दिदीले मलाई चिया खान दिइनन्, अब अर्को एक कप राम्रो चिया बनाएर लेउ ल ! म चिनी खान्न । तिमीलाई भन्दिइहालौं, म चिल्लो पनि खान्न । त्यसैले तरकारी नतार्नु है !" अनन्त एकछिन रोकियो र वातावरणलाई सकेसम्म सहज बनाउदै भन्यो, "अब मैले नगरकोट फोन गरेर प्रचण्डलाई म आइपुगेको छु भन्नुपर्छ । यताको काम चाँडै सकेर मैले विराटनगर फर्किनु पर्छ ... ।"

रजनीले त्यतिन्जेलसम्म टाउको उठाइसकेकी थिई । "अर्जुन," उसले सहज स्वरमा भनी, "दाइलाई अर्को एक कप चिया बनाएर लेउ । भान्साको काम तिमीले नगर्नु । म भरे गरुंला ।"

"रजनी, तिमी केही कुरा गर्न सक्छ्यौ ?" अर्जुन बाहिर निस्किएपछि अनन्तले केटाकेटीमा रजनीलाई फकाउदै बोल्ने गरेको भाका बोल्यो । दाइले 'तिमी' भनेर बोलाउने बित्तिकै सानी रजनी खितित्त हाँस्थी र दाईलाई कुममा हिर्काएर भाग्थी । अनन्तले प्रौढतातिर उकालो चढिरहेकी बहिनीलाई फेरि वाल्यकालतिर फर्काउदै बिस्तारै भन्यो, "अनिता र तेरो ब्यवहार देखेर मेरो अन्यौल मात्रै बढेको छ । मलाई काठमाण्डौ आउ न, भनेर फोन गर्ने प्रचण्ड नगरकोट पुगेको छ ... ।"

"आउदा आउदै जाने कुरा नगर्नुस्," रजनी बोलेको सुनेपछि अनन्तले सन्तोषको सास फेर्‍यो । अब रजनी आफ्नो पुरानै स्वभावमा ओर्लिएकी थिइ । उसले अनन्तसँग टाँसिएरै भनी, "एक हप्ता भो, म राम्ररी निदाउन पनि सकिरहेकी छैन । हामी के भयौं र कहाँ छौं भन्ने पनि मलाई थाहा छैन । यस्तो किन भैरहेछ भन्ने पनि मलाई थाहा छैन ... ।"

भएकै के छ र थाहा हुनु ? अनन्तले आफ्नै मनसँग सोध्यो । उसलाई पनि त केही थाहा छैन । तर अनन्त मुख फोरेर त्यसरी बोल्न सकेन । उसले कुरालाई अन्तै घुमाउदै सोध्यो, "अनि मलाई फोन गरेर प्रचण्ड किन नगरकोट हिंडेको त ?"

"तपाईं आजै आउनु हुन्छ भन्ने प्रचण्डलाई अनुमान नै भएन । मलाई त लाग्या थिएन, उहाँको के कुरा ! उहाँ त तपाईंसँग कुरा गरेपछि भन्दै हुनुहुन्थ्यो - अनन्त आउने लक्षण छैन । त्यसपछि त मैले भाउजुलाई फेरि फोन गरेँ । तपाईं एक्लै आउन अल्छि मान्नुहोला भनेर मैले भाउजुलाई पनि सँगै आउनु है भनेकी थिएँ ।"

"आखिर भयो चैं के ?" अनन्तले आफ्नो स्वरलाई सकेसम्म नरम बनाएर सोध्यो ।

"के भएको छ ? ठ्याक्कै यही भएको छ भनेर म भन्न सक्दिन । तर जे भैरहेको छ - त्यो राम्रै भए पनि हुने तरीका चाहिं गलत छ । कस्तो कस्तो एकखालको अस्वस्थता जस्तो । नहुने कुरो हुनै आँटे जस्तो," रजनी सास फेर्न रोकिई, "म तपाईंलाई यही हो भनेर जवाफ दिन सक्दिन । प्रचण्ड आउनु भएपछि कुरा गरेरै तपाईंले वास्तविकता थाहा पाउनु हुनेछ ।"

"नगरकोटको फोन छ ?"

"फोन पर्दैन । उहाँ साँझमा आउनु हुन्छ । तीन चार जना साथीहरु पनि हुनुहुन्छ" बोलौं कि नबोलौं हुँदै रजनी फेरि एकछिन रोकिइ, "एक्लै त उहाँलाई किन जान दिन्थेँ र ?"

"तिमीहरुको झगडा पर्‍या त होइन ?"

"होइन, तर झगडा परेकै छैन पनि भन्न मिल्दैन । हामी बाझेका छैनौं । प्रचण्डको अनुहार हेरेर म बाझ्नै सक्दिन । तर हामी चङ्गा पनि छैनौं । केले केले हामी बीचको हार्दिकताको गला रेटेजस्तो भैरहेको छ ...," रजनी बोल्दा बोल्दै रोकिइ, "तपाईंले भाउजुलाई लिएर आउनु पर्ने ।"

"तिमीहरु दुबै जना विराटनगर जाओ । म केही दिन तिमीहरुको घर रुँगेर बसुँला," वातावरणको गह्रुंगोपन पातलिंदै गएको महसुस गरेपछि अनन्तले रमाइलो मान्न खोज्दै भन्यो ।

"त्यो दिन आउदैन पनि नभन्ठान्नुस्," रजनीले बोझिल पारामै टिप्पणी गरी, "अहिले तपाईं कपडा फेर्नोस । प्रचण्डले भनेर बाँकि रह्यो भने म पनि भनौंला ... ।"

अर्जुनले एक कप चिया ल्याएर टेबुलमा राख्यो । रजनीले उसलाई अनन्तको झोला पाहुना कोठामा लगेर राख्न अह्राई । अनन्त चियाको गिलास समातेर आफू सुत्ने कोठातिर लाग्यो । रजनी तल ओर्लिइ ।

चिया खाएर, लुगा फेरेर अनन्त घरको छतमा निस्कियो । विराटनगरको तातोबाट काठमाण्डौ आएको अनन्तलाई मौसम त्यसै नै चिसो लागिरहेको थियो । त्यसमाथि चन्द्रागिरीको पछिल्तिर उज्यालो बास बस्नै लागेको बेलामा अनन्तलाई जाडो लाग्नु नै स्वभाविक थियो ।

छतबाट हेर्ने केही थिएन । सधैं देखिने आकाशको उत्तरपूर्वी किनार रातो हो कि धमिलो हो जस्तो देखिंदै थियो । आकाशको अरु भाग सधैं जसरी देखिने एकनास र निलो छातिमा हराएको थियो । घरबाट नजिकै दक्षिणतिर देखिने झ्याङ्गिएको बाँसघारीले नजीकै जङ्गल छ कि जस्तो आभास दिइरहेको थियो । माथि र टाढा देखिने फुलचोकी डाँडो एण्टेनाहरुको बजार जस्तो देखिन थालिसकेको थियो । पहिले पहिले त त्यो छतबाट पश्चिमतिरको नागार्जुन र स्वयम्भू दुबै देखिन्थ्यो । यसपटक आडैमा बन्न थालेको अग्लो होटेलले पश्चिमको हरियालीलाई सोहोरसाहर पारेर खाइदिएको थियो ।

उत्तरतिर अझै बन्देज लागेको थिएन । टोखा माथिको स्वास्थ्य केन्द्र नजिकको भित्तो अलिकति धसारिए जस्तो देखिए पनि फूलचोकीको जङ्गल चाहिं अलिक बढी हरियालीमा रमाउन थालेको रहेछ ।

पूर्वतिर पनि नाचे अनन्तका आँखाहरु । पन्ध्र वर्षयता उ कहिल्यै नगरकोट पुगेको थिएन । तर उहिले विद्यार्थी बेलामा डाँडा चढ्ने रमाइलोमा खेल्दा एकपल्ट उकालो चढेको नगरकोट डाँडो कुनचाहिं हो भनेर अहिले पनि उ सजिलै चिन्न सक्थ्यो ।

'त्यही नगरकोटको पाखोमा कतैतिर प्रचण्ड घर आउन ओरालो झरिरहेको होला,' अनन्तको मनले भन्यो ।

आकाशको लामो भऱ्याङ ओर्लिएर बिस्तारै साँझ र चिसो अँगालो मारेर सँगसँगै घरको छतमा ओर्लिए । दुबैसँग विदाइको हात मिलाएर अनन्त पनि घरको भऱ्याङ ओर्लिंदै बैठक कोठामा झऱ्यो । बैठक अझै उज्यालिन सकेको थिएन । ढोका छेउको बत्तीको स्वीच थिचेर अनन्तले कोठालाई उज्यालो बनायो ।

सुनसान कोठामा धुमधुमती बसिरहन अनन्तको मनले मानेन । उसले नजिकैको किताबको दराजतिर आँखा घुमायो । पुरानो कालमा दश वर्ष सुतेको अनि पाहुना भएपछि पनि आठ दश पटक आएर बसिसकेको यो कोठा र कोठाको एउटा किनारमा राखेको दराज, त्यसभित्रका किताबहरु पनि अनन्तका लागि नौला थिएनन् । उसले दराजको छेउमा उभिएर लस्करै राखिएका किताबका नामहरु पढ्यो । ती पुरानै थिए र तिनलाई दराजबाट झिकेर पढिरहनु पर्ने आवश्यकता पनि थिएन । त्यहाँ राखिएका सबैजसो किताबहरु अनन्तले पहिले नै पढिसकेको थियो र केही केही किताब त तीन चार चोटी दोहोऱ्याएको पनि थियो ।

"अनन्त," एउटा उत्साही स्वरले अनन्तलाई झसङ्ग झस्कायो । अनन्त उभिएकै ठाउँबाट ढोकातिर फर्कियो । प्रचण्डको मोटाउन नसकेको शरीर उसैलाई नियालिरहेको थियो । उसको अनुहारमा हाँसो त थिएन, तर त्यो गम्भिर पनि थिएन । "तिमी आइसकेछौ । मैले त तिमी भोलितिर मात्रै आउला भन्ठानेको थिएँ ।"

"नआइ नहुने स्थिति तिमीहरुले बनाइ छाड्यौ," प्रचण्डको हातलाई आफ्ना दुइ हातले समातेर अनुहार भरि हाँसो छरेर अनन्तले भन्यो, "तर मलाई किन यहाँ बोलाइयो भन्ने विषयको जानकारी अहिलेसम्म मैले पाउन सकेको छैन । यो धर्तीमा परिवर्तन त भएकै होला । तिमी नगरकोट घुम्न गएछौ । एउटा आश्चर्य यही भयो । रजनी पहाडै पल्टिए जस्तो गर्छे । त्यसको आँशु मेरा लागि अर्को आश्चर्यको ढोका बन्यो । झगडा भयो ? भन्दा होइन भन्छे, विरामी भइस ? भन्दा पनि होइन भन्छे ।

"आश्चर्य फाश्चर्य केही होइन," प्रचण्डले अलि अलि हाँस्तै भन्यो, "आश्चर्य रजनीको मनको मात्रै हो । तिमी आइहाल्यौ अब त्यो मन पनि ठेगानमा आउछ । म यसो हातखुट्टा धोएर आउँछु, अनि बसेर रामरी कुरा गरौंला ।

अनन्त थपक्क बस्यो । बस्नु बाहेक उसँग त्यतिबेला अर्को कुन काम थियो र !

"तिमीले जित्यौ र मैले हारें," उज्यालो बत्ती मुनिको सोफामा सन्चोले बसेर अनन्तलाई नियालेर हेरेपछि प्रचण्डले भन्यो, "मैले असाध्यै जटिल मानसिक द्वन्द र पीडाको बीचमा आफ्नो हार स्वीकार गरेँ । मैले यसरी हार्नुको अर्थ रजनीलाई थाहा छैन । तिमीसँग बहस गरेर उठेपछि मैले केमा अनि कसरी हुँडल्लिनु पऱ्यो भन्ने पनि उनलाई थाहा छैन । म भित्र कुन परिवर्तनको प्रसव-पीडा दुखिरह्यो भन्ने पनि उनले जानेकी छैनन् । म कहाँ थिएँ र कता गैरहेछु भन्ने बाटो मात्रै उनले जानेकी भए पनि उनी यत्ति साह्रो भुट्भुटिने थिइनन् । त्यसैले अन्यौलका नङ्ग्राहरुले चिथोरेर उनलाई घाइते पारेको छ र आफ्नै मनका घाउहरु हेरेर उनी चिन्तित भएकी छन् । सबै कुरा उनलाई नभनेर मैले ठीक गरेँ कि बेठीक गरेँ मलाई थाहा छैन । तिमी आएका छौ । म तिमीलाई सबै कुरा बताउन सक्छु । तिमीले मेरो दुखाइलाई ठम्याउछौ भन्ने मेरो विश्वास छ । त्यसपछि तिमीले उनलाई सम्झाउन सक्यौ भने उनको चिन्ता त्यस्सै हराएर जानेछ ... ।"

अनन्त स्तव्ध भयो । उसले प्रचण्डको अनुहारमा हेऱ्यो । अहँ, त्यहाँ ठट्टाको संकेतसम्म थिएन । उसको अनुहार गम्भिर थियो । प्रचण्डको अनुहारको गम्भिरता देखेर अनन्तको अनुहार थाहै नपाई धमिलो भयो । हुनत, गएको दशैंपछि उनीहरुको देखाभेट भएको थिएन । तर रजनीलाई पिरोल्ने प्रचण्डको समस्या के थियो, बीचमा उसले कस्तो मानसिक घर्षणबाट गुज्रिनु परेको थियो र यतिबेला उ के भन्न खोज्दैछ भनेर बुझ्न अनन्तलाई अलिकति पनि अप्ठ्यारो परेन ।

प्रचण्डको कपाल धेरै फुले जस्तो लाग्यो अनन्तलाई ! कतै यो उसको आँखाको दोष त होइन ? अहँ, होइन । प्रचण्ड राम्ररी फुलेकै हो । के एकाध वर्षमै मानिस यसरी बाक्लै फुल्न सक्छ ? त्यतिबेलाको भेटमा पनि प्रचण्डको कपालका रौंहरु फूल्न थालेका थिए । तर अहिले त तिनीहरु दुई हात घोप्ट्याएर मिसाएको तीलचामल जस्तै भैसकेका रहेछन् ।

"पराजय पीडा साह्रै नराम्ररी दुख्तो रहेछ," प्रचण्ड आफ्नै सुरमा बोलिरहेको थियो, "त्यही पीडालाई जित्न मैले रजनीलाई कतै घुम्न जाऔं भनें । कतै नभए विराटनगर नै भए पनि जाऔं भनें । अथवा एकपल्ट फेरि भोजपुरको हरियाली नियाल्दै हिडौं भनें । अहँ, उनले पटक्कै मानिनन् । कतै म आत्महत्या त गर्दिन भन्ने डरले समातेको थियो विचरीलाई ! म आधा पागल भैसकें भन्ने लागेको थियो तिनलाई ! त्यसैले उनी मलाई कतै जानै दिन्नन्," बोल्दा बोल्दै प्रचण्ड फिस्स हाँस्यो ।

"मलाई लाग्छ - तिमीले एकछिन आराम गर्नुपर्छ । पहिले हामी एक एक कप चिया पिऔं । त्यसले तिमी र म, अर्थात हामी दुबैको थकाइलाई कोठाको कुनामा लगेर थन्क्याउनेछ । त्यसपछि हामी ढुक्कले गफ गरैंला । खाना आज अलिक ढिलै खानुपर्ला," अनन्तको मुख रेडियो जसरी थाहै नपाई बज्यो ।

पहिले नै अह्राए जसरी रजनी दुइ कप चिया लिएर भित्र पसी । उसले ढोकै छेउमा उभिएर प्रचण्ड र अनन्तलाई हेरी । दुइटैको अनुहारमा उसले गम्भिरता देखी । तर ती दुइटै अनुहारमा विषाद र दुःखका चिन्हहरु थिएनन् । तिनीहरु पानी बोकेको बाक्ला बादलका गुजुल्टा जस्ता थिए, तर तिनीहरु बरका जराहरु जसरी कल्याङमल्याङ गरेर खुम्चिएका थिएनन् । तिनीहरुमा पीपलको फेद जस्तो सपाट छायाँ थियो । ढोकाको सामुन्ने उभिएर उसले एकपल्ट ढुक्कको सास फेरी र दुइ जनाको बीचमा चियाको कप राखेर आफ्नो दाजुको छेउमा उभिई ।

"के तिमी आफ्ना कुराहरुलाई श्रृंखलावद्ध ढंगले भन्न सक्छौ ?" अनन्तले चियाको गिलास उठाउंदै भन्यो ।

"सबै कुरो स्थीर भएपछि मन अत्यन्तै शान्त हुंदो रहेछ । माछा पनि नभएको बिहानको शान्त पोखरी जस्तो ! अहँ, एउटा पनि तरङ्ग नभेटिने । तिमीलाई फोन गरेपछि म त्यस्तै भएको छु । कोशिस गर्दा पनि मलाई पीडाले छुन सकिरहेको छैन । सबै एउटा नियमितता भित्र नाचिरहेको छ जस्तो मात्र लाग्छ," प्रचण्ड दार्शनिक जस्तो भयो । उसले एकपल्ट रजनीको अनुहारमा हेरेर कुरो अघि बढायो, "तिमीलाई सम्झना होला, ठीक दुई वर्ष पहिले हामी यही ठाउँमा बसेका थियौं । सन्जोगले तिमी त्यहीं बसेका थियौ र म पनि यहीं थिएँ । आज साँझको बत्ती बलिसकेको छ, त्यो दिन भरखर घामले घरमा पाइलो हालेको रमाइलो बिहानी थियो । पूर्वतिरबाट पत्र पत्र परेर आएको उज्यालोले कोठालाई स्नीग्ध तुल्याएको छ भन्ने मलाई लागेको थियो । तिम्रो मनमा अन्धकारको भविष्यवाणी भैसकेको छ भन्ने मलाई थाहा थिएन । त्यसैले त्यतिबेला तिमी मसँग सम्झौता गर्न तयार थिएनौं र म पनि तिम्रो कुरा सुन्न र मान्न तयार थिइन । त्यो बिहान, दिक्दारीको भारीले किचिएर तिमी अन्यमनस्क पाइला चालेर घरबाट बाहिरिएका थियौ ... ।"

"त्यसलाई छोड," अनन्तले एकछिन प्रचण्डलाई चिया पिउने मौका दियो, "त्यो हाम्रो जीवनको एउटा अध्याय थियो र नमिठो अनुभवको अध्याय थियो । मैले त्यसलाई धेरै पहिले बिर्सिइसकेको छु र त्यसलाई बिर्सन तिमीलाई पनि सल्लाह दिन्छु । जिन्दगी भनेको घामछायाँको दोभान हो र त्यहाँ कहिलेकाहीं साँझ खस्नैपर्छ भनेर हामीले स्वीकार्नु पर्दो रहेछ ...।"

"होइन, त्यो बिहानीलाई हामी दुबैले बिर्सन हुंदैन," प्रचण्डले फेरि अनन्तलाई रोक्यो र आफ्नो कुरा अगाडी बढायो, "तर अहिले मैले कथा जोड्न त्यसलाई कोट्याएको होइन । तिमीले श्रृंखलाको कुरा उठाएको हुनाले मैले त्यसलाई आरम्भ बनाएको हुं । त्यसलाई यहीं छोडौं । मलाई लाग्छ, त्यसयता तिमीले भन्ने र मैले सुन्ने केही छैन । जति छ, त्यो मैले मात्र भन्ने खालको छ र सुन्ने जिम्मा मात्रै तिम्रो हिस्सामा छ ।" प्रचण्डको कुरो सुनेर अनन्त खिसिक्क हाँस्यो । उसको हाँसोलाई बेवास्ता गर्दै प्रचण्डले कुरो अघि बढायो, "त्यतिबेला, तिमी र मैले गरेको बहसको अंशलाई रजनीले सुनी दिएको भए अहिले उनले यति धेरै पीडित हुनुपर्ने थिएन । तिमी आइदिएर मेरो मन शान्त पारिदिनु पर्छ भन्ने उनलाई लाग्ने नै थिएन ।"

"उसै पनि त्यो बिहान तिम्रा कुराहरु प्रति म सहमत हुनसक्ने अवस्थै थिएन । म मन्त्री पदबाट भरखरै बाहिरिएको थिएँ । तर म भित्र त्यसको पीडा थिएन । नक्खुको झ्यालखान होस् कि सिंहदरबारको घुम्ने कुर्ची होस् - मेरा लागि दुबै उस्तै थिए । इलामको मकैको खोस्टाको ओछ्यान होस् कि मन्त्री क्वार्टरको नरम गद्दा होस् - मेरा लागि दुइटैको महत्व ओछ्यानमा सीमित थियो । त्यसैले मन्त्री पद गएर मेरो मन विरक्तिएको थिएन । यति हुंदा हुंदै पनि मन्त्री निवासबाट भरखर बाहिर आएको मेरो मनमा एउटा दम्भ थियो । सुविधाको दम्भ, सफलताको दम्भ या कुनै यस्तै नकारात्मकताको दम्भ ! त्यो साँझको मेरो मनको अप्ठ्यारो तिमीले बुझेको हुनुपर्छ । तिमीले त्यो बिहानलाई सम्झिएको हुनुपर्छ ...।"

हो, अनन्तको मनमा छापिएको त्यो बिहानले धेरै दिनसम्म दुःख दिएको थियो । २५ वर्ष लामो मित्रतामा अत्यन्तै नमीठो तिक्तता पैदा गराउने त्यो बिहान, अनन्त र प्रचण्डको तिक्खर विवादको सन्ध्या थियो । उनीहरु घरि घरि गम्भिर वार्तालापमा संलग्न हुन्थे । नभए उनीहरु बीचको चर्को बहस नै त्यो बिहानको विशेषता थियो । तर यो

चर्कोपनामा प्रचण्डको मन्त्री पद उछिट्टिने कुरा अलिकति पनि जिम्मेवार थिएन । बरु प्रचण्डैका लागि भने, त्यो समय, गह्रुंगो भारी बिसाए पछिको आनन्दमय शान्ति थियो ।

"... शायद म भित्र त्यतिबेला विजयको उन्माद थियो । सांसद हुनुको गर्व, मन्त्री हुनुको गर्व र सफल मन्त्री हुन पाउनुको गर्व त्यसमा मिसिएको थियो । त्यसैले त्यो शायद सानोतिनो अहम् थियो । त्यसैले तिम्रा कुराहरु मेरा लागि चिढ्याउने बहसमा अनुवाद भएका थिए । त्यसैले अहम्को त्यो भुंवरीमा मैले तिम्रा कुराहरुलाई छिर्नै दिइन । मलाई त्यतिबेला लाग्यो - तिमी सम्पूर्ण हिसाबले नै गलत छौ । तिम्रो चिन्तनको धरातल नै गलत छ । तिम्रो सोच्ने शैली स्वयंमा त्रुटीपूर्ण छ । मलाई त्यतिबेला लागेको कुरो मैले नलुकाई भनेको थिएँ । तिमी सम्पूर्णतामा एउटा साहित्यकार मात्र हौ । तिमी भित्र सम्वेदनाको कोमलता र कल्पनाशीलताको सीमाहीन यात्रा मात्र छ । वस्तुगत यथार्थबाट तिमी टाढा छौ र धरातलमा ओर्लिएर तिमी सच्चाइलाई महसुस गर्ने सक्दैनौं," प्रचण्ड एकछिन रोकियो । अघिदेखि उभिएर कुरा सुनिरहेकी रजनी त्यही शुन्यतापूर्ण अन्तरालमा अनन्तको छेउमा टुसुक्क बसी । मौनताको त्यस घडीमा प्रचण्डले आफ्नो गिलासको चिया रित्यायो र आफ्नो स्वरलाई अलिकति ओरालेर उसले भन्यो, "तर वास्तविकता मैले सोचे भन्दा उल्टो रहेछ । त्यतिबेला तिमी नै ठीक रहेछौ, सही रहेछौ र म नै आधारभूतरुपमा गलत रहेछु । यति सानो कुरा अनुभूत गर्न मलाई ठ्याम्मै दुई वर्ष लाग्यो । गएको दुइ वर्षको हण्डरले, आफ्नै व्यवहारले मलाई तिमीले भनेको सच्चाइको बोध गरायो ।"

रेडियो बन्द गरे जसरी प्रचण्ड टक्क रोकियो । अनन्तले उसको बोली टिप्दै भन्यो, "मलाई सम्झना छ - त्यतिबेला तिमी धेरै क्रुद्ध थियौ । मुलुकको राजनीति र तिमी मध्यहरुले नेतृत्व गरिरहेको पार्टीका बारेमा, यसको भविष्यका बारेमा मैले जे जस्तो टिप्पणी गरेको थिएँ - त्यसबाट तिमी क्रोधित बनेका थियौ । म आमलाई छोइरहेको थिएँ - त्यो तिमीलाई आफैं माथिको आक्रमण जस्तो लागिरहेको थियो । म सम्भावनाहरुको चर्चा गर्दै थिएँ - तिमी त्यसलाई भैसकेको कुरा जसरी लिइरहेका थियौ । म तिमीहरुको विरुद्धमा थिइन । म तिमीहरुले गरेका कामहरुको विरुद्धमा पनि थिइन । उल्टै मैले तिमीहरुका कामको प्रशंसामा गीत गाउने गरेको थिएँ । सभा समारोहमा तिमीहरुको हाइ हाइ गाउन थालेको थिएँ । तिमीहरु, आफ्नै मिहिनेतबाट स्वर्णयुग तिर पाइला चाल्ने प्रयत्न गरिरहेका छौ भनेर थोरबहुत अतिरन्जना पनि सुनाइरहेको थिएँ । तर त्यो सुन्दरता भित्र अनुहार लुकाएर जन्मिन खोजिरहेको तिमीहरुको विकृतिलाई पनि मैले त्यसै बेलादेखि ठम्याउन थालेको थिएँ । म तिमीलाई त्यसैमा पर्घेल्न चाहन्थें । घच्घच्याउन चाहन्थें । आफैं भित्रका कमजोरीहरुले तिमीहरुको शिकार गरिरहेको छ भनेर सम्झाउन चाहन्थें । जनतामा म, तिमीहरुको व्यक्तित्व उचाल्न चाहन्थें । तर सँगसँगै तिमीहरु हिमाल चढ्दै छैनौ, बरु रछ्यानको डीलतिर पाइला चाल्दैछौ है भनेर तिमीहरु स्वयंलाई चेताउन चाहन्थें । अहँ, तिमीले मेरो भावनालाई बुझ्नै चाहेनौ । तिमीले मलाई चिन्नै चाहेनौ । बाहिर म जेको प्रशंसामा गीत गाइरहेको थिएँ - त्यसैलाई तिमीले अन्तिम सत्य भन्ठान्यौ । त्यसरी सत्य महसुस गर्ने कुरामा तिमी र म भिन्न भिन्न टापुमा उभिएका थियौं र ती दुई टापुलाई छुट्याउने अन्यौलको सागर अत्यन्तै गहिरो थियो ।"

"त्यही सागरलाई मैले गएको दुइ वर्षमा पार गरेँ । तर यो यात्रा मेरो जीवनको अत्यन्तै पीडादायी यात्रा थियो । सत्यलाई, अनिवार्य सम्भावनालाई स्वीकार गर्न मेरो मन मान्दै मान्दैनथ्यो । तर जीवनको यथार्थताले मलाई त्यही वास्तविकता स्वीकार गर्न कर लगाइरहेको थियो । म त्यसबाट भाग्न चाहन्थें । तर त्यो जहिले पनि मलाई जेलेर लडाउन आइहाल्थ्यो । पीडा, छटपटी, डाह र घाउहरुको बीचमा मैले दुइ वर्ष विताएँ । धेरैपल्ट मैले तिमीलाई सम्झिएँ । तिमीलाई बोलाउन खोजें । तर शायद म भित्रको अहम् अझै मरेको थिएन । त्यसैले मैले तिमीलाई बोलाउनै सकिन । आखिरमा, म एउटा निष्कर्षमा पुगिसकेपछि अस्ती मैले तिमीलाई फोन गर्ने निर्णय गरेँ । तर यो फोनको निर्णयमा पुग्नु अघिको एक महिना म झण्डै झण्डै बहुलाएं । त्यस्तो निर्णय गर्न कत्ति गाह्रो हुंदो रहेछ भन्ने मैले अनुभव गरेँ," प्रचण्ड फेरि एकछिन रोकियो, "रजनीलाई रुवाउने पीडा त्यही थियो । मैले बेलैमा रजनीलाई सबै कुरा भनिदिएको भए शायद उनको आँखाले आँशु बोक्नु पर्ने थिएन । उनका गालामा पातला धर्साहरु बग्ने थिएनन् । तर यति ठूलो निर्णय, आफ्नो जीवनको डुङ्गालाई नै आर्को दिशातिर मोड्ने महत्वपूर्ण निर्णय, सबैभन्दा पहिले तिमीलाई नै सुनाउनु पर्छ भनेर आफू भित्र शान्ती प्राप्त नहोउन्जेल मैले आफ्नो अभिव्यक्ति रोकें । अस्ती जब मेरो मन शान्त भयो - मैले एउटा निर्णय गरेँ र तिमीलाई फोन गरेँ ।"

अनन्तको आङ सिरिङ्ग भयो । अब प्रचण्डले के बोल्छ भन्ने अनुमानको लहर उसको मनमा उठ्यो । उसले नियालेर प्रचण्डतिर हेऱ्यो । प्रचण्डको अनुहारमा आनन्दको शान्ति थियो । अनन्तलाई लाग्यो - त्यो प्रचण्डको अनुहार नै होइन । त्यो त निशब्द बगिरहेको शान्त र स्वच्छ नदी हो । त्यो स्वच्छ नदीमा तरङ्गहरु नचाउंदै प्रचण्डले भन्यो,

"अस्ती राती मैले आफूले जन्माएको, आफूले हुर्काएको र आफैंले यति शक्तिशाली बनाएको पार्टीबाट अलग भएर बस्ने निर्णय गरेँ ... ।"

छेउमा बसेकी रजनीले सोफामा टेकिरहेको अनन्तको हातलाई च्याप्प समाती । यस्तै बोली चिप्लेकिरो जसरी उसको शरीरमा सलबलाउन आँटेको छ भन्ने अनुमान गरिरहेको अनन्तले आफ्नो शरीरलाई हल्लिन दिएन । उसले अलिकति अनौठो माने जस्तो भाउ पनि देखाएन । मानौं, अनन्त धेरै पहिले गाडीएको एउटा स्तम्भ हो । एकछिन वातावरणलाई गम्भिर बन्न दिएपछि उसले सानो तर मायालु स्वरमा सोध्यो, "प्रचण्ड, भन त तिमी कसरी यस्तो निर्णयमा पुग्यौ ?"

प्रचण्ड गम्भिर हुन चाहेन । उसले आफू ओरिपरि पसारिएको कोठालाई पनि गम्भिर हुन दिएन । उसले आँखालाई गोलो बनाएर रजनीको अनुहारमा टाँस्यो र खिसिक्क हाँसेर भन्यो, "अब अहिले होइन । खानपीन गरेर कुरा गरौँला । तिमी थाकेका छैनौ भने आजको रात मेरो नाममा बन्धकी राख ।"

कोठाको घडी किक् किक् गरेर खेल्न थाल्यो । एकछिन अघिसम्म त्यसको आवाज कता हराएको थियो ? कि हावामा उडिरहेको कुनै जादुगरले त्यो घडी नै अन्तरिक्षतिर लगेको थियो ? रजनीले एकपल्ट घडीतिर आँखा डुलाई । समय घर्किएको थिएन । भरखर आठ मात्रै बज्दै थियो ।

"दाइ, यो के भयो ?" ढोकाबाट बाहिर निस्किएको आफ्नो लोग्नेलाई छक्क परेका आँखाले हेरिसकेपछि रजनीले अनन्तको हातलाई अझै बढी थिचेर सानो स्वरमा सोधी ।

"केही भएको छैन र केही हुनेवाला पनि छैन । तँ जा र भातभान्साको तयारी गर् । अब पटक्कै पीर नगर् । कुनै पनि अर्थमा केही बिग्रिएको छैन । इतिहास जहिले पनि पाठ पढाउन चाहन्छ । हामी त्यही इतिहासको फेरोमा बेरिएका छौं । हामीले, व्यक्तिले चाहंदैमा केही हुंदैन । मैले चाहेर पनि हुंदैन । प्रचण्डले चाहेर पनि हुंदैन । हामी चक्रलाई गति दिने यन्त्र मात्र हौं । त्यसैले मसँग जे बोले पनि प्रचण्डले केही गर्दैन । तँ मिठो मसिनो पका । हामी चङ्गा भएर, पहिले पहिले जसरी नै रमाइलो मान्दै खाना खाउंला," अनन्तले ढुक्क मनले हाँसेर भन्यो ।

तर रजनी हाँस्न सकिन । आफ्नो दाजुको हात छोडेर त्यो साङलाले बाँधेका जस्ता गह्रुंगा पाइलाहरु चाल्दै बाहिर निस्किई ।

नवचेत

"...सरकार एउटा प्रकृया हो । त्यो कहिले बन्छ र कहिले ढल्छ । एउटा स्वभाविक प्रकृयालाई अस्वभाविक बनाउनु हुंदैन । हामी के हौं र ? हामी त माध्यम न हौं । सरकार बन्ने र ढल्ने कुरासँग हाम्रो घनिष्ट सम्बन्ध हुंदैन । हुनु हुंदैन । सरकारले हिजो हामीलाई समातेको थियो । भोलि त्यही सरकारले अर्को कसैलाई समातेर आफ्नो भारी बोकाउने छ । त्यसैले सरकारमा कुनै एक दल वा कुनै एक व्यक्तिको उपस्थितिको विशेष अर्थ हुंदैन ।"

कर्मचारीहरुका अगाडी राजनीतिक भाषण गर्नु हुंदैन भन्ने सोच्दा सोच्दै प्रचण्ड दार्शनिक भयो । सँगै काम गरेका, प्रायःजसो चिनेका अनुहारका आँखाहरु प्रचण्डलाई नियालेर हेरिरहेका थिए । तिनका परेलीहरु केलाउंदै प्रचण्डले भन्यो, "यहाँ आउंदा म तपाईंहरुका लागि नौलो थिएँ । आज परिचित भएर जाँदैछु । हामीले जति दिन सँगै काम गर्‍यौं - ती मेरो स्मृतिमा चिरस्थायी रहने छन् । मैले तपाइहरुमा देशप्रतिको जिम्मेवारीवोध पाएँ । मैले तपाइहरुमा काम प्रतिको चिन्ता र लगनशीलता पाएँ । तपाइहरुले मलाई नेता मान्नुभयो र मैले तपाइहरु जस्तो भरोसाको सहकर्मी, साथी पाएँ । हामीले मुलुकलाई केही दिन चाहेका थियौं । मातृभूमिको पानी पिउँदा पिएको ऋणको भारा चुकाउने कोशिस गरेका थियौं । तर बीचैमा हामीलाई फ्यांकियो । किन फ्यांकियो ? हामीलाई थाहा छैन । मेरो विश्वासमा तपाईंहरुलाई पनि थाहा छैन । हामी कसैले थाहा नपाए पनि एउटा अध्यायको पटाक्षेप भैसकेको छ । आगामी दिनमा मेरो ठाउँ लिन जो आउँछ - त्यसलाई तपाईंहरुले मलाई जसरी नै सहयोग गर्नुपर्छ । आफ्नो शीपले त्यसलाई पनि सिँगार्नु पर्छ । जहाँसम्म मेरो र तपाइहरु बीचको सम्बन्धको कुरो हो - त्यो मित्रतापूर्ण रहिरहनेछ । तपाइहरुलाई अप्ठ्यारो पार्ने गरी, तपाइहरुलाई अनधिकृत ढंगले काम गर्नुपर्ने गरी म तपाइहरु समक्ष आउने छैन । तर प्रत्येक अप्ठ्याराहरुमा तपाईहरुले मलाई सम्झिनु हुनेछ भन्ने विश्वास चाहिं मैले अहिले लानुपरेको छ ... ।"

विदाइको बोझिल वातावरणलाई सकेसम्म खुकुलो बनाएर प्रचण्ड आफ्नो कार्यालयबाट बाहिर निस्कियो । गार्डले अन्तिम पटक उसको ब्रिफकेश समात्यो । उ केही नबोली भऱ्याङ्ग ओर्लियो । तलको कालो गाडी सधैं भन्दा बढी चिल्लो पारिएको थियो । ड्राइभरले उसलाई देख्ने बित्तिकै सधैं जसरी ढोका खोलिदियो । प्रचण्ड सजिलो गरी आफ्नो पुरानो सिटमा बस्यो । गाडी बताससँग बात मार्दै लाजिम्पाट तिर हान्नियो ।

"यतिका दिन हामी सँगै बस्यौं । तपाईंहरु दुबैलाई धेरै धेरै धन्यवाद," गाडीबाट उत्रिएपछि प्रचण्डले गार्ड र ड्राइभरलाई भन्यो, "कुनै पनि, कस्तै पनि अप्ठ्यारो घडीमा मलाई सम्झिन नबिर्सनु होला । म तपाईंहरुकै साथी हुं ।"

गार्डले पहिले उसलाई औपचारिकताको सलाम गर्‍यो र लगत्तै विनम्रतापूर्वक नमस्कार गर्‍यो । ड्राइभरले आफ्नो अनुहारमा छाएको अँध्यारोपनलाई सकेसम्म लुकाउन खोज्दै उसलाई नमस्कार गर्‍यो । ड्राइभरको नमस्कार फर्काउंदै प्रचण्डले भन्यो, "पीर नगर्नु । अर्को को मन्त्री आउँछ - उसलाई म तपाईंको बारेमा भन्नुपरे भनिदिउंला ।"

"भयो हजुर, अब म मन्त्रीको गाडी कुदाउदिन । यस्तो मन्त्री फेरि कहाँ पाइन्छ र ?"

"त्यस्तो भन्नु हुन्न," प्रचण्डले ड्राइभरको काँधमा धाप मार्दै भन्यो । ड्राइभरको अनुहारमा कृतज्ञताका फूलहरु नाचे । उसले आफ्नो कुमलाई अलिकति भाँचेर प्रचण्डलाई फेरि नमस्कार गर्‍यो ।

गाडी फर्कियुन्जेल प्रचण्ड घरको पेटीमै उभियो । गाडीले कुइनेटो काटेपछि उ ढोकातिर लाग्यो । मन्त्रीको गाडी आएको थाहा पाएदेखि नै घरमा काम गर्ने भाइ ढोकामा उभिन पुगेको थियो । प्रचण्डले ढोका तान्ने बित्तिकै उसले आफ्नो हात तन्कायो । त्यही तन्किएको हातमा आफ्नो ब्रिफकेश थमाएर प्रचण्ड घरभित्र छिर्‍यो ।

घर सुनसान थियो र त्यो खल्लो सन्नाटा सहित सुनसान थियो । प्रचण्ड थाकेको शरीर लिएर माथि उक्लियो । बत्ती बाल्ने बेला भैसकेको थिएन । तर बाहिरको उज्यालोको राप सेलाउदै गएकोले होला - भऱ्याङको सिरानमा उज्यालो जमेको थिएन । उसले छेउको भित्ताको स्वीच टुच्च थिचेर बत्ति बाल्यो । भऱ्याङबाट उज्यालो ढुन्मुनिदै तल ओर्लियो ।

बैठक कोठामा कोही गुन गुन गर्दै थियो । प्रचण्ड मन्त्री हुंदा एकछिन पनि शान्त हुन नसक्ने त्यो घरमा यतिबेला बैठक कोठामा बसेर बात मारिरहेको सानो स्वर पनि ठूलो र झर्कोलाग्दो सुनिएको थियो ।

प्रचण्ड बैठक तिर लाग्यो ।

बैठकमा जम्मा जम्मी तीन जना महिलाहरु मात्र थिए । रजनी र उसका साथीहरु ! दुई जनाको नमस्कार फर्काएर प्रचण्ड छेवैको सोफामा बस्यो ।

“हेर्नुस् न, मान्छेलाई कस्तो दुःख ! संसदको अवधि पुरा हुन नपाउदै सरकार ढल्ला भनेर कसले सोचेको हुन्छ र ? ह्वात्त सरकार ढल्यो । सबैले मन्त्री निवास छोड्नु पऱ्यो । अब भन्ने बित्तिकै कि त डेरा नपाइने, कि मन्त्री भैसकेको मान्छेसँग नोटको गड्डी बाहेक अरु केही हुँदैन जस्तो गरेर तीन गुना बढी पैसा तिर्नु पर्ने !” रजनीले उदेक माने जसरी भनी ।

“के गर्छ्यौ त । रीत यस्तै छ,” प्रचण्डले हाँसेर भन्यो र छेउमा बसेकी महिला तिर फर्किंदै सोध्यो, “के अझै डेरा पाइएको छैन ?”

“त्यै भएर त,” रजनीले बीचैमा जवाफ दिई, “हाम्रो तल्लो तला खाली नै छ । पहिले जस्तो अब भीड पनि लाग्ने होइन । त्यसैले अहिले आएर बस्तै गर्नुस् न भनेकी ।”

“राम्रो गऱ्यौ । विनोदलाई मैले पहिले नै आएर बस्तै गरे हुन्छ भनेको थिएँ ... ।”

एकछिन गन्थन गरेर दुवै महिलाहरु घरबाट बाहिरिए । प्रचण्डले त्यही मौकामा लुगा फेऱ्यो । कोठा चोटामा बत्तीहरु बलेको देखेर होला - घर मुसुक्क हाँस्यो ।

“हामीले सम्मानको विदाइ लियौं,” प्रचण्डले रजनीतिर हेर्दै भन्यो, “हामीले इज्जत जाने र प्रतिष्ठा गुम्ने कुनै काम गरेनौं । हामी भ्रष्टाचारमा मुछिएनौं । हामी कमिशनको चक्करमा फंसेनौं । हाम्रो पालामा दुर्गन्धित काम भएनन् । हाम्रा सांसदहरु स्वयं माल र अदालतहरुमा टेबुल मुनिको आमदानी खर्चको चियो गर्न बसे । हामी फेरि सरकारमा आउंला कि नआउंला, यो कुनै ठूलो कुरो भएन । हामीले सदाका लागि, इतिहासबाट उक्काउनै नसकिने खालका नयाँ पानाहरु जोडिसक्यौं ...,” प्रचण्ड जोशमा रौसिरहेको थियो ।

“तपाईं यसो भन्नुहुन्छ । उता दाइ भने तपाईंहरुसँग आगो हुनुभएको छ ... ।”

“को ? अनन्त ?” प्रचण्डले रजनीको कुरो बीचैमा काटेर सोध्यो, “अनन्तलाई कहाँ भेट्यौ ?”

“दाई काठमाण्डौ आउनु भएको छ । दिउँसो घरमा आउनु भएको थियो । सरकार ढलिहाल्यो, तपाईंलाई भेट्छु होला भनेर आउनु भएथ्यो । दुइ घण्टा जति बस्नु भो । कस्तो कस्तो कुरा गर्नु भो भने ! मेरो त आङ नै जिरिङ्ग भो ... ।”

“अनि किन रोकिनौ त ? अहिले अनन्त कहाँ छ ?”

“भोलि बिहान आउनु हुन्छ । आज बस्न मिल्दैन भनेर जानु भयो ।”

“तिमीले जसरी पनि रोक्नु पर्थ्यो,” प्रचण्ड गम्भिर भयो, “त्यो मान्छे सरकार बनेपछि टाढा भयो । अब त साथीभाइ नै होइनौं कि जस्तो भयो । यस्सो बधाइ दिएर हराएको मानिस ... ।”

“भोलि बिहान आइहाल्नु हुन्छ नि । अहिले कत्ति चिन्ता गऱ्या ?” प्रचण्डको लामो गनगन सुन्ने धैर्यता हराएपछि रजनीले उसको कुरो बीचैमा काटेर बहस सिध्याइ ।

त्यो रात शान्तीसँग सुत्यो । रातले लामो समयपछि फुर्सद पाए जस्तो भयो । रात ब्युँझदा, घर मात्र होइन, आँगन पनि ब्युँझिसकेको थियो ।

बिहानको चियासँगै अनन्त घरमा पस्यो ।

“तिमी त हरायौ बा,” प्रचण्डले हात मिलाउंदै भन्यो, “मन्त्री हुनु त मेरा लागि अभिशापै भए जस्तो भयो । मलाई नै वर्ग शत्रु ठान्यौ कि क्या हो ?” प्रचण्ड हाँस्यो ।

“तिमीलाई वर्ग शत्रु ठानेको भए, बिहान खाना खाने बेलामा तिम्रो घरमा पाइलो हाल्ने नै थिइन,” अनन्तले सोफामा बस्तै भन्यो । काठमाण्डौको बिहान, उज्यालो र चहकिलो थियो । पूर्वी झ्यालबाट छिरेको घाम टेबुल मुनि लम्पसार परेर सुतिरहेको थियो ।

घरको काम गर्ने भाइले अर्को एक कप चिया ल्याएर अगाडी राखिदियो ।

“चिया लेउ न,” धेरैबेरसम्म अनन्तले चियातिर हात लम्काएको नदेखपछि प्रचण्डले अनुरोध गऱ्यो । अनन्तले एकपल्ट प्रचण्डको अनुहार नियालेर हेरेपछि चियाको कप हत्केला माथि राख्यो ।

“तिमीहरु नजानिदो पाराले आदर्शच्यूत हुँदैछौ,” अनन्तले दुइ चुस्की चिया तानेपछि भन्यो, “तिमीहरुले आफ्नो धरातललाई बिर्सन थालेका छौ । तिमीहरु आफूले लगाएको बिरुवा आफैं उखेल्ने कोशिस गरिरहेका छौ । तिमीहरुको चेत फेरिएको छ । तिमीहरुको बानी बेहोरा फेरिएको छ । तिमीहरुको मित्र मण्डली फेरिएको छ । तिमीहरुको मनमा धमीरा पसेको छ ... ।”

प्रचण्डको मन भुँवरीमा लपेटियो । उसको मस्तिष्कका खम्बाहरु भुंइचालो गए जसरी हल्लिए । अनन्त बोलिरहेको थियो । उसको स्वर कडा थियो । उसका आँखाहरुबाट बाघ चियाइरहेको थियो । चिया समातेका उसका हातहरु नङ्ग्रा बनेर प्रचण्डको मासु लुछिरहेका थिए ।

“अनन्त, तिमीलाई आफ्नो मुखबाट निस्किरहेका शब्दहरुको अर्थ त थाहा छ ?” आजित जस्तो भएर प्रचण्डले मुख फोर्ने आँट गर्‍यो ।

“असाध्यै राम्ररी थाहा छ,” अनन्त हाँसेन - तर उसको स्वर ओर्लियो, “तिमी घुम्ने कुर्चीमा निदाइरहेका थियौ । त्यो कुर्चीमा तिमीले रोटेपिङको आनन्द लिइरहेका थियौ । तिमीलाई मन्त्री निवासको पर्खालले आफ्नो ओझेलमा राखेको थियो । पर्खालको अन्तरकुन्तरबाट आउने तिम्रो चिनारीलाई रोक्न तिम्रा सचिवहरु, तिम्रा डाइरेक्टरहरु फलामे पर्खाल भएर उभिएका थिए । त्यसैले तिमी अँध्यारोमा थियौ । छायाँमा थियौ । तर म ? म त चहुरमा थिएँ । चहुरमा मात्र होइन, म आफैं चहुरमा रुपान्तरित भएको थिएँ । मेरा ओरिपरि छुनुमुनु खेल्ने नानीहरु थिए । स्कूल पढ्ने भाइबहिनीहरु थिए । अफीस जाने साथीहरु थिए । स्वास्थ्य सुधार्न घुमफिर गर्न आउने पाका बा र आमाहरु थिए । तिमी, उनीहरुको पवित्र स्वासको स्पर्श पनि गर्न पाउदैनथ्यौ, तर म जस्ताहरु त्यसै भित्र रमाइरहेका थियौं ... ।”

“तिम्रो असन्तुष्टी बोलेको हो यो ... ,” प्रचण्डले प्याच्च भन्यो ।

“यही हो तिमीहरु भित्रको विकृति ! मलाई के चाहिया छ ? मैले केका लागि असन्तुष्टी पोख्ने ? तिमीहरुले राजनीतिलाई आफूले जसरी बुझ्यौ - सबैका आँखामा त्यही तस्वीर झुण्ड्याउने कोशिस गरिरहेका छौ । राजनीति तिमीहरुका लागि व्यापार भयो । तर त्यो सबैका लागि व्यापार हुन सकेन । तिमीहरुको राजनीति पैसासँग साटिन थाल्यो - तर सबै पैसाका दास बन्न सकेका छैनन् । यति सानो कुरालाई तिमीहरुले अझै बुझ्न सकेका छैनौ । प्रतिष्ठाले तिमीहरुलाई मानको कदर गर्ने होइन, मानको व्यापार गर्ने ठाउँमा पुर्‍याइदियो ... ।”

“आखिरमा भयो के ? कम्तिमा त्यति त भन ... ।” थोरै मात्र रिसाउने र रिसाएपछि आँखै चिम्लिएर रिसाउने अनन्तसँग प्रचण्ड डराउन थाल्यो ।

“के भएन ? के तिमीलाई थाहा छैन ? कि तिमी निदाएका थियौ ? कि तिमीले आफ्नो मन्त्रालयलाई राम्रो बनाउनु मात्रै आफ्नो कर्तव्य सम्झियौ ? तिमीहरु संसदमा गयौ । केही बितेको थिएन । तिमीहरुले चुनाव जितेर सरकार बनायौ । त्यसले पनि केही बिगारेको थिएन । हिजो दश बाह्र वर्ष काम गरेको पसीनाको व्याज हामीलाई चाहिन्छ भनेर पनि तिमीहरुले दाबा ठोक्यौ । त्यसले पनि केही बिगारेको थिएन । तर तिमीहरुको पंक्ति भित्रबाट अधपतित तत्वहरु जन्मिन थाले । मुखबाट होइन, पेटबाट बोल्ने मानिसहरु तिमीहरुको ओरिपरि मच्चिन थाले । तिमीहरुले सम्झिनु पर्ने कुरालाई बिर्सिन थाल्यौ र बिर्सिनै पर्ने कुरालाई तिमीहरु कोट्याई कोट्याई छेउ छेउमा तान्न थाल्यौ । यसरी तिमीहरुले आफूलाई र आफू मार्फत आफ्नो सपनामा बाँच्न चाहनेहरुलाई पनि बिगार्ने कामको थालनी गर्‍यौ ... ।”

प्रचण्ड केही बोलेन ।

“हेर प्रचण्ड, तिम्रो पार्टीका नेताहरु बिके । चाहे संस्थाका लागि होस्, चाहे व्यक्तिका लागि ! जस्तो तर्क दिए पनि उनीहरुले नकाम गरे । उनीहरुले गल्ती गरे ... ।”

प्रचण्डलाई चड्याम्म गालामा हाने जस्तो भयो । तर पनि उ केही बोलेन ।

“कर जोरेर प्रशस्ती सुन्ने बानी लागेका तिमीहरुलाई हाम्रो बोली निको नलाग्ला, तर पनि मैले सत्य भन्नै पर्छ । यस बीचमा तिमी र तिम्रा साथीहरु पैसाका दास भयौ । नाताको दास भयौ । चिनजान र व्यक्तिगत मैत्रीका दास भयौ । यसरी आफूलाई जन्माउने र हुर्काउने जनतालाई तिमीहरुले आफू भन्दा परका ठान्यौ ... ।”

“म अहिले केही भन्दिन,” अनन्तका सुइरा जस्ता तिखा वचनहरु सुनिसकेपछि प्रचण्डले शान्ति खोज्ने स्वरमा भन्यो, “तिमी कुनै खास कुरामा चिढिएका छौ । एकछिन शान्तिले बस । अर्को एक राउण्ड चिया खाउँ । एकछिन यताउताको गफ गरौं अनि खाना खाउँ । बाझ्नु परे दिनभरि बसेर बाझौंला ।”

“मैले चिढिनु पर्ने कुनै कुरो छैन । म तिमीलाई सजग मात्र पार्न चाहन्छु । यस्तै हुने हो भने तिमीहरु समाप्त हुनेछौ । तिमीहरु अपराधीका ठूल ठूला मतियार भएर राजनीतिमा उपस्थित हुनेछौ । आदर्श तिमीहरुको वर्तमान होइन - भूत बन्नेछ । अहिले नै तिमीहरुको आदर्शको बंगारामा दाह्रा उम्रिएको छ । त्यसको लयालु कपाल रगतमा कट्कटिएर घीनलाग्दो जगर भएको छ । अब आदर्शले तिमीहरुलाई बलशाली बनाउदैन । त्यसले तिमीहरुलाई सातो जाने गरी तर्साउनेछ ... ।”

“तिमीलाई आफ्नै शब्दहरुको अर्थ थाहा छैन । तिम्रो जिब्रो केमा चोबलिएको छ भन्ने कुनै ज्ञानै छैन । तिमीलाई थाहा छ ? हामीले यो एक वर्ष कसरी बितायौं ? १८/१८ घण्टा काम गरेर हामीले समय कटायौं ...”

अनन्तको अभियोगले रन्थनिएको प्रचण्डले पहिले भन्दा बढी तात्तिँदै भन्यो, “हामीले बेलामा खान भ्याएनौं । आँखा सुस्ताउने गरी हामी निदाउन पाएनौं । तिमीलाई थाहा छ ? अहँ, केही थाहा छैन । मन्त्री हुनेहरुका विरुद्धमा तिमीमा पनि अरुमा जस्तै डाहा छ । त्यो डाहामा इर्ष्या छ अनि रिस छ । आज सारा देश हाइ हाइ गरिरहेछ । हामीले गरेका राम्रा कामको प्रशंसामा गीत गाइरहेछ । कर्मचारीहरु हाम्रो निष्पक्षताको गीत गुनगुनाई रहेछन् । अनि तिमी भन्छौ - हामी पतित भैरहेछौं !”

“तिमीहरु पतित भैरहेछौ,” अनन्तले जिरह नै गर्‍यो, “तिमीहरुले राम्रो काम गरेनौ भनेर म भन्दिन । मैले भनेको पनि छैन । तिमीहरुले यो तीन वर्षको अवधिमा सामाजिक चेतनालाई तीस वर्ष अगाडी ठेल्यौ । सरकार जनताका लागि हो भन्ने चेत पनि तिमीहरुले नै दियौ । सरकारको हिसाब किताब जनताको चासोको विषय हो भन्ने अत्यन्तै नयाँ ज्ञान पनि तिमीहरुले नै देशभरि छर्‍यौ । तिमीहरुले अठार अठार घण्टा काम गर्‍यौ, त्यसैले अरुले छ वर्षमा गर्न नसकेका कामलाई तिमीहरुले छ महिनामा सम्पन्न गर्‍यौ । यो ऐनाको एउटा पाटो हो, ऐनाको अर्को पार्टी यी सबै सुन्दरतालाई मार्ने गरी कुरुप बनिसकेको छ । अरु मन्त्रीहरुले नगरेका, गर्न नचाहेका कामहरु तिमीहरुले फत्ते गरेर देखाइदियौ । त्यसैले सामान्य जनताहरु तिमीहरुको हाइ हाइ नै गरिरहेका छन् । त्यो हाइ हाइ मैले पनि गरेको छु । स्वप्निल शहरको गीत बोकेर गिरिसहरु गाउँ गाउँ घुमेका छन् । यो आम जनताको कुरो हो । तर म तिमीहरुको आस्था, तिमीहरुको निष्ठाको साक्षी हुँ । मैले झक्झक्याउन खोजेको ठाउँ पनि त्यहीँनेर हो । तिमीहरुले आफ्नो पंक्तिलाई नियालेर हेरेका छौ ? अरु र तिमीहरुमा अब के भेद बाँकि रहेको छ भनेर छानबीन गरेका छौ ? अहँ छैनौ,” अनन्तको स्वर नरम थियो र त्यो थाकेको जस्तो थियो ।

“यसबाहेक” अनन्तले एकपल्ट लामो सास तानेर कुरा उठायो, “राम्रा काम गर्नेहरुले नराम्रालाई छुँदै छुंदैनन् भन्ने पनि केही छैन । नराम्राहरुकै बीचमा राम्रो बसेको हुन्छ भने राम्राहरुको ओरिपरि दाह्रा ङिच्याएको नराम्रो पनि अररो भएर उभिइरहेको हुन्छ । तिमीहरुको राम्रो र नराम्रो पनि यो नियमितता भन्दा बाहिर जान सक्दैन । त्यसैले तिमीहरु राम्रो भित्रको नराम्रोमा फँस्तैछौ ...। ”

अनन्त बोल्दै थियो । प्रचण्डको मन नराम्ररी बटारिन थाल्यो । असैह्य पनि भयो उसलाई । त्यसैले उसले अनन्तको कुरो काट्दै भन्यो, “अनन्त, म तिमीसित बहस गर्दिन । म तिमीसित छलफल नै गर्दिन । तिमी भित्रको आग्रहलाई निष्पक्षतामा नओरालुन्जेल म तिमीसित कुरै गर्दिन ।”

“नगर, उसै पनि अब तिमीहरु मेरो कुरो बुझ्ने ठाउँमा आउने सम्भावना ओरालो लाग्दैछ । ओरालो लागेका तिमीहरुले मेरो कुरो झन झन बुझ्न सक्दैनौ । जेका लागि तिमीहरुल जीवन दिने प्रण गरेका थियौ, त्यो अब कतै रहेन । तिम्रा ठूला नेताहरु यतिबेला जनताका शत्रुको हातको खेलौना बनिसकेका छन् । तिमीहरु सुनभरियाका मतियार बनिसकेका छौ । तिमीहरु भ्रष्ट, पतित र कमिशनखोरहरुको संरक्षक बनिसकेका छौ ...।”

प्रचण्ड आफ्नै कञ्चट समातेर सोफामा अडेस लाग्यो । ढोकामा रजनीको अनुहार झुल्कियो । राजनीतिको आँगनमा पाइलो टेकेदेखि नै बहस र विवाद सुन्दै आएकी रजनीलाई कोठाको चर्कोपनले छुँदैनथ्यो । त्यसैले उसले अनन्तको भन्दा चर्को स्वरमा भनी, “दाइ, अब भात खाएर दर्शनको समस्या पर्गेल्नु होला, लौ उठ्नुस् ।”

अनन्त उठ्यो । तर उसको त्यो उठाइ दुई वर्षकालागिको उठाइ भैदिएको थियो । त्यतिबेला उठ्दा घरको आँगनमा पाइलो हाल्न अनन्तलाई ठ्याम्मै दुइ वर्ष पर्खनु पर्ला भनेर कसैले सोचेको थिएन । जुवाईं जेठानको बोलचालै बन्द भएको थिएन । उनीहरु फोनमा रामरी गफ गर्थे । गएको दशैंमा सबैजना घरमा भेला भएका थिए । अनिता र प्रचण्डको हाँसोले दशैंको घरै उज्यालो पारिदिएको थियो ।

तर अनन्तलाई आफूले लामो जीवन गुजारेको घरमा प्रवेश गर्न ठ्याम्मै दुइ वर्ष लाग्यो ।

... ...

दुई वर्षपछि रजनीको भान्छामा बालकको मुस्कानले प्रवेश गर्‍यो । उसले टेबलको दुइ छेउमा आफ्नो दाजु र पतिलाई खाना पस्किदिइ । रजनीको मनलाई अनन्तले आश्वस्त पार्न खोजेको थियो । तर रजनी अझै आश्वस्त हुन मानिरहेकी थिइन । यतिका दिनसम्मको प्रचण्डको छटपटीको रहस्य के हो ? यो घरलाई यति बोझिल बनाउने कुनै कपासको पालुवा हो कि त्यो सतिसालको जरो हो ? अहँ, रजनीले ठम्याउनै सकिन ।

अनन्त र प्रचण्डले आफ्नो खाना आधा पुर्‍याएपछि रजनी पनि टेबुलको एउटा कुनामा बसेर भात खान थाली । उसको मनले भन्दै थियो - आज पक्कै पनि दाइ र प्रचण्डका बीचमा चर्को बहस हुँदैन । तर बहस नहुँदैमा समस्या छैन भन्ने त होइन । रजनीले मनमनै अठोट गरी, “जसरी हुन्छ, आज दुइ जनाको छलफल आफूले सुन्नै पर्छ ।” प्रचण्ड र अनन्तले रजनीको मनले बोलेको सुनेनन् । उनीहरु रजनीलाई भान्छामै छोडेर बैठक कोठातिर लागे ।

"अर्जुन, आज सबै काम तिमी एक्लै गर है भाइ," रजनीले मायालु स्वरमा फकाउंदै भनी ।

अर्जुनले खिसिक्क हाँसेर टाउको हल्लायो । धेरै दिनपछि रजनी दिदीको मन हलौं भएको छ भन्ने उसलाई पनि थाहा भयो ।

"अत्यन्तै शान्त चित्तमा छु," रजनी बैठक कोठामा पस्दा प्रचण्ड बोलिरहेको थियो । रजनीको प्रवेशलाई उसले अवरोध ठानेन । रजनी सरासर गएर अघिकै ठाउँमा बसी । उसको मनले अझै सम्पूर्ण सन्चो मान्न सकिरहेको थिएन । उसले फेरि पनि दाजुको आड खोजी ।

"अत्यन्तै शान्त चित्तमा छु," प्रचण्डले फेरि दोहोर्‍यायो, "मलाई तिमी नरोक । बोल्नबाट नछेक । मलाई बीचमा नटोक । म नदी जसरी बगिरहन्छु - तिमी किनारै किनार म सँगसँगै पाइला मिलाइ रहु ... ।"

अनन्त खिसिक्क हाँस्यो ।

"जति चर्किए पनि तिमी त्यसरी चटक्कै माया मारेर जाउला भन्ने मलाई लागेको थिएन । मैले अरु साथीहरुसँग पनि कुरा गरें । तिम्रा बारेमा मैले काठमाण्डौ भरि नै सोधीखोजी गरें । अहँ, कतैबाट केही सुइंको लागेन । तिमीले कसैलाई नभेटेको, कसैसँग कुनै कुरा नगरेको र मसँग मात्र चर्काचर्की बाझेको कुरो मलाई प्रष्ट भयो । म छक्क परें । तर त्यो आश्चर्यले म भित्र तिम्रो आरोपलाई पुनः जागृत गरिदियो । मलाई लाग्यो - तिमीभित्र डाहाको ज्वालामुखी मात्रै फाटेको भए म भन्दा बढी अरु मन्त्रीको आँगनमा त्यसको बिस्फोट हुनुपर्थ्यो । त्यसले मलाई भन्दा बढी अरु नेतालाई पोल्नु पर्थ्यो । तिम्रो प्रहार सुनेर म होइन, अरुहरु उफ्रिनु पर्थ्यो ... ।"

प्रचण्डले एउटा चुरोट निकालेर सल्कायो । उसले धुवाँका तीन चारओटा गोलाहरुको फाँको निकाल्यो । एकछिनका लागि कोठामा मौनताले थकाइ मार्‍यो ।

"त्यसपछि मात्र मलाई लाग्यो - तिमीले बढी नजिकको ठानेर, घनिष्ट साथी ठानेर, नाताको मान्छे ठानेर मलाई सतर्क तुल्याएका पो थियौ कि ! त्यसपछि मात्र मलाई तिम्रो भनाइमा सत्यता छ जस्तो लाग्न थाल्यो । तर कल्पना पनि गर्न नसकिने तिम्रो आरोप सत्य छ भनेर सम्झिने बित्तिकै मेरो टाउको फुट्ला जस्तो भयो । मैले तिम्रो आरोपलाई जबरजस्ती बिर्सिने कोशिस गरें ।

... ... मन्त्रीबाट हटेपछि विनोदले भुईंतलामा डेरा लियो । हामीलाई एक अर्कासँग कुराकानी गर्न अलिक बढी सुविधा भयो । तिमी घर फर्किएपछि एक महिनासम्म म आफैं भुटभुटिएँ र आखिरमा मैले एकदिन विनोदसँग तिम्रो कुरा गरें ।

"... ... अनन्तले सम्पूर्ण सत्य चिनेन, तर उसले असत्य पनि बोलेन," विनोदले छट्ट पारामा भन्यो । "अहिले म यसै हो भन्दिन । अनन्तले भनेको सही हो पनि भन्न सक्दिन । तर अनन्तले भनेको कुरो भविष्यले पुष्टी गर्छ भन्ने मलाई लाग्न थालेको छ । हावा त हामी मन्त्री हुँदै चलिसकेको रहेछ । त्यतिबेला आफ्नो काममा डुबेको हुनाले हामीले केही थाहा पाएनछौं । तर अहिले खोज्दा अँध्याराका सङ्केतहरु देखिन थालेका छन् । पार्टीको सम्बन्धित निकायले तीन जना मन्त्रीहरुसँग स्पष्टीकरण मागिसकेको रहेछ । तीनै जना नेता हुन् । त्यसैले हामीलाई केही थाहा हुन नसकेको रहेछ । कति हदसम्म मान्छे गिरेका छन् अहिले भन्न सकिन्न । तर दुर्गन्धका छिटाहरु हाम्रो ओरिपरि पसारिइसकेका रहेछन् । हामी जुन अपराधका लागि अरुलाई गाली गर्थ्यौं - त्यस्तै अपराधको हामी पनि अंशियार हुन थालिसकेका रहेछौं । प्रचण्ड, तिमी सुनेर उत्तेजित नहोउ । तर हाम्रै पार्टीका केही नेताहरु, हाम्रै केही मन्त्रीहरु चोखा छैनन् । विमलको चियो गर, बलभद्र र देवीको चियो गर । तिनीहरुको सोचमा आउन थालेको विचलन, तिनीहरुको जीवनशैलीमा आएको परिवर्तनलाई नियालेर हेर । अनन्तको अभियोगले सच्चाइको मञ्च पाउन बेर छैन ।"

... तिमीले मेरो आँखा खोल्यौ त म भन्दिन, किनभने तिमीले आरोप लाउँदा मेरा आँखै थिएनन् । विनोदले सङ्केत गरेपछि मात्रै मैले आँखा चिमचिमाउन थालें ।

... यो मेरो खोजीको आरम्भ थियो । मैले हाम्रा शीर्षस्थ नेताहरुसँग भेट गरें । लामै कुराकानी गर्न चाहें । तर विचारको क्षेत्रमा उहाँहरुले कुरो अघि बढाउन चाहनु भएन । उहाँहरुको निष्कर्ष मेरो निष्कर्षसँग ठ्याक्कै मिल्थ्यो । म जस्तै उहाँहरु पनि जनताले गरिरहेको हाइ हाइमा मस्त हुनुभएको थियो । राम्रा कामहरुका बीचमा पनि नराम्रो दाह्रा ङिच्याएर बसिरहेको हुन्छ भन्ने तिम्रो भनाइलाई पहिलो दिन मैले सुन्न नचाहे जस्तै मैले प्रमुख नेताहरुसँग कुरा गर्दा उहाँहरुले पनि सुन्न चाहनु भएन । मैले त्यसपछि केन्द्रीय तहका आफ्ना साथीहरुसँग पनि लामै कुराकानी गरें । उहाँहरु हावा लागिरहने ठूलो खोला माथिको फलामे पुल जस्तो देखिनु भयो । आफ्नो अघिल्तिर को बसेको छ भनेर कुरा गर्न जान्ने हुनुभएका ती साथीहरुबाट पनि मेरो मनले सन्तोक पाउन सकेन ।

... त्यसपछि मैले मुण्टो निहुराएर तलतिर हेर्न थालें । म अञ्चल तहका साथीहरुको घरमा छिरें, मैले जिल्ला जिल्लामा दुःख कष्ट गरेर काम गरिरहेका जिल्लाका जिम्मेवार साथीहरुसँग छलफल गरें । मलाई नै छाँगाबाट झार्ने

तथ्यहरुले त ती घरहरुमा पो मलाई स्वागत गरे । यो दौडादोडीमा मेरो डेढ वर्ष बितिसकेको थियो । त्यतिबेलासम्म विनोदहरु यहीँ बस्थे । रजनीका अघिल्तिर रुन मलाई लाज लाग्यो त्यतिबेला । तर तलको उत्तरपट्टीको कोठामा बसेर विनोदको कुममा टाउको बिसाएर धरधरी रोएको छु म त्यसपछि कैयौं रातहरुमा ।

... तिम्रो साथ चाहिन्छ अब भन्ने त्यतिबेलै लागेको थियो मलाई । तर रनाहामा परेको मनले शान्त चित्त नहोइन्जेल तिमीलाई बोलाएर कुनै फाइदा होला भन्ने लागेन । तिमी विनोदलाई चिन्छौ नि ! विनोद एकजना असल साथी हुन् । अहिले उनी यहाँ छैनन् । संसदीय भ्रमण दलको सदस्यका रुपमा अहिले उनी अष्ट्रेलिया गएका छन् । उनको संगतीले मेरो मनको डाहालाई बिस्तारै शान्त पार्दै लगेको थियो । उनले मलाई धेरै सहयोग गरे त्यतिबेला । 'प्रजातन्त्रका नाउँमा कतै हामी नक्कली जीवन त बाँचिरहेका छैनौं !' भनेर मलाई भस्काउने एकजना विनोद मात्रै भेटें मैले । अरु अधिकांश नेताहरुको ताल, धारासँगै बहँदै जाउँला, ठक्कर लागे सहँदै जाउँला जस्तो देखिन्थ्यो । खराबीलाई स्वात्तै सोहोरेर बाहिर फ्याँक्ने अथवा आफू हिले रछ्यानबाट फुत्त उफ्रिएर बाहिर निस्किने नेता मैले कोही भेटिन आफ्नो पंक्तिमा ।"

छतमुनि बलेको बत्ती झन झन उज्यालो हुँदै गैरहेको थियो । एकोहोरो बोलिरहेको प्रचण्डले बोली थन्क्याएको देखेर अनन्तले अनुहारलाई उज्यालो बनाएर उसको बोली टिप्दै भन्यो, "तिमी पनि थाक्न थाल्यौ त्यसपछि । तर म थाक्न पाउदिन भन्ने तिमीले महसुस गरेनौ ?"

"गरिन," प्रचण्ड खिसिक्क हाँसेको देखेर रजनीको मन चङ्गा भयो । उसले अनन्तको अनुहारमा नियालेर हेरी । त्यो हाँसेको त थिएन, तर त्यो मायालु भएको थियो । अनन्तको अनुहारमा कुनै तनाव नदेखेपछि उ अझै बढी ढुक्क भई ।

"गरिन त्यतिबेला," प्रचण्डले मुस्कानलाई पातला ओठहरुबाट बाहिर फ्याँकेपछि भन्यो, "नढाँटी भन्छौ भने त्यो मेरो निराशाको चरमउत्कर्षको काल थियो । म खालि उल्टा उल्टा कुराहरु मात्र सोच्थें । कहिले अरविन्दो जस्तो भएर आश्रम खोलौं जस्तो लाग्थ्यो, कहिले रञ्जन दाइलाई खबर गरेर अमेरिकातिरै भास्सियुँ जस्तो लाग्थ्यो । कहिले फर्किएर भोजपुरतिरै जाउँ र फलफूल, सागसब्जीको खेती गरेर जन्मथलोको सेवा गरौं जस्तो लाग्थ्यो । नढाँटी भनेको अनन्त, झण्डै वर्ष दिनको त्यो मानसिक रनाहामा राजनीतिक जीवनलाई निरन्तरता दिनेबारेमा मैले शायदै एक दिन सोच्न भ्याएँ होला ।"

"तिम्रो लामो छटपटिपछिको शान्तिको निष्कर्ष निस्किएपछि नै तिमीले मलाई बोलायौ र त्यो निष्कर्ष मैले सोचे जस्तै हुनेछ भनेर बोलायौ हैन ?" अनन्तले उज्यालो अनुहारमै सोध्यो ।

" त्यस्तो पनि होइन अलिक," प्रचण्ड एकछिन रोकियो । बेठेगानको कुरो नबोलिदिए हुन्थ्यो प्रचण्डले भन्ने लागिरहेको थियो रजनीलाई । त्यसैबेला उसले रजनीलाई पुलुक्क हेरेर भन्यो, "एउटा कुरामा मात्रै म सकारात्मक थिएँ, सरकारबाट हटेपछि आफूले देखेको फोहोरी संसदीय राजनीति र कमिशनको खेल चलिरहने सरकारी काममा म जीवनपर्यन्त सामेल हुन सक्दिन भन्ने भावनाबाट चाहिँ म एक दिन पनि विचलित भइँन । मन विचलित भैरहे पनि मैले लामै समयसम्म आफ्ना बारेमा कुनै टुङ्गो दिन सकिन । अरुलाई अर्ति दिन सजिलो हुँदोरहेछ अनन्त, आफैंलाई उदाहरण बनाउन साह्रै गाह्रो हुँदोरहेछ ।"

"अर्ति भनेको जहिले पनि आफैंका लागि हो । नत्र त तिमी पनि म जस्तै कवि भैहाल्थ्यौ नि !" अनन्तको कुरो सुनेर प्रचण्ड र रजनी दुवै हाँसे । अनन्तको मन चङ्गा भयो ।

"तर कवि भएर नै तिमीले ठूलो अनि आदर्शयुक्त नेताको काम गऱ्यौ अनन्त," प्रचण्ड एकछिनका लागि रोकियो, "तिमीले पनि अरु धेरैले जस्तो हक दावी गर्न सक्थ्यौ, लगानीको ब्याज फिर्ता माग्न सक्थ्यौ । तिमीले प्रजातन्त्रका लाग गीत लेखेका थियौ, कविता लेखेका थियौ । नेताहरुले आफ्नो लगानीको ब्याज लिए, मलाई पनि त्यो ब्याज चाहिन्छ भन्न सक्थ्यौ । एक शब्द बोलेनौ तिमी । आफ्ना लागि एक पित्को माग राखेनौ । तिमीलाई मैले भन्दा रामरी विनोदले चिनेको रहेछ अनन्त । उसले भन्थ्यो - अनन्त कत्ति निस्पृह छ आफूप्रति ! हामी मन्त्री हुँदा उसले अलिकति मात्रै जोड गरेको भए सुरेन्द्र र अनिता दुबैलाई राम्रो ठाउँमा सरुवा गराउन सक्थ्यो, कायममुकायम जागीर खुवाउन सक्थ्यो, उस्तै परे बढुवा नै गराउन पनि सक्थ्यो । रजनीको सुरक्षित जागीरका लागि उ तिमीलाई दवाव दिनसक्थ्यो । तिमी उसको नातेदार थियौ अनि उसले हाम्रा दर्जनौ नेताहरुलाई पारिवारिकरुपमै चिनेको थियो । तर अहँ, त्यो मानिसले कतै कुनै सलुक लगाएको मैले एक दिन थाहा पाइन ।'

प्रचण्ड फेरि रोकियो । उसले आज अनौठै ढङ्गले रजनीको अनुहार नियाली रहेको थियो र रजनीको अनुहारमा चिन्ताको कुनै धर्सो नदेखेर उ सन्तुष्ट भएको थियो ।

“तिम्रो प्रशंसा सुन्दा म खुशी त हुने नै भएँ, तर मुक्तकण्ठले गरिएको प्रशंसाले मलाई एउटा गम्भिर चेतना दियो भन्ने न तिमीले थाहा पाउन सक्यौ न विनोदले नै थाहा पाउन सक्यो । विनोदले पनि यो प्रसङ्ग पहिले कहिल्यै उठाएको थिएन, अष्ट्रेलिया जानुभन्दा एक हप्ता अघि उ रजनीलाई भन्दै थियो, “भाउजु अष्ट्रेलियाबाट म कङ्गारु त ल्याउन सक्दिन, तपाईंलाई के ल्याइदिउँ ?”

“केही चाहिँदैन बाबु,” त्यतिबेला रजनीले जवाफ दिएकी थिइन् ।

“गजबको छ भाउजु तपाईंहरुको पारिवारिक संस्कार,” विनोदले मेरो चेतनालाई झक्झक्याउदै भनेको थियो, “अनन्त कत्ति निस्पृह छ आफूप्रति ! हामी मन्त्री हुँदा उसले पनि केही मागेन । उसले अलिकति मात्रै जोड गरेको भए .... ।

आफ्नो कुरोको मैझारो गर्दै उसले भनेको थियो, “भाउजु, अरुले यो ल्याइदिनु र उ ल्याइदिनु भनेर सिफारिस गर्छन्, तपाईंलाई म स्वयम् केही माग्नुस् भन्दैछु, कस्तो केही चाहिँदैन भन्न सकेको !”

“विमार नपरी फर्किनु, त्यो नै मेरा लागि ठूलो उपहार हुनेछ ।”

विनोदले त्यसपछि मतिर फर्किँदै भनेको थियो, “प्रचण्ड, हाम्रो संस्कृतिमा यस्तै संस्कार मौलाउन सके, सानो अथवा ठूलो जस्तो भए पनि लालचलाई आफ्नो छेउमा घुम्न नदिने शक्ति हामी सबैमा भैदिएको भए यो संसार कति सुन्दर हुने थियो ! तिमी मन्त्री भयौ, तर भाउजुलाई कसैले पनि मन्त्राणी देखेन । उहाँ गुरुमा हुनुहुन्थ्यो, हाम्रो मन्त्रीकालको तीन वर्षभरि उहाँ गुरुमा नै रहिरहनु भयो । हामी मन्त्रीबाट ढाक्रेमा ओर्लियौं, तर भाउजुले माथि नचढेकै हुनाले तल ओर्लिनु पनि परेन ।” त्यसपछि उसले रजनीलाई नमस्कार गर्दै भनेको थियो, “भाउजु, यो मेरो प्रणाम अनन्त र तपाईंलाई जन्म दिने आमासम्म पुगोस् ।”

... अनन्त, त्यो साँझ मेरा लागि उज्यालो चन्द्रमा लिएर घरमा प्रवेश गऱ्यो । निस्पृहता नै हो सबैभन्दा ठूलो त्याग । त्यसैले त्यो नै हो सम्मानको राजनीति । ब्याजे चेतना समाजमा भए पनि राजनीतिमा भए पनि त्यो जिम्दारी नै हो भन्ने तारा हान्निएर रेखो बसाउँदै मेरो मथिङ्गलबाट चेतनाको क्षितिजतिर झऱ्यो । मैले सबैखाले खिँचातानीबाट मुक्त भएर अलग्गै बस्ने टुङ्गो यसैकारण गरेको हुँ ।”

“तर यसपालि पनि तिम्रो र मेरो राय बाझ्ने भयो,” अनन्तले रमाइलो मान्दै भन्यो, “अलग्गिएर तिमी के गर्छौ ? भरखर उनान्चास वर्षमा टेकेको छौ तिमीले । तीस वर्षसम्मको लामो जिन्दगी तिम्रो अघिल्तिर छ । अझै एघार वर्षसम्म तिमी सकृय जीवन बिताउन सक्छौ । तिम्रो तीस वर्षे जीवनको त म साक्षी नै छु । तिमी म जस्तो कविता लेखेर रमाइरहन सक्दैनौ, तिमी स्वामी अरविन्दो त हुनै सक्तैनौ । बेकामे भएर तिमी जिन्दगीका तीन घडी पनि तान्न सक्दैनौ ।”

“मेरो चेतनामा यो विचार पनि नपलाएको होइन । म कल्पनामा कहिले राहुल सांकृत्यायन हुन्थें अनि हुन्थें म कहिले भारतीय क्रान्तिको सिँहावलोकन लेख्ने यशपाल । म कहिले टोनी ह्यागेनको नाउँसँग लोभिन्थें अनि कहिले भायोलिनको विरसिलो धुनमा जीवन डुबाउने कल्पनालोकको भ्रमणमा निस्कन्थें,” प्रचण्ड एकछिन मौन भयो । उसले आँखा चिम्लिएको हो कि जस्तो लाग्यो रजनीलाई ।

“तर अहिलेको मेरो राजनीतिको जीवन नै मेरो निरन्तरताको अर्थ हुन्छ भन्ने निष्कर्षमा म पुग्नै सकिन ।”

“अब तिमी त्यो निष्कर्षमा पुग्नेछौ,” अनन्तले जोड बल लगाएर भन्यो, “संसार न राम्रो छ, नत त्यो नराम्रै मात्र छ । यो कुरो म भन्दा तिमी राम्ररी जान्दछौ । राम्रो र नराम्रोको संगम नै संसार हो, त्यही संगम हाम्रो जिन्दगी पनि हो । पाँच वर्ष अघि राम्रो थियो जीवन, तर त्यतिबेला छेउछाउमै नराम्रो पनि उभिएको थियो । तीन वर्ष अघि राम्रो कमजोर भयो, त्यसैले नराम्रोले जीवनलाई अँध्यारोतिर ठेल्ने मौका पायो । अब हेर्दै जाउ, तिमीहरुको राम्रोले जित्नेछ ।” अनन्तले खिसिक्क हाँसेर भन्यो, “तर प्रचण्ड यो त मलाई तिमीले नै सिकाएको कुरो हो, अहिले म कसरी गुरुजस्तो भएर बोलेको होला !”

“तिमी होइन, तिम्रो निस्पृहता हामी सबैको गुरु भएको हो । तिमीलाई त सम्झनै छ नि हामीले राजनीतिको चक्रब्युहभित्र कस्ता कस्ता बोली बोल्यौं । ‘जोगी हुन राजनीति गरेको होइन’ भन्ने पनि हाम्रै मुखबाट निस्किएको हो, ‘सांसद सकिएपछि गिट्टी कुटेर खाने ?’ भनी आफ्नो नकामको प्रतिरक्षा गर्ने पनि हामी नै हौं । सामान्य कुरो पनि हामीले बिर्सिएको काल थियो त्यो । पैसा कमाउन राजनीति गर्नेले ब्यापार गरेकै भए गाली नखाई धन कमाउन सक्थ्यो अनि सांसद भइसकेको मान्छेले श्रम गर्नु हुँदैन भन्ने हो भने त हामीले जनताको राजनीति छोडेर आफूलाई विशिष्ट श्रेणीको नागरिक घोषणा गरे भैहाल्थ्यो नि !

“अब तिमी ठीक ठाउँमा आयौ । राजनीति न झ्यालखान मात्र हो, नत त्यो सिंहदरबारको घुम्ने कुर्ची मात्रै हो । राजनीतिमा ठूलो र सानोको बीचमा भेद हुनुहुँदैन भन्ने कुरो तिमी आफैंले स्वीकार गरिसकेका छौ । तिमी ती

थोरै साँसदहरु मध्यका थियौ, जसले गाडी सुविधा लिएनौ, जसले साँसद पदलाई जागीर बनाएनौ । तिमीले घुस खाएनौ अनि तिमी कमिशनखोरको चक्रब्युहतिर कहिल्यै फर्किएनौ । त्यसैले तिमी अहिले धेरैका लागि सम्मानित छौ । आन्तरिक द्वन्दको यो दुइ वर्ष तिम्रो हो जनताको होइन । त्यसैले तिमी पोखरीबाट फुत्त निस्किएर उम्किन कसरी सक्छौ र ? जीवनको बारेमा यति स्पष्ट चेत राख्ने तिमीले आफूलाई राजनीतिबाट अलग राख्नै हुँदैन । अघि बढ, तिमीसँग अघि बढ्ने उर्जा अझै बाँकि छ ... ।"

"तर बिग्रिएका पाटपुर्जालाई सही ठाउँमा ल्याउने हिम्मत मसँग छैन अनन्त," दिक्दारिएको भाकामा प्रचण्डले भन्यो ।

"तिमीसित के छ भन्ने तिमीले थाहै पाएका छैनौ । तिम्रा कारण हामीले विराटनगरमा गौरव अनुभूत गरेका छौं । मान्छे अहिले पनि तिम्रो फुर्तिलो कार्यशैलीको गीत गाउँछन्, तिमी कुनै भ्रष्टाचारमा नमुछिएको समाचारले विराटनगरवासीलाई इज्जत दिएको छ । तिमीलाई चुनेर पठाउन पाउँदाको हर्ष अहिले पनि उनीहरुको मुहारमा झल्किरहेको छ । तिम्रो नाउँमा छि ! गरेको कतै सुनिएको छैन । राजनीतिको खेलमा लागेकाहरु पनि भन्छन्, 'प्रचण्डले पालो पायो भने धेरै गर्छ ।'

एकछिन थकाइ मारेजस्तो गरेर अनन्तले नै सोध्यो फेरि, "के तिमीलाई आफ्नो यो महत्ता थाहा छ ?"

अनन्तको प्रश्नको जवाफ प्रचण्डसँग थिएन । उसले त अहिलेसम्म गाली मात्रै सुनेको थियो । उसको प्रशंसा पनि हुन्छ भन्ने उसलाई थाहै थिएन । उनान्सय गाली सुनेको बेला एक जनाले 'सर जस्तो त कोही भएन' भन्दा त्यो चाहिँ व्यङ्ग हो भन्ने लाग्थ्यो उसलाई । तर अनन्त व्यङ्ग गरिरहेको थिएन । अनन्त उसँग रिसाउन सक्छ, तर उसको नाउँमा व्यङ्ग गर्न सक्दैन भन्ने जब्बरको विश्वास उठ्यो प्रचण्डको मनमा ।

"प्रचण्ड, तिमी र तिम्रा सज्जन साथीले आत्मसमीक्षा गर्नुपर्छ । अहिलेको तिम्रो मनोद्वन्द त्यही समीक्षाको खोजी हो । तिमीहरु खराब थिएनौ, खराब छैनौ तर तिमीहरु यही समाजका उपज हौ, त्यसैले समाजमा भएका सबैखाले खराबीबाट तिमीहरु चोखिएर बस्न सक्तैनौ । खराबीबाट तर्सिएर भाग्न तिमीलाई सुहाउदैन, सामना गरेर सके त्यसलाई बढारेरै फ्याँक्ने नसके आफू त्यो खराबीबाट जोगिने काम गर्नुपर्छ," अनन्तले एकपल्ट सास फेरेर बहिनीको कपाल खेलाउँदै भन्यो, "प्रचण्ड, मैले तिमीलाई अर्ति दिन सुहाउँदैन, तर तिमीलाई मन खोलेर सुझाव दिनसक्ने मान्छे यो मुलुकमा म बाहेकको अरु कोही छैन । त्यसैले तिमी मेरो कुरालाई द्वीविधारहित भएर स्वीकार गर - आफूले थालेको यज्ञकार्यमा चरु होम्न नछोड ।"

प्रचण्ड केही बोलेन । अनन्तले रजनीतिर फर्किएर भन्यो, "रजनी खुशी मनको शान्त निद्रा सुत । म एक हप्ता काठमाण्डौ बस्छु र प्रचण्डका अरु साथीभाइसँग पनि भेट्छु । अहिले जति राती भए पनि छ घण्टापछि उज्यालो दिन झुल्किहाल्छ ।" अनन्तले वातावरणलाई रमाइलो बनाउदै ठट्टा थप्यो आफ्नो बोलीमा, "पूर्वको अन्तर्राष्ट्रिय तिथीरेखामा घाम झुल्किइसक्यो, त्यसैले हामीले अहिले सुत्ने तरखर गर्नुपर्छ ।"

"लौ खा," अनन्तको आत्तिएको स्वर सुनेर रजनी र प्रचण्ड छक्क परे । "आज बितियो । मैले तिमीहरुसँग कुराकानी गरेपछि अनितालाई फोन गरौंला भनेको थिएँ । बित्यो ।"

"त्यसोभए भाउजु फोन पर्खिएर बसिरहनु भएको छ, मिलाइदिउँ ?" रजनीले सरल ढङ्गमै सोधी ।

"तिमीहरुका अघिल्तिर कहाँ म फोन गर्छु," अनन्त बोलेको सुनेर प्रचण्ड पनि हाँस्यो । अनन्तले त्यही हाँसो माथि आफ्नो हाँसो थप्दै भन्यो, "जाओ तिमीहरु कोठाबाट बाहिर । म घरबुढीसँग खुसुक्क कुरा गर्छु ।"

कोठा उज्यालो भयो । सबै हाँसिरहेका थिए । अर्जुनले त्यही हाँसोमा मिसिदै ढोकाबाट मुण्टो छिराएर सोध्यो, "दिदी, चिया बनाउँ ?"

"हुन्देउ अर्जुन, हुन्देउ," अनन्तले सम्झाउने भाकामा भन्यो, "चिया खाने थुप्रै दिन बाँकि छन् ।"

प्रचण्डले बसी बसी विराटनगरमा टेलिफोन मिलाइसकेको थियो । "लौ जेठान साहेब, उता भाउजु आउनु भयो लाइनमा । हामी उठिदिउँ कि !" उठौं भनेको प्रचण्डले सोफामा पलेँटी कसेर बस्तै भन्यो, "फोनमा बोल्ने नै हो भने उताको सोफा खालि छ ।"

"रमाइलो भइरहे जस्तो छ नि !" अनिताको छ्याङ्ग खुलेको आवाज आयो उताबाट । पल्लै घरको फोनबाट बोलेको पो हो कि जस्तो लाग्यो अनन्तलाई ।

"म यो हप्ता यतै बस्छु, विदा मिल्छ भने तिमी पनि आउ भोलि ।"

"भाउजु, जसरी पनि आउनु है !" रजनी टाढैबाट कराई ।

"मेरो शुभकामना सुनाइ देउ न," अनिताको बोली आयो ।

"केको शुभकामना ?" अनन्तले सोध्यो ।

"तिमीहरुको अहिलेको खुशी दीर्घजीवि भइदियोस् ।"

अनन्त हाँस्यो । अनन्त त्यसरी आवाज निकालेर कहिलेकाहीँ मात्रै हाँस्थ्यो ।

"रात बित्न थालेछ," अनन्तको हाँसो देखेर रजनीको मनले भन्यो ।

अनन्त अनितालाई भन्दै थियो, "आमा त सुतिसक्नु भयो होला, तिमी पनि हलुङ्गो मन लिएर सुत्नु । चिन्ता लिनु पर्दैन । म रजनी र प्रचण्डलाई 'सबैको अनुहारमा नाचेको यो खुशी दीर्घजीवी भइदियोस् भन्ने तिम्रो शुभकामना जस्ताको तस्तै सुनाइ दिन्छु, ।"

६ श्रावण ०६२
कञ्चनङ्गा, काठमाण्डौ ।